# कर्णाली प्रदेशसभा
# सार्वजनिक लेखा समिति

## महालेखापरीक्षकको बेरुजुका सम्बन्धमा भएका काम कारबाहीहरूको सार्वजनिक लेखा समितिको प्रतिवेदन, २०८०




सार्वजनिक लेखा समितिको सचिवालय
कर्णाली प्रदेशसभा
वीरेन्द्रनगर, सुर्खेत

URL: http://assembly.karnali.gov.np/np

कर्णाली प्रदेशसभा

# सार्वजनिक लेखा समिति

## <u>महालेखापरीक्षकको बेरुजुका सम्बन्धमा भएका काम कारबाहीहरूको सार्वजनिक लेखा समितिको प्रतिवेदन, २०८०</u>

सार्वजनिक लेखा समितिको सचिवालय

कर्णाली प्रदेशसभा

वीरेन्द्रनगर, सुर्खेत

## सार्वजनिक लेखा समितिका माननीय सदस्यहरू



**मा० जीतबहादुर मल्ल**
सभापति



**मा० जीवनबहादुर शाही**
सदस्य



**मा० तुलसा मल्ल**
सदस्य



**मा० देवेन्द्रबहादुर शाही**
सदस्य



**मा० लक्ष्मी सुनार**
सदस्य



**मा० विन्दमान बिष्ट**
सदस्य



**मा० सन्तोषी शाही**
सदस्य

## मन्तव्य

माननीय सभामुख महोदय,

कर्णाली प्रदेशसभाको सार्वजनिक लेखा समितिको कार्यक्षेत्र भित्र कर्णाली प्रदेश सरकारअन्तर्गतका निकायहरूको सार्वजनिक लेखा सम्बन्धी अध्ययन तथा वित्तीय सुशासन सम्बन्धमा देखापरेका बेरुजु सम्बन्धी विषयहरू रहेको कुरा सम्मानीत सभालाई अवगत नै छ। सोही व्यवस्था अनुसार कर्णाली प्रदेश सरकारलाई प्रदेशसभा प्रति उत्तरदायी र जवाफदेही बनाउनु, प्रदेश सरकारबाट भए गरेका काम कारबाहीको निगरानी र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिनु समितिको मुख्य कार्य रहेको छ। साथै विषयगत मन्त्रालय र मातहतका कार्यालयहरूको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन, आय विवरण, सम्पत्ति र खर्चको स्थिति तथा कार्यान्वयनको मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने कार्य समेत समितिको कार्यक्षेत्र भित्र पर्दछ।

माननीय सभामुख महोदय,

महालेखापरीक्षकको वार्षिक प्रतिवेदनले औंल्याएका विषयमा छलफल गरी सार्वजनिक खर्च गर्ने परिपाटीमा यसको नियमितता, औचित्यता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता तथा त्यसको कार्यान्वयन गर्नेतर्फ वाञ्छित प्रगति हुन सकेको छ वा छैन ? आर्थिक अनुशासन उल्लङ्घनकर्तालाई कानूनको दायराभित्र ल्याउन सकिएको छ वा छैन ? सुशासन अभिवृद्धि गर्नेतर्फको काम कारबाहीको स्थिति सन्तोषजनक छ वा छैन ? भन्ने विषय अध्ययन गरी उल्लिखित कार्यहरूलाई दक्षतापूर्वक सञ्चालन गराउन अवलम्बन गर्नुपर्ने नीति वा कार्यप्रणाली बारे खुलाई सदनमा प्रतिवेदन पेश गर्ने सम्मका कार्य यस समितिको कार्य क्षेत्र भित्र पर्दछ। यस प्रतिवेदनमा विशेष गरी समितिबाट बेरुजु फछ्र्यौटलाई प्राथमिकतामा राखी सम्पादित भएका कार्यहरूलाई समेटिएको छ।

कर्णाली प्रदेश सरकारको बेरुजुको आकार वर्षेनी बढ्दै गइरहेको अवस्थामा प्रदेश सरकारको बजेट विनियोजन दक्षतामा कमजोरी, नीति तथा कार्यक्रमले औंल्याएका विषय वार्षिक विकास कार्यक्रममा नसमेटिनु तथा प्रदेश सरकारको कार्यविभाजन नियमावली अनुसार मन्त्रालयहरूले तोकिएको कार्यलाई लक्ष्य अनुरूप सम्पन्न गर्न नसक्नुले प्रदेश सरकारको वित्तीय प्रगति हुन सकेको देखिदैन। जसका कारणले आर्थिक अनुशासन पालना भएकोमा समिति विश्वस्त हुन सकिरहेको छैन।

विगतमा महालेखापरीक्षकको वार्षिक प्रतिवेदनको परिच्छेद तीनमा समावेश भएका विषयहरूको सम्बन्धमा दफावार छलफल भई आवश्यक निर्देशन नभएको कारणले बेरूजु फछ्र्यौटमा उल्लेख्य प्रगती हुन नसकेको अवस्था रहेको थियो। उपरोक्त अवस्थालाई मध्येनजर गर्दै समितिले यो आर्थिक वर्षलाई महालेखापरीक्षकको प्रतिबेदनमा उल्लिखित बेरुजु फछ्र्यौटका लागि अभियानकै रूपमा लिई

योजनाबद्ध ढङ्गबाट समितिले निरन्तर रूपमा छलफल गरिरहेको व्यहोरा अवगत नै छ। कर्णाली प्रदेश सरकारको बेरूजुको अवस्थाका सम्बन्धमा बुझ्नका लागि समितिबाट उपसमितिको गठन गरेर विषयगत मन्त्रालयहरूको अनुगमन गरी प्रतिवेदन समेत पेश भएको थियो। यस अवधिमा विषयगत मन्त्रालय र मातहतका कार्यालयहरू, निकाय तथा सचिवालयको नाममा रहेका महालेखापरीक्षकको आर्थिक वर्ष २०७४/०७५ देखि २०७८/०७९ सम्मका वार्षिक प्रतिवेदनहरूमा उल्लिखित बेरुजु उपर विभिन्न समयमा विषयगत मन्त्रालयका माननीय मन्त्रीज्यू, सचिवज्यू, विभिन्न कार्यालयका प्रमुख तथा प्रतिनिधिज्यूहरू लगायत परामर्शदातासँग छलफल गरी नीतिगत तथा प्रणालीगत विषयहरूमा सुधार गर्न, सुशासन तथा आर्थिक अनुशासन कायम गर्ने दिशामा आवश्यक सुझाव तथा निर्देशनहरू दिइएको छ। यसै क्रममा बेरुजु फछ्र्यौटमा उल्लेखनीय प्रगती गरेका कार्यालयका कार्यालय प्रमुख र लेखा कर्मचारीहरूलाई समितिको तर्फबाट सम्मान समेत गरिएको थियो। समितिले प्रदेशसभाका माननीय सदस्यज्यूहरू समेतको सहभागितामा प्रदेशसभा सचिवालय परिसरमा मिति २०८० असार २२ गते कर्णाली प्रदेशको बेरुजु उपर सार्वजनिक लेखा समितिको निगरानी विषयक कार्यशाला गोष्ठी समेत सम्पन्न गरेको थियो। महालेखापरीक्षकको प्रतिवेदन माथिको छलफलकै क्रममा मिति २०८०।०८।२८ गते कार्यवाहक महालेखापरीक्षकज्यू समेतसँग समितिको छलफल भएको थियो। मिति २०८०।११।२३ गते देखि २५ गतेसम्म विषयगत मन्त्रालय, सचिवालय र आयोगका लेखाउत्तरदायी अधिकृतज्यूहरूले महालेखापरीक्षकको वार्षिक प्रतिवेदनको परिच्छेद तीनमा उल्लेख भएका विषयवस्तुहरूको सम्बन्धमा जवाफसहितको प्रस्तुतीकरणमा नायव महालेखापरीक्षक रामप्रसाद उपाध्याय र निर्देशक ताराध्वज सुनुवार समेतको समुपस्थितिमा समितिको बैठकमा छलफल गरिएको थियो। समितिको गठन देखि नै बेरूजु फछ्र्यौटलाई अभियानको रूपमा लिएको समितिले यस क्रममा ३५ वटा बैठक सम्पन्न गरी यो प्रतिवेदन तयार गरेको छ।

माननीय सभामुख महोदय,

यस समितिले विभिन्न समयमा गरेका बैठकका निर्णय तथा निर्देशनहरू कार्यान्वयनमा सरकारले अग्रसरता नदेखाएकोमा समितिले यसलाई गम्भीर रूपमा लिएको छ। समितिको निर्णय कार्यान्वयनका सवालमा सरोकारवाला निकायले गरेको ढिलासुस्ती, समितिको काम कारबाही सञ्चालनका लागि आवश्यक थप दक्ष जनशक्ति र बजेट अभाव तथा बेरुजु फछ्र्यौटमा सरोकारवाला निकायको उदासिनता देखिएकाले यी विषयहरू समस्या र चुनौतीका रूपमा रहेका छन्। आगामी दिनहरूमा समितिको प्रतिवेदनमा उल्लिखित निर्देशन, राय सुझाव र सोको कार्यान्वयनमा कर्णाली प्रदेश आर्थिक कार्यविधि,

२०७४ र नियमावली, २०७५ तथा अन्य सम्बन्धित ऐन कानून अनुरूप हुनका लागि सम्मानित सभाबाट कार्य अघि बढ्ने कुरामा समिति आशावादी रहेको छ।

अन्त्यमा, समितिको कार्यलाई मार्गदर्शन गर्नुहुने माननीय सभामुखज्यू र उपसभामुखज्यूप्रति म हार्दिक आभार व्यक्त गर्दछु। साथै समितिका हरेक क्रियाकलापहरूमा सक्रियतापूर्वक सहभागी भई आ-आफ्नो भूमिका निर्वाह गर्नु हुने समितिका सम्पूर्ण माननीय सदस्यहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु। समितिका विभिन्न बैठकहरूमा उपस्थित भई सरकारका काम कारबाहीका बारेमा जानकारी एवं समितिका निर्देशनहरू कार्यान्वयनमा सहयोग पुऱ्याउनु हुने सरकारका माननीय मन्त्रीज्युहरू, प्रदेश सरकारका प्रमुख सचिव, विषयगत मन्त्रालयका सचिवज्यूहरू र मातहतका कार्यालयमा कार्यरत कर्मचारीहरूलाई समिति र मेरो तर्फबाट हार्दिक आभार प्रकट गर्दछु। समितिको कामकारबाहीमा अहम भूमिका निर्वाह गर्नु हुने प्रदेशसभा सचिवालयका प्रदेशसभा सचिव एवं प्रतिवेदन तयारीमा प्रत्यक्ष, अप्रत्यक्ष सहयोग पुऱ्याउनु हुने प्रदेशसभा सचिवालयका कर्मचारी, पत्रकार, विभिन्न संघ संस्थाका प्रतिनिधिहरू र परामर्शदाताहरू समेतलाई समितिका तर्फबाट म हार्दिक धन्यवाद दिन चाहन्छु। समितिका काम कारबाही बारे नजिकबाट चासो राखी सहयोग गर्नुहुने पत्रकार मित्रहरूलाई धन्यवाद दिन चाहन्छु। समितिका हरेक क्रियाकलापमा साथ रही कार्य गर्दै यस प्रतिवेदनलाई यो रूपमा तयार गर्ने समिति सचिव लगायत समिति सचिवालयका सम्पूर्ण कर्मचारीहरूलाई म विशेष धन्यवाद दिन चाहन्छु।

माननीय सभामुख महोदय,

माननीय सभामुख महोदयको अनुमतिले अब म महालेखापरीक्षकको बेरुजुका सम्बन्धमा भएका काम कारबाहीहरूको सार्वजनिक लेखा समितिको प्रतिवेदन, २०८० सम्मानित सभासमक्ष स्वीकृतिका लागि पेश गर्दछु।

धन्यवाद।

मिति : २०८० चैत्र ९ गते

माननीय जीत बहादुर मल्ल
सभापति
सार्वजनिक लेखा समिति
कर्णाली प्रदेशसभा

सभापति

# विषय-सूची

## खण्ड-१
## परिचय

१.१ परिचय...............................................................................१
१.२ समितिको गठन प्रक्रिया...........................................................१
१.३ समितिको कार्य क्षेत्र..................................................................१
१.४ समितिको काम, कर्तव्य र अधिकार...........................................२-३
१.५ उपसमितिहरूको गठन.............................................................३
१.६ समिति सचिवालय....................................................................३

## परिच्छेद-२

महालेखापरीक्षकको बेरुजुका सम्बन्धमा भएका काम कारबाहीहरूको विवरण ..... ६-१११

# खण्ड-१
# परिचय

## १.१ परिचयः

सार्वजनिक लेखा समिति प्रदेश सभाको एउटा महत्त्वपूर्ण विषयगत समिति हो। सरकारी कोषको खर्चलाई, ऐन, नियम, कार्यविधि एवम मापदण्डले स्वीकृत गरेबमोजिम होस् भनी त्यसको सुनिश्चितता गर्नु र सरकारी कोषको प्रभावकारी मितव्ययीतापूर्वक खर्च भए नभएको जाँच पडताल गरी आवश्यक निर्देशन दिनु, कारवाहीका लागि सिफारिस एवम् सरकारी कोषप्रतिको जिम्मेवार र जवाफदेही बनाउनु सार्वजनिक लेखा समितिको काम, कर्तव्य र अधिकार हो, तसर्थ सार्वजनिक लेखा समिति सार्वजनिक कोषको प्रमुख संरक्षक हो।

संविधानले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेशसभा नियमावली, २०७९ परिच्छेद-२१ को दफा १५४ बमोजिम प्रदेश सरकारलाई प्रदेश सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन प्रदेश सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन प्रदेश मामिला समिति, सार्वजिनक लेखा समिति, सामाजिक विकास समिति एवम् अर्थ तथा प्राकृतिक स्रोत समितिहरूको गठन भएका छन्। यसैगरी प्रदेश सभा नियमावली, २०७९ को दफा १५४ बमोजिम सार्वजनिक लेखा समितिका कार्यक्षेत्रहरूमा प्रदेश लोकसेवा आयोग र प्रदेश मानव अधिकार आयोगबाहेक प्रादेशिक संवैधानिक आयोगका प्रतिवेदन, महालेखा परीक्षकको वार्षिक प्रतिवेदन, बेरुजु फछ्र्यौट र आर्थिक अनुशासनसम्बन्धी कार्य गर्ने नियमावलीगत व्यवस्थाहरू रहेको छ।

सभामुखले कार्य व्यवस्था परामर्श समितिको परामर्शमा नियम १५६ बमोजिमका प्रत्येक समितिमा बढिमा नौ जना सदस्यहरू मनोनयन गर्ने नीतिगत व्यवस्था रहेकोमा हाल सार्वजनिक लेखा समितिमा सात जना माननीय सदस्यहरू रहेका छन्।

## १.२ समितिको गठन प्रक्रियाः

कर्णाली प्रदेशसभा नियमावली, २०७९ को दफा १५७ बमोजिम सभामुखद्वारा मनोनयन भएका माननीय सदस्यहरू र सदस्यहरूले आफूमध्ये छानेको सभापति समेतबाट समिति गठन हुन्छ। सभामुखद्वारा सदस्यहरू मनोनयन भएपछि सभाद्वारा यसको अनुमोदन गरिन्छ। सदस्यहरूको मनोनयन गर्दा सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलको सदस्य संख्या, महिला, दलित, आदिवासी/जनजाती, मधेशी, थारु, मुस्लिम र पिछडीएको क्षेत्र, खस-आर्य तथा अन्य समानुपातिक प्रतिनिधित्व गराउनु पर्ने प्रावधान प्रदेशसभा नियमावली, २०७९ ले गरेको छ। कुनै सदस्य एकैसाथ एकभन्दा बढि विषयगत समितिको सदस्य हुन सक्ने छैन।

**१.३ समितिको कार्य क्षेत्रः** कर्णाली प्रदेशसभा नियमावली, २०७९ को नियम १५४ बमोजिम सार्वजनिक लेखा समितिको कार्य क्षेत्रभित्र निम्न बमोजिमका निकाय तथा कार्यहरू पर्दछन्:-

(क) प्रदेश लोक सेवा आयोग र प्रदेश मानव अधिकार आयोग बाहेक प्रादेशिक संवैधानिक आयोगका प्रतिवेदन,

(ख) महालेखा परीक्षकको वार्षिक प्रतिवेदन,

(ग) बेरुजु फछ्र्यौट र आर्थिक अनुशासन।

**१.४ समितिको काम, कर्तव्य र अधिकारः** सार्वजनिक लेखा समितिको काम, कर्तव्य र क्षेत्राधिकारहरू निम्नबमोजिम रहेका छन्:-

(क) कर्णाली प्रदेश सरकारका मन्त्रालय, विभाग र अन्तर्गतका निकायको सार्वजनिक लेखासँग सम्बन्धी नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अरू यस्तै क्रियाकलापको मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशनसहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने,

(ख) कर्णाली प्रदेश सरकारका मन्त्रालय, विभाग र अन्तर्गतका निकायको राजस्व र व्ययसम्बन्धी अनुमानको जाँच गरी वार्षिक अनुमान तयार गर्ने तरिका, वार्षिक अनुमानमा निहित नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र वार्षिक अनुमानमा रहेको रकममा के-कति किफायत गर्न सकिन्छ भन्ने सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र आफ्नो रायसहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने,

(ग) मन्त्रीले कर्णाली प्रदेश सरकारको तर्फबाट बैठकमा सार्वजनिक लेखासँग सम्बन्धित विषयमा समय-समयमा दिएका आश्वासनलाई पूरा गर्न कर्णाली प्रदेश सरकारद्वारा के-कस्ता कदम उठाइएका छन् सो सम्बन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने,

(घ) सार्वजनिक लेखा र प्रदेश लेखापरीक्षकको वार्षिक प्रतिवेदनसँग सम्बन्धित सरकारी निकायको सार्वजनिक सम्पत्तिको हिनामिना भए, नभएको अध्ययन, अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने,

(ङ) सभाद्वारा प्रत्यायोजित अधिकार अन्तर्गत बनाइएको नियम संविधान, सम्बन्धित ऐन, प्रचलित कानूनबमोजिम बनेको छ वा छैन र सरकारद्वारा प्रचलित ऐन, नियम अनुरूप काम भए गरेको छ वा छैन भन्ने विषयमा मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,

(च) कर्णाली प्रदेश सरकारद्वारा समय-समयमा गठन हुने छानबिन आयोग, समिति र जाँचबुझ आयोग, समितिद्वारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने,

(छ) कर्णाली प्रदेश सरकारका मन्त्रालय, विभाग र अन्य निकायबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्याङ्कन गरी सो सम्बन्धमा आवश्यक निर्देशन दिने,

(ज) बैठकले सुम्पेको अन्य काम गर्ने र समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधीनमा रही आफ्नो कार्यक्रम सञ्चालन गर्ने,

(झ) सार्वजनिक लेखा समितिले आफ्नो कार्य सम्पादन गर्दा सम्बन्धित मन्त्रालय तथा विभाग, आयोग र निकायका प्रतिनिधि र आवश्यक परे तत् तत् विषयका विशेषज्ञसँग समेत छलफल गर्न सक्ने,

(ञ) महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमाथि छलफल सम्बन्धित जिम्मेवारी सु-व्यवस्थित ढङ्गले बहन गर्ने सन्दर्भमा आवश्यक कार्यविधि कार्ययोजना र कार्यतालिका बनाई लागू गर्न सक्ने,

(ट) सार्वजनिक लेखा समितिले सभामा पेश गरिएको प्रदेश लेखापरीक्षकको वार्षिक प्रतिवेदनमा उल्लिखित बेरुजुको जाँच गरी प्रदेश लेखा परीक्षकद्वारा भए गरेका काम, कारबाही र सो सम्बन्धमा सम्बन्धित निकायबाट हुनुपर्ने काम कारबाही कानून सङ्गत र औचित्यपूर्ण तवरबाट भए नभएको सम्बन्धमा समेत अध्ययन गरी आवश्यक निर्देशन दिन सक्ने,

(ठ) समितिको कार्य सम्पादनको सिलसिलामा समितिका सदस्यले सभामुखको पूर्व स्वीकृति लिई आवश्यक स्थानको भ्रमण गर्न सक्नेछन्। यस्तो स्वीकृति माँग गर्दा भ्रमण गर्नुपर्ने कारण स्पष्ट खुलाईएको हुनुपर्ने,

(ड) समितिले बैठकमा प्रस्तुत गर्नु पर्ने वार्षिक प्रतिवेदन आर्थिक वर्षको अन्तमा र अरू प्रतिवेदन जुन सुकै समयमा प्रस्तुत गर्न सक्नेछ।

## १.५ उपसमितिहरूको गठनः

सार्वजनिक लेखा समितिको काम, कारवाहीहरूलाई प्रभावकारी रूपमा सहयोग पुऱ्याउन विभिन्न मितिहरूमा विभिन्न उपसमितिहरू गठन गर्न सकिनेछ।

## १.६ <u>समिति सचिवालय</u>

समिति सचिवालय कर्णाली प्रदेशसभा नियमावली, २०७९ को नियम १७४ मा समितिको सचिवालय सम्बन्धी व्यवस्था रहेको छ। प्रदेशसभा सचिवालय मातहत समितिको सचिवालय रहनेछ। प्रदेशसभा सचिवले आफू मातहतको अधिकृतलाई सभाको कुनै समितिको सचिव भई काम गर्न तोक्न सक्ने व्यवस्था रहेको छ। समितिको सचिवले समितिका कार्य सम्पादनमा सहयोग पुऱ्याउन सम्बन्धित मन्त्रालय वा निकायसँग आवश्यक जानकारी माग्न सक्नेछन्।

# सार्वजनिक लेखा समितिमा रहनु भएका माननीय सदस्यहरूको नामावली

| क्र.सं. | नाम, थर | जिल्ला | पद |
|---|---|---|---|
| १ | मा० जीतबहादुर मल्ल | मुगु | सभापति |
| २ | मा० जीवनबहादुर शाही | हुम्ला | सदस्य |
| ३ | मा० तुलसा मल्ल | रुकुम पश्चिम | सदस्य |
| ४ | मा० देवेन्द्रबहादुर शाही | जुम्ला | सदस्य |
| ५ | मा० लक्ष्मी सुनार | सल्यान | सदस्य |
| ६ | मा० विन्दमान विष्ट | सुर्खेत | सदस्य |
| ७ | मा० सन्तोषी शाही | सुर्खेत | सदस्य |

## समिति सचिवालय

समिति सचिवालय कर्णाली प्रदेशसभा नियमावली, २०७९ को नियम १७४ मा समितिको सचिवालय सम्बन्धी व्यवस्था रहेको छ। कर्णाली प्रदेशसभा सचिवालय अन्तर्गत समितिको सचिवालय रहनेछ। प्रदेशसभा सचिवले आफू मातहतको अधिकृतलाई सभाको कुनै समितिको सचिव भै काम गर्न तोक्न सक्ने व्यवस्था रहेको छ। समितिको सचिवले समितिका कार्य सम्पादनमा सहयोग पु¥याउन सम्बन्धित मन्त्रालय वा निकायसँग आवश्यक जानकारी माग्न सक्नेछन्। यस समितिको सचिवालयमा कार्यरत कर्मचारीहरू देहाबमोजिम रहेका छन्ः-

| क्र.सं. | नाम, थर | पद |
|---|---|---|
| १ | श्री उपेन्द्र कुमार गुरुङ | समिति सचिव |
| २ | श्री लोक प्रसाद ढकाल | सहायक स्तर चौथो |
| ३ | श्री सदामसिंह राठौर | कम्प्यूटर सहायक |
| ४ | श्यामलाल रेग्मी | कार्यालय सहयोगी |

# खण्ड–२

## महालेखापरीक्षकको बेरुजुका सम्बन्धमा भएका काम कारबाहीहरूको विवरण

**कर्णाली प्रदेशसभा**

**सार्वजनिक लेखा समिति**

महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७५ (आ.व. २०७४/०७५), २०७७ (आ.व. २०७५/०७६), २०७८ (आ.व. २०७६/०७७), महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९ (आ.व. २०७७/०७८) र महालेखापरीक्षकको पाँचौं वार्षिक प्रतिवेदन २०७९ (आ.व. २०७८/०७९) उपर मिति २०८०/१२/०७ र २०८०/१२/०८ गते भएका छलफलका निर्णयहरू:

## कर्णाली प्रदेशसभा सचिवालय

### महालेखापरीक्षकको प्रतिवेदन २०७५ (आर्थिक वर्ष २०७४/०७५)

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णयहरू |
|---|---|---|
| १ | विधेयक- यो वर्ष कूल २० वटा विधेयक पेश भएकोमा १७ विधेयक सभाबाट पारित भएको छ भने ३ विधेयक दफावार छलफलको क्रममा रहेको विवरण प्राप्त भएको छ। | केही गर्नु नपर्ने |
| २ | आन्तरिक लेखापरीक्षण - कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२ (१) बमोजिम आन्तरिक लेखापरीक्षण गर्ने तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा सुधार गर्ने। | आन्तरिक लेखापरीक्षण कानूनी व्यवस्था बमोजिम गर्न निर्देशन दिने। |
| ३ | स्वीकृत दरबन्दी र पदपूर्ति- रिक्त पदहरू पूर्ति गर्ने। | कर्मचारीको अभावका कारण सचिवालयको कार्यसम्पादन समयमा हुन नसकेको, सीमित कर्मचारीले दोहोरो जिम्मेवारी बहन गर्नुपर्ने अवस्थाले गर्दा वार्षिक कार्यक्रम समेत समयमा सञ्चालन हुन नसक्दा कार्यसम्पादनमा प्रभावकारीता नदेखिएकोले कर्मचारी प्रशासनसँग सम्बन्धित निकायसँग आवश्यक समन्वय गरी समयमा नै दरबन्दी बमोजिमको कर्मचारी पदपूर्ति गर्न निर्देशन दिने। |
| ४ | प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारीश्रमिक सुविधा | केही गर्नु नपर्ने। |

सभापति

## कर्णाली प्रदेशसभा सचिवालय

### महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७७ (आर्थिक वर्ष २०७५/०७६)

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णयहरू |
|---|---|---|
| १ | अभिलेख व्यवस्थापन - सचिवालयले प्रदेशसभाबाट प्राप्त निर्देशनको कार्यान्वयन गर्नुपर्दछ। सभा र संसदीय समितिबाट सम्पादित कार्यको अभिलेख व्यवस्थित राख्नुपर्दछ। | अभिलेख व्यवस्थित राख्न निर्देशन दिने। |
| २ | विधेयक - सरकारले कुल ३७ विधेयक पेश गरेकोमा प्रदेश सभाबाट २९ विधेयक पारित भएको छ। | केही गर्नु नपर्ने |
| ३ | पारिश्रमिक कर - पारिश्रमिकमा ऐनमा भएको व्यवस्था बमोजिम रु. १४ लाख ६६ हजार कर कट्टी नगरेकोले असूल गरी दाखिला गर्नुपर्दछ। | उल्लिखित बेरुजुका सम्बन्धमा असूल उपर भइसकेकाले बेरुजु लगतबाट हटाउन निर्देशन दिने। |
| ४ | बढी सुविधा - कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषदको निर्णयानुसार पारिश्रमिक र सुविधा बढी भुक्तानी दिएको। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को निर्णयानुसार सेवा सुविधा दिएकोमा अब उप्रान्त यस्ता सेवा सुविधा कानून नबनाई कार्यान्वयन नगर्न निर्देशन दिने र बेरुजु रकमलाई लगत कट्टा गर्न निर्देशन दिने। |
| ५ | सोझै खरिद- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले रु. २० लाख भन्दा बढी सोझै खरिद गरेको। | छोटो समयमा प्रदेशसभा र सचिवालय व्यवस्थापन गर्न खरिद भएको देखिएको। आगामी दिनमा सार्वजनिक खरिद प्रक्रिया प्रतिष्पर्धी बनाई कानूनको परिपालना गरी खरिद कार्य गर्न निर्देशन दिने। |
| ६ | दरबन्दी र पदपूर्ति - दरबन्दी रिक्त रहेको। | रिक्त दरबन्दीहरूमा यथाशक्य पदपूर्ति गर्न निर्देशन दिने। |
| ७ | पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा | केही गर्न नपर्ने। |



सभापति

## कर्णाली प्रदेशसभा सचिवालय

### महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७८ (आर्थिक वर्ष २०७६/०७७)

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णयहरू |
|---|---|---|
| १ | कानुन निर्माणः प्रदेश सभा गठन पश्चात सभामा २७ विधेयक दर्ता भई २३६ पारित भएको एवं दर्ता भएको मध्ये १ विधेयक फिर्ता पठाएको देखिन्छ । | |
| २. | वार्षिक नीति तथा कार्यक्रम : प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रममा योजनाको अनुगमन संसदीय समितिबाट गर्नका लागि बजेटको व्यवस्था नभएको। | प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रमको अनुगमनलाई प्रभावकारी बनाउन बजेटको आवश्यक व्यवस्था गर्न निर्देशन दिने। |
| ३. | पदाधिकारी तथा सदस्यको सुविधा : कर्णाली प्रदेश सभाका पदाधिकारी तथा सदस्यको विरेन्द्रनगर नगरपालिकामा घर भए नभएको यकिन गरी सोही अनुसार आवास सुविधा भुक्तानी दिने व्यवस्था गर्नुपर्ने। | घर भए नभएको स्वघोषणा लिई सोही अनुसार आवास सुविधा भुक्तानी गरेको देखिएको। निर्देशन दिइरहन नपर्ने। |
| ४. | नपाउने सुविधा भुक्तानीः कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषदको निर्णयानुसार पारिश्रमिक र सुविधा भुक्तानी दिएको। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को निर्णयानुसार सेवा सुविधा दिएकोमा अब उप्रान्त यस्ता सेवा सुविधा कानून नबनाई कार्यान्वयन नगर्न निर्देशन दिने र बेरुजु रकमलाई लगत कट्टा गर्न निर्देशन दिने। |
| ५. | निजी सचिवालय र कर्मचारी सुविधाः प्रदेश सभाका पदाधिकारी तथा सदस्यको स्वकीय सचिवालयका ५१ कर्मचारीलाई एक महिनाको तलव स्केलको रकम ऐन विपरीत चाडपर्व खर्च लेखेको रु.१२ लाख ५२ हजार असुल हुनुपर्ने। | असुल भएको रकम रु. ११ लाख २६ हजार २५३ रुपैंया ६ पैसा बेरूजु लगतबाट हटाउन र असुल गर्न बाँकी रकमलाई अविलम्ब असुल उपर गर्न निर्देशन दिने।<br>मृतकको नाममा रहेको बेरूजु रकम रु २७,९१८।- बेरुजु लगतबाट हटाउन निर्देशन दिने। |
| ६. | सवारी साधन मर्मतः स्कारपियो जिप २०७७/२/६ मा चितवन जिल्लाको दास ढुङ्गामा दुर्घटना भएको जीप मर्मत नभएको। | उक्त गाडी यूनाइटेड इन्सोरेन्स कम्पनी लिमिटेड, नेपाल मार्फत मर्मत भई हाल सचिवालयमा चालु अवस्थामा भएकोले थप निर्देशन दिन नपर्ने। |



सभापति

## कर्णाली प्रदेशसभा सचिवालय

**महालेखापरीक्षकको चौंथो वार्षिक प्रतिवेदन २०७९ (आर्थिक वर्ष २०७७/०७८)**

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णयहरू |
|---|---|---|
| १ | कानुन निर्माण- प्रदेश सभा/संसदीय समितिमा छलफल गरी निर्देशन दिनुपर्ने। | संघीय संरचनालाई मजबुत बनाउन प्रदेश संरचना सशक्त हुनुपर्दछ। प्रदेशको संचालन र व्यवस्थापनका लागि आवश्यक कानून र कार्यविधीको तर्जुमा गर्न निर्देशन दिने। |
| २ | वार्षिक नीति तथा कार्यक्रम - प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रममा योजनाको अनुगमन संसदीय समितिबाट गर्नका लागि बजेटको व्यवस्था नभएको। | प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रमको अनुगमनलाई प्रभावकारी बनाउन बजेटको आवश्यक व्यवस्था गर्न निर्देशन दिने। |
| ३ | चाडपर्व खर्च र सुविधा - ऐनमा भएको व्यवस्था वेगर खर्च लेखेकोले उक्त रकम असुल गर्नुपर्ने | असुल भएको रकम रु. ५ लाख १० हजार २३६ लगतबाट हटाउन र असुल गर्न बाँकी रकमलाई अविलम्ब असुल उपर गर्न निर्देशन दिने।<br>मृतकको नाममा रहेको बेरूजु रकम रु २७,९१८।- बेरुजु लगतबाट हटाउन निर्देशन दिने। |
| ४ | सवारी साधन खरिद - कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ को प्रस्तावनालाई ध्यानमा राखी खरिद कार्य नभएको। | खरिद कार्य निर्देशिका अनुसार नै भएकाले थप निर्देशन दिन नपर्ने। |
| ५ | संसदीय समिति - सरकारका गतिविधिमा निगरानी एवम् निर्देशन दिएको र सोको कार्यान्वयन अवस्थाको अभिलेखीकरण गरी प्रतिवेदन प्रकाशन नभएको। महालेखापरीक्षकको प्रतिवेदन प्रदेश सभामा टेबुल नभएको र सरकारलाई सभाप्रति उत्तरदायी बनाउने व्यवस्था मिलाउनुपर्ने। | समितिको निगरानी एवम् निर्देशनको कार्यान्वयनको अवस्थाको अभिलेखीकरण गर्न निर्देशन दिने।<br>महालेखापरीक्षकको सम्पूर्ण वार्षिक प्रतिवेदन प्रदेशसभामा टेबुल भएको देखिएकाले थप निर्देशन दिइरहन नपर्ने। |

सभापति

## कर्णाली प्रदेशसभा सचिवालय

### महालेखापरीक्षकको पाँचौ वार्षिक प्रतिवेदन २०७९ आर्थिक वर्ष २०७८/०७९

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णयहरू |
|---|---|---|
| १ | कानुन निर्माण - प्रदेश सरकारले सम्पादन गरेको कार्यको कार्यान्वयन अवस्था प्रदेश सभा/संसदीय समितिमा छलफल गरी निर्देशन दिनुपर्ने। | प्रदेश सभा/संसदीय समिति मार्फत प्रभावकारी अनुगमन निर्देशन दिने। |
| २ | वार्षिक नीति तथा कार्यक्रम : प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रममा योजनाको अनुगमन संसदीय समितिबाट गर्नका लागि बजेटको व्यवस्था नभएको। | प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रमको अनुगमनलाई प्रभावकारी बनाउन बजेटको आवश्यक व्यवस्था गर्न निर्देशन दिने। |
| ३ | संसदीय समिति - समितिले दिएका निर्देशनको कार्यान्वयन अवस्थाको अनुगमन, अभिलेखीकरण गरी प्रतिवेदन प्रकाशन गर्नुपर्ने। | निर्देशनको कार्यान्वयन अवस्थाको अनुगमन, अभिलेखीकरण गर्न निर्देशन दिने। |
| ४ | वार्षिक प्रतिवेदन - लेखापरीक्षण प्रतिवेदन उपर छलफल गरी कार्यान्वयन गर्नुपर्ने। | प्रदेशसभाको दोस्रो कार्यकालको कर्णाली प्रदेश, सार्वजनिक लेखा समितिको गठन पश्चात् महालेखापरीक्षकको आर्थिक वर्ष २०७४/०७५ देखि २०७८/०७९ सम्मका पाँच वटा वार्षिक प्रतिवेदन उपर छलफल भइरहेको देखिएकाले थप निर्देशन दिन आवश्यक नभएको। |



सभापति

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

### महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७५ (आर्थिक वर्ष २०७४/७५)

| बेरुजुको दफा | बेरुजुको विवरण | समितिको निर्णयहरू |
|---|---|---|
| १ | विधेयकको मस्यौदा प्रस्तुति- यो मन्त्रालयलाई तोकिएको कार्य जिम्मेवारीमध्ये प्रदेशमा शान्ति सुरक्षा र सुव्यवस्थासम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना संकलन, मूल्यांकन र प्रतिवेदन तथा संघसँगको समन्वय र सहकार्यलगायतका ४२ बुँदाहरू रहेका छन्। यो वर्ष मन्त्रालयले पेश गरेका १८ विधेयकमध्ये १४ विधेयक प्रदेश सभाबाट पास भै राजपत्रमा प्रकाशित भएका छन् भने ४ विधेयक राजपत्रमा प्रकाशनको क्रममा रहेको विवरण प्राप्त भएको छ। | बाँकी रहेका ४ वटा विधेयक प्रकाशन भइसकेको जवाफ प्राप्त भएकोले थप निर्देशन दिन आवश्यक नभएको। |
| २ | विपद व्यवस्थापन कोष- मन्त्रालयले बजेटमा व्यवस्था भए बमोजिम विपद् व्यवस्थापन कोष खडा गरी कोषमा तोकिएको रकम जम्मा गर्नुपर्दछ। मन्त्रालयले कोष खातामा जम्मा गर्नुपर्ने बजेट संकेत नं २७२१२ उद्धार, राहत तथा पुनर्स्थापनाको रु.२५ लाख कार्य सञ्चालन कोषमा दाखिला गरेको छ। नयाँ स्थापना भएको मन्त्रालयको नाममा विपद् व्यवस्थापन कोष नभएकोले कार्य सञ्चालन कोषमा रकम दाखिला गरेको र विपद व्यवस्थापन कोष खडा गरिने मन्त्रालयको भनाई रहेको छ। | हाल विपद् व्यवस्थापन कोष खडा भइसकेकोले कार्य संचालन कोषमा दाखिला भएको रु.२५ लाख रकम उपरोक्त कोषमा जम्मा भएको प्रमाण समितिमा पेश गर्न निर्देशन दिने। |



सभापति

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

### महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७७ (आर्थिक वर्ष २०७५/७६)

| बेरुजुको दफा | बेरुजुको विवरण | समितिको निर्णयहरू |
|---|---|---|
| १ | विनियोजन - यो वर्ष मन्त्रालयलाई कूल रु. १ अर्ब १ करोड ३७ लाख ८० हजार विनियोजन भएकोमा रु. ६४ करोड ३९ लाख ८९ हजारको बजेट कार्यान्वयनमा नआई प्रदेश सञ्चित कोषमा फिर्ता भएको छ। पूर्ण रुपले वार्षिक कार्यक्रम संचालन हुन नसक्दा बित्तीय कार्य सम्पादन ३६.४८ प्रतिशत रहन गई विनियोजन दक्षता न्यून देखिएको छ। कार्यक्रम कार्यान्वयन गरी दक्षता बढाउनु पर्दछ। | विनियोजित रकमको करिब एकतिहाई मात्र कार्यसम्पादन हुनुले कार्यसम्पादन क्षमतामा आमुल परिर्वतन हुन आवश्यक देखिन्छ। आर्थिक वर्ष २०७५/०७६ देखि हालसम्मको वित्तिय कार्यसम्पादनको विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| २ | बजेट कार्यान्वयन- आर्थिक वर्ष २०७५/७६ को बजेट बक्तव्यमा समावेश भएका कार्यक्रम कार्यान्वयनको स्थिति देहाय बमोजिम छ : | |
| २.१. | मन्त्रालयको कार्यक्षेत्रभित्र संघीय कानुन बमोजिम प्रदेश प्रहरी सञ्चालन, व्यवस्थापन र नियमन, प्रदेशभित्रको सडक सुरक्षा तथा ट्राफिक व्यवस्थापन, यातायात क्षेत्रको सिन्डिकेट तथा कार्टेलिंग नियन्त्रण, प्रहरी कार्यालयको पुंजिगत खर्चको व्यवस्थापन पर्दछ। कानुन निर्माण गरी प्रदेश प्रहरी गठन एवं प्रदेश प्रहरी मुख्यालय लगायत आवश्यक संरचना तयार गर्ने, उच्च प्रविधियुक्त प्रादेशिक तालिम केन्द्र स्थापना गर्ने, पर्यटकीय, नगर सामुदायिक प्रहरी सेवा गठन गर्ने, पर्वतीय प्रहरी प्रशिक्षण स्थापना गर्न रु.१० करोड कार्यक्रममा बजेट व्यवस्था गरेकोमा उक्त कार्यमा प्रगति हुन सकेको देखिएन। | संवैधानिक व्यवस्था अनुसार प्रहरी समायोजन प्रक्रिया अगाडि बढाउन सङ्घीय सरकारसँग पहल गर्न प्रदेश सरकारलाई निर्देशन दिने। |
| २.२. | विद्युतीय सञ्चार माध्यम सञ्चालन सम्बन्धी नीति, कानून, नियम र मापदण्ड तर्जुमा, कार्यान्वयन, नियमन तथा अनुमति, इजाजत र नविकरण कार्य मन्त्रालयको रहेको छ। यस बर्ष प्रदेशस्तरीय आम सञ्चार प्रतिष्ठान स्थापना गर्ने, सुचना प्रणालीलाई व्यवस्थित गर्न सुर्खेतमा डाटा सेन्टर निर्माण गर्न रु. ३ करोडको कार्यक्रम रहेकोमा कार्यान्वयन भएको छैन। | व्यहोरोमा उल्लिखित मन्त्रालयका जिम्मेवारीहरू पुरा गर्न आवश्यक कानून, नीति, नियम, मापदण्ड र जनशक्तिको व्यवस्था गरी कार्यान्वयन गर्न निर्देशन दिने। |
| २.३. | प्रदेशस्तरमा इन्टरनेट, अनलाईन तथा अन्य प्रविधिमा आधारित संचार माध्यमको दर्ता, अभिलेख अनुमति, नविकरण, गैरसरकारी संघ सस्थाको अभिलेख र समवन्य, संघीय मापदण्ड बमोजिम हातहतियार, खरखजाना, बिस्फोटक पदार्थको नियमन र अनुसन्धान खर्चको कार्यक्रममा समावेश गरी कार्य भएको पाइएन। सरकारको आधिकारिक दस्ताबेज प्रकाशन गर्न प्रादेशिक मुद्रण विभाग र कानुनी अध्ययन, अनुसन्धान तथा कानुन तर्जुमा गर्न सहयोग गर्न प्रदेश कानुन आयोग गठन गर्ने कार्यक्रम रहेकोमा गठन भएको पाइएन। | प्रादेशिक मुद्रण विभाग र प्रदेश कानुन आयोग गठनका लागि भएको कार्यको प्रगति विवरण समितिमा पेश गर्न निर्देशन दिने। अन्य विषयवस्तु सम्बन्धमा सुझाव अनुरुप कार्यान्वयन गर्न निर्देशन दिने। |
| २.४. | विपद जोखिम व्यवस्थापनको प्रभावकारी कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्न र विपद् पिडितहरूको आवश्यक उद्धार र राहतको व्यवस्था मिलाइने कार्यक्रम रहेकोमा प्रदेशको विपद् व्यवस्थापन ऐन तर्जुमा गरी विपद् पिडित उद्धार तथा राहत कोषको स्थापना र संचालन गरेको देखिएन। | कर्णाली प्रदेश बिपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ तर्जुमा भई बिपद् व्यवस्थापन कोष संचालनमा रहेकोले थप निर्देशन आवश्यक नभएको। |



सभापति

| | | |
|---|---|---|
| ३. | अख्तियारी र कार्यक्रम - यो वर्ष मन्त्रालयलाई प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा १६ बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयबाट २०७५/०४/०३ गते रु १ अर्ब १ करोड ३७ लाख ८० हजार खर्च गर्ने अख्तियारी र मार्गदर्शन प्राप्त भएकोमा प्रदेशका संघीय प्रहरी अर्न्तगतका कार्यालयलाई रु.१६ करोड, २२ नगरपालिका र १७ गाउपालिकालाई समेत रु. ३२ करोड १८ लाख ६८ हजार अख्तियारी दिएको देखियो। | निर्देशन आवश्यक नभएको। |
| ४. | सोझै खरिद- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले रु.२० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्नेमा रु. ७६ लाख ४२ हजारको कार्यालय सामान, फर्निचर र कम्प्युटर लगायतका मेशिनरी औजार सोझै खरिद गरेको छ। खरिद कार्य प्रतिस्पर्धी हुनुपर्दछ साथै सोझै खरिदको कार्यलाई निरुत्साहित गर्नुपर्दछ। | मन्त्रालय स्थापनाको विशेष अवस्थामा खरिद भएको देखिएकोले भविश्यमा सार्वजनिक खरिद नियमावली, २०६४ मा भएका व्यवस्थाको पालना गरी खरिद गर्ने निर्देशन सहित हाललाई बेरुजु लगतबाट हटाउन निर्देशन दिने। |
| ५. | सम्पत्तिको अभिलेख तथा प्रतिवेदन प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २२ बमोजिम मन्त्रालयले आफ्नो जिम्मामा रहेको घर, जग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लागत तथा मातहत कार्यालयबाट प्राप्त प्रतिवेदन र आफ्नो कार्यालयसमेतको जिन्सी प्रतिवेदन एकीकृत रुपमा तयार गरी तोकिएको समयभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेमा पठाएको पाइएन। | मन्त्रालयको तथा मातहतका कार्यालयको जिन्सी प्रतिवेदन एकिकृत रुपमा तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गर्ने गरेको भएपनि समयभित्र नपठाएको भन्ने देखिएकोले तोकिएको समयभित्र पठाउन निर्देशन दिने। |
| ६. | राहत वितरण - द्वन्दपीडित राहत तथा उपचार सम्बन्धी कार्यविधि २०७६ बमोजिम चिकित्सकको प्रेस्कृप्सन र कार्यविधिको आधारमा घाइते र अपाङ्गलाई (क), (ख) र (ग) वर्गमा श्रेणी विभाजन गरी क्रमशः रु.४० हजार, २५ हजार र १५ हजारका दरले १० जिल्लाका ४५८ पिडितलाई यस वर्ष रु.१ करोड २० लाख १० हजार राहत वितरण गरेको देखियो। प्रदेश मन्त्रिपरिषद्को २०७५ / ११ / ४ को निर्णयले सामुदायिक रेडियो प्रसारक संघ नेपाललाई १४ औ साधारण सभा र राष्ट्रिय सम्मेलन गर्न रु. ५ लाख सहयोग उपलब्ध गराएको छ। प्रदेश न. २ लाई कार्यक्रम खर्च शीर्षक २२५२२ बाट रु. १ करोड राहत अनुदान उपलब्ध गराएको छ। प्रादेशिक लगायत सबै तहबाट वितरण गर्ने राहत तथा उपचारको एकिकृत अभिलेख तयार गर्नुपर्दछ। | प्रदेशबाट बितरण भएका राहत तथा उपचारको एकिकृत अभिलेख तयार गरेको भन्ने मन्त्रालयबाट जवाफ प्राप्त भएकोले वितरण भएको राहतको विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| ७. | कानून निर्माण - प्रदेश सरकारबाट जारी गर्नुपर्ने सबै ऐन, कानून प्राथमिकताको आधारमा तयार गरी प्रदेश सभामा प्रस्तुत गरी पारित गराउनुपर्दछ। आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट प्राप्त विवरणअनुसार २९ ऐन, १ नियमावली, ९ कार्यविधि, २ निर्देशिका र गठन आदेश तथा मार्गदर्शनहरू तयार गरेको छ। प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्न आवश्यक पर्ने कानूनहरू पहिचान गरी निर्माण गर्नु पर्दछ। | हालसम्म निर्माण भई कार्यान्वयनमा रहेका कानूनहरू तथा निर्माणको चरणमा रहेको कानूनहरूको विवरण समितिमा पेश गर्ने र प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्न आवश्यक पर्ने कानूनहरू निर्माण गर्न निर्देशन दिने। |



सभापति

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

### महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७८ (आर्थिक वर्ष २०७६/७७)

| बेरुजुको दफा | बेरुजुको विवरण | समितिको निर्णयहरू |
|---|---|---|
| १. | कार्य जिम्मेवारी : प्रदेश सरकार (कार्य विभाजन) नियमावली बमोजिम यस मन्त्रालयलाई प्रदेशमा शान्ति सुरक्षा र सुव्यवस्थासम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना संकलन, मूल्यांकन र प्रतिवेदन तथा संघसँगको समन्वय र सहकार्य लगायतका ४२ कार्य तोकिएको छ। प्रदेशस्तरको विद्युतीय संचार माध्यम संचालन सम्बन्धी नीति, कानुन र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन तथा अनुमति, इजाजत, नविकरण, सूचना प्रविधि पार्कको निर्माण, संचालन र नियमन, प्रदेश भित्र न्यायिक र अर्ध न्यायिक निकायले गरेका फैसला कार्यान्वयन, छापा संचार माध्यमको दर्ता, अनुमति, आचारसंहिता निर्धारण र अनुगमन, अभिलेखाङ्कन, बर्गीकरण, संचालन र नियमन र सत्यनिरुपण तथा मेलमिलाप र वेपत्ता पारिएका व्यक्ति सम्बन्धी कार्य जिम्मेवारीको काम नभएकोले स्रोत साधन व्यवस्थापन गरी कार्य सम्पन्न गर्नुपर्दछ। यस सम्बन्धी देखिएका अन्य ब्यहोराहरू देहायअनुसार छन्। | *** |
| १.१. | प्रदेश सरकार (कार्यविभाजन) नियमावली अनुसार प्रदेश भित्रको सडक सुरक्षा र ट्राफिक व्यवस्थापनको जिम्मेवारी यस मन्त्रालयको रहेको देखिन्छ। प्रदेश भित्रका सडक सुरक्षा, ट्राफिक व्यवस्थापन, यातायात क्षेत्रको सिन्डिकेट एवं कार्टेलिङ्ग नियन्त्रण सम्बन्धी प्रदेश ऐन, नियम तथा कार्यविधि एवं मापदण्ड हालसम्म तर्जुमा हुन नसक्दा यातायात क्षेत्रको कार्टेलिङ्ग र सिन्डिकेट नियन्त्रण गर्ने कार्य प्रभावकारी हुन सकेको छैन। यसको नियमन गर्नु पर्दछ। | सुझाव अनुसार नियमन गर्न निर्देशन दिने। |
| १.२. | प्रदेश सरकार (कार्यविभाजन) नियमावली अनुसार यस मन्त्रालयको कार्य जिम्मेवारीमा प्रदेश भित्रका गैर सरकारी संघ संस्थाहरूको अभिलेख र समन्वय गर्ने रहेको छ। सो कार्य जिम्मेवारी पूरा गर्न मन्त्रालयले प्रदेश भित्र दर्ता संचालनमा आएका गैर सरकारी संघ संस्थाको दर्ता, संचालन/नविकरण तथा नियमनका लागि आवश्यक ऐन तथा नियमावली तर्जुमा गरी सकेको छैन। संघीय सरकार मातहत रहेको उक्त कार्य प्रदेश सरकार अर्न्तगत हस्तान्तरण भई आएकोमा संघमा दर्ता, संचालन, नविकरण भएका यस्ता गैर सरकारी संस्थाको अभिलेख प्रदेशमा प्राप्त हुन नसकेकोले मन्त्रालयमा गैर सरकारी संघ संस्थाको अभिलेख अद्यावधिक र समन्वय हुन नसकेको अवस्था छ। प्रदेश भित्रका गैर सरकारी संघ संस्थाको दर्ता, नविकरणका लागि ऐन, नियमावली तर्जुमा गरी सो अनुरुप अभिलेख अद्यावधिक गर्ने र सेवा प्रवाहमा समन्वय गर्ने कार्य प्रभावकारी रूपमा गर्नुपर्दछ। | प्रदेश सरकार (कार्यविभाजन) नियमावली अनुसार प्रदेशभित्रका गैर सरकारी संघ संस्थाको दर्ता, नविकरणका लागि ऐन, नियमावली तर्जुमा गर्न निर्देशन दिने। |
| २. | विनियोजन दक्षता : यो वर्ष मन्त्रालयलाई रु.७९ करोड ८७ लाख ३० हजार बजेट बाँडफाँट तथा विनियोजन भएकोमा रु.३२ करोड ७३ लाख ९० हजार खर्च भएको छ। वार्षिक कार्यक्रम संचालन हुन नसक्दा वित्तीय कार्यसम्पादन ४०.९८ प्रतिशत रहन गई विनियोजन दक्षता न्युन देखिएको छ। वार्षिक कार्यक्रममध्ये प्रदेश प्रहरीको गठन नगरेको, अत्याधुनिक सुविधा र उच्च क्षमताको तथ्यांक भण्डार स्थापना हुन नसकेको, प्रदेश सरकारका सबै कार्यालयमा विपद् व्यवस्थापनका | विनियोजित रकमको करिव ४० प्रतिशत मात्र कार्यसम्पादन हुनुले कार्यसम्पादन क्षमतामा आमुल परिर्वतन गर्न आवश्यक रहेको देखिन्छ। आर्थिक वर्ष |



सभापति

| | | |
|---|---|---|
| | अत्यावश्यक सामग्री रहने व्यवस्था नभएको,विपद् तथा भोकमरीको समयमा तत्काल उपयोग गर्न सकिने गरी अत्यावश्यक खाद्य वस्तु, पानी र औषधी सहितको "जनभकारी" स्थानीय तहसम्म खडा हुन नसकेको र स्थानीय तहका न्यायिक समितिको प्रभावकारी कार्यसम्पादनका लागि आवश्यक कानूनी सहायता उपलव्ध गराएको पाइएन। कार्यक्रम कार्यान्वयन गरी विनियोजन दक्षता बढाउनुपर्दछ। | २०७५।०७६ देखि हालसम्मको वित्तिय कार्यसम्पादन विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| ३. | रकमान्तर : कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७(२) मा चालु बजेटबाट चालु खर्च शीर्षक र पूजिगत बजेटबाट पुँजिगतखर्च शीर्षकमा जुन शीर्षकमा रकमान्तर गरिने हो सो को २५ प्रतिशतभन्दा बढी नहुने गरी सम्बन्धित सचिवले र सो भन्दा वढी रकम एक उपशीर्षकबाट अर्को उपशीर्षकमा रकमान्तर आर्थिक मामिला तथा योजना मन्त्रालयले गर्नसक्ने व्यवस्था छ। मन्त्रालयले २०७६।६।८ मा डिजिटल स्कुल कार्यकमका लागि उपकरण खरिद गर्न रु.२ करोड विनियोजन गरेकोमा रु.१ करोड २५ लाख, प्रादेशिक रेडियो स्थापना तथा सञ्चालनार्थ उपकरण खरिद गर्न शुरु बजेट शुन्य रहेकोमा रु.२ करोड ५० लाख र जग्गा प्राप्तिमा रु.२ करोड ५० लाख थप गरी रु.६ करोड २५ लाख बजेट कायम गरेको छ। उक्त रकम पुँजिगत परामर्शबाट घटाई रकमान्तर गरेको छ। नरहरीनाथ गाँउपालिकाको भवन निर्माण गर्न रु.४ करोड सेवा र परामर्शबाट २०७६।१०।५ मा रकमान्तर गरी बजेट कायम गरेको छ। विभिन्न शिर्षकमा विनियोजित बजेट २०७७।२।७ मा रकमान्तरबाट घटाई विपद व्यवस्थापन कोषको बजेट रु.२४ करोड ९५ लाख कायम गरेको छ। रकमान्तर गरी खर्च गर्ने पद्धतीमा सुधार गर्नुपर्दछ। | सुझाव अनुसार कार्यान्वयन गर्न निर्देशन दिने। |
| ४. | डिजिटल विद्यालय : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १२(ज) अनुसार आधारभुत तथा माध्यमिक शिक्षा सम्वन्धी अधिकार स्थानीय तहलाई तोकेको छ। मन्त्रालयले प्रदेश अन्तरगतका विद्यालयमा डिजिटल विद्यालय कार्यक्रम संचालन गर्न शिक्षा विकास निर्देशनालय सुर्खेतलाई रु.८८ लाख ६४ हजार र १० जिल्लामा सामाजिक विकास कार्यालयलाई गत वर्षको डिजिटल विद्यालय कार्यक्रमलाई निरन्तरता दिन रु. ४८ लाख र यस वर्ष ८ जिल्लाका सामाजिक विकास कार्यालयमा नयाँ डिजिटल विद्यालय कार्यक्रम संचालनको लागि रु.२ करोड ३६ लाख ३६ हजार समेत रु.३ करोड ७३ लाख अख्तियारी प्रदान गरेको छ। विद्यालयलाई डिजिटल स्कुल वनाउन गत वर्ष विद्यालय तोकी प्रति विद्यालय रु.१२ लाख ५० हजारका दरले अख्तियारी पठाएकोमा कार्यक्रमको प्रभावकारिता विश्लेषण नगरी पुनः कार्यक्रमलाई निरन्तरता दिएको पाईयो। समन्वय गरी कार्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाउनु पर्दछ। | उल्लिखित विषयका सम्बन्धमा नयाँ डिजिटल विद्यालय कार्यक्रम संचालनको अवस्था, उपलब्धी र कार्यक्रमको विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| ५. | विपद बीमा : कर्णाली प्रदेश सरकार मन्त्रिपरिषदबाट २०७६/९/८ मा विपद जोखिम विमा सम्वन्धी कार्यविधि २०७६ स्वीकृत भएको छ। प्राकृतिक जोखिम विरुद्ध सामुहिक दुर्घटना बीमा कार्यक्रमबाट भौगोलिक जटिलता र विपदबाट हुने दुर्घटनाका कारण मृत्यू भएमा रु.२ लाख प्राप्त हुने गरी १७ लाख ७० हजार कर्णालीबासीको एक वर्षको लागि राष्ट्रिय बीमा कम्पनीसँग सम्झौता गरी रु.१ करोड ५० लाख विमा शुल्क भूक्तानी गरेको छ। उक्त बीमा २०७६।१२।१ देखि १ वर्षको लागि लागु भएकोमा २०७७।१०।४ सम्म प्राकृतिक जोखिम दुर्घटना विमाबाट मृतकका १६ जना हकवालालाई | प्रदेश सरकारले सुरु गरेको विपद बिमा कार्यक्रममा गरेको वार्षिक लगानी, सो लगानीबाट हालसम्म लाभ लिएका लाभग्राहीहरूको विवरण समिति समक्ष पेश गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | विमाङ्क रकम भुक्तानी भएको अध्यावधिक विवरण पेश गरेको छ। विमा कार्यक्रमबाट प्राप्त हुने उपलब्धि र खर्चको प्रभावकारिता मूल्यांकन गरी कार्यक्रम संचालन हुनुपर्दछ। | |
| ६. | सोझै खरिद : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) अनुसार सार्वजनिक निकायले रु. २० लाख रुपैंयाभन्दा बढी लागत अनुमान भएको खरिद वा निर्माण गराउँदा बोलपत्रको माध्यमद्वारा प्रतिस्पर्धात्मक तरिका अपनाई खरिद गर्नुपर्दछ। मन्त्रालयले यो वर्ष मेशिनरी औजार, फर्निचर र निर्माण कार्यमा रु. १ करोड ६ लाख ५७ हजारको टुक्रा पारी ५ लाख भित्रको सिमा र लागत अनुमानको हाराहारीमा सोझै खरिद गरेको छ। सार्वजनिक खरिद कानुनको पालना गरी खरिद कार्य प्रतिस्पर्धी र मितव्ययी बनाउनु पर्दछ। | खरिदको विवरण समिति समक्ष पेश गर्न निर्देशन दिने। |
| ७. | विपद व्यवस्थापन कोष : कर्णाली प्रदेश विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम १४ र कर्णाली प्रदेश विपद व्यवस्थापन कोष संचालन कार्यविधि २०७६ को वुदा नं ८(२) र (३) मा कोषको संचालन मन्त्रालयबाट हुने व्यवस्था छ। यस सम्बन्धमा देखिएका ब्यहोरा निम्न छन् :- | *** |
| ७.१ | प्रदेश विपद व्यवस्थापन कोष संचालन कार्यविधि, २०७६ को बुँदा ११ मा प्रदेश सरकारबाट प्रदान गरिएको रकम तोकिएको कार्यमा खर्च गरी बचत हुन गएमा प्रदेश विपद व्यवस्थापन कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। यस वर्ष विपद व्यवस्थापन कोषमा प्रदेश सरकारबाट रु.२४ करोड ९५ लाख र अन्य संघ संस्था व्यक्तिबाट प्राप्त रु.३ करोड ६३ लाख ९७ हजार समेत रु.२८ करोड ५८ लाख ९६ हजार प्राप्त भएको छ। मन्त्रालयले कोभिड १९ नियन्त्रण तथा प्रतिकार्यका लागि ७९ स्थानीय तह, १० जिल्ला विपद व्यवस्थापन समिति, नेपाली सेना उत्तर पश्चिम पृतना, सामाजिक विकास मन्त्रालय लगायतका निकायलाई रु.२५ करोड ६ लाख ५६ हजार निकासा गरेकोमा नेपाली सेना उत्तर पश्चिम पृतना र ३ जिल्ला प्रशासन कार्यालय समेतले रु.१ करोड २० लाख ५२ हजार फिर्ता गरेका छन्। उक्त निकायलाई निकासा दिई खर्च हुन नसकी बचत भएको रकम प्रदेश विपद व्यवस्थापन कोषमा फिर्ता हुनुपर्दछ। | खर्च नभई फिर्ता भएको रकम प्रदेश विपद व्यवस्थापन कोषमा जम्मा गर्न निर्देशन दिने। |
| ७.२ | कोभिड १९ का कारण अलपत्र २ हजार ८११ लाई विभिन्न जिल्लाबाट सुर्खेत ल्याउन र सुर्खेतबाट अन्य जिल्लामा पठाउन १८८ यातायात व्यवसायीलाई रु.७५ लाख ७३ हजार भुक्तानी दिएको छ। पठाएका व्यक्तिको नामावली पठाउने निकायले प्रमाणित गर्नुपर्नेमा सवारीधनीले पेश गरेको विवरणको आधारमा भुक्तानी दिएको छ। यात्रु संख्या यकिन गरेर मात्र भुक्तानी दिनुपर्दछ। | कोभिड १९ महामारीका कारण परिकल्पना भन्दा बाहिरको विशेष अवस्थामा रकम खर्च भएको देखिएकोले बेरुजु लगतबाट हटाउन निर्देशन दिने। |



सभापति

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

### महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन, २०७९ (आर्थिक वर्ष २०७७/७८)

| बेरुजुको दफा | बेरुजुको विवरण | समितिको निर्णयहरू |
|---|---|---|
| १. | कार्य जिम्मेवारी - प्रदेश सरकार (कार्य विभाजन) नियमावली २०७४ बमोजिम प्रदेशभित्र शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति निर्माण, कानुन तर्जुमा, राय परामर्श, कानुन निर्माण, अन्तर निकाय समन्वय गर्ने कार्य यस मन्त्रालयको कार्यक्षेत्र भित्र रहेका छन्।<br>मन्त्रालयले प्रदेश भित्र दर्ता भई संचालनमा आएका गैर सरकारी संघ संस्थाको दर्ता, संचालन/नवीकरण तथा नियमनका लागि आवश्यक ऐन तथा नियमावली तर्जुमा गरेको छैन। संघीय तथा प्रदेश सरकारलाई हस्तान्तरण गरेका गैरसरकारी संस्थाको अभिलेख अद्यावधिक गरेको छैन। प्रदेश भित्रका गैर सरकारी संघ संस्थाको दर्ता तथा नवीकरणका लागि कानुन तर्जुमा गरी अभिलेख अद्यावधिक गर्ने र सेवा प्रवाहमा समन्वय गर्ने कार्य प्रभावकारी बनाउनुपर्दछ। | सुझाव अनुसार कार्यान्वयन गर्न निर्देशन दिने। |
| २. | विनियोजन दक्षता - विनियोजन ऐन, २०७६ बमोजिम मन्त्रालयलाई रु.४१ करोड ७६ लाख ५३ हजार शुरु विनियोजन भएकोमा रकमान्तरवाट घटाई अन्तिम बजेट रु.३३ करोड १० लाख १३ हजार कायम गरेको छ। उक्त बजेटवाट मन्त्रालयले यो वर्ष रु.१० करोड ७५ लाख ३७ हजार हजार मात्र खर्च गरेकोले शुरु विनियोजनको तुलनामा ३२.४८ प्रतिशत मात्र खर्च भएको छ। लक्षित कार्यक्रम सञ्चालन गरी खर्च क्षमता वृद्धि गर्नुपर्दछ। | वित्तिय कार्यसम्पादन क्षमता कमजोर देखिएकाले सो क्षमता वृद्धि गर्न आवश्यक स्पष्ट कार्ययोजना समितिमा पेश गर्न निर्देशन दिने। |
| ३. | नीति तथा कार्यक्रम कार्यान्वयन - प्रदेशको आवधिक योजना २०७६/७७-२०८०/८१ मा समावेश भएका प्रदेश प्रहरी संगठन स्थापना र सञ्चालन, साईवर सुरक्षा र सुशासन अनुभुति सर्वेक्षण आदि कार्य भएको छैन। आवधिक योजनामा समावेश भएका कार्य कार्यान्वयन हुनुपर्दछ।<br>प्रदेश सरकारको बजेट वक्तव्यमा दुर्घटनामा परेकालाई शीघ्र उद्धार गरी उपचार व्यवस्था गर्न रु.२ करोड, कर्णाली आकस्मिक कोषमा रु. २ करोड तथा राहत सहयोग सम्बन्धी कार्यलाई एकद्वारबाट सञ्चालन गर्न नागरिक राहत कोष स्थापना र सञ्चालनका लागि रु. १ करोड विनियोजन गरेकोमा ती कार्यक्रम संचालन हुन सकेको देखिएन। बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ। | प्रदेश सरकारले तय गरेको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न निर्देशन दिने। |
| ४. | लक्ष्य प्रगति - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २६ र २७ मा बजेट कार्यान्वयन गर्ने निकायले प्रगति विवरण तयार गरी समीक्षा गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयको यस वर्षको समग्र भौतिक प्रगति देखिने गरी प्रगति विवरण तयार गरी समीक्षा गरेको छैन। विभिन्न ७२ क्रियाकलाप मध्ये उत्पादनमुलक खुल्ला कारागार निर्माण, कार्यालयको विद्युतिकरण, कर्णाली प्रदेशको डिजिटल डि.पि.आर निर्माण, प्राकृतिक प्रकोप एवं विपद जोखिम सम्बन्धी प्रोटोकल र एप्लीकेशन निर्माण लगायत १३ क्रियाकलापमा शुन्य प्रगति रहेको छ। स्वीकृत कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ। | मन्त्रालयले सुझाव बमोजिम वार्षिक प्रगती विवरण तयार गरी समीक्षा गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| ५. | खरिद गुरुयोजना - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ तथा नियमावली, २०६४ को नियम ७ मा वार्षिक रु.१० करोड रुपैंया भन्दा वढी रकमको खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्ने व्यवस्था छ। नेपाल प्रहरी तथा सशस्त्र प्रहरी वलका संघीय ईकाई कार्यालयमा विपद् गोदामघर, प्रहरी व्यारेक तथा सुरक्षापोष्ट निर्माणका साथै, सवारी साधन, मेशिनरी औजार र फर्निचर खरिदको लागि यो वर्ष रु.२९ करोड ५ लाख ५० हजार विनियोजन भएकोमा खरिद गुरुयोजना तयार नगरी रु.९६ लाख ७४ हजार खर्च गरेको छ। गुरुयोजना स्वीकृत नगरी सालवसाली विनियोजन मार्फत गर्दै संघीय निकायको लागि सवारी साधन, मेशिनरी औजार र भवन निर्माण कार्यमा खर्च गर्नु नियमसम्मत देखिएन। गुरुयोजनाको आधारमा वार्षिक खरिद योजना तयार गरेर मात्र खरिद कार्य गर्नुपर्दछ। | कार्यालयले गर्ने कामकारवाही प्रचलित ऐन नियम बमोजिम गर्नुपर्दछ। ऐन नियम पालना गरी खरिद कार्य गर्न निर्देशन दिने। |
| ६. | कार्यक्षेत्र बाहिरको कार्यक्रम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयको मुख्य कार्य प्रदेशभित्र शान्ति सुरक्षा कायम गर्ने, नीति नियम तर्जुमा गर्ने, अन्य मन्त्रालयबाट तर्जुमा हुने ऐन कानुनमा राय परामर्श दिने रहेको छ। मन्त्रालयले रकमान्तरबाट नरहरीनाथ गाउँपालिका, कालिकोटलाई प्रशासकीय भवन निर्माण गर्न रु.२ करोड ७५ लाख निकासा गरेको छ। कार्य विभाजन नियमावली अनुसार मन्त्रालयको कार्यक्षेत्र बाहिर पर्ने असम्बन्धित कार्यक्रममा गरेको खर्च नियन्त्रण हुनुपर्दछ। | नरहरिनाथ गाउँपालिकाको कार्यालय भवनमा आगलागी भएको र विपद् व्यवस्थापन मन्त्रालयको कार्यक्षेत्रभित्र रहेकोले सो भवन निर्माणका लागि बजेट निकासा भएको देखिन्छ। विशेष अवस्थामा गरिएको खर्च देखिएकोले बेरुजु लगतबाट हटाउन निर्देशन दिने। |
| ७. | आर्थिक सहायता प्रदेश सरकार, मन्त्रिपरिषदको बैठक २०७८।१।१७ को निर्णयानुसार कोभिड १९ का कारण मृत्यु भएका मानिसको घर परिवारलाई प्रति मृतक रु.१ लाखका दरले प्रदेश विपद् व्यवस्थापन कोषबाट राहत वितरण गर्ने निर्णय अनुसार मृत्यु भएका मृतकका परिवारलाई राहत वितरण सम्बन्धी कार्यविधि, २०७८ को बुँदा ३ र ६ अनुसार यस वर्ष १३२ जनालाई रु.१ करोड ३२ लाख राहत रकम उपलब्ध गराएको छ। विपदबाट मृत्यु हुने नागरिकका आश्रित परिवारलाई रु. २ लाखका दरले बीमा गरेको अवस्थामा समेत दोहोरो पर्नेगरी वितरण गरेको रकमको अद्यावधिक अभिलेख पेश भएको छैन। दोहोरो हुनेगरी गरेको खर्च नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ | वितरण भएको रकमको विवरण तथा अद्यावधिक अभिलेख समितिमा पेश गर्न निर्देशन दिने। |
| ८. | रकम फिर्ता - विपद्बाट मृत्यु भएका परिवारका लागि राहत वितरण गर्न प्रति मृतक रु.२ लाखका दरले जिल्ला प्रशासन कार्यालय हुम्लालाई रु.२ लाख, डोल्पालाई रु.२४ लाख, सल्यानलाई रु.१४ लाख र जाजरकोटलाई रु.६ लाख समेत रु.४६ लाख रकम पठाइएकोमा उक्त रकम वितरण भएको विवरण पेश भएको छैन। वितरण नभई बाँकी रहेको रकम फिर्ता गर्नुपर्दछ। | जिल्ला प्रशासन कार्यालय डोल्पा, सल्यान र हुम्लाले राहत वितरणको भरपाई र जिल्ला प्रशासन कार्यालय जाजरकोटले वितरण नगरेको रकम बेरुजु खातामा दाखिला गरेको भौचर पेश गरेकोले उपरोक्त रकमहरूलाई बेरुजु लगतबाट हटाउन निर्देशन दिने। |
| ८.१. | रकम फिर्ता नभएको - मन्त्रालयले द्वन्द्व पिडित घाइते अपाङ्ग उपचारका लागि सम्झौता गरी पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई रु.१० लाख र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई रु १० लाख समेत रु.२० लाख भुक्तानी गरेको छ। द्वन्द्व पिडित | सम्झौता अनुसारको विवरण पेश गर्न पुनः पत्राचार गरी समितिलाई जानकारी गराउन निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | घाइते अपाङ्ग उपचार कार्यविधि २०७७ बमोजिम सम्झौता अनुसार बाँकि रकम फिर्ता गर्नुपर्नेमा प्रतिष्ठानवाट खर्चको विवरणसहित बाँकी रकम फिर्ता भएको छैन। उक्त रकम संचितकोषमा फिर्ता दाखिला हुनुपर्दछ। | |
| ९. | विपद् बीमा - प्रदेश सार्वजनिक खरिद सम्बन्धी निर्देशिका, २०७५ को दफा ५ मा पाँच लाख रुपैया भन्दा बढी रकमको मालसामान, परामर्श सेवा तथा अन्य सेवा प्रदेश सरकार मन्त्रिपरिषदको स्वीकृती लिई खरिद गर्नुपर्ने व्यवस्था छ। कर्णाली प्रदेश सरकार मन्त्रिपरिषदवाट २०७६। ९। ८ मा विपद जोखिम विमा सम्बन्धी कार्यविधि, २०७६ स्वीकृत भएको छ। प्राकृतिक जोखिम विरुद्ध सामुहिक दुर्घटना विमा कार्यक्रमवाट भौगोलिक जटिलता र विपदवाट हुने दुर्घटनाका कारण मृत्यू भएमा रु.२ लाख प्राप्त हुने गरी १७ लाख ७० हजारको एक वर्षको लागि प्रति व्यक्ति रु.९।३३ का दरले जम्मा बीमा शुल्क रु.१ करोड ६५ लाख राष्ट्रिय बीमा कम्पनीलाई भुक्तानी खर्च लेखेको छ। बीमाको तथ्याङ्क संकलन, विमालेख जारी तथा विमालेखबाट दावी फर्स्यौट कार्यमा सहजीकरणको लागि प्रदेश सचिवको संयोजकत्वमा ६ सदस्यीय अनुगमन समिति रहने व्यवस्था छ। समितिले प्राकृतिक जोखिम दुर्घटना विमावाट मृतकका हकवाला ६४ जनालाई विमाङ्क रकमको लागि सिफारिस गरेकोमा २०७८।१२।०१ सम्म बिमा दाबी प्राप्त गरेको अध्यावधिक विवरण पेश गरेको छैन। विमा कार्यक्रमबाट प्राप्त हुने उपलब्धी र खर्चको प्रभावकारिता मूल्यांकन र अभिलेख व्यवस्थापन अद्यावधिक हुनुपर्दछ। | प्रदेश सरकारले सुरु गरेको विपद बिमा कार्यक्रममा गरेको वार्षिक लगानी, सो लगानिबाट हालसम्म लाभ लिएका लाभग्राहीहरूको विवरण समिति समक्ष पेश गर्न निर्देशन दिने। |
| १०. | विविध खाता विविध खाता (कोभिड-१९) मा गत वर्षको मौज्दात रु.३ करोड ७८ लाख ९३ हजार रहेकोमा यो वर्ष रु. ४ करोड ७२ लाख आम्दानी समेत रु.८ करोड ५० लाख ९३ हजार आम्दानी भएकोमा रु.३ करोड ३७ लाख ५७ हजार खर्च भई रु.५ करोड १३ लाख ३६ हजार मौज्दात रहेको छ। मन्त्रालयले कोभिड-१९ रोकथाम तथा उपचार सम्बन्धी विभिन्न कार्य गर्ने र सोको लेखा राख्ने साथै लेखापरीक्षण गराउने गरी सशस्त्र प्रहरी गण र गुल्म ११ लाई रु.५ लाखका दरले रु.५५ लाख, १० जिल्ला प्रहरी कार्यालयलाई रु.५ लाखका दरले रु.५० लाख र उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयलाई रु.५० लाख गरी २२ कार्यालयलाई रु. १ करोड ५५ लाख निकासा दिएको छ। उक्त रकमको आम्दानी तथा खर्च सम्बन्धमा अनुगमन गरी लेखापरीक्षण गराएको सुनिश्चित गर्नुपर्दछ। | कोभिड १९ को रोकथाम तथा उपचार सम्बन्धी कार्य गर्न निकासा दिएको रकम सम्बन्धित कार्यमा खर्च भए नभएको यकिन हुनु पर्दछ। खर्च नभएको भए फिर्ता गर्नुपर्दछ। सम्बन्धित निकायहरूलाई यस सम्बन्धमा आवश्यक प्रमाण पेश गर्न पत्राचार गर्न र गरिएको पत्राचार तथा प्राप्त प्रमाण समिति समक्ष पेश गर्न निर्देशन दिने। |
| ११. | सिन्डिकेट नियन्त्रण प्रदेश भित्रको सडक सुरक्षा र ट्राफिक व्यवस्थापनको जिम्मेवारी यस मन्त्रालयको रहेको छ। प्रदेश भित्रका सडक सुरक्षा, ट्राफिक व्यवस्थापन, यातायात क्षेत्रको सिण्डिकेट एवम् कार्टेलिङ नियन्त्रण सम्बन्धी प्रदेश ऐन, नियम, कार्यविधि एवम् मापदण्ड हालसम्म तर्जुमा हुन नसक्दा यातायात क्षेत्रको कार्टेलिङ र सिण्डिकेट नियन्त्रण गर्ने कार्य प्रभावकारी हुन सकेको छैन। | प्रदेश सडक सुरक्षा र ट्राफिक व्यवस्थापन सम्बन्धमा हालसम्म भए गरेका कामकारवाही तथा प्रगति विवरण समिति समक्ष पेश गर्न निर्देशन दिने। |
| १२. | गैर सरकारी संघ संस्था - प्रदेश भित्रका गैर सरकारी संघ संस्थाको अभिलेख र समन्वय गर्ने यस मन्त्रालयले प्रदेश भित्र दर्ता भई सञ्चालनमा आएका गैर सरकारी संघ संस्थाको दर्ता, सञ्चालन/नविकरण तथा नियमनका लागि आवश्यक ऐन तथा नियमावली तर्जुमा गरेको छैन। साविकमा संघीय सरकार मातहत रहेको उक्त कार्य प्रदेश सरकार मातहत रहने गरी हस्तान्तरण भई आएतापनि दर्ता, सञ्चालन तथा नवीकरण सम्बन्धी अभिलेख प्राप्त हुन नसकेकाले गैर सरकारी संघ संस्थाको | प्रदेश सरकार -कार्यविभाजन) नियमावली अनुसार प्रदेशभित्रका गैर सरकारी संघ संस्थाको दर्ता, नविकरणका लागि ऐन, नियमावली तर्जुमा गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | अभिलेख अद्यावधिक हुन सकेको छैन। कानुन तर्जुमा गरी अभिलेख अद्यावधिक गर्ने र सेवा प्रवाहमा प्रभावकारिता अभिवृद्धि गर्नुपर्दछ। | |
| १३. | बैठक भत्ता - प्रदेश सरकारवाट स्वीकृत सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को बुँदा ३ मा कार्यालय समय अघि वा पछि बैठक वसेको हुनुपर्ने, एउटै निकाय र अन्तर्गतका कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान गर्न नपाईने र कानुन तथा आदेशवाट गठित वा कार्यदलको बैठकको लागि मात्र भत्ता प्रदान गरिने व्यवस्था छ। ऐन, कानुन, कार्यविधि तथा मापदण्डको मस्यौदा तयारीका लागि रु. ८ लाख, कानुन मस्यौदा तर्जुमा शीर्षकमा रु.२ लाख ६८ हजार गरी रु.१० लाख ६८ हजार खर्च लेखेको छ। यस्तो कार्यमा मितव्ययी कायम हुनुपर्दछ। | उठाइएको विषयवस्तु सम्बन्धमा समितिमा प्रमाण पेश गर्न निर्देशन दिने। |

सभापति

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

### महालेखापरीक्षकको पाँचौं वार्षिक प्रतिवेदन, २०७९ (आर्थिक वर्ष २०७८/७९)

| बेरुजुको दफा | बेरुजुको विवरण | समितिको निर्णयहरू |
|---|---|---|
| १. | कार्य जिम्मेवारी - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम प्रदेशभित्र शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति निर्माण, कानुन तर्जुमा, राय परामर्श, अन्तर निकाय समन्वय गर्ने कार्य यस मन्त्रालयलाई तोकिएको छ। मन्त्रालयले प्रदेशस्तरमा सामुदायिक प्रहरी, न्यायिक तथा अर्धन्यायिक निकायले गरेको फैसला कार्यान्वयन, साईबर सुरक्षा र अनुगमनको सम्बन्धमा कुनै काम शुरू गरेको छैन। गैरसरकारी संस्थाको अभिलेख अद्यावधिक गरी प्रदेश भित्र दर्ता भई सञ्चालनमा आएका गैर सरकारी संघ संस्थाको दर्ता, सञ्चालन/नवीकरण तथा नियमनका लागि आवश्यक ऐन तथा नियमावली तर्जुमा गरेको छैन। त्यस्तै मन्त्रालयले कार्यको प्रकृति हेरी कामको प्राथमिकता निर्धारण गरेको छैन। कार्य विभाजन नियमावलीले मन्त्रालयलाई तोकिएको कार्य जिम्मेवारी पुरा गर्नेतर्फ आवश्यक व्यवस्था मिलाउनु पर्दछ। | प्रदेश सरकार (कार्यविभाजन) नियमावली अनुसार प्रदेशभित्रका गैर सरकारी संघ संस्थाको दर्ता, नविकरणका लागि ऐन, नियमावली तर्जुमा गर्न निर्देशन दिने। मन्त्रालयलाई तोकिएको जिम्मेवारी पुरा गर्न ऐन, नियम तत्काल पहिचान गरी निर्माण गनुपर्ने आवश्यकता रहेको छ। मन्त्रालयले सामुदायिक प्रहरी, न्यायिक तथा अर्धन्यायिक निकायले गरेको फैसला कार्यान्यन, साइवर सुरक्षा र अनुगमनका सम्बन्धमा हालसम्म गरेको कामकारवाहीको विवरण यस समितिमा पेश गर्न निर्दशन दिने। |
| २. | विनियोजन दक्षता - विनियोजन ऐन, २०७८ बमोजिम मन्त्रालयलाई रू.६९ करोड १ लाख ४० हजार शुरू विनियोजन भएकोमा रकमान्तरबाट घटाई अन्तिम बजेट रू.४७ करोड १९ लाख २० हजार कायम गरेको छ। उक्त बजेटबाट मन्त्रालयले यो वर्ष रू. १० करोड ११ लाख २६ हजार मात्र खर्च गरेकोले शुरू विनियोजनको तुलनामा १४.६५ प्रतिशत मात्र खर्च भएको छ। लक्षित कार्यक्रम सञ्चालन गरी खर्च क्षमता वृद्धि गर्नुपर्दछ। | वित्तिय कार्यसम्पादन क्षमता कमजोर देखिएकाले सो क्षमता वृद्धि गर्न आवश्यक स्पष्ट कार्ययोजना समितिमा पेश गर्न निर्देशन दिने। |
| ३. | नीति तथा बजेट कार्यान्वयन - नीति तथा कार्यक्रममा घोषणा भएका कार्यक्रमहरू प्रभावकारी कार्यान्वयन हुनुपर्दछ। प्रदेश सरकारको यस वर्ष घोषित भएका शान्ति सुरक्षाको भरपर्दो व्यवस्थाका लागि प्रदेश प्रहरी सम्बन्धी कानुन निर्माण गरी प्रदेश प्रहरी गठन गर्ने, प्रदेश प्रहरीको व्यावसायिकता र दक्षता विकास गर्न आवश्यक कार्यहरू अगाडि बढाउने तथा रूकुमको चौरजहारीमा प्रदेश प्रहरी तालिम केन्द्रको पूर्वाधार निर्माण गर्न रू. १ करोड विनियोजन भएको, विपन्न र हिंसा पीडित व्यक्तिको न्यायमा पहुँचका लागि कानुनी सहायता (रू.१० लाख), जनआन्दोलन, जनयुद्ध र प्रदेश प्राप्तिका आन्दोलनमा अमूल्य जीवन उत्सर्ग गर्ने शहीद परिवार, वेपत्ता पारिएका व्यक्तिका परिवारका सदस्यहरू तथा विस्थापितलाई जीविकोपार्जनका लागि आयआर्जन कार्यक्रमहरू सञ्चालन गर्ने तथा सन्तान गुमाएका अभिभावकहरूलाई राहत स्वरूप शहीदका परिवारलाई मासिक रू.२ हजार जीवन निर्वाह तथा औषधि उपचार सहायताको लागि रू.७.५ करोड विनियोजन भएको, गम्भीर प्रकृतिका सहाराविहीन घाइते तथा अपाङ्गहरूको आश्रय, लालनपालन र उपचार व्यवस्थाका लागि घाइते योद्धा पुनर्स्थापना केन्द्र सञ्चालन गर्न रू.१५ लाख विनियोजन भएको, नेपाल सरकारसँगको समन्वयमा कारागारमा रहेका कैदी बन्दीहरूको सीप र आयआर्जनका कार्यक्रमहरू सञ्चालन, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता एवं सूचनाको हकको कार्यान्वयन र | बिनियोजन भएका कार्यक्रमहरू कार्यान्वयन नहुनुको कारण र उपरोक्त कार्यक्रमहरू कार्यान्वयन गर्न तयार हुनुपर्ने आधारहरू स्पष्ट रुपमा खुलाई समिति समक्ष मन्त्रालयको राय पेश गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | सञ्चारक्षेत्रको व्यवसायीक विकासका लागि आम सञ्चार प्रतिष्ठान स्थापना गर्न रू. १ करोड विनयोजन भएको, सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउन डिजिटल कर्णाली गुरूयोजना तर्जुमा गरी कार्यान्वयन ल्याई सरकारी काम कारवाहीलाई क्रमशः कागजविहीन बनाउँदै लैजान रू.५ करोड विनयोजन भएको लगायत कार्यक्रमहरू कार्यान्वयन गरेको छैन। बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ। | |
| ४. | दिगो विकास लक्ष्यको प्राप्ति - दिगो विकास लक्ष्य मध्ये मन्त्रालयको कार्य क्षेत्रमा पर्ने जलवायु परिवर्तन र यसको प्रभावहरूसँग जुध्न तत्काल कार्य अघि बढाउने तथा दिगो विकासको निम्ति शान्तिपूर्ण समावेशी समाजहरूको प्रवर्द्धन गर्न न्यायमा सबैको पहुँच सुनिश्चित् गर्ने र सबै तहहरूमा प्रभावकारी, जबाफदेही र समावेशी संस्थाको विकास गर्ने जस्ता लक्ष्य भएकोमा सो क्रियाकलाप तथा उपलब्धिको सम्बन्धमा मन्त्रालयले कुनै समीक्षा गरेको देखिएन। दिगो विकासको लक्ष्य प्राप्त गर्नेतर्फ नीति तथा कार्यक्रम निर्माण गरी कार्यान्वयन गरिनु पर्दछ। | दिगो विकासको लक्ष्य प्राप्त गर्न नीति तथा कार्यक्रमको निर्माणमा भएका प्रगति र गरिएका कार्यक्रमहरूको सम्बन्धमा मन्त्रालयले गरेको समिक्षालाई समितिमा पेश गर्न निर्देशन दिने। |
| ५. | आवधिक योजना - कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २० (३) मा बजेट तर्जुमा गर्दा आवधिक योजनाको लक्ष्य तथा नीतिलाई ध्यानमा राखेर निर्माण गर्नुपर्ने उल्लेख छ। कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजना (२०७६। ७७-२०८०।८१) ले यस मन्त्रालयको कार्यक्षेत्र भित्र पर्ने प्रदेश प्रहरी परिचालन तथा व्यवस्थापन सम्बन्धी कानुन निर्माण गरी सञ्चालन गर्ने, सेवा प्रवाह प्रभावकारी तुल्याउन शान्ति सुरक्षा तथा संगठित आर्थिक अपराध सम्बन्धी सूचना सङ्कलन, विश्लेषण र सम्प्रेषणका लागि प्रदेश अनुसन्धान ब्यूरो गठन गर्ने, आधुनिक प्रदेश प्रहरी तालिम केन्द्र स्थापना गरी सञ्चालन गर्ने, सामाजिक द्वन्द्वको पहिचान, विश्लेषण र निराकरणको उपाय अवलम्बन गर्नुका साथै विकास आयोजना तथा औद्योगिक प्रतिष्ठानहरूको निर्वाध सञ्चालन गर्ने, जीवन आत्मरक्षा, समुदायको सुरक्षा र सामाजिक अपराध नियन्त्रण गर्नको लागि प्रत्येक १८ देखि २० वर्षका युवायुवतीलाई जीवन तथा समुदाय सुरक्षा तालिम प्रदान गर्ने, तत्काल शान्ति सुरक्षा दिन हटलाईन सेवा सञ्चालन गर्ने, प्रदेश निजामती सेवा ऐन र नियमावली तर्जुमा गरी कार्यान्वयन गर्ने, भ्रष्टाचार नियन्त्रण गर्न आवश्यक कानुन निर्माण गरी विद्यमान कानुनहरूको प्रभावकारी कार्यान्वयन गर्ने, शून्य सहनशीलताको नीति अवलम्बन गर्ने जस्ता रणनीति तथा कार्यनीति अवलम्बन गरेकोमा नीति, कार्यक्रम तथा बजेटले समेट्न सकेको छैन। दीर्घकालीन योजनासँग समन्वय हुने गरी नीति तथा कार्यक्रमहरू तर्जुमा गरिनु पर्दछ। | प्रथम पन्च वर्षीय योजनामा भएका तर नीति तथा कार्यक्रम र बजेटले समेट्न नसकेका विषयवस्तुहरू तथा सोको कारण समेत खुलाई समिति समक्ष पेश गर्न निर्देशन दिने। |
| ६. | द्वन्द्व पीडित उपचार -कर्णाली प्रदेश मन्त्रिपरिषद्बाट २०७८।०७।०७ मा स्वीकृत द्वन्द्व पीडित, घाइते, अपाङ्ग उपचार कार्यविधि, २०७८ को बुँदा नं. ६ मा बिरामी तथा १ जना कुरुवाको एकमुष्ठ यातायात खर्च दिने व्यवस्था छ। उक्त कार्यविधि कार्यान्वयन गर्न स्वीकृत निर्देशिकामा दैलेख, सुर्खेत, सल्यान, जाजरकोट र रुकुम पश्चिमका पीडितहरूलाई न्यूनतम रू.३ हजार, हुम्ला र डोल्पाका पीडितहरूलाई रू.२० हजार एकमुष्ठ उपलब्ध गराउने व्यवस्था रहेकोमा यस्ता विरामीहरूलाई रू.३ हजार देखि रू.१ लाख ३४ हजारसम्म भुक्तानी गरेको | उपचार गराउने बिरामीहरूको विवरण, सम्बन्धित बिरामीहरूका लागि गरिएको खर्च र सो खर्च द्धन्द्ध पीडित, घाइते, अपांग उपचार कार्यबिधि, २०७८ अनुसार भएको प्रमाण समिति समक्ष पेश गर्न निर्देशन दिने। निर्देशिकामा उपचार खर्च सीमा र कुरुवा सम्बन्धी |



सभापति

| | | |
|---|---|---|
| | छ। प्रदेश अस्पताल, सुर्खेतमा १ जना सहायकस्तर कर्मचारीको तलब सहित रू. ११ लाख ४८ हजार उपचार खर्च लेखेकोमा उपचार गराउने विरामीहरूको विवरण, उपचार गर्ने चिकित्सकको विवरण लगायत उपचार खर्च पुष्टि हुने प्रमाण संलग्न गरेको छैन। निर्देशिकामा उपचार खर्च सीमा र कुरूवा सम्बन्धी व्यवस्था स्पष्ट छैन। उपचार खर्च भुक्तानी सम्बन्धमा स्पष्ट कार्यविधि बनाई पारदर्शिता कायम गर्नुपर्दछ। | व्यवस्था स्पष्ट नभएको भन्ने सम्बन्धमा मन्त्रालयको जवाफ समिति समक्ष पेश गर्न निर्देशन दिने। |
| ७. | विपद् बीमा — कर्णाली प्रदेश सरकार मन्त्रिपरिषद्बाट २०७६/९/८ मा विपद् जोखिम बीमा सम्बन्धी कार्यविधि, २०७६ स्वीकृत गरी बीमाको तथ्याङ्क सङ्कलन, बीमालेख जारी गर्ने कार्यमा सहजीकरण, बीमालेखको नियमितता, प्रभाकारिता र दावी फस्र्यौट कार्यमा सहजीकरणको लागि प्रदेश सचिवको संयोजकत्वमा ६ सदस्यीय अनुगमन समिति रहने व्यवस्था गरेको छ। प्राकृतिक जोखिम विरूद्ध सामुहिक दुर्घटना बीमा कार्यक्रमबाट भौगोलिक जटिलता र विपद्बाट हुने दुर्घटनाका कारण मृत्यु भएमा रू.२ लाख प्राप्त हुने गरी रू.१७ लाख ७० हजार कर्णालीवासीको वार्षिक प्रति व्यक्ति रू.९। ३३ का दरले बीमा शुल्क रू.१ करोड ६५ लाख राष्ट्रिय बीमा कम्पनीलाई भुक्तानी गरेको छ। प्राकृतिक जोखिम दुर्घटनाबाट मृतकका हकवाला ४९ जनालाई बीमाङ्क रकमको लागि सिफारिस गरेकोमा लाभान्वितको विवरण अद्यावधिक गरेको छैन। बीमा कार्यक्रमबाट प्राप्त उपलब्धी र खर्चको प्रभावकारिता मूल्याङ्कन र अभिलेख व्यवस्थित हुनुपर्दछ। | प्रदेश सरकारले सुरु गरेको विपद बिमा कार्यक्रममा गरेको वार्षिक लगानी, सो लगानीबाट हालसम्म लाभ लिएका लाभग्राहीहरूको विवरण समिति समक्ष पेश गर्न निर्देशन दिने। |
| ८. | विपद् राहत रकम - विपद्बाट मृत्यु भएका परिवारका लागि राहत वितरण गर्न प्रति मृतक रू. १ लाखका दरले ३ जिल्ला प्रशासन कार्यालयलाई रू.८७ लाख पठाएकोमा उक्त रकम वितरण भएको विवरण पेस भएन। प्रदेश सरकारले विपद्बाट मृत्यु भएका परिवारलाई राहत वितरण गर्न छुट्टै बीमा समेत गराएकोमा सोधभर्ना दावी नगरी राहत खर्च लेखेको छ। त्यस्तै जिल्ला प्रशासन कार्यालय, मुगुलाई कोरोना राहत वापत रू.५ लाख र आगलागि पीडितलाई राहत वितरण गर्न रू. ३१ लाख १० हजार निकासा दिएको समेत रू.१ करोड २३ लाख १० हजार खर्च भएको प्रमाण पेस गर्नुपर्दछ। | विभिन्न निकायहरूलाई भुक्तानी भएको विपद् राहत रकम, खर्च भएको भए सोको विवरण र खर्च नभएर बचत भएको रकम फिर्ता भएको भए सोको विवरण र फिर्ता हुन बाँकि भएको भए निकायहरूलाई पत्राचार गरी समितिमा पेश गर्न निर्देशन दिने। विपद्बाट मृत्यु भएका परिवारलाई राहत वितरण गर्न गरिएको बीमाबाट भएको दावीको विवरण पेश गर्न निर्देशन दिने। साथै, बीमा शोधभर्ना दावी नगरी खर्च लेखी किन कोषबाट रकम भुक्तानी गरिएको हो सोको जवाफ समेत समिति समक्ष पेश गर्न निर्देशन दिने। |
| ९. | अधुरो निर्माण कार्य - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ मा उल्लेखित सम्झौताको पालना गर्न दुबै पक्ष जिम्मेवार हुनुपर्दछ। ईलाका प्रहरी कार्यालय, राकमले प्रहरी चौकी निर्माणका लागि रू.२ करोड ५१ लाख ५१ हजारमा १२ महिनामा निर्माण कार्य सम्पन्न गर्नेगरी एक निर्माण व्यावसायीसँग २०७६।०२।१३ मा सम्झौता गरेको देखियो। निर्माण शुरू भएपछि २०७६।७७ मा बजेट व्यवस्था हुन नसकी निर्माण काम नभएको र २०७७।७८ मा रू.२ करोड १३ लाख ७६ हजार बजेट व्यवस्था भएपनि निर्माण व्यवसायीले आंशिक काम मात्र गरेका कारण रू.८६ लाख ९३ हजार भुक्तानी भएको समेत हालसम्म रू. १ करोड १३ लाख ६१ | निर्माण कार्य सम्बन्धमा यथार्थ विवरण सम्बन्धित निकायबाट माग गरी समिति समक्ष पेश गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | हजार भुक्तानी भएको सो निर्माण कार्यको लागि आर्थिक वर्ष २०७८।७९ मा रू. १ करोड २७ लाख बजेट स्वीकृत भएपनि रू.७ लाख ५७ हजारमात्र भुक्तानी भएको छ। पछिल्लो पटक माइलस्टोन सहित २०७९।१२। ३० सम्म म्याद थप भएको छ। शुरू सम्झौताको ३०० प्रतिशत भन्दा बढी म्याद थप गर्दा समेत निर्माण व्यवसायीले कार्य सम्पन्न गरेको छैन। तोकिएको समयमा निर्माण सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ तथा खरिद सम्झौता बमोजिम कारवाही गरी कार्य सम्पन्न गराउनुपर्दछ। | |



सभापति

## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

### महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७५ (आर्थिक वर्ष २०७४/७५)

| बेरुजुको दफा | बेरुजुको विवरण | समितिको निर्णयहरू |
|---|---|---|
| १ | कन्टिन्जेन्सी खर्च सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिंदा उपनियम (३) को खण्ड (ख) बमोजिमको लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने उल्लेख छ। मन्त्रालयले यो वर्ष पुँजीगतमा कुल रु. ४ करोड २५ लाख ९९ हजार खर्च गरेकोमा सो को ५ प्रतिशतले हुने कन्टिन्जेन्सी रु. २१ लाख ३० हजार सम्बन्धित उपभोक्ता समितिलाई नै भुक्तानी गरेको र योजना अनुगमन तथा मूल्यांकनमा थप रु. ५ लाख ३ हजार खर्च लखेको छ। योजना अनुगमन बापत योजनाकै कन्टिन्जेन्सी रकमबाट खर्च लेख्नुपर्नेमा उपभोक्ता समितिलाई कन्टिजेन्सी रकम समेत भुक्तानी दिई खर्च लेखेको देखिन्छ। अर्थमन्त्रीस्तरीय २०७०।१।१५ को निर्णय अनुसार ५ प्रतिशत कन्टिन्जेन्सीमध्ये २ प्रतिशत पुँजीगत निर्माण तथा सम्पत्तिमा खर्च गर्नु पर्नेमा यो प्रकृयाबाट पुँजीगत निर्माण तथा सम्पत्तिमा खर्च हुन सक्ने अवस्था देखिएन। कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ को बुँदा नं. १.३ (क) मा सकेसम्म चालु तथा प्रशासनिक शीर्षकमा विनियोजित रकमबाट कन्टिन्जेन्सीको काम गर्नु गराउनु पर्ने र नपुग भएमा मात्र आवश्यकता अनुसार कन्टिन्जेन्सी रकम छुट्याउनु पर्ने उल्लेख छ। उपभोक्ता समितिबाट निर्माण हुने योजनाको नियमानुसार कन्टिन्जेन्सी रकम कट्टी गरी सो सम्बन्धी प्राविधिक कार्य, अनुगमन खर्च र पुँजीगत निर्माणमा खर्च गर्नुपर्दछ। | सुझाव अनुसार कार्यान्वयन गर्न निर्देशन दिने। |
| २ | अनुदान सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम (१) मा एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन वा प्राप्त गर्न सकिने उल्लेख छ। मन्त्रालयले विभिन्न ९ नाफामूलक व्यावसायिक फर्म तथा कम्पनीले गर्ने निर्माण कार्यमा रु.२ लाखदेखि ५ लाखसम्म अनुदान दिएको देखिन्छ। नियमानुसार उपभोक्ता समिति तथा लाभग्राही समुदायलाई मात्र अनुदान रकम उपलब्ध गराउन सकिनेमा व्यक्तिगत फर्म तथा कम्पनीलाई रु.२२ लाख अनुदान दिएको छ।<br>त्यसैगरि रुकुमको एक सहकारी संस्थाले खरिद गरेको चिलिङ्ग भ्यान, मेशिनरी औजार, दुग्धजन्य उपकरण, ढुवानी, निर्माण र अन्य सामग्रीको सक्कल बिल भरपाईअनुसार सवारी साधन शीर्षकमा रु.८० लाख खर्च लेखी अनुदान स्वरुप भुक्तानी दिएको छ। मन्त्रालय र जिल्ला पशु सेवा कार्यालय, रुकुमवीच २०७५।२।२८ मा भएको सम्झौतामा खरिदका बिल, बीजक, दाखिला रिपोर्ट, नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिकले तयार गरेको कार्य सम्पन्न प्रतिवेदनको आधारमा दुई वा एकै किस्तामा रकम भुक्तानी दिन सक्ने र गुणस्तरीय मेशिन खरिद नगरेमा वा दुरुपयोग भएमा सम्झौता मुताविकको रकम सरकारी बाँकी सरह असुल गर्न सक्ने, चिस्यान केन्द्र र भ्यानको प्रगति विवरणलगायत अन्य तथ्यांक कम्तीमा चौमासिकरुपमा मन्त्रालयमा उपलब्ध गराउनु पर्ने सर्त राखेकोमा | नाफामूलक व्यावसायिक फर्म तथा कम्पनीलाई अनुदान दिने कार्य आगामी आर्थिक वर्षमा रोकी सुझाव अनुसार अनुगमन प्रतिवेदन र तथ्यांक पेश गरी छनौटको आधार एवं मापदण्ड, दीर्घकालीन कार्ययोजना, संस्थाको विस्तृत परियोजना प्रस्ताव आदिको आधारमा अनुदान उपलब्ध गराउन निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | अनुगमन प्रतिवेदन र तथ्यांक पेश भएको छैन। मन्त्रालयले छनौटको आधार एवं मापदण्ड, दीर्घकालीन कार्ययोजना, संस्थाको विस्तृत परियोजना प्रस्ताव आदिको आधारमा अनुदान उपलब्ध गराउनु पर्दछ। | |
| ३ | भूमि व्यवस्थापन तथा जग्गा अभिलेख - भूमिमा रहेको दोहोरो स्वामित्वको अन्त गर्ने, किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमि व्यवस्थापन, जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि, भू-उपयोग नीति तथा कानुन, भूमिको उत्पादनशीलता र समुचित उपयोग, कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्न जग्गाको अभिलेख व्यवस्थापन गर्नुपर्दछ।<br>यो वर्ष मन्त्रालयबाट प्राप्त प्रगति विवरणअनुसार भूमिसम्बन्धी समस्या (बाढीपीडित, भूमिहीन, सुकुम्बासी र गुठी) पहिचान गरी रणनैतिक योजना तयारी कार्यको सुरुवात गरेको छ। त्यसैगरि कृषि व्यवसायमा आधारित सहकारी संस्थाको व्यवसायमा टेवा पुर्‍याउन दुग्ध संकलन केन्द्र, तरकारी संकलन केन्द्र, सोलार स्टोर निर्माण, भवन निर्माण तथा मर्मत संभार लगायतका कार्यक्रम सञ्चालन गरी रु. २ करोड २० लाख खर्च गरेको छ। अनुदान पाउने संस्थाहरू छनौटको आधार एवं मापदण्ड, दीर्घकालीन कार्ययोजना, उत्पादित वस्तुको खपत एवं लाभान्वित जनसंख्या आदिको सम्बन्धमा गहन अध्ययन गरेर मात्र अनुदान उपलब्ध गराउनु पर्दछ। | सुझाव अनुसार गर्न निर्देशन दिने। |



सभापति

## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

### महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७७ (आर्थिक वर्ष २०७५/७६)

| बेरुजुको दफा | बेरुजुको विवरण | समितिको निर्णयहरू |
|---|---|---|
| १ | वित्तीय प्रगति- प्रदेश अन्तर्गतका १० जिल्ला र मन्त्रालयसमेत २४ कार्यालयको विकास कार्यक्रमका लागि यस बर्ष रु १ अर्ब २७ करोड ६२ लाखको बार्षिक विकास कार्यक्रम स्वीकृत भएको देखिन्छ। यस वाहेक पटक पटक कार्यक्रम थप र संशोधन गरेकोमा सो समेतलाई समावेश गरी निर्धारित ढाँचामा प्रगति विवरण तयार गरेको छैन। | प्रगति विवरण प्रकाशन गर्न निर्देशन दिने। |
| २ | बजेट कार्यान्वयन- आर्थिक वर्ष २०७५/७६ को बजेट बक्तव्यमा समावेश भएका कार्यक्रम कार्यान्वयनको स्थिति देहायबमोजिम छ : | *** |
| २.१. | कृषि, पशु विकास तथा खाद्य, पोषण सम्बन्धमा प्रादेशिक नीति, कानून, मापदण्ड रयोजना तर्जुमा कार्यान्वयन र नियमन, कृषि मल, बीउ र विषादी आपूर्ति यस मन्त्रालयको कार्य क्षेत्र भित्र पर्दछ। विषादी न्युनीकरणका लागि बबई र कपुरकोटमा विषादी प्रशिक्षण केन्द्र स्थापना, द्रुत विषादी विश्लेषण प्रयोगशाला स्थापना गर्ने कार्यक्रम रहेकोमा सम्पन्न भएको पाइएन। साझेदारीमा प्रदेशस्तरमा जैविक मल, जैविक विषादी र कृषि औजार कारखाना स्थापना गर्न रु.७ करोडको बजेट व्यवस्था गरेकोमा कार्य भएको देखिएन। | स्थापना भइसकेको विषादी परीक्षण केन्द्र सञ्चालनमा ल्याउन निर्देशन दिने। |
| २.२. | कृषि तथा पशु अनुदान वितरणको मापदण्ड तर्जुमा गर्ने, उपयोग र अनुगमनको कार्य पनि मन्त्रालयको क्षेत्र भित्र रहेको छ। यस वर्ष कृषक समुह, सहकारी र निजी फर्म सञ्चालनलाई उत्पादन परिमाण र रोजगारी सृजनाको आधारमा मापदण्ड बनाई कृषक प्रोत्साहन कार्यक्रमको लागी रु.१० करोड, कृषि पुर्वाधार सुनिश्चित बजार कार्यक्रम (संकलन केन्द्र, हाट बजार, सोलार स्टोर, रस्टिक स्टोर) को लागी रु. २१ करोड, आर्गनीक खेतिमा बृद्धि कर्णालीमा सम्बृद्धि कार्यक्रममा रु.१२ करोड, व्यवसायिक कृषक पेन्शन कार्यक्रमका लागी रु.३ करोड, कृषक, कृषक समुह, सहकारी तथा कृषि फर्मसंग व्यवसायिक प्रस्ताव योजनाका आधारमा छनौट गरी कार्य गरिने कार्यक्रममा रु.१० करोड, उच्च मुल्य कृषि बस्तुको उत्पादन बृद्धि गर्ने कार्यक्रममा रु.१५ करोड, कर्णाली, भेरी, मध्यपहाडी, रासी करीडोर बिशेष कार्यक्रममा रु. ४ करोड बजेट व्यवस्था गरी कार्य सञ्चालन गरेकोमा कार्यक्रमबाट कृषि उत्पादनमा बढोत्तरी, रोजगारी सृजना, खाद्य सुरक्षा, बजारीकरणमा सहजता, कृषकले उत्पादित बस्तुको उचित मुल्य लिएको सुनिश्चितता हुने गरी कार्यक्रमको प्रभावकारीता मुल्यांकन भएको छैन। | सुझाव अनुसार प्रभावकारिता मूल्याङ्कन गर्न निर्देशन दिने। |
| २.३. | कृषि तथा पशुपंक्षी बीमा सम्बन्धी नीति योजना तर्जुमा र कार्यान्वयनको कार्य अर्न्तगत बीमा गर्दा लाग्ने शुल्कको ७५ प्रतिशत अनुदान दिने नीति रहेकोमा कार्यक्रम सञ्चालन भएको छैन। | कृषि तथा पशुपंक्षी बीमा सम्बन्धी कार्यक्रम सञ्चालन गर्न निर्देशन दिने। |
| २.४. | प्रदेशस्तरमा अर्गानीक कृषि तथा पशुपंक्षी अनुसन्धान केन्द्र स्थापना गर्न रु. २ करोड ५० लाख बजेट व्यवस्था गरेकोमा कार्य थालनी भएको छैन। | विस्तृत आयोजना प्रतिवेदन तयार भइसेकोले प्रदेशस्तरमा अर्गानिक कृषि तथा पशुपंक्षी अनुसन्धान केन्द्र स्थापना गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| २.५. | सुरक्षित बसोबास, जग्गा एकीकरण, गुठी तथा गुठी जग्गा व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा निजी सार्वजनिक जग्गाको अभिलेख व्यवस्थापन मन्त्रालयको कार्यक्षेत्रमा पर्दछन। यस्का लागि मन्त्रालयले भूउपयोग सम्बन्धी नीति बनाउने, करारखेती र सामुहिक खेतीलाई प्रोत्साहन गर्न भुमि बैंक स्थापना गरिने, एक शक्तिशाली भूमि तथा सुकुम्वासी समस्या सामाधान आयोग गठन गरी स्वामित्व र हकभोगको समस्या सामाधान गर्ने कार्यक्रम रहेकोमा प्रगति भएको छैन। | भू-उपयोग सम्बन्धी नीति बनाई कार्यक्रममा रहेका विषय कार्यान्वयन गर्न निर्देशन दिने।<br>भू-उपयोग ऐन, २०७६ को दफा १६ मा प्रदेश भू-उपयोग परिषद्को गठनको व्यवस्था र दफा १७ मा काम, कर्तव्य र अधिकार उल्लेख गरेको छ। |
| २.६. | सहकारी समस्या तथा सहकारी बैक सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको तर्जुमा, कार्यान्वयन, सञ्चालन अनुमति, नियमन, तथ्यांक र अध्ययन अनुसन्धान मन्त्रालयको कार्यक्षेत्रभित्र पर्दछन। यसका लागि मन्त्रालयले एक जिल्ला एक सहकारी नमुना गाउँ कार्यक्रम सञ्चालन गरी गाउँलाई पर्यटनहवको रुपमा विकास गर्न रु.१० करोड, १ जिल्ला १ कृषिजन्य उद्योगको लागि रु.१० करोड, सहकारी कम्पलेक्स निर्माण गर्न रु. २ करोड, शितभण्डार स्थापना गर्न रु.४ करोड, युवा कृषि आर्कषणमा रु.१ करोड, युवा रोजगारी लक्षित कार्यक्रममा रु.३ करोडको व्यवस्था गरेकोमा निर्माणको भौतिक प्रगति र कार्यक्रमको प्रभाकारिता मुल्यांकन गरेको छैन। | सुझाव अनुसार निर्माणको भौतिक प्रगति र कार्यक्रमको प्रभाकारिता मुल्यांकन गर्न निर्देशन दिने। |
| २.७. | कार्यविधि निर्माण गर्दा कानूनी आधार लिनुपर्नेमा मन्त्रालयले किसान सरकार हातेमालो कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ लगायतका १६ कार्यविधि निर्माण गरी सोही बमोजिम अनुदान वितरण एवं कार्यक्रम सञ्चालनको लागि मातहत कार्यालयलाई अख्तियारी र कार्यक्रम प्रदान गरी अनुदानमा आधारित कार्यक्रम सञ्चालन गरेको देखिन्छ। कानूनी आधार बेगर निर्माण गरेको कार्यविधिको आधारमा भएको खर्चको वैधानिकता पुष्टि नहुने भएकोले यस प्रकारको कार्यविधि निर्माण गर्दा कुन कानूनको आधारमा निर्माण गरेको हो स्पष्ट गर्नुपर्दछ। | कार्यविधि निर्माण गर्दा कुन कानूनको आधारमा बनाइएको हो सो को जानकारी दिन निर्देशन दिने। |
| ३ | अख्तियारी तथा कार्यक्रम- यस वर्ष मन्त्रालयलाई प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा १६ बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयबाट २०७५/४/१३ मा रु २ अर्ब ५५ करोड ३२ लाख ६४ हजारको खर्च गर्ने अख्तियारी र मार्गदर्शन प्राप्त भएकोमा रु.४४ करोड ५३ लाख ४४ हजार बजेट थप भै रु. २ अर्ब ९९ करोड ८६ लाख ८ हजारको अख्तियारी प्राप्त भएको देखिन्छ। उक्त रकम मध्ये मातहत निकायलाई रु २ अर्ब ५६ करोड ३८ लाख १२ हजारको अख्तियारी दिएको छ। | *** |
| ४ | सोझै खरिद- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले रु. २० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्नेमा रु. ७५ लाख ८४ हजारको कार्यालय सामान, फर्निचर र कम्प्युटर लगायतका मेशिनरी औजार सोझै खरिद गरेको छ। खरिद कार्य प्रतिस्पर्धी हुनुपर्दछ साथै सोझै खरिदको कार्यलाई निरुत्साहित गर्नुपर्दछ। | अब उप्रान्त खरिद प्रक्रिया प्रतिष्पर्धी बनाई कानूनको पालना गर्न निर्देशन दिने। |
| ५ | लागत सहभागिता - नारी जागरण बहुउद्देश्यीय कृषि समूहलाई भेरीगंगा नगरपालिका वडा नं., ११ मा २०० मे. टन क्षमताको कोल्ड स्टोरेज निर्माण गर्न २०७५।१०।१० मा सम्झौता गरेको छ। सम्झौताको बूँदा न. ३ मा साना तथा मझौला कृषक | अब उप्रान्त स्पष्ट आधार बेगर अनुदान नदिन निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | आयस्तर बृद्धि परियोजना र नारी जागरण बहुउद्देश्यीय कृषि समूह बिच भएको पफ प्यानल र रेफ्रिजरेशन सेट जडान गर्न लाग्ने रु. १ करोड १५ लाख मध्येको रकममा सहयोग गर्न रु १५ लाख उपलब्ध गराउने उल्लेख भएकोमा अग्रिम कर बाहेक रु. १४ लाख ७७ हजार भुक्तानी गरेको छ। उक्त आयोजनाको कूल लागत रु. १ करोड ६९ लाख ५४ हजार रहेकोमा साना तथा मझौला कृषक आयस्तर बृद्धि परियोजनाले रु.५८ लाख ५० हजार अनुदान दिने र आयोजना २०७५।८।३० मा सुरु भै २०७६। १।३१ मा सम्पन्न हुने व्यहोरा २०७५।८।३ मा भएको आयोजना, समुह र नेपाल राष्ट्र बैंकसंगको त्रिपक्षीय सम्झौतामा उल्लेख छ। उक्त आयोजनाको लागत सहभागिता वापत समितिले नगद रु. १ करोड ९ लाख २३ हजार र श्रमदान रु.१ लाख ८० हजार व्यहोर्ने उल्लेख भएकोमा उपभोक्ता समितिले व्यहोर्ने लागत पुर्ति गर्न मन्त्रालयबाट रु.१५ लाख, भेरीगंगा नगरपालिकाबाट रु.६५ लाख, गुर्भाकोट नगरपालिकाबाट रु. ५ लाख समेत रु.८५ लाख अनुदान उपलब्ध गराएको देखियो। यसर्थ स्पस्ट आधार बेगर उक्त समूहले व्यहोर्नु पर्ने लागत सहभागिताको पूर्तिको लागि अनुदान दिने कार्य नियमसम्मत भएन। | |
| ६ | कृषि उपज बजारीकरण- साझेदारीमा आधारित प्रांगारिक कृषि उपज बजारीकरण सञ्चालन कार्यविधि २०७५ अनुसार २०७५/१२/२९ मा राजधानी दैनिकमा प्रस्ताव माग गरी नारायण नगरपालिका वडा नं १० मा दर्ता भएको एक बहुउद्देश्यीय उद्यम प्रा. लि. लाई रु. ६९ लाख ५५ हजार अनुदान उपलब्ध गराउने र दोस्रो पक्षले मेशिनरी औजार प्रविधि, ढुवानी साधन, लेबलिंङ, प्याकेजिङ, ब्राण्डिङ तालिम, प्रचारप्रसार, स्थिर सम्पत्ति खरिद, जनशक्ति शीर्षकमा रु. २ करोड ५१ लाख ६७ हजार लगानी गर्ने सम्झौताको दफा ४ मा उल्लेख छ। सम्झौताको दफा ११ मा सम्झौता बमोजिमको खरिद, निर्माण तथा मर्मत सम्भार सम्बन्धी कार्य सोही बर्ष भित्र सम्पन्न गर्नुपर्ने व्यवस्था छ। उक्त आयोजना लेखापरीक्षण अवधिभित्र पनि सम्पन्न नभएको र म्याद थप पनि भएको देखिएन। प्राङगारिक कृषि उपज बजारीकरणमा कति वर्षसम्म अनुदानग्राहीले सहयोग गर्ने हो सो व्यहोरा समेत सम्झौतामा खुल्दैन। सम्झौताको दफा ५ मा २० प्रतिशत पेश्की उपलब्ध गराउने व्यवस्था भएकोमा यस वर्ष रु. १३ लाख ९१ हजार दिएकोमा सम्झौता विपरित पुनः रु ११ लाख २५ हजार पेश्की दिई प्रथम पटकको पेश्की फछ्यौट गरेको छ। सम्झौता अनुसार कार्य सम्पन्न प्रतिवेदन र बिल भर्पाई पेश भएपछि बाकी रकम भुक्तानी दिनुपर्ने र प्राङगारिक कृषि उपज बजारीकरणमा अनुदानग्राहीले सहयोग गर्ने अवधि किटान गरी सम्झौता पुनरावलोकन गर्नु पर्दछ। | उठान भएका विषयवस्तुहरूको यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| ७ | कृषि सडक- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ (१) मा पन्ध्र लाख रुपैयाँभन्दा बढी लागत पर्ने विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको समेत विचार गरी नेपाल सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनुपर्ने व्यवस्था रहेको छ। आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारबेगर यस वर्ष ८९ कृषि सडक निर्माण भएको छ। यस्ता आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत हेभी मेशिन, डोजर, स्काभेटर प्रयोग गरी हुने गरेको छ। सम्भाव्यता अध्ययन पश्चात आयोजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ। | आगामी आर्थिक वर्षमा आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधार बनाई आयोजना तर्जुमा गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| ८ | छाडा पशु नियन्त्रण - सामुदायिक पशु नियन्त्रण गरी प्राङ्गगारिक मल तथा जैविक विषादी उत्पादन कार्यक्रम लागत सहभागितामा सञ्चालन गर्न ३ प्रस्ताव स्वीकृत भई २०७६ असार मसान्तसम्ममा कार्यक्रम सम्पन्न गर्ने गरी रु.१ करोड १९ लाख २० हजारको सम्झौता गरेको थियो। सो समयमा कार्यसम्पन्न हुन नसकेकोले २०७६ पौष मसान्तसम्म म्याद थप गरेको छ। ४० प्रतिशत अनुदान र ६० प्रतिशत स्वलगानीमा सञ्चालन गर्नुपर्ने उक्त कार्यक्रमको संरचना निर्माण गर्नको लागि बर्षान्तमा रु.६६ लाख ७६ हजार पेश्की उपलब्ध गराएको छ। अनुदान रकम उपलब्ध गराउने सम्झौतामा पूर्वाधार कार्य सम्पन्न भए पश्चात दोस्रो पक्षले छाडा पशु पालन कार्य नगरेमा अपनाउनु पर्ने प्रक्रियाका सम्बन्धमा कुनै व्यहोरा उल्लेख नभएबाट कार्यक्रमको सफलता र अनुदान सुरक्षाको प्रत्याभुति हुन सकेको छैन। तोकिएको समयमा कार्य सम्पन्न गर्ने र कार्यक्रम सञ्चालनलाई निरन्तरता दिनको लागि आवश्यक सम्झौता गर्नुपर्दछ। | कार्य सम्पन्न पश्चात् छाडा पशु पालन, अनुदानको उद्देश्य अनुरूप कार्य गर्न र कार्यक्रम सञ्चालनलाई निरन्तरता दिन आवश्यक सम्झौता गर्न निर्देशन दिने। |
| ९ | अनुदान उपयोग - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ अनुसार वार्षिक खरिद योजना तयार गरी लागत अनुमान स्वीकृत गराई नियमानुसार खरिद कार्य गर्नुपर्दछ। उक्त नियमावलीमा उपभोक्ता समितिले खरिद गर्ने व्यवस्था गरेको छैन। बिज्ञ केन्द्र सुर्खेतले दैलेख जिल्लामा लागत सहभागितामा यूवा समूह मार्फत कम्तिमा सामूहिक पशुपालन व्यवसाय सञ्चालन कार्यक्रम अन्तर्गत एक भैंसी पालन समूहलाई रु.५० लाख अनुदान दिएको छ। उक्त समूहले धनगढीस्थित एक डेरी तथा गाई भैंसी पालनको ५ थान बीजकबाट ३३ गाई, १ साँढे र २६ भैंसी खरिद गरी प्रति व्यक्ति न्यूनतम १ देखि ४ वटासम्म बितरण गरेको छ। उक्त समूहमा २५ जनाको नाम उल्लेख भएको तर नागरिकताको प्रमाणपत्रको प्रतिलिपि २० जनाको मात्र संलग्न रहेको एवं उक्त समूहले २०७५।१९।१९ को निर्णयबाट ५० जना युवालाई गाई खरिद गरी बितरण गर्ने निर्णय गरेकोमा गाई ३३ मात्र खरिद गरेको र २६ भैंसी खरिद गरेको छ। गाई, साँढे वा भैंसी कसले के के बुझेको हो सो नखुलाएको, उक्त व्यक्तिहरू एकै परिवारका हुन् वा फरक परिवारका हुन् सो नखुलेको तथा एउटै व्यक्तिलाई ४ वटासम्म बितरण गरेकोमा सोको पुष्ट्याई नभएको, कार्यक्रम सञ्चालन निर्देशिकाले तोके अनुसार निजहरू बेरोजगार भएको खुल्ने प्रमाण पेश नभएको अवस्था देखियो। समूहले धनगढीस्थित एक डेरी तथा गाई भैंसी पालनको २०७६ \| ३ \| ४ को वीजकबाट १४ भैंसी रु.१ लाख १० हजारका दरले र सोही मितिको अर्को वीजकबाट १२ भैंसी रु.१ लाख १२ हजारका दरले खरिद गरेको देखियो। भैंसीको लागत अनुमान समेत कार्यालयले तयार नगरेकाले मुल्यको यथार्थता यकिन हुन सकेन। नियमानुसार कार्य हुनु पर्दछ। | बेरुजुको लगत कट्टा गर्न निर्देशन दिने। |
| १० | गाई भैंसी खरिद अनुदान- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ अनुसार वार्षिक खरिद योजना तयार गरी लागत अनुमान स्वीकृत गरी नियमानुसार खरिद कार्य गर्नु पर्दछ। उक्त नियमावलीमा उपभोक्ता समितिले खरिद गर्ने व्यवस्था गरेको छैन। विज्ञ केन्द्र सुर्खेतले दैलेख र सुर्खेत जिल्लाका ३ सहकारी र २ कृषक समुहसंग नियम विपरित गाई, भैंसी खरिद गरी वितरण गर्ने सम्झौता गरेको देखियो। ती सहकारी र समुहले एक डेरी तथा गाई भैंसी पालन, धनगढीबाट २६७ गाई भैंसी रु. २ करोड ७३ लाख ३० हजारमा खरिद गरी बितरण गरेको देखिन्छ। उक्त समुह र सहकारीले सम्बन्धित फर्मलाई रकम भुक्तानी | बेरुजुको लगत कट्टा गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | गरेको बैंक स्टेटमेन्ट पेश नगरेको र लागत अनुमान समेत कार्यालयले तयार नगरेकाले मुल्यको यथार्थता यकिन हुन सकेन। खरिद नियमको पालना गर्नुपर्दछ। | |
| ११ | बधशाला निर्माण- विज्ञ केन्द्र, डोल्पाले त्रिपूरा सुन्दरी वडा नं. १ बगरमा एक पशु बधशाला निर्माण गर्न एक कृषि तथा पशुपालन फर्मसँग २०७६। २२२२ मा रु.८४ लाखको सम्झौता गरी रु. ४२ लाख अनुदान उपलब्ध गराएको छ। बधशाला निर्माणका लागि सार्वजनिक रुपमा प्रस्ताव आब्हान गरेको देखिएन। सम्झौता बमोजिम नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिकले तयार गरेको ड्रईङ, डिजाईन अनुसार बधशाला निर्माण हुनुपर्ने, २०७६ \| ३ \| ३२ सम्म काम सम्पन्न गर्नुपर्ने र काम बाँकी भएमा एक महिना म्याद थप गर्न सकिने उल्लेख भएकोमा ड्रईङ, डिजाईन र कार्यसम्पन्न प्रतिवेदन तयार भएको देखिएन। | सुझाव बमोजिम गर्न निर्देशन दिने। |
| १२ | शर्त पूरा नगरेकोः लागत सहभागितामा संचालन गरिने पशुसेवा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ को दफा ५ मा अनुदान प्राप्त गर्नको लागि अनुदानको सुचना प्रकाशन हुनुभन्दा पहिले अनुदानग्राही दर्ता भएको हुनुपर्ने, अनुदान प्राप्त गर्न चाहने समूह वा सहकारीले संस्थागत निर्णय र विनियम वा विधान पेश गर्नुपर्ने, संस्थाको गत बर्षको लेखापरीक्षण भएको प्रतिवेदन पेश गर्नुपर्ने साथै अनुदानग्राहीले व्यहोर्नुपर्ने लागतको अंश व्यहोर्ने क्षमता तथा प्रतिबद्धतापत्र पेश गर्नुपर्ने उल्लेख छ। बिज्ञ केन्द्र, जुम्लाले यस वर्ष सम्झौता गरी अनुदान उपलब्ध गराएका ५ पशुपालन उद्योग र १ बहुउद्देश्यीय कृषि फार्मले अनुदानको सुचना प्रकाशन भइसकेपश्चात दर्ता भएका, संस्थागत निर्णय एवं विधान, लेखापरीक्षण प्रतिवेदन तथा आफूले व्यहोर्नुपर्ने लागत अंश व्यहोर्ने क्षमता तथा प्रतिबद्धतासमेत पेश गरेको छैन। कार्यविधिमा व्यवस्था भएको न्यूनतम शर्तसमेत पूरा नगरी रु.५० लाख ५७ हजार अनुदान उपलब्ध गराएकाले प्रतिस्पर्धात्मकरुपमा वास्तविक क्षेत्रमै अनुदान उपयोग भएको सुनिश्चित गर्न सकिएन। कार्यविधिका शर्त पालना हुनु पर्दछ। | वास्तविक क्षेत्रमै अनुदान उपयोग भएको प्रमाण समितिमा पेश गर्न निर्देशन दिने। |
| १३ | नमूना गाउँ - नमूना गाउँ (स्थापना, संचालन र व्यवस्थापन) कार्यविधि, २०७५ को बुंदा नं. २४ मा भुक्तानी सम्बन्धी व्यवस्था अर्न्तगत स्वीकृत वार्षिक कार्यक्रमको भुक्तानी बढिमा ३ किस्तामा उपलब्ध गराउन सकिने र सम्झौता भई कार्य शुरु भएपश्चात सम्झौता रकमको २० प्रतिशत दिने व्यवस्था छ। कालीकोटले जुनीचाँदे गाउपालिकाको वडा न. ९ र १० मा नमूना गाउँ कार्यक्रमका लागि रु. १ करोड खर्च गर्दा कार्यविधि विपरीत शुरुमा पेश्की उपलब्ध गराई स्वीकृत लागत अनुमानअनुसार निर्धारित ढाँचामा कार्यसम्पन्न प्रतिवेदन तयार नगरी वडा कार्यालयको कार्यसम्पन्न भएको सिफारिस र फोटो पेश गरेको देखिन्छ। निर्धारित ढाँचामा कार्यसम्पन्न प्रतिवेदन तयार नगरेको एवं कार्यविधि पालना नगरेकाले निर्धारित कार्य सम्पन्न भएको एकिन गर्न सकिएन। | निर्धारित ढाँचामा कार्य सम्पन्न भएको प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने। |
| १४ | सहकारी संस्थाबाट निर्माण कार्य - सार्वजनिक निकायले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा भएका खरिद विधि छनौट गरी निर्माण कार्य गर्नुपर्ने व्यवस्था छ। ग्रामीण कृषि सडक निर्माण तथा संभार कार्यविधि, २०७५ ले ऐनमा व्यवस्था नभएको सहकारी संस्थाहरूवाट पनि बिना प्रतिस्पर्धा सडक निर्माण गराउन सकिने व्यवस्था गरेको देखियो। कृषि ज्ञान केन्द्र जाजरकोटले रु. १ करोड ६५ लाख लागत अनुमान भएका थलह, ढुङ्गेला, मछाइन, छेडागाड, जाजरकोट लगायत ५ सडक र कालिकोट कृषि ज्ञान केन्द्रले रु. २ करोड ८५ लाख ३२ हजार लागत अनुमान भएका राँचुली देखि फोइम महादेव दहचौर, बेल्केढुङ्गा सैन | ऐनमा व्यवस्था नभएकोमा कार्यविधिमा सहकारी संस्थाहरूले खरिद र निर्माण कार्यमा प्रस्ताव पेश गर्न सक्ने व्यवस्था गरेकाले उक्त व्यवस्था हटाई आगामी दिनमा सार्वजनिक खरिद ऐन, २०६३ र ऐ. नियमावली अनुसार गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | रादुनेटा खिन र सिपखाना शान्तीघाट पोदमारा मेहलमुडी हुदै कोटवाडा सडक ३ कृषि सहकारी संस्थावाट निर्माण गराएको देखिन्छ। ती सहकारीले सडकको काम आफै नगरी निर्माण व्यवसायिवाट गराएको देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ अनुसार खरिद कार्यमा प्रतिस्पर्धा हुन सकेको देखिएन। नियमानुसार खरिद कार्यवाही हुनुपर्दछ। | |
| १५ | नमूना सहकारी गाउँ स्थापना अनुदानः सहकारी नमूना गाउँ (स्थापना, सञ्चालन र व्यबस्थापन) कार्यविधि, २०७५ को बुँदा नं. ३ मा मन्त्रालयले नमुना सहकारी गांउ घोषणा गर्न सक्ने उल्लेख छ। स्वीकृत बार्षिक कार्यक्रमअनुसार कृषि ज्ञान केन्द्र, हुम्लाले सर्केगाड गाउँपालिकामा उक्त कार्यक्रम अर्न्तगत तरकारी, पशुपालन र फलफुल खेती सञ्चालन गर्न रु. ९९ लाख १० हजार बजेट विनियोजन भएकोमा उक्त गाँउलाई नमूना सहकारी गाँउको घोषणा गर्ने आधार खुलाएको पाइएन। यसैगरी कार्यविधिको बुँदा नं. १७ मा सहकारी संस्थाले सञ्चालन गरेको कार्यक्रमको प्रगति विवरण प्रत्येक चौमासिक समाप्त भएको सात दिन भित्र मन्त्रालय र कार्यालयमा पेश गर्नुपर्ने र बुँदा नं. २६ मा सहकारी संस्थाले साझेदारीमा गरेको कामको सन्दर्भमा भएको खर्चलाई आफ्नो संस्थाको आय व्ययमा समावेश गरी लेखापरीक्षण गराउनु पर्ने र लेखापरीक्षण प्रतिवेदन मन्त्रालय र कार्यालयमा पेश गर्नुपर्ने उल्लेख छ। उल्लिखित प्रावधानको पालना भएको नदेखिएकोले ७ सहकारी संस्थालाई प्रदान गरेको रु.९९ लाख १० हजार अनुदानबाट कार्य भएको सुनिश्चित गर्नुपर्दछ। | नमूना सहकारी गाउँ स्थापना घोषणा भएको आधार खुलाउन निर्देशन दिने।<br><br>अनुदानबाट लक्षित कार्य भएको प्रमाण पेश गर्न निर्देशन दिने।<br><br>सहकारीको लेखापरीक्षण तथा चौमासिक प्रगति विवरण पेश गर्न निर्देशन दिने। |
| १६ | बजारीकरणको योजना - अनुदान वितरण गर्ने कार्यविधिमा स्थानीय फलफूल तथा बाली विकासको लागि अनुदान प्रदान गर्दा बजारीकरणको कार्यक्रमसमेत बनाउनु पर्ने उल्लेख छ। रैथाने बाली विकास पकेट कार्यक्रम लगायत ६ विभिन्न कार्यक्रमको लागि कृषि ज्ञान केन्द, हुम्लाले ११६ कृषक समुहलाई कृषि अनुदान रु. ४ करोड १८ लाख वितरण गरेकोमा बजारीकरणको कार्यक्रम नबनाई अनुदान उपलब्ध गराएको देखियो। कार्यविधिले तोकेको प्रकृया पुरा नगरी अनुदान दिने कार्यमा नियन्त्रण हुनुपर्दछ। | आगामी आर्थिक वर्षमा कार्यविधिले तोकेको प्रक्रिया पुरा गरी अनुदान दिने र बजारीकरणको कार्यक्रम बनाउन निर्देशन दिने। |
| १७ | बीउ बैंक - सामुदायिक बीउ बैंक स्थापना तथा बीउ प्रवर्द्धन कार्यक्रम संचालन गर्न हरियाली बहुउद्देश्यीय संस्थासँग २०७६।२।६ मा संझौता भएको छ। संझौतामा ०७३ \| ३\|१५ सम्ममा कार्य सम्पन्न गर्नुपर्ने उल्लेख छ। सो कार्यका लागि कृषि ज्ञान केन्द्र, डोल्पाले रु. २० लाख र रु. ६ लाख ४१ हजार जनसहभागिता गरी रु.२६ लाख ४१ हजारको लागत अनुमान तयार गरेको छ। कार्यालयले कन्टेन्जेन्सी वापतको ५ प्रतिशतले हुने रकम सुपरभिजन र अनुगमनका लागि कट्टा गरी बाँकी रु.१९ लाख संस्थालाई कार्य सम्पन्न प्रतिवेदन बेगर भुक्तानी गरेको छ। कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ। | कार्य सम्पन्न प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने। |



सभापति

## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

### महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७८ (आर्थिक वर्ष २०७६/७७)

| बेरुजुको दफा | बेरुजुको विवरण | समितिको निर्णयहरू |
|---|---|---|
| १ | कार्य जिम्मेवारी : प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार कार्य क्षेत्र र कार्य जिम्मेवारीमा तोकिएका २३ काममध्ये जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन, कित्ता नापी र भूमि लगत, भूमिहिन सुकुम्बासी, दलित, मुक्त कमैया, सरकारी जग्गा भाडामा दिने, गरीवी निवारण, सहकारी बचत तथा ऋहण परिचालन, जलचर संरक्षण, जिवनाशक विषादी ,माटो तथा मल व्यवस्थापन,पशु सेवा तथा पशु स्वास्थ्यसँग सम्बन्धित कानुन, नीति, निर्देशिका र कार्यविधि तर्जुमा, नियमन र कार्यान्वयन भएको छैन। साधन श्रोत व्यवस्थापन गरी क्रमिक रूपले तोकिएको जिम्मेवारी पूरा गर्नुपर्दछ। | सुझाव बमोजिम गर्न निर्देशन दिने। |
| २ | विनियोजन दक्षता : यो वर्ष मन्त्रालयलाई रु.१९ करोड ५१ लाख २८ हजार बजेट विनियोजन भएकोमा रु. ८ करोड ८९ लाख ५ हजार खर्च भएको छ। पूर्णरूपले वार्षिक कार्यक्रम संचालन हुन नसक्दा वित्तीय कार्यसम्पादन ४५.५६ प्रतिशत रहन गई विनियोजन दक्षता न्युन देखिएको छ। वार्षिक कार्यक्रममध्ये मेरो किसान मेरो अन्नदाता कार्यक्रम अन्तर्गत भूउपयोगको योजना बनाउने र वैज्ञानिक वर्गीकरण गर्ने, भूमि बैङ्कको स्थापना गर्ने, दुधमा आत्म निर्भर बनाउने, सुर्खेतमा कृषि प्रदर्शनी स्थल निर्माण गर्ने, सल्यानमा कृषि औद्योगिक क्षेत्र स्थापना गर्ने र भूमिहीन, सुकुम्बासी, गुठी, मुक्त हलिया, अव्यवस्थित बसोबास, जनयुद्धकालीन जग्गा किनबेच लगायतका समस्या सम्बोधन गर्ने कार्यक्रम संचालन गरेको देखिएन। बजेटको प्रभावकारी कार्यान्वयन गर्नु पर्दछ। | वार्षिक कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न निर्देशन दिने। |
| ३ | नमूना हाइटेक नर्सरी : कृषि अनुसन्धान केन्द्र, दशरथपुर, सुर्खेतलाई हाइटेक नर्सरी लगायत कृषिको प्रविधियुक्त नमूना फर्म स्थापना गर्न २०७६।३।२४ मा रु.५ करोड पेस्की उपलव्ध गराएकोमा हालसम्म कुनै काम नभई शून्य प्रगति रहकोले सो रकम फिर्ता प्राप्त गरी सञ्चितकोषमा दाखिला गर्नुपर्दछ। | उक्त रकम प्रदेश सञ्चित कोषमा दाखिला भइसकेकाले लगत कट्टा गर्न निर्देशन दिने। |
| ४ | छाडा पशु नियन्त्रण : छाडा पशु संरक्षण तथा प्राङ्गरीक मल र जैविक विषादी उत्पादन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ को बुँदा नं. ५ मा स्विकृत कार्यक्रम र बजेटको परिधिभित्र रही सामुदायिक र सहकारी संस्थाको हकमा बढीमा ५० प्रतिशत र निजी कम्पनीका हकमा बढीमा ४० प्रतिशत अनुदान रकम प्रदान गर्ने व्यवस्था छ। छाडा पशु नियन्त्रण गरी प्राङ्गारिक मल तथा जेविक विषादी उत्पादन गर्ने पुर्वाधार निर्माण गर्न गत वर्ष २ व्यवसायिक फर्म र एक कृषि तथा पशु सहकारी संस्थालाई दिएको पेश्की फर्छ्यौट र शोधभर्नासमेत रु. ९५ लाख ६ हजार अनुदान खर्च लेखेको छ। सो सम्वन्धमा निम्नानुसारका ब्यहोरा देखियो : | |
| ४.१. | छाडा पशु नियन्त्रण गरी प्राङ्गारिक मल तथा जैविक विषादी उत्पादन गर्ने पूर्वाधार निर्माण गर्न संस्था तथा फर्महरूले रु. १ करोड ८१ लाख ११ हजारको कार्य सम्पन्न गरेकोले कार्यविधि अनुसार रु.७९ लाख १२ हजार भुक्तानी दिनु पर्नेमा रु. ९५ लाख ६ हजार भुक्तानी दिएकोले बढी भुक्तानी दिएको रु. १५ लाख ९४ हजार असुल गर्नु पर्दछ। | असुल गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| ४.२. | छाडा पशु नियन्त्रण कार्यक्रम कार्यान्वयन गर्ने ३ कृषि तथा पशुपालन सहकारी संस्थाको निरीक्षण गर्दा कार्यक्रम स्थलमा सबैले देखे गरी कार्यक्रमको नाम, ठेगाना, र सहयोग गर्ने निकायको नाम र अनुदान रकम उल्लेख गरी होर्डिङ बोर्ड नराखेको, एक गोठमा छाडा पशु नरहेको, गोठमा कम्पाउण्ड वाल नलगाएको, गोठमा जाने बाटो सुविधा युक्त नभएको प्राङ्गारिक मल र जैविक विषादी उत्पादन पूर्वाधारको कार्य नभएकोले सम्झौता अनुसार कार्य भएको छैन। सम्झौता अनुसार कार्य नभएको सम्वन्धमा मन्त्रालयले छानविन गरी कारवाही गर्नु पर्दछ। | सम्झौता अनुसार कार्य र उद्देश्य प्राप्त नभएको देखिएकाले छानबिन गरी प्रतिवेदन पेश गर्न निर्देशन दिने। |
| ५ | कार्यक्रम नगरी भुक्तानी : सम्झौता अनुसार कार्यक्रम संचालन गर्न पर्दछ। सिम्तास्थित एक अदुवा बेसार उत्पादन सञ्चालक समितिलाई मिनि टिलर, अदुवा र वेसारको बिउ खरिद र वितरण गर्न रु.२६ लाख ६५ हजार अनुदान दिएको रकम मध्येबाट खरिद गरी कृषकलाई वितरण गर्नुपर्ने ४० क्वीन्टल अदुवा र ६१३० के.जी. बेसार र ११ थान त्रिपाल वितरण नगरेकाले सो वापत हुने रु.९ लाख ५३ हजार उक्त संचालक समितिबाट असुल गर्नुपर्दछ। | कार्यक्रम सम्पन्न भइसकेकाले असुल गर्नु पर्ने रकम लगतबाट कट्टा गर्न निर्देशन दिने। |
| ६ | पटक पटक अनुदान : अनुदान वितरणमा सबै तहका सरकारको बीचमा समन्वय गरी दोहोरो नपर्ने गरी अनुदानको पूर्ण सदुपयोग सुनिश्चित गर्न प्रभावकारी अनुगमन व्यवस्था मिलाउनुपर्दछ। एउटै सहकारी संस्थालाई विभिन्न निकायले एउटै कामको लागि पटकपटक अनुदान दिनु उचित होइन। एक सहकारी संस्थालाई गत वर्ष कोल्ड स्टोर निर्माण गर्न मन्त्रालयबाट रु. ८ लाख ५० हजार तथा साना तथा मझौला आयस्तर वृद्धी आयोजनाबाट रु. ५८ लाख ५० हजार अनुदान दिएकोमा यस वर्ष निर्देशनालयले पुनः सोही संस्थालाई रु.६६ लाख ५० हजार अनुदान दिएकोले कूल रकम रु.१ करोड ३३ लाख ५० हजार पुगेको छ। यस्तो अनुदान प्रत्यक्ष रूपमा किसानलाई फाइदा पुग्ने गरी दिनु पर्नेमा एउटा निश्चित वर्गलाई दिएको तर निर्माणाधिन कोल्ड स्टोर मार्फत स्थानीय कृषकलाई फाइदा भए /नभएको यकिन हुने गरी अनुगमन तथा मूल्यांकन गरेको छैन। यसको छानविन गर्नुपर्दछ। साथै लाभग्राहीलाई रु.६६ लाख ५० हजार अनुदान दिने गरी सम्झौता गर्दा रु.१ लाख ४७ हजार बढी भुक्तानी भएकोले उक्त रकम असुल हुनुपर्दछ। | निर्माणाधिन कोल्ड स्टोर सम्पन्न भएको र स्थानीय कृषकलाई फाइदा पुगेको प्रमाण समितिमा पेश गर्न निर्देशन दिने।<br>बढी भुक्तानी भएको रकम असुल भइसकेकाले बेरुजु लगतबाट हटाउन निर्देशन दिने। |
| ७ | अनुपातिक कट्टी : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) बमोजिम उपभोक्ता समितिबाट गराएको कामको भुक्तानी दिंदा जनसहभागिताको अंश कट्टा गर्नुपर्नेमा कृषि विकास निर्देशनालय, सुर्खेत र कृषि विकास कार्यालय, दैलेखले २९ लाभग्राही समूहलाई जनसहभागिताको अँश रु.८१ लाख ४२ हजार कट्टा नगरी भुक्तानी दिएकोले उक्त रकम असूल हुनुपर्दछ। | उल्लिखित विषयमा यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| ८ | श्रमिकबाट माटो काटेको : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मुल्यांकन, बिल भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। कृषि विकास कार्यालय दैलेख दर विश्लेषण अनुसार मेसिन लगाई १ घनमिटर माटो खन्ने कार्यको दर रु. ६२ र मानिसबाट खन्ने कार्यको दर प्रति घनमिटर रु.३१४.१५ रहेको छ। कार्यालयले विभिन्न सडक निर्माण कार्य उपभोक्ता समितिबाट गराई १४ हजार २४४ घनमिटर माटो तथा चट्टान खन्ने कार्यको भुक्तानी दिंदा मानिसबाट खन्ने दरले गणना गरी भुक्तानी दिएको छ। उपभोक्ताले भुक्तानीको लागि पेश गरेको बिजकबाट मेसिन लगाई कार्य गरेको देखिएकोले | उल्लिखित विषयमा यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | प्रति घनमिटर रु.२५२.१५ को दरले रु.३५ लाख ९२ हजार बढी भुक्तानी दिएको छ। त्यसैगरी कृषि विकास कार्यालय, मुगुले ३ उपभोक्ता समितिबाट मेशिन लगाई कार्य गराएकोमा मानिसबाट गराउँदा लाग्ने दर प्रयोग गरी रु.५७ लाख ३२ हजार बढी भुक्तानी दिएकोले थप व्ययभार परेको छ। थप व्ययभार पर्नेगरी कार्य गराउने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ। | |
| ९ | अनुदान : भुमि व्यवस्था कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम संचालन तथा व्यवस्थापन एकिकृत कार्यविधि, २०७७ को बुँदा २८ र ५४ मा उल्लेख भए अनुसार लागत अनुमानको ३० देखि ८५ प्रतिशत सम्म अनुदान दिने व्यवस्था छ। कृषि विकास कार्यालय, डोल्पाले सो अनुरुप किसानहरूलाई अनुदान भुक्तानी दिँदा व्यवसायिक फलफूल प्रवर्धनको लागि वारबन्देजमा ३ सहकारी संस्थालाई रु.२२ लाख ७५ हजार, सामुदायिक बिउ बैंकको भवन निर्माण गर्न रु. ४ लाख, सहकारी नमूना गाउँ कार्यक्रमको लागि १ सहकारीलाई रु.१२ लाख ३३ हजार र स्याउ तथा ओखर ब्लक कार्यक्रममा ६ समूहलाई रु.२७ लाख १२ हजार र कृषि विकास कार्यालय, रुकुम (पश्चिम) ले मौरी पकेट, अलैची पकेट, केरा पकेट, सुन्तला पकेट र ताजा तरकारी पकेट क्षेत्र संचालन गर्न ११ समूह तथा सहकारीलाई रु.६ लाख २५ हजार समेत रु.७२ लाख २५ हजार तोकिए भन्दा बढी अनुदान उपलव्ध गराएकोले असूल गर्न पर्दछ। | उल्लिखित विषयमा यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| १० | कन्टिन्जेन्सी खर्च : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमानमा जम्मा लागतको ४ प्रतिशत कन्टेन्जेन्सी रकम समावेस गर्नुपर्ने उल्लेख छ। कृषि विकास कार्यालय, डोल्पाले निर्माण कार्यमा रु. ६ करोड २० लाख बजेट खर्च भएकोमा सोको ४ प्रतिशतले हुने रु.२४ लाख ८० हजार मात्र कन्टेन्जेन्सी खर्च गर्न पाउनेमा रु.३३ लाख ६२ हजार बजेट खर्च लेखेकोले तोकिए भन्दा रु.८ लाख ८२ हजार बढी खर्च लेखेको छ। नियमको पालना गरी खर्च गर्नुपर्दछ। | उल्लिखित विषयमा यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| ११ | ओभरहेड भुक्तानी : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) बमोजिम उपभोक्ता समितिलाई भुक्तानी गर्दा ओभरहेड रकम घटाई वाकी रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ। कृषि विकास कार्यालय, हुम्लाले उपभोक्ता समिति मार्फत सम्पन्न गरेको ४ कृषि सडकका उपभोक्ता समितिलाई रु ९ लाख ७ हजार ओभरहेड भुक्तानी गरेको छ। भुक्तानी दिनेलाई जिम्मेवार बनाई उपभोक्ता समितिबाट असुल गर्नुपर्दछ। | असुल गर्न निर्देशन दिने। |
| १२ | नर्म्स : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले स्वीकृत नर्म्स आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। कृषि विकास कार्यालय, जुम्लाले उपभोक्ता समिति मार्फत सिचाई योजना निर्माण गर्दा जिल्ला दररेट भन्दा बढी हुने गरी ८ सिंचाई योजनामा रु.११ लाख ६८ हजार बढी भुक्तानी दिएको छ। उक्त रकम असुल गर्नुपर्दछ। | असुल गर्न निर्देशन दिने। |
| १३ | बढी भुक्तानी : कृषि विकास कार्यालयले तयार गरेको दर विश्लेषण अनुसार मेशीनबाट माटो काट्ने कार्यको दर प्रति घनमिटर रु.४४८ कायम गरेको छ। कृषि विकास कार्यालय, जुम्लाले कृषि सडक निर्माण उपभोक्ता समितिलाई २५ हजार ३१ घनमिटर माटो खन्ने कामको लागि मानिसबाट कार्य गराउने दर रु.४४८ प्रयोग गरी रु.१ करोड १२ लाख १३ हजार भुक्तानी दिएको छ। उपभोक्ता समितिले भुक्तानीको लागि पेश गरेको कागजात अनुसार माटो खन्ने कार्यमा मेशीन प्रयोग गरेको बिजक पेश गरेको | असुल गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | देखियो। उपभोक्ता समितिले मेशीन प्रयोग गरेको अवस्थामा मेशीन कै दरले गणना गरी भुक्तानी दिनुपर्नेमा मानिसबाट कार्य गराउँदा दिने दर प्रयोग गरी प्रति घनमिटर रु.२६० का दरले बढी भुक्तानी दिएको रु.६५ लाख ८ हजार असुल हुनुपर्दछ। | |
| १४ | भवन निर्माण : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा उल्लिखित खरिद विधि अवलम्बन गरी खरिद व्यवस्थापन गर्नुपर्दछ। कृषि विकास कार्यालय, कालिकोटले सडक र सिंचाईको कार्य सोझै सहकारी संस्था मार्फत गराई रु. ३३ लाख २५ हजार भूक्तानी दिएको छ। उक्त कानूनी व्यवस्था अनुसार सहकारी संस्था मार्फत निर्माण कार्य गराएको नियमित मान्न सकिएन। यस्ता कार्य नियन्त्रण गर्नुपर्दछ। | अब उप्रान्त सहकारी संस्थाबाट नगर्न निर्देशन दिने। |
| १५ | कोल्ड स्टोर निर्माण : कार्यालयले गराएको कामको भुक्तानी सम्झौता तथा विल भरपाईको आधारमा गर्नुपर्दछ। कृषि विकास कार्यालय रुकुम (पश्चिम) ले एक सहकारी संस्थाको कोल्ड स्टोर निर्माण कार्य गराउन रु. ४७ लाख ५० हजार अनुदान सहकारीको रु. १७ लाख ५५ हजार समेत रु. ६५ लाख ५ हजारमा सम्झौता गरेको छ। तर कोल्ड स्टोर भवन नबनाई घडेरी तयार गरेको रु. ४० लाख ९१ हजारको कार्य सम्पन्न प्रतिवेदनको आधारमा रु. २८ लाख ६४ हजार भुक्तानी दिएको छ। सो कामको लागि सहकारीले इन्धन र एक्साभेटर भाडाको रु.२८ लाख ३० हजारको विल पेश गरेको छ। खर्चको विल अनुसारको रकम मध्ये संझौताअनुसार सहकारीको योगदान रु. ८ लाख ४९ हजार कट्टा गरी रु. १९ लाख ८१ हजार भुक्तानी दिनुपर्नेमा पुरै भुक्तानी दिएकोले रु.८ लाख ४९ हजार असुल गरी कोल्ड स्टोर भवन निर्माण सम्पन्न गराउनु पर्दछ। | उल्लिखित विषयमा यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| १६ | बिउ बिजन र कृषि औजार बितरण : प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३६(३) मा खर्चको बिल भरपाई समेतको स्रेस्ता राख्नुपर्ने उल्लेख छ। कृषि विकास कार्यालय, रुकुम (पश्चिम) ले एक कृषि सहकारी संस्थाबाट अदुवा र बेसारको बिउ खरिद गरी प्रतिव्यक्ति १०० के.जी. का दरले रु. ४५ लाख २९ हजार, एक ताजा तरकारी उत्पादन कृषक समुहबाट कुटो र कोदालो वितरण गर्न रु.७७ हजार र केरेटको लागि रु.९ हजार समेत रु.४६ लाख १५ हजार भुक्तानी दिएकोमा भरपाई परीक्षण गर्दा खरिद गरेको परिमाणभन्दा रु.१४ लाख ६२ हजारको अदुवा, बेसार, केराको बिउ र कुटो कोदालो कम वितरण गरेको देखिएकोले उक्त रकम सहकारीबाट असुल गर्नुपर्दछ। | उल्लिखित विषयमा यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| १७ | इन्धन खर्च : २०७५ माघ १८ गते सडक विभागको महानिर्देशकको अध्यक्षतामा बसेको बैठकले स्वीकृत गरेको नर्म्समा डोजरले प्रतिघण्टा ९.१२ लिटर डिजल (इन्धन) लाग्ने उल्लेख छ। कृषि विकास कार्यालय, रुकुम (पश्चिम) अन्तर्गत १० कृषि सडकको निर्माण उपभोक्ता समितिबाट गराई भुक्तानी गर्दा सडक खन्न प्रयोग गरेको ब्रेकर र बकेटको लागि नर्म्स अनुसार प्रति घण्टाको दरले खपत हुने इन्धन भन्दा बढी इन्धन खर्च गरेकोले बढी भुक्तानी गरेको रु. ११ लाख ७१ हजार सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्दछ। | उल्लिखित विषयमा यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| १८ | दुग्ध व्यवसाय प्रवर्धन : दुग्ध व्यवसाय प्रवर्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ को दफा ४ मा अनुदानग्राहीको नाममा जग्गा वा १० वर्षको लागि भाडामा लिएको हुनुपर्ने, संचालन लागतको ३० प्रतिशत व्यहोर्नुपर्ने र ५ वर्षसम्म अनुदानको दुरुपयोग गर्न नपाइने उल्लेख छ। पशु अस्पताल तथा पशु सेवा कार्यालय, रुकुम पश्चिमले अनुदानग्राहीको नाममा १० वर्ष सम्मको जग्गा | उल्लिखित विषयमा यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | भाडामा लिएको सम्झौता र ३० प्रतिशत स्वलगानी रकम व्यवस्थापन गरेको प्रमाण बेगर ३ दुग्ध सहकारी संस्थालाई उक्त कार्यक्रमको लागि ७० प्रतिशतले हुने रु. १ करोड ९७ लाख १९ हजार अनुदान दिएको छ। एक सहकारीले जग्गा भाडामा लिई आर.सि.सि. भवन निर्माण गरेकोमा उक्त संरचना १० वर्ष पछि व्यक्तिले एकल रूपमा प्रयोग गर्ने जोखिम कायमै रहेको र अर्को सहकारीले यस वर्ष आन्तरिक राजस्व कार्यालयमा पेश गरेको आय विवरणमा वास्तविक सम्पत्तिको मूल्याङ्कन भन्दा रु.२१ लाख ८० हजार कमको मूल्याङ्कन देखाई भुक्तानी लिएकोले उक्त रकम असुल गरी सञ्चित कोषमा दाखिला गर्नुपर्दछ। | |
| १९ | पन्छी पालन प्रवर्धन : भुमि व्यवस्था, कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम संचालन तथा व्यवस्थापन एकिकृत कार्यविधि, २०७७ को बुँदा २० मा विशिष्ट जातका पन्छी पालन प्रवर्द्धन कार्यक्रम अन्तर्गत न्यूनतम ५ सय कालिज, १ हजार बट्टाई र ५ सय टर्की पालन गरेमा क्रमश रु. ५ लाख, रु.३ लाख र रु.४ लाखसम्म अनुदान रकम उपलव्ध गराउने र ति पंक्षी १० वर्षसम्म मास्न र दुरुपयोग गर्न नपाउने तथा यसरी मासेमा वा दुरुपयोग गरेमा अनुदान रकम असुल उपर गरिने व्यवस्था छ। उक्त कार्यविधि विपरित पशु अस्पताल तथा पशु सेवा कार्यालय, डोल्पाले एक कृषि तथा पोल्ट्री फार्मलाई १२५ बट्टाई पालन गरेकोमा रु.२ लाख र एक कृषि तरकारी तथा फलफूल, कुखुरा टर्की फार्मलाई १११ कालिज, १५० बट्टाई र ३६ टर्की पालन गरेकोमा रु.८ लाख अनुदान रकम उपलव्ध गराएको छ। हिमाली हावापानीमा उक्त पन्छिको विकास हुन सक्ने सम्भाव्यता अध्ययन गरी कार्यविधि बमोजिम कार्यक्रम संचालन गर्नुपर्दछ। | सुझाव अनुसार गर्न निर्देशन दिने। |



सभापति

## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

### महालेखापरीक्षकको चौंथो वार्षिक प्रतिवेदन, २०७९ (आर्थिक वर्ष २०७७/७८)

| बेरुजुको दफा | बेरुजुको विवरण | समितिको निर्णयहरू |
|---|---|---|
| १ | कार्य जिम्मेवारी - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार कार्य क्षेत्र र कार्य जिम्मेवारीमा तोकिएका ३३ कार्य जिम्मेवारी मध्ये जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन, कित्ता नापी र भूमि लगत, भूमिहिन सुकुम्बासी व्यवस्थापन, सहकारी बचत तथा ऋण परिचालन आदि व्यवस्था कार्यान्वयन भएको छैन। स्रोत व्यवस्थापन गरी क्रमिकरुपमा तोकिएको जिम्मेवारी पूरा गर्नुपर्दछ।<br>मन्त्रालय अन्तर्गत प्रदेश स्तरमा तर्जुमा गर्नुपर्ने जलचर संरक्षण, कृषि व्यवसाय प्रबर्धन, जिवनाशक विषादी, माटो तथा मल व्यवस्थापन, पशु सेवा तथा पशु स्वास्थ्य, कर्णाली प्रदेश जग्गा प्रशासनसंग सम्बन्धित कानुन, नीति, निर्देशिका र कार्यविधी तर्जुमा गरेको देखिएन। ती कानुनहरू यथाशिघ्र तर्जुमा गरी कार्य सचालन गर्नुपर्दछ। | सुझाव अनुसार गर्न निर्देशन दिने। |
| २ | अख्तियारी तथा रकमान्तर - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को मा बजेट खर्च गर्ने सम्बन्धी व्यवस्था छ। मन्त्रालयले सचिव तथा मन्त्री स्तरीय निर्णयबाट ४ पटक गरी रु.१६ करोड २२ लाख ५० हजार रकमान्तर गरेको छ। बजेट निर्माणको समयमा पर्याप्त ध्यान नदिई कार्यक्रम संशोधन नगरी पटक पटक रकमान्तर गर्ने प्रवृत्तिले बजेट अनुशासन कायम हुने देखिएन। | सुझाव अनुसार गर्न निर्देशन दिने। |
| ३ | बार्षिक प्रतिवेदन - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २६(५) मा प्रदेशले तयार गर्ने बित्तीय प्रतिवेदन नेपाल सरकारबाट स्वीकृत मापदण्ड बमोजिम हुने र दफा ४५ मा तोकिएको अवधीमा सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। यो वर्ष मन्त्रालयले प्रतिवेदन तयार गरी सार्वजनिक गरेको छैन। वार्षिक प्रगति विवरण र कार्यसम्पादन प्रतिवेदन तोकिएको अवधिमा तयार गरी सार्वजनिक गर्नुपर्दछ। | सुझाव अनुसार वार्षिक प्रगति विवरण र कार्यसम्पादन प्रतिवेदन तयार गरी सार्वजनिक गर्न निर्देशन दिने। |
| ४ | जनशक्ति व्यवस्थापनः मन्त्रालयको स्वीकृत दरबन्दी ५० रहेकोमा स्थायी २३, करारमा ७ गरी जम्मा ३० जना पदपूर्ति भई १८ रिक्त रहेको छ। मन्त्रालय र अन्तर्गत कार्यालयमा ३६२ दरवन्दी रहेकोमा २१० पदपूर्ति भई १५२ रिक्त रहेको छ। दरवन्दी अनुसार पदपूर्ति गर्नुपर्दछ। | दरवन्दी अनुसार पदपूर्ति गर्न निर्देशन दिने। |
| ५ | अनुदानको उपयोगिताः जिल्ला कृषि विकास कार्यालय, रुकुम पश्चिमले विभिन्न कृषि उद्यमी व्यवसायी एवं उपभोक्तालाई उत्पादन प्रशोधनसँग सम्बन्धित मेसिन उपकरणहरू उपलब्ध गराउने बार्षिक कार्यक्रम अनुसार मेसिन उपकरण खरिद गरेकोमा वितरण भएको छैन। मेसिन संचालनको लागि तीन फेजको विद्युत शक्तिको आवश्यकता पर्ने मेशिन खरिद भएकोमा उपकरण वितरण त्यसमा उक्त क्षमताको विद्युत जडान भएको छैन। बीउ उत्पादन तथा प्रशोधन भवन निर्माण गर्न रु.२१ करोड ४८ लाख ५५ हजार, सानीभेरी जन प्रवाह कृषि सहकारी संस्थालाई बेसार प्रशोधन मेसिन सञ्चालन गर्न रु.१८ करोड ९६ लाख २ हजार, त्रिवेणी गाउँपालिका अदुवा प्रशोधन उपभोक्ता समितिलाई अदुवा प्रशोधन मेसिन संचालन गर्न रु.५ करोड ५५ हजार, सानीभेरी जन प्रवाह कृषि सहकारी संस्थालाई र जहारी खोला नमुना कृषि सहकारी संस्था चौरजहारीलाई सिड्स जर्मिनेशन विथ इन्कुबेटर संचालन गर्न रु.१२ करोड ९८ लाख ९३ हजार समेत रु.५८ करोड ४३ लाख ५० हजारको मेशिन खरिद गरी उपलब्ध गराएको छ। मेशिनहरूको गुणस्तर, परिचालन क्षमता बिश्लेषण भएको छैन। उपकरणहरू विद्युत शक्तिको अभावमा परिचालित नभई उपयोगविहीन हुने जोखिम कायमै रहेकोले आवश्यकता, प्राथमिकता र उपयोगिताको आधारमा सार्वजनिक स्रोतको परिचालन गर्नुपर्दछ। | वितरण भएको प्रमाण पेश गर्न निर्देशन।<br>मेसिनहरूको गुणस्तर, परिचालन क्षमता विश्लेषण गरी सोको प्रतिवेदन समितिमा निर्देशन दिने।<br>आवश्यकता, प्राथमिकता र उपयोगिताको आधारमा सार्वजनिक स्रोतको परिचालन एवम् सञ्चालन गर्नका लागि आवश्यक पूर्वाधार तयार गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| ६ | ब्याज अनुदान - मन्त्रालयले उपलब्ध गराएको विवरण अनुसार ८ जिल्लाका १५१ उद्यमीले रु.३१ करोड ५७ लाख विभिन्न वित्तीय तथा सहकारी संस्थावाट ऋण लिई उद्योग सञ्चालन गरेको उल्लेख गरी यो वर्ष रु.७५ लाख ३९ हजार व्याज अनुदान दिएको छ। उद्यमीले लिएको ऋण परिचालनबाट उद्योगजन्य गतिविधि सञ्चालन गरेको सुनिश्चित हुने तथा कार्यविधिले तोके अनुसारको अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन पेश गरेको छैन। उद्यमीको व्यवसायजन्य क्रियाकलापले औद्योगिक उत्पादन एवं रोजगारीमा वृद्धि भएको सम्बन्धमा अध्ययन समेत गरेको छैन। मन्त्रालयवाट अनुदानको नियमित अनुगमन गरी उपलब्ध गराएको ऋण तोकिएको प्रयोजनमा प्रयोग भएको सम्बन्धमा उपलब्धी मापन हुनुपर्दछ। | कार्यविधिले तोके अनुसारको अनुगमन मूल्याङ्कन प्रतिवेदन पेश गरी उद्यमीको व्यवसायजन्य क्रियाकलापले अद्योगिक उत्पादन एवम् रोजगारीमा वृद्धि भएको सम्बन्धमा अध्ययन र तोकिएको प्रयोजनमा प्रयोग भए नभएको यकीन गर्न निर्देशन दिने। |
| ७ | व्यक्ति र नाफामूलक संस्थालाई अनुदान - अनुदान व्यवस्थापन कार्यविधि, २०७७ को बुँदा नं.१४ मा अनुदान रकमबाट सञ्चालन हुने कार्यक्रम पारदर्शी र प्रभावकारी भए नभएको सम्बन्धमा सम्बन्धित मन्त्रालय वा निकायबाट कम्तिमा त्रैमासिक र समन्वय समितिले चौमासिक रुपमा अनुगमन गर्नुपर्ने, मन्त्रीको अध्यक्षतामा बस्ने बैठकमा कम्तिमा त्रैमासिक रुपमा समिक्षा गर्ने, अनुदान वितरणसँग सम्बन्धित सम्पूर्ण कार्य प्रगति मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ। कृषि विकास निर्देशनालय, सुर्खेतले यो वर्ष २२२ व्यक्ति तथा नाफामूलक संस्थालाई रु.३ करोड २९ लाख ३२ हजार अनुदान दिएको छ। निर्देशनालयबाट बितरण भएको अनुदानको अभिलेख राखी पारदर्शी बनाएको छैन। साथै उपयोग सम्बन्धमा अनुगमन गरी प्राप्त उपलब्धी मापन गरेको छैन। अनुगमन प्रभावकारी बनाई दोहोरोपना नहुने गरी पूर्ण सदुपयोग हुने व्यवस्था मिलाउनुपर्दछ। | अनुगमन गरी उपयोग भए नभएको एकिन गर्न निर्देशन दिने। |
| ८ | अनुगमन - यो वर्ष मन्त्रालय र मातहतका कार्यालयले कृषि उपकरण, वीउ, तरकारी तथा फलफूल खेती, उन्नत चौपाया वितरण लगायत २१ कार्यालयलाई रु.१३ करोड ६२ लाख ८४ हजार अनुदान खर्च लेखेको छ। यस्तो अनुदान संघीय सरकारको प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना लगायत विभिन्न आयोजनाका साथै प्रदेश सरकार मन्त्रालय मातहतका निकाय र स्थानीय तहले समेत प्रदान गरेको अवस्था छ। अनुदानको वितरण तथा उपयोगको सम्बन्धमा अन्तर निकाय समन्वय गरी अभिलेख राखेको छैन। मन्त्रालयले कृषि अनुदान सम्बन्धी कार्यविधि बनाए पनि लक्षित कृषकलाई सुसूचित नगरेको, अनुदान प्रदान गर्दा स्थानीय तहसँग समन्वय नभएको जस्ता कारण अनुदान उपयोग अपेक्षाकृत देखिएको छैन। आयस्तर तथा रोजगारी वृद्धि हुने एवं नतिजामुखी क्षेत्रमा कृषि तथा पशु अनुदानको उपयोग गर्नुपर्दछ।<br>कृषकलाई उन्नत जातको गाई वितरण गर्ने कार्यक्रम राखी भेटनरी अस्पताल तथा पशु सेवा कार्यालय, दैलेखले १०० गाईको लागि ग्रामीण कृषि बहुउदेश्यीय संस्थालाई रु.७० लाख अनुदान दिएको छ। होलिस्टेन जर्सी गाई वितरण गर्ने उल्लेख गरी प्रस्ताव पेश गरेको, अनुदान बाहेक बाँकी रकम सहकारी संस्थाले व्यहोर्ने उल्लेख गरे पनि उक्त प्रजातिका गाई वितरण नगरेको, कृषकबाट जनही रु.१५ हजार माग गरेको, पालिकाबाट समेत सोही प्रयोजनमा रु. ५ लाख अनुदान लिएको छ। उन्नत जातको १० लिटरसम्म दुध दिने गाई खरिद गर्ने उल्लेख भएकोमा २ लिटर मात्र दुध दिने स्थानीय गाई खरिद गरी वितरण गरेकोले कृषकले अपेक्षित प्रतिफल प्राप्त गर्न सकेका छैनन्। यस सम्बन्धमा तालुक निकायले यथार्थता छानविन गरी उक्त अनुदान फिर्ता गर्नुपर्दछ। | सुझाव अनुसार छानबिन गरी यथार्थ विवरण समिति समक्ष पेश गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| ९ | विषादी विश्लेषण प्रयोगशाला - कृषि विकास निर्देशनालय र एक तरकारी सङ्कलन केन्द्रबीच लागत अनुमान रु.५८ लाख ५ हजार रहेको द्रुत विषादी विश्लेषण प्रयोगशाला बनाउन रु.४७ लाख ५० हजार अनुदान र बाँकी लागत सम्बन्धित संस्थाले व्यहोर्ने गरी सम्झौता भएको छ। तरकारी संकलन केन्द्रको नाममा रहेको जग्गामा भवन बनाउने गरी ५० वर्षका लागि लिजमा लिएको छ। सम्झौतामा लिज भुक्तानी सम्बन्धी व्यहोरा उल्लेख साथै लिज अवधिसम्म जग्गा बिक्री नहुने अवस्था यकिन गरेको छैन। उक्त जमिनमा भवन निर्माण प्रक्रिया शुरु भएको छैन। दीर्घकालिन योजना तयार नगरी प्रयोगशाला स्थापना अनुदान दिएको उचित देखिएन। अनुदानको प्रभावकारी उपयोगमा जोड दिनुपर्दछ। | यथार्थ विवरण समिति समक्ष पेश गर्न निर्देशन दिने। |
| १० | आंशिक मूल्याङ्कन सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (११) मा उपभोक्ता समितिले गरेको कामको प्राविधिक जाँचपास गराई कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ। जिल्ला कृषि विकास कार्यालय, हुम्लाले तीन फर्मलाई अनुदान वितरण गर्दा सम्झौतामा ५० प्रतिशत कार्यालयको तर्फबाट र ५० प्रतिशत अनुदान पाउने संस्थाबाट लागत सहभागिता हुनेगरी चक्लावन्दी खेती प्रसारण कार्यक्रमको लागि सम्झौता गरेको छ। एक कृषि, पशु तथा वन सहकारीलाई रु.८ लाख, एक कृषि तथा पशुपालन फर्मलाई रु.१ लाख ९ हजार र एक पशुपालन कृषि तथा सहकारी उद्योगलाई रु.१ लाख ८८ हजार समेत रु.१० लाख ९७ हजारको काम नगरी भुक्तानी गरेको छ। सम्झौता अनुसारको कार्य मूल्याङ्कन नभई भुक्तानी भएको रकमको यथार्थता यकिन गरी असुल गर्नुपर्दछ। | छानबिन गरी यथार्थ विवरण समिति समक्ष पेश गर्न निर्देशन दिने। |
| ११ | बढी भुक्तानी - साझेदारीमा आधारित एक स्थानीय तह एक कृषि बाली उत्पादन विशेष कार्यक्रमका लागि कृषि विकास कार्यालय, जुम्लाले स्थानीय तहसँग गरेको सम्झौताको बुदा नं. २ मा लागत अनुमानको ७० प्रतिशत कार्यालयले र ३० प्रतिशत सम्बन्धित स्थानीय तहले व्यहोर्ने उल्लेख छ। उपलब्ध गराउने अनुदान रकम कार्यालय समक्ष बिल भर्पाइ पेश भएपश्चात अनुपात निर्धारण गरी कार्य सम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गर्ने उल्लेख छ। कार्यालयले चार योजनामा सम्झौता अनुसार नभएको कामको समेत अनुपात निर्धारण गरी भुक्तानी दिएकोले वढी भुक्तानी रु. ८ लाख ४६ हजार सम्बन्धितबाट असुल गर्नुपर्दछ।<br>कार्यालयले १३ उपभोक्ता समितिलाई वास्तविक कामको आधारमा भुक्तानी दिनुपर्नेमा लागत अनुमानमा उल्लेखित फलामको परिमाण भन्दा बढी परिमाण विलमा चढाई वास्तविक खरिद भन्दा रु.८ लाख १६ हजार वढी भुक्तानी दिएको छ। उक्त रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्दछ। | असुल गर्न निर्देशन दिने। |
| १२ | काम नभई भुक्तानी - सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ९७(१) मा उपभोक्ता समितिले मालसामान खरिदको कार्य गर्न सक्ने व्यवस्था देखिदैन। कृषि विकास कार्यालय, मुगुले यस वर्ष तिनमुखेदेखि लावावान्नासम्म सिंचाई योजनाको ६० एम.एम. को एच.डि.पि. पाइप खरिद र खन्ने, पुर्ने कार्यको लागि रु.२५ लाख अनुदान दिने गरी उपभोक्तासँग सम्झौता गरेको छ। निर्माण कार्यको प्राविधिक कार्यालयले रु.२८ लाख ८६ हजार मूल्याङ्कन गरेको छ। उपभोक्ता समितिले एक निर्माण सप्लायर्स प्रा.लि.बाट १ हजार मीटर पाइप खरिद गरी रु.१४ लाख ६९ हजारको कर विजक र निर्माण स्थलसम्म १ हजार मीटर पाईप ढुवानी गरेको भरपाई पेश गरेको आधारमा कार्यालयले रु.२२ लाख २० हजार भुक्तानी गरेको छ। कार्यालयको २०७८। ३। २५ को प्रतिवेदनमा पाइप खरिद भए पनि जडान हुन बाँकी रहेको उल्लेख छ। पाइपको लागि खाल्डो खन्ने पुर्ने काम सम्पन्न नहुदै रु.९ लाख ४९ हजार मूल्याङ्कन भई भुक्तानी भएको छ भने खरिद गरेको पाईप प्रयोग नभई मौज्दात रहेको छ। कार्य सम्पन्न नहुँदै भुक्तानी भएको रकम असुल गर्नुपर्दछ। | यथार्थ विवरण समिति समक्ष पेश गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| १३ | नमूना गाउँ निरन्तरता र विस्तार - छाँयानाथ रारा नगरपालिका वडा नं. ५, ८, १०, ११ र १३ मा संचालित सहकारी नमुना गाउँ निरन्तरता तथा विस्तार कार्यक्रम मार्फत सहकारीमा आवद्ध सदस्यको रोजगारी श्रृजना गरी थप सक्षम वनाउने उद्देश्यका साथ २०७६। ७७ मा संचालन भएको कार्यक्रममा गत वर्ष भुक्तानी दिन बाँकी कच्चावारीको आधारमा यस वर्ष रु.१५ लाख ३० हजार भुक्तानी गरेको छ। कार्यक्रमको कुल लागत रु.६५ लाख रहेकोमा कृषि विकास कार्यालय, मुगुले रु.५० लाख व्यहोर्ने गरी सम्झौता भएकोमा गत वर्षको रु.३१ लाख ५ हजार समेत कुल रु.४६ लाख ३५ हजार भुक्तानि गरेको छ।<br>कृषि विकास कार्यालय, जिल्ला प्रशासन कार्यालय तथा जिल्ला समन्वय समिति सदस्य सहितका प्रतिनिधिले अनुगमन गरी दिएको प्रतिवेदन अनुसार कृषि उपज सङ्कलन केन्द्रको मर्मत तथा सञ्चालन, टेम्पु खरिद र ओखर खेती कार्य क्रमशः रु.१ लाख ५ हजार, रु.५ लाख २० हजार र रु.४ लाख २१ हजार समेत रु. १० लाख ४६ हजारको कार्य नगरेको उल्लेख हुँदा पनि पुरै रकम भुक्तानी गरेको छ। नगरेको कामको भुक्तानी रकम असुल हुनुपर्दछ। | यथार्थ विवरण समिति समक्ष पेश गर्न निर्देशन दिने। |
| १४ | बीउ पूँजी संरक्षण आय -आर्जन कृषि कार्यक्रम सञ्चालन गर्न बीउ पूँजी उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७७ को बुँदा ३ मा बीउपूँजी कोषबाट आलोपालो सापटी लिई बाली, पशुपालन, बीउ उत्पादन व्यवसाय तथा अन्य सीपमूलक व्यवसाय सञ्चालन गर्ने र आवश्यकता अनुसार बीउ पूँजी कोषमा जम्मा रकमको पाँच प्रतिशत खर्च गरी सीप विकास तालिम सञ्चालन गर्ने उल्लेख छ। कृषि विकास कार्यालय, रुकुम पश्चिमले निर्देशिका अनुसार जनयुद्ध, जनआन्दोलन तथा प्रदेश स्थापना आन्दोलनका घाइते, अपाङ्गता भएका र शहिद परिवारको आयआर्जन क्रियाकलाप सञ्चालन गर्न ६ पालिकाका १ हजार ६ सय ४६ लाभग्राही छनौट गरी रु.३० हजारका दरले रु.४ करोड ९३ लाख ८० हजार बीउ पूँजी उपलब्ध गराएको छ। उक्त बीउपूँजी संरक्षणका सम्बन्धमा कुनै मापदण्ड बनाएको छैन। कार्यविधि अनुसार आय आर्जन तथा कोष व्यवस्थापन गरी बिउपूँजीबाट निर्देशिकाले निर्देशित गरे अनुसार खर्च भए नभएको अनुगमन गरी कोषको संरक्षण गर्ने व्यवस्था मिलाउनुपर्दछ। | कार्यविधिको उद्देश्य बमोजिम गरी बिउ पूँजी संरक्षणको मापदण्ड बनाई सोको आय आर्जन तथा कोष व्यवस्थापन गरी बिउपूँजीबाट निर्देशिकाले निर्देशित गरे अनुसार खर्च भए नभएको अनुगमन गरी कोषको संरक्षण गर्ने व्यवस्था गर्न निर्देशन दिने। |
| १५ | परामर्श सेवा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने भएमा र वढी दक्षता आवश्यक पर्ने भएमा लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक माध्यमबाट परामर्श सेवा खरिद गर्नुपर्ने व्यवस्था छ। जिल्ला कृषि विकास कार्यालय, रुकुम पश्चिमले भेरीखोला चुनथाम लिफ्ट सिंचाइ योजना, चाखले पातल क्वामा खोला उदिनढुङ्गा किकरावाङ सिंचाइ योजना र कृषि विकास कार्यालय भवनको डी. पी. आर. कार्यमा प्रतिस्पर्धा नगराई सोझै एकै परामर्शदातावाट डि.पि.आर. तयार गरी रु.४२ लाख ९९ हजार भुक्तानी गरेको छ। स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालिन पूँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यका लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गर्नुपर्नेमा सो गरेको देखिएन। परामर्श सेवा लिई विस्तृत आयोजना प्रतिवेदन तयार गरेका कार्यक्रम कार्यान्वयनमा गएको देखिएन। प्रतिफल प्राप्त नहुने क्षेत्रमा परामर्श सेवामा खर्च गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ। | योजनाको कार्यान्वयन भए नभएको समितिमा विवरण पेश गर्न निर्देशन दिने। |



सभापति

## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

### महालेखापरीक्षकको पाँचौं वार्षिक प्रतिवेदन, २०७९ (आर्थिक वर्ष २०७८/७९)

| बेरुजुको दफा | बेरुजुको विवरण | समितिको निर्णयहरू |
|---|---|---|
| १ | कार्य जिम्मेवारी प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार कार्य क्षेत्र र कार्य जिम्मेवारीमा तोकिएका ३३ कार्य जिम्मेवारी मध्ये जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन, कित्ता नापी र भूमि लगत, भूमिहिन सुकुम्बासी व्यवस्थापन, सहकारी बचत तथा ऋण परिचालन आदि व्यवस्था कार्यान्वयन भएको छैन। स्रोत व्यवस्थापन गरी क्रमिकरूपमा तोकिएको जिम्मेवारी पूरा गर्नुपर्दछ।<br>मन्त्रालय अन्तर्गत प्रदेश स्तरमा तर्जुमा गर्नुपर्ने जलचर संरक्षण, कृषि व्यवसाय प्रबर्धन, जीवनाशक विषादी, माटो तथा मल व्यवस्थापन, पशु सेवा तथा पशु स्वास्थ्य, कर्णाली प्रदेश जग्गा प्रशासनसँग सम्बन्धित कानुन, नीति, निर्देशिका र कार्यविधि तर्जुमा गरेको देखिएन। ती कानुनहरू यथाशिघ्र तर्जुमा गरी कार्य सञ्चालन गर्नुपर्दछ। | सुझाव बमोजिम गर्न निर्देशन दिने। |
| २ | बजेट कार्यान्वयनः यो वर्षको बजेट वक्तव्यमा समावेश भएका कार्यक्रमहरू मध्ये विस्तृत सम्भाव्यता अध्ययन गरी उत्पादन, भण्डारण, प्रशोधन र बजारीकरणको एकीकृत कृषि विकास योजना कार्यान्वयन गर्ने, प्राङ्गारिक नमूना स्थानीय तह घोषणा गर्दै जान अध्ययन, अनुसन्धान र विकासका प्रबन्ध मिलाउने, उत्पादन लागत घटाउन कर्णाली कृषि क्षेत्र सहयोग प्रणाली लागू गर्ने, हिमाली क्षेत्रमा एक सयभन्दा बढी भेंडा बाख्रापालन गर्ने, प्रदेशमा कृषि तथा पशु अनुसन्धान केन्द्र स्थापना गर्ने, योगदानमा आधारित किसान निवृत्तिभरण कार्यक्रम कार्यान्वयन गर्ने, अत्यावश्यक वस्तुको माग आपूर्ति विश्लेषण गर्ने संयन्त्र स्थापना गरी खाद्य संकट व्यवस्थापन गर्ने, कृषि उपज सङ्कलन र भण्डारणका लागि एक स्थानीय तह; एक अन्न भकारी स्थापना गर्ने जस्ता नीति तथा कार्यक्रमहरू कार्यान्वयन गरेको देखिएन। बजेटमा उल्लेखित विषय कार्यान्वयन गर्नुपर्दछ। | सुझाव बमोजिम गर्न निर्देशन दिने। |
| ३ | रकमान्तर - कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७(१) मा विनियोजन ऐनमा तोकिएको कुनै एक अनुदान संकेत अन्तर्गतको बजेट उपशीर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएका अन्य अनुदान संकेत अन्तर्गतको उपशीर्षकमा बचत हुने रकम मध्येबाट तोकिएको सीमाभित्र रही मन्त्रालयले २५ प्रतिशत भन्दा बढी नहुने गरी रकमान्तर गर्न सक्ने व्यवस्था छ। यो वर्ष मन्त्रालय र मातहतले गरेको खर्च रू.२ अर्ब २३ करोड ९ लाख ६९ हजार मध्ये रू.२ करोड ३२ लाख अर्थात् १.०४ प्रतिशत रकमान्तर गरेको मध्ये आषाढ महिनामा मात्र रू.१ करोड २२ लाख ३४ हजार रकमान्तर गरेको छ। बर्षान्तमा रकमान्तर गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ। | सुझाव बमोजिम गर्न निर्देशन दिने। |
| ४ | ब्याज अनुदान - मन्त्रालयले उपलब्ध गराएको विवरण अनुसार १० जिल्लाका १२२७ उद्यमीले रू. ७१ करोड २१ लाख ५५ हजार विभिन्न वित्तीय तथा सहकारी संस्थाबाट ऋण लिई उद्योग सञ्चालन गरेको उल्लेख गरी यो वर्ष रू.३ करोड ९६ लाख ७९ हजार ब्याज अनुदान दिएको छ। उद्यमीले लिएको ऋण परिचालनबाट उद्योगजन्य गतिविधि सञ्चालन गरेको सुनिश्चित् हुने तथा कार्यविधिले तोकेअनुसारको अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन पेस गरेको छैन। उद्यमीको व्यवसायजन्य क्रियाकलापले औद्योगिक उत्पादन एवं रोजगारीमा वृद्धि भएको सम्बन्धमा अध्ययन गरेको छैन। मन्त्रालयबाट ब्याज अनुदानको उपयोग सम्बन्धमा नियमित अनुगमन गरी तोकिएको प्रयोजनमा प्रयोग भएको सम्बन्धमा मूल्याङ्कन हुनुपर्दछ। | कार्यविधिले तोके अनुसारको अनुगमन मूल्याङ्कन प्रतिवेदन पेश गरी उद्यमीको व्यवसायजन्य क्रियाकलापले अद्योगिक उत्पादन एवम् रोजगारीमा वृद्धि भएको सम्बन्धमा अध्ययन र तोकिएको |



सभापति

| | | |
|---|---|---|
| | | प्रयोजनमा प्रयोग भए नभएको यकीन गर्न निर्देशन दिने। |
| ५ | अनुगमन - अनुदान व्यवस्थापन कार्यविधि नियम, २०७७ को बुँदा नं. १४ मा अनुदानको अनुगमन तथा समीक्षा गरी कार्य प्रगति मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था छ। यो वर्ष मन्त्रालयले कृषि उपकरण खरिद, बीउ, तरकारी तथा फलफूल खेती, उन्नत चौपाया वितरण, युवा स्वरोजगार लगायतका कार्यक्रमका लागि २० कार्यालयलाई रू.२२ करोड ६१ लाख ४ हजार अनुदान खर्च लेखेको छ। यस्तो अनुदान संघीय सरकारको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना लगायत विभिन्न आयोजनाका साथै प्रदेश सरकार मन्त्रालय मातहतका निकाय र स्थानीय तहले समेत प्रदान गरेको अवस्था छ। अनुदानको वितरण तथा उपयोगको सम्बन्धमा अन्तर निकाय समन्वय गरी अभिलेख राखेको छैन। मन्त्रालयले कृषि अनुदान सम्बन्धी कार्यविधि बनाएतापनि लक्षित कृषकलाई सुसूचित नगरेको, अनुदान प्रदान गर्दा स्थानीय तहसँग समन्वय नभएको जस्ता कारण अनुदान उपयोग अपेक्षाकृत देखिएको छैन। आयस्तर तथा रोजगारी वृद्धि हुने एवं नतिजामुखी क्षेत्रमा कृषि तथा पशु अनुदानको उपयोग गर्नुपर्दछ। | सुझाव अनुसार गर्न निर्देशन दिने। |
| ६ | अनुदानको अनुगमन अनुदान व्यवस्थापन कार्यविधि नियम, २०७७ को बुँदा नं. १४ मा अनुदान रकमबाट सञ्चालन हुने कार्यक्रम सम्बन्धमा सम्बन्धित मन्त्रालय वा निकायबाट कम्तिमा द्वैमासिक र समन्वय समितिले चौमासिक रूपमा अनुगमन गर्नुपर्ने, समन्वय समितिले अनुगमन प्रतिवेदन मुख्यमन्त्री समक्ष पेश गर्नु पर्ने, मन्त्रीको अध्यक्षतामा बस्ने बैठकमा समीक्षा गर्ने अनुदान वितरणसँग सम्बन्धित कार्य प्रगतिको वार्षिक समीक्षा सम्बन्धित मन्त्रालय मार्फत् मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था छ। कृषि विकास कार्यालय, डोल्पाले ४७ नाफामूलक फर्म तथा व्यक्तिहरूलाई रू.९१ लाख ६० हजार र कृषि विकास निर्देशनालय सुर्खेतले १६२ नाफामूलक फर्म तथा व्यक्तिहरूलाई रू.८७ लाख २४ हजार समेत रू.१ करोड ७८ लाख ८४ हजार अनुदान दिएका छन्। वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गरी उपलब्धी मापन गरेको छैन। अनुगमन प्रभावकारी बनाई संघ तथा प्रदेशबाट वितरण हुने अनुदान दोहोरो नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ। | सुझाव अनुसार अनुदान उपलब्धीको उपयोगिताको मूल्याङ्कन गरी अनुगमन प्रभावकारी बनाउन निर्देशन दिने। |
| ७ | कोल्डस्टोर निर्माण - कृषि विकास निर्देशनालय, सुर्खेतले २०७९।०३।२० मा कार्य सम्पन्न गर्ने गरी रू.७३ लाख ८१ हजारमा कोल्ड स्टोर निर्माण गर्न २०७८।११।०२ मा एक निर्माण व्यवसायीसँग सम्झौता भएको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्: | |
| ७.१. | कार्यालयले २ सय मेट्रिक टन क्षमताको कोल्ड स्टोर निर्माणका लागि रू.१ करोड ५६ लाख ६ हजारको सामान खरिद गरेकोमा भवन तयार नभएको कारण जडान खर्च सम्झौता रकमको ३ प्रतिशतले हुने रू. ४ लाख ६८ हजार कट्टी गरी रू. १ करोड ५१ लाख ३८ हजार भुक्तानी दिएको छ। समयमा निर्माण सम्पन्न तथा खरिद सामान जडान गरी कार्य सञ्चालन नहुँदा (संरचना निर्माण रू.७३ लाख ८१ हजार समेत ) रू. २ करोड २५ लाख १९ हजारको उपलब्धी देखिएको छैन। खरिद सामान जडान गरी कोल्ड स्टोर सञ्चालनमा ल्याउनुपर्दछ। | कोल्डस्टोरको हालको अवस्था एकिन गरी जानकारी समितिमा पठाउन निर्देशन दिने। |
| ७.२. | निर्देशनालयले निर्माण व्यवसायीसँग भएको सम्झौता अनुसार २०७८।११।०२ मा कार्यसम्पन्न गर्नुपर्नेमा हालसम्म निर्माण सम्पन्न भएको नदेखिएकोले सम्झौता अनुसार १० प्रतिशतले हुन आउने पूर्व निर्धारित क्षतिपूर्ति रू.७ लाख ३८ हजार असुल गर्नुपर्दछ। | असुल गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| ७.३. | निर्देशनालयले निर्माण कार्य समयमा सम्पन्न नगरी काम छाडेको पाईएकोले कार्यसम्पादन जमानत रू.१५ लाख ८५ हजार जफत गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ बमोजिम सम्झौता उल्लङ्घन उपचारमार्फत् निर्माण सम्पन्न गर्नुपर्दछ। | जमानत रकम जफत भइसकेकाले लगत कट्टा गर्न निर्देशन दिने। |
| ८ | कोल्डस्टोर सञ्चालन - कृषि विकास कार्यालय, रूकुम पश्चिमले चौरजहारीमा कोल्ड स्टोर निर्माण गर्न एक निर्माण व्यवसायीसँग सम्झौता गरी २०७९।३। २२ मा मुल्य अभिवृद्धि कर सहित रू.१ करोड ७ लाख २ हजार भुक्तानी गरेको छ। उक्त स्थानमा फोर फेज लाइन ट्रान्सफर्मर तथा सञ्चालन गर्न आवश्यक पर्ने प्राविधिक जनशक्तिको व्यवस्था नभएकोले विद्युतीय यन्त्र उपकरणको परीक्षण गरी सञ्चालनमा ल्याएको छैन। यन्त्र उपकरणको वारेन्टी, ग्यारेन्टी समेतको उपयोग हुनेगरी कोल्ड स्टोर सञ्चालन गर्नुपर्दछ। | कोल्डस्टोरको हालको अवस्था एकिन गरी समितिमा जानकारी पठाउन निर्देशन दिने। |
| ९ | खरिद सम्झौताको अन्त्य - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा खरिद सम्झौताको अन्त्य र सोको उपचार बारे उल्लेख छ। कृषि विकास निर्देशनालय, सुर्खेतले कोल्ड स्टोर निर्माण कार्य समयमा सम्पन्न नगरी निर्माण व्यवसायीले काम बिचमै छाडेको पाईएकोले कार्यसम्पादन जमानत रू.१५ लाख ८५ हजार जफत गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ बमोजिम सम्झौता उल्लङ्घन उपचारमार्फत् निर्माण सम्पन्न गर्नुपर्दछ। | जमानत रकम जफत भइसकेकाले लगत कट्टा गर्न निर्देशन दिने। |
| १० | जटिलसंरचना निर्माण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिलाई मेसिन, औजार उपकरण आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। कृषि विकास निर्देशनालय, सुर्खेतले खानेपानी डिप बोरिङ्ग, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्यको लागि २२ उपभोक्ता समितिलाई रू.२ करोड २६ लाख ७९ हजार खर्च लेखेको छ। जटिल प्रकृतिका कार्य उपभोक्ता समिति मार्फत् गराउने परिपाटीमा नियन्त्रण हुनुपर्दछ। | जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य उपभोक्ता समिति मार्फत् नगर्न/नगराउन निर्देशन दिने। |
| ११ | ऋण अनुदान - मुख्यमन्त्री महिला आयआर्जन कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा ३(३) मा जगेडा कोषमा रहने रकमबाट सम्बन्धित सहकारीको लाभग्राही शेयर सदस्यलाई आय आर्जनका क्रियाकलाप सञ्चालन गर्न ऋण उपलब्ध गराउने उल्लेख छ। कृषि विकास कार्यालय, जुम्लाले ४ सहकारीलाई दिएको अनुदान रू. ४१ लाख ५० हजारबाट ती सहकारीले शेयर सदस्य भन्दा बाह्य व्यक्तिलाई समेत ऋण उपलब्ध गराएको देखिएकोले कार्यविधि विपरित जगेडा कोषबाट ऋण लगानी गर्ने सहकारीलाई जिम्मेवार बनाउनुपर्दछ। | सहकारी शेयर सदस्य भन्दा बाहिरका व्यक्तिहरूबाट साँवा र ब्याज बापतको रकम असुल गरी सरकारी संचित कोषमा जम्मा गर्न निर्देशन दिने। |
| १२ | कार्य सम्पादन जमानत - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० (४) मा कार्य सम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको हकमा त्रुटी सच्याउने दायित्वको अवधि भन्दा कम्तीमा एक महिना बढी हुनुपर्ने उल्लेख छ। कृषि विकास कार्यालय, रूकुम पश्चिमले कोल्ड स्टोर निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०८०।४।१८ मा निर्माण सम्पन्न गर्ने गरी खरिद सम्झौता गरेकोमा एक बैंकको रू.१३ लाख ३६ हजारको २०७९।६।१४ सम्म म्याद रहेको कार्य सम्पादन जमानत पेस गरेको छ। ठेक्काको त्रुटी सच्याउने अवधिसम्मको कार्य सम्पादन जमानत पेस गर्नुपर्दछ। | यथार्थ विवरण समिति समक्ष पेश गर्न निर्देशन दिने। |



सभापति

# जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय

## महालेखापरीक्षकको पाँचौं वार्षिक प्रतिवेदन २०७९(आर्थिक वर्ष २०७८/०७९)

| बेरुजुको दफा | बेरुजुको विवरण | समितिको निर्णयहरू |
|---|---|---|
| १. | कार्य जिम्मेवारी - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्य जिम्मेवारी मध्ये **प्रदेशस्तरमा ऊर्जा, विद्युत, सिँचाइ तथा खानेपानी सम्बन्धी** सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण र नियमन, ऊर्जा, विद्युत, सिँचाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता र **लगानी** प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण, आयोजनाको पहिचान, निर्माण, सञ्चालन, सम्भार र व्यवस्थापन, प्रदेशभित्रको **जलश्रोत उपयोग तथा नदी संरक्षण सम्बन्धी** योजना तथा गुरूयोजना तर्जुमाका साथै **अनुगमन तथा मुल्याङ्कन**को काम भएको छैन। **मौसम र जलमापन सञ्चार सञ्जाल व्यवस्थापन**को लागि नीति तथा योजना निर्माण, **जलगुण तथा वायूगुण सम्बन्धी प्रयोगशाला स्थापना** भएको देखिएन। कार्य विभाजन नियमावलीले मन्त्रालयलाई तोकेको कार्य जिम्मेवारी पुरा गर्न आवश्यक व्यवस्था मिलाउनु पर्दछ। | प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ ले गरेको व्यवस्था अनुसार प्रदेशस्तरमा जलस्रोत, ऊर्जा, विद्युत, सिँचाइ तथा खानेपानी सम्बन्धमा नियमनका लागि आवश्यक नीतिगत व्यवस्था गर्न निर्देशन दिने। |
| २. | बजेट कार्यान्वयन - बजेट तथा कार्यक्रममा प्रदेश राजधानी वीरेन्द्रनगरको खानेपानी व्यवस्थापनका लागि रू.५ करोड र आधारभूत सरसफाईको दिगो व्यवस्थापनका लागि ढल तथा फोहोरमैला व्यवस्थापन गर्न रू.२० लाख र विद्युत विकास कम्पनी स्थापनाका लागि रू.२० लाख बजेट व्यवस्था गरेकोमा सो कार्यान्वयन भएको छैन। त्यस्तै कर्णाली, भेरी वेसिन र शारदा लगायतका विभिन्न नदी किनारमा रहेका टारहरूमा सिँचाइ सुविधा विस्तार गर्न टार सिँचाइका लागि सम्भाव्यता अध्ययन तथा निर्माण कार्य गर्न रू.८ करोड बजेटको काम हुन सकेको छैन। नेपाल सरकारको सहकार्यमा २० मेगावाटसम्मका साना जलविद्युत आयोजनाहरूको सम्भाव्यता अध्ययन तथा विस्तृत डिजाइन गरी कार्यान्वयन गर्ने तथा भेरी बबई आयोजनाको बाँधस्थलमा बन्ने जलविद्युत आयोजनाको सम्भाव्यता अध्ययन कार्य कार्यान्वयन भएको छैन। स्थानीय सरकारको स्वामित्वमा एक मेगावाटभन्दा ठूला आयोजना निर्माण गरी उत्पादन, रोजगारी तथा ग्रामीण विद्युतीकरणमा योगदान पुर्‍याउने स्थानीय तहलाई अनुदानको व्यवस्था गर्ने कार्यक्रम रहेकोमा सोको लागि बजेट विनियोजन गरेको देखिएन। नीति तथा कार्यक्रम र बजेटमा समावेश कार्यक्रमको कार्यान्वयन गरी बजेटको प्रभावकारिता वृद्धि गर्नुपर्दछ। | नीति तथा कार्यक्रम र बजेटमा समावेश गरिएका कार्यक्रमको कार्यान्वयन गर्न निर्देशन दिने। |
| ३. | आवधिक योजना - कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २० (३) मा **बजेट तर्जुमा गर्दा आवधिक योजनाको लक्ष्य तथा नीतिलाई ध्यानमा राखेर निर्माण गर्नुपर्ने** उल्लेख छ। कर्णाली प्रदेशको आवधिक योजनाले जलविद्युत आयोजनाहरूका लागि नीति, नियम तथा संरचनाहरूको व्यवस्था गर्ने, भौतिक पूर्वाधार विकास मन्त्रालय, विद्युत प्राधिकरण र अन्य सरोकारवालाहरूको एकीकृत कार्ययोजना बनाउने, विद्युत वितरण प्रणाली स्वचालन एवं स्मार्ट ग्रीड बनाउदै लाने, जलाशययुक्त तथा पम्प स्टोरेज सिद्धान्तका आधारमा विद्युत उत्पादन कार्य अगाडि बढाउने लगायत ऊर्जा | बजेट तर्जुमा गर्दा आवधिक योजनाको लक्ष्य तथा नीतिलाई ध्यानमा राखेर निर्माण गर्न निर्देशन दिने। प्रदेश सिँचाइ विकासको गुरुयोजना, एकिकृत बाली तथा जल व्यवस्थापन नीति र सिँचाइ आयोजना संचालन तथा मर्मत संभारको लागि मर्मत सम्भार कोषको व्यवस्था गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | सम्बन्धी रणनीति तथा कार्यनीति रहेको छ। त्यस्तै प्रदेश सिँचाइ विकासको गुरुयोजना तयार गरी प्राथमिकीकरणका आधारमा निर्माण गर्ने, कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न एकीकृत बाली तथा जल व्यवस्थापनमा जोड दिने, थोपा, फोहोरा सिँचाइ जस्ता प्रविधि उपयोग गर्ने, सम्पन्न भएका सिँचाइ आयोजना सञ्चालन तथा मर्मत सम्भारको लागि मर्मत सम्भार कोषको सुनिश्चितता गर्ने जस्ता रणनीति तथा कार्यनीति अवलम्बन गरेकोमा वार्षिक कार्यक्रम तथा बजेटमा समावेश गरेको छैन।<br>गाउँ, शहर तथा बस्तीबाट निस्कने फोहोरमैलाहरूको उचित व्यवस्थापन गर्न उपयुक्त प्रविधिको प्रयोग गरी मलमुत्र तथा फोहरलाई अर्गानिक कृषि उत्पादनमा प्रयोग गर्ने ठूला तथा शहरी खानेपानी आयोजनाहरूमा पानी प्रशोधन प्रणालीको निर्माण गर्ने जस्ता रणनीति तथा कार्यनीति अवलम्बन गरेकोमा समेत नीति तथा कार्यक्रमले सो कुरालाई समेट्न सकेको छैन। दीर्घकालीन योजनासँग समन्वय हुने गरी नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ। | |
| ४. | रकमान्तर - कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७(२) मा मातहतको निकायको अनुदान संकेत अन्तर्गतको कुनै बजेट उपशीर्षकमा रकम नपुग भएमा सो अनुदान संकेत अन्तर्गत बचत भएको रकम अन्य बजेट उपशीर्षकहरूबाट प्रदेश विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही खर्च व्यहोर्ने स्रोत परिवर्तन नहुने गरी चालु बजेट चालु र पुँजीगत बजेटबाट पुँजीगत तर्फको शीर्षकमा रकमान्तर गर्न सकिने व्यवस्था अनुसार मन्त्रालयले आषाढ महिनामा २० योजनाको रकम घटाई २६ योजनामा रकम थप गरी रू.३ करोड ५७ लाखको कार्यक्रम संशोधन/स्वीकृत गरेको देखिएको छ। वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने पद्धतीमा सुधार ल्याउनुपर्दछ। | कर्णाली प्रदेश आर्थिक कार्यबिधि ऐन, २०७४ ले गरेको व्यवस्थाको पालना गरी रकमान्तर गर्न निर्देशन दिने। |
| ५. | योजना छनौट - कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को दफा २२ (२) मा **मातहतका कार्यालयबाट बजेट अनुमान तथा वार्षिक कार्यक्रम प्राप्त भएपछि** सो अध्ययन गरी बजेटलाई अन्तिम रूप दिनुपर्ने उल्लेख छ। मन्त्रालयले स्वीकृत गरेका २ हजार ४९७ योजना मध्ये १४ बहुवर्षीय योजना, १ हजार ४८४ विगतदेखि सञ्चालित पटके योजना तथा ९९९ नयाँ योजना रहेका छन्। स्थानीय आवश्यकतालाई पूर्ति गर्न जिल्ला स्थित जलस्रोत तथा ऊर्जा विकास कार्यालयबाट माग भएका ९३२ योजनामध्ये ७७८ योजना मात्र छनौट भई बाँकी १५४ योजना प्रक्रिया बाहिरबाट छनौट भएको छ। मागमा आधारित भन्दा अन्य कारणबाट छनौट भएका योजनाहरू स्वीकृत गर्ने प्रवृत्तिमा नियन्त्रण हुनुपर्दछ। | कर्णाली प्रदेश आर्थिक कार्यबिधि नियमावली, २०७५ अनुसार बजेट निर्माण गर्न निर्देशन दिने। |
| ६. | आयोजना सञ्चालन कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २०(२) मा प्रदेश सरकारले बहुवर्षीय योजना समेतमा बजेट विनियोजन गर्न सक्ने उल्लेख छ। मन्त्रालयले हालसम्म २८ बहुवर्षीय आयोजनाहरूको सम्भाव्यता अध्ययन गरेकोमा १३ आयोजनाहरू सम्पन्न भएको, १४ कार्यान्वयनमा रहेको र एक आयोजनाको लागत अनुमान स्वीकृत चरणमा रहेको छ। मन्त्रालयले यस वर्ष सञ्चालन गरेका २ हजार ४९७ आयोजना मध्ये रू.५ लाख भन्दा कमका १९०, रू.५ लाख देखि रू.२० लाख सम्मका १ हजार ६२७, रू.२० लाख देखि रू.५० लाख सम्मका ६११ | बजेट निर्माण गर्दा बहुवर्षीय तथा दीर्घकालीन महत्वका आयोजनालाई प्राथमिकता दिन निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | तथा रू.५० लाख माथिका ६९ आयोजना रहेका छन्। भन्दा पनि साना प्रकृतिका योजनामा बढी खर्च हुने दीर्घकालीन महत्व राख्ने आयोजनामा खर्च गर्नुपर्दछ। बहुवर्षीय तथा दीर्घकालीन महत्वका आयोजना गरेको देखिएको छ। बहुवर्षीय ठुला तथा दीर्घकालीन महत्त्व राख्ने आयोजनामा खर्च गर्नुपर्दछ। | |
| ७. | योजनाको निरन्तरता - निर्माण कार्यको कुल लागत अनुमान तयार गरी आवश्यकता अनुसार सालबसाली एवं बहुवर्षीय आयोजना अनुसार कार्य सम्पन्न गरी प्रतिफल उपयोग गर्नुपर्दछ। **जिल्लास्थित कार्यालयबाट पटके रूपमा बजेट प्राप्त भई निर्माण सञ्चालन भएका विभिन्न आयोजनाहरू अधुरो रहेको अवस्था छ।** खानेपानी, सिंचाई तथा ऊर्जा विकास कार्यालय, दैलेखको मात्र सिँचाइ समानिकरणतर्फको ७३, कर्णाली प्रदेश जनता सिँचाइ आयोजनाको २४ र खानेपानी संरचना समानिकरणतर्फ ९७ योजनामा गत वर्ष रू.७१ करोड ८४ लाख ४० हजार खर्च भएकोमा ती योजनाहरूमा **यस वर्ष बजेट विनियोजन नभएकोले निरन्तरता नभई सो लगानी खेरजाने स्थिति छ।** जिल्ला स्थित कार्यालयहरूमा भएका यस्ता लगानीको मन्त्रालयले अभिलेख राखेको छैन। दीर्घकालीन सोच वेगर पटके कार्यक्रम स्वीकृत गरी बजेट विनियोजन गर्ने तर निरन्तरता नहुँदा विगताको लगानीको उचित प्रतिफल प्राप्त हुने देखिदैन। सालवसाली प्राप्त बजेट अनुसार लागत अनुमान तयार गरी कार्य सम्पन्न गर्नेगरी योजना स्वीकृत गर्ने तर बाँकी रहेको काम सम्पन्न गर्ने बजेट व्यवस्था नगर्ने कार्य अन्त्य गरी अनिबार्य निरन्तरता दिई बाँकी संरचना निर्माण कार्य पुरा गर्नुपर्दछ। | बहुवर्षीय एवं क्रमागत आयोजनाहरूमा आवश्यक बजेट व्यवस्था गर्न निर्देशन दिने। कार्यान्वयनमा गइसकेका तर निरन्तरता दिन नसकिने योजनाहरूको यकिन गर्ने विधि निर्माण गर्न निर्देशन दिने। |
| ८. | गुणस्तर परीक्षण तथा नियन्त्रण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ र ११५ बमोजिम खरिद सम्झौता साथ पेस गरेको स्पेसिफिकेसनमा उल्लेख गरे अनुसारको फलामे डण्डी, गिट्टी, वालुवा, जी. आई. तार, सिमेन्ट, कंक्रिट, पाइप तथा फिटिङ्ग, खानेपानी र सिँचाइ संरचनाहरू आदिको गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ। जिल्ला स्थित कार्यालयहरूको गुणस्तर परीक्षणको लागि आफ्नै ल्याव उपकरण र प्राविधिक जनशक्ति नरहेको, संरचनाहरू निर्माण गर्दा स्पेशिफिकेसनमा उल्लेखित स्थानको निर्माण सामग्री प्रयोग गर्नुपर्नेमा अन्य स्थानका सामग्रीहरू प्रयोग गरेको र सुपरीवेक्षण कमजोर भई गुणस्तर नियन्त्रण प्रति आश्वस्तता हुने अवस्था छैन। कार्यालयहरूले एचडिपि लगायत विभिन्न किसिमका पाइप तथा फिटिङ सामानहरू, विद्युत लाईन विस्तार गर्ने तार आदि खरिद गरेकोमा सम्बन्धित कम्पनीको डेन्सिटी लगायतका टेष्ट सर्टिफिकेसनलाई मान्यता दिई स्वतन्त्र रूपले आवश्यक पर्ने परीक्षण गरेको छैन। यसैले सम्झौतामा तोकिएको गुणस्तरीय सामग्री आपूर्ति भएको सुनिश्चित हुन सकेन। | खरिद सम्झौतामा तोकिएको गुणस्तरीय सामग्री आपूर्ति भएको सुनिश्चित गर्ने गुणस्तर नियन्त्रण प्रणालीको व्यवस्था गर्न निर्देशन दिने। |
| ९. | परामर्श सेवा खरिद - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्नुपर्ने, नियम ६९ मा कार्यक्षेत्रगत शर्त तयार गर्नुपर्ने व्यवस्था छ। जिल्लास्थित कार्यालयहरूले यस वर्ष खानेपानी तथा सिँचाइ योजनाहरूको सम्भाव्यता तथा बिस्तृत अध्ययनका लागि परामर्श सेवा खरिद गर्दा कार्यालयको जनशक्ति अभाव देखाई तोकिए बमोजिम लागत अनुमानको प्रक्रिया पुरा नगरी बजेट रकमका आधारमा सिधै खरिद गर्ने गरेका छन्। विस्तृत प्रतिवेदन तयार गर्न दैलेख स्थित कार्यालयबाट विभिन्न ४३ आयोजनाका लागि रू.१ करोड १ लाख ८ हजार | तयार गरिएका डिपिआरको विस्तृत विवरण समितिमा पेश गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | तथा सुर्खेतबाट ५ आयोजनामा रू.५२ लाख ५२ हजार खर्च गरी प्रतिवेदन प्राप्त भएको छ। कार्यान्वयनमा रहेका कतिपय आयोजनाहरूको विस्तृत अध्ययन प्रतिवेदन बेगर खरिद सम्झौता हुने तर विस्तृत अध्ययन प्रतिवेदन तयार भएका योजनाहरू कार्यान्वयन नहुने अवस्था देखिएको छ। एकै प्रकृतिको परामर्श सेवाको काम प्याकेज बनाइ प्रतिस्पर्धात्मक तवरले खरिद गर्न सकिनेमा टुक्रा बनाई सोझै खरिद गरेको नियमसम्मत देखिएन। परामर्श सेवामा भएको खर्च प्रभावकारी हुनेगरी योजना छनौट तथा कार्यान्वयन गर्ने र परामर्श सेवा खरिद समेत प्रतिस्पर्धी हुनेगरी सुधार गर्नुपर्दछ। | |
| १०. | निर्माण कार्य अधुरो - मन्त्रालयबाट सञ्चालित योजनाहरू समयमा नै सम्पन्न गरीनुपर्दछ। मन्त्रालयले २०७४।११।२३ सम्ममा निर्माण सम्पन्न गर्ने गरी २०७३।११।२३ मा रू. २ करोड ६९ लाख ८० हजारको भुरचौर सिँचाइ आयोजना (भेरी नगरपालिका, जाजरकोट) र रू.२ करोड ५८ लाख ९ हजारको नायकबाडा सिँचाइ आयोजना (बारेकोट गाउँपालिका, जाजरकोट) सम्झौता गरेकोमा हालसम्म क्रमश रू.१ करोड ६५ लाख ७५ हजार र रू.१ करोड ३० लाख ४५ हजार भुक्तानी गरी बाँकी काम अधुरो रहेको छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ अनुसार सम्झौता उल्लंघन उपचारको कारबाही मार्फत् उक्त योजनाहरू सम्पन्न गर्ने तर्फ मन्त्रालयको ध्यान जानुपर्ने देखिन्छ। | आयोजना समयमै सम्पन्न हुन नसक्नुको कारण पहिचान गरी उपयुक्त निकास निकाली समितिलाई जानकारी गराउन निर्देशन दिने। |
| ११. | उपभोक्ता परिचालन - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा रू.१ करोड रूपैयाँ सम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था अनुसार खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, सुर्खेतले रू.२७ करोड ६३ लाख ५१ हजार, दैलेखले रू ५२ करोड १८ लाख ५७ हजारको संरचना उपभोक्तामार्फत् निर्माण गरेका छन्। बाँकी ८ कार्यालयहरूले समेत सोही अनुपातमा उपभोक्ता परिचालन गरेको अवस्था छ। उपभोक्तामार्फत् कार्य गराउँदा सोही नियमावलीको उपदफाहरूमा उल्लेखित उपभोक्तामा प्रतिष्पर्धा गराउन सार्वजनिक सूचना नगरेको, प्राविधिक बिल तथा कार्यसम्पन्न प्रतिवेदन एकै भएको, बिल भरपाई भिडाउने नगरेको, सामाजिक परीक्षण भएको प्रमाण संलग्न गर्ने नगरेको, उपभोक्ताहरू संस्था दर्ता ऐन अनुसार दर्ता नभई पटके गठन हुने गरेको, उपभोक्तालाई कन्टिन्जेन्सी, ओभरहेड, उपभोक्ताको अंश र मूल्य अभिवृद्धिकर भुक्तानी दिन नमिल्नेमा दिने गरेको, कामको गुणस्तर परीक्षण गर्ने नगरेको, आयोजनाको स्वामित्व र मर्मत संभार जिम्मेवारी सहित उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको लगायत व्यहोरा देखिएको छ। नियमावलीको पालना गर्नु/गराउनु पर्दछ। | उल्लिखित विषयका सम्बन्धमा नियमावलीमा भएको व्यवस्था र उक्त विषय वस्तु सम्बन्धमा थप पुष्ट्याई सहित समितिमा पेश गर्न निर्देशन दिने। |
| १२. | बजेट तथा आयोजना सञ्चालन - कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २१ अनुसार सम्बन्धित कार्यालयले बजेट तथा कार्यक्रम तयार गरी पेस गर्ने र नियम २४ अनुसार कार्यक्रम स्वीकृत गर्नुपर्ने व्यवस्था छ भने नियम २०(३) मा बजेट तर्जुमाका आधार उल्लेख छ। दैलेख स्थित कार्यालयलाई मझौला सिँचाइ कार्यक्रममा रू.५ लाख देखि ४० लाखसम्मका २३ योजनाका लागि रू.४ करोड ९२ लाख बजेट विनियोजन भएकोमा लमस्तडा लिफ्ट सिँचाइका लागि जम्मा रू.१५ लाख उपलब्ध गराएको देखिन्छ भने समयमा बजेट निकासा/कार्य सम्झौता नभएको कारण टाहारी सिँचाइ (रू.२५ लाख) सिम्तडा-डावाखेत(रू.१० लाख) र गोठीखोला(रू.५ लाख) योजनाको काम हुन | बजेट तर्जुमा गर्दा नियमावलीमा भएको व्यवस्था अनुसार गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | सकेको देखिएन। नियमको उक्त प्रक्रिया पालना नगरी स्वीकृत बजेटको पुरै काम उपभोक्ता समितिबाट टुक्रे योजनामा खर्च भएको छ। बजेट व्यवस्था तथा आयोजना सञ्चालन कार्य दीर्घकालीन रूपमा स्थायित्व हुनेगरी सुधार गर्नुपर्दछ। | |
| १३. | पाइप मौज्दात - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ अनुसार खरिदको आवश्यकता पहिचान गरी सो आधारमा खरिद गर्नुपर्नेमा खानेपानी आयोजनाका लागि पुरानो मौज्दात यकिन नगरी पुनः मौज्दातमा रहने गरी पाइप खरिद गरेको देखियो। गत वर्ष मौज्दात रहेका र यस वर्ष खरिद भएका विभिन्न साईजका पाइपमध्ये जलस्रोत तथा ऊर्जा विकास निर्देशनालय सुर्खेतमा रू. १ करोड ३९ लाख ७३ हजार, जलस्रोत तथा ऊर्जा विकास कार्यालय, जुम्लामा रू.७३ लाख ८७ हजारको पाइप र रू.१९ लाख ६९ हजारको फिटिङ, सल्यानमा रू. ४९ लाख ५१ हजारको पाइप र रू.१० लाख ८३ हजारको फिटिङ, जाजरकोटमा रू.५ लाख ६० हजारको फिटिङ्ग र हुम्लामा रू.३६ लाख ६५ हजारको पाइप र रू. ४२ लाख ७८ हजारको फिटिङ समेत रू. २ करोड ९९ लाख ७६ हजारको पाइप र रू.७८ लाख ९० हजारको फिटिङ मौज्दातमा रहेकोले आवश्यकताको आधारमा मात्र सामग्री खरिद गर्ने र मौज्दात रहेका सामग्रीहरू सम्बन्धित आयोजनामा प्रयोग गरेको सुनिश्चित हुनुपर्दछ। | आगामी आर्थिक वर्षमा जिन्सी सामान खरिद गर्दा आवश्यकता भन्दा बढी मौज्दात नरहने गरी खरिद गर्न निर्देशन दिने।<br>मौज्दात रहेको सामग्री प्रयोग भए नभएको यकीन गरी बेरुजुको लगत कट्टा गर्न निर्देशन दिने। |
| १४. | पाइप जडान - खरिद गरिएको निर्माण सामग्री नापी किताबमा प्रमाणित नभएसम्म खर्च प्रमाणित हुनसक्ने देखिँदैन। यो बर्ष जलस्रोत तथा ऊर्जा विकास कार्यालय, सल्यानले रू.९ लाख ३४ हजार र रूकुम पश्चिमले रू.४ करोड ८७ लाख ४२ हजार समेत रू. ४ करोड ९६ लाख ७६ हजारको पाइप जडान हुन सकेको छैन। जिन्सी खाताबाट खर्च देखाएतापनि नापी किताबमा प्रविष्टि नगरेकाले पाइप खर्च पुष्टि हुने स्थिति छैन। खरिद गरिएका पाइप सम्बन्धित योजनामा उपयोग भएको पुष्टि हुनुपर्दछ। | आगामी आर्थिक वर्षमा जिन्सी सामान खरिद गर्दा आवश्यकता पहिचान गरी खरिद गर्न निर्देशन दिने।<br>नापी किताबमा प्रविष्ट भएको यकीन गरी लगत कट्टा गर्न निर्देशन दिने। |
| १५. | पाइप सापटी - जलस्रोत तथा ऊर्जा विकास कार्यालयहरूले उपलब्ध गराएको विवरण अनुसार जलस्रोत तथा ऊर्जा विकास कार्यालय, सल्यानले विभिन्न आयोजनामा रू.६९ लाख ६८ हजारको १ लाख १३ हजार ७४७ मिटर पाइप अन्य आयोजनाबाट सापटी ल्याई खर्च गरेको छ। अन्य आयोजनाको लागि खरिद भएको पाइप सापटी ल्याई प्रयोग गर्दा ती आयोजना प्रभावित हुनसक्ने देखिन्छ। पाइप प्राप्ति, प्रयोग र मौज्दात सम्बन्धमा स्पष्ट प्रमाण पेस गरी सापटी जनाइएका पाइपको व्यवस्थापन एवं प्रयोग भएको सुनिश्चित हुनुपर्दछ। | मन्त्रालयले एउटा योजनामा भएको सामग्री अर्को आयोजनामा प्रयोग गर्दा दुबै परियोजना प्रभावित नहुने गरी कार्य सञ्चालन गर्न निर्देशन दिने।<br>सापटी भनी ल्याइएको सामग्रीको उचित प्राप्ति र प्रयोग भएको यकीन गरी लगत कट्टा गर्न निर्देशन दिने। |
| १६. | बढी भुक्तानी - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१ख) मा प्राविधिक नापजाँच अनुसार नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादन अनुसारको भुक्तानी गर्नुपर्दछ। जलस्रोत तथा ऊर्जा विकास कार्यालय, हुम्लाले २३ योजनामा रू.१२ लाख, मुगुले २ योजनामा रू.२७ लाख २४ हजार, कालिकोटले ४ योजनामा रू.३ लाख ९२ हजार, दैलेखले २ योजनामा रू.२ लाख ८ हजार र रूकुम पश्चिमले ५ योजनामा रू.१० लाख २५ हजार समेत | असुल उपर भएको रकमलाई बेरुजुको लगत कट्टा गरी बाँकि रकम असुल गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | रू. ५५ लाख ४९ हजार नापजाँच भन्दा बढी भुक्तानी गरेकोले सो कार्यमा संलग्न पदाधिकारीलाई जिम्मेवार बनाई सो रकम असुल हुनुपर्दछ। | |
| १७. | विद्युत पोल खरिद - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा खरिदको आवश्यकता पहिचान गरी खरिदको परिमाण र क्षेत्र यकिन गरी सो अनुसार आर्थिक स्रोत व्यवस्था गरी खरिद विधि छनौट गर्नुपर्ने उल्लेख छ। जलस्रोत तथा ऊर्जा विकास कार्यालय, जुम्लाले एक निर्माण व्यावसायीसँग रू.१ करोड ७५ लाख २३ हजारको ६१० थान र सल्यानले रू. १ करोड २१ हजारका ५२८ थान समेत रू.२ करोड ७५ लाख ४४ हजारको १ हजार १३८ थान विद्युत पोल खरिद गरेकोमा ती पोलहरू मौज्दातमा रहेको देखियो। नियमको उक्त व्यवस्था अनुसार आवश्यकता पहिचान नगरी खरिद भएको देखिएको छ। खरिद भएको विद्युत पोलहरू जडान गरी कार्यसम्पन्न प्रतिवेदन पेस गर्नुपर्दछ। | मौज्दातमा रहेका सामग्री वितरण भएको माग फारम, कार्य सम्पन्न प्रतिवेदन र स्थानीय तहले पोलहरू बुझेको प्रमाणहरू यकीन गरी बेरुजु लगत कट्टा गर्न निर्देशन दिने। |
| १८. | विद्युत विस्तार - दैलेख जिल्लाको चामुण्डा विन्द्रासैनी, आठवीस, ठाँटीकाध क्षेत्रमा विद्युत विस्तार गर्न नेपाल विद्युत प्राधिकरणले पेश गरेको लागत अनुमान रू.२२ करोड ३९ लाख ९ हजार मध्ये रू.१५ करोड खानेपानी सिँचाइ तथा ऊर्जा विकास कार्यालय, दैलेखले भुक्तानी गर्नेगरी २०७९। ३। २२ मा उक्त प्राधिकरणसँग सम्झौता भएको पाईयो। सम्झौता अनुसार निर्माण कार्यको लागि खरिद प्रक्रिया पुरा गरी ठेक्का छनौट गर्ने जिम्मेवारी समेत विद्युत प्राधिकरण कर्णाली प्रादेशिक कार्यालय, सुर्खेतको रहेकोले उक्त रू. १५ करोड सम्बन्धित कार्यालयलाई अग्रिम रूपमा एकमुष्ट भुक्तानी गरेकोमा पेश्की नजनाई खर्चमा लेखाङ्कन गरेको देखियो। सम्झौताको बुँदा नं ७ मा ठेकेदारले काम सम्पन्न गरिसकेपछि खर्च विवरण, आवश्यक सक्कल कागजात कार्यालयलाई उपलब्ध गराउने व्यवस्था अनुसार खरिद कार्यको फाईल लगायत ठेक्का सम्झौता रकम घटेमा सो अनुसार लागत साझेदारी कट्टा गरी बाँकी रकम फिर्ता प्राप्त गर्ने लगायत प्रक्रियाबाट उक्त रकम फरफारख गर्नुपर्दछ। | विद्युत् प्राधिकरणबाट भएको हालसम्मका कार्यप्रगतिको विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| १९. | जटिल निर्माण कार्य - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १४ मा उपभोक्ता समितिबाट निर्माण काम गराउँदा श्रममुलक कामको निर्धारण गर्ने, मितव्ययिता, गुणस्तरियता, दिगोपना अभिवृद्धि गर्ने आधारको विषयमा समेत विचार गरी काम गराउनुपर्ने व्यवस्था छ। लिफ्ट सिँचाइ जस्ता जटिल प्रकृतिका काम एवं पाइप खरिद मात्र गर्ने मालसामान खरिद समेत उपभोक्ता समिति मार्फत् गराएको छ। उक्त खरिद कार्यको स्पेसिफिकेसन तयार गर्ने, खरिद अनुगमन कार्यालयले निर्धारण गरेको खरिद विधि अवलम्बन गर्ने दक्षता उपभोक्ता समितिसँग नभए पनि खरिदको जिम्मेवारी दिने गरेको छ। दैलेख स्थित कार्यालयले मात्र ३ खानेपानी, २ सिँचाइको ठुला योजना लिफ्ट मार्फत् सञ्चालन भएकोमा सोमा प्रयोग हुने समरसिवल पम्प, सोलार प्यानल लगायत विद्युतीय मेसिनरी सामान खरिद उपभोक्ताबाटै गराएको छ। सो मध्ये ३ उपभोक्ता समितिले एक आपूर्तिकर्ताबाट रू.६४ लाख ३७ हजारको लिफ्टीङ्ग सामानहरू सिधै खरिद | सुझाव बमोजिम गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | गरेका छन्। बाँकी ३ उपभोक्ताले समेत रू.२० लाख माथिका उक्त सामानहरू सिधै खरिद गरेका छन्। सार्वजनिक खरिद ऐन, नियम पालना गरी श्रममुलक कार्य र सामान आपूर्ति कार्य विभाजन गरी श्रममुलक कार्य मात्र समिति मार्फत् गरी खरिद कार्य प्रतिस्पर्धा मितव्ययी र गुणस्तरीय बनाउनुपर्दछ। | |
| २०. | सोझै खरिद - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिदमा प्रतिष्पर्धा सिमित हुने गरी खरिद गर्न नहुने उल्लेख छ। जलस्रोत तथा ऊर्जा विकास कार्यालय, डोल्पाले रू.१९ लाख २१ दैलेखले रू.७८ लाख ४७ हजार, कालिकोटले रू. ४ करोड ९ लाख २७ हजार, रुकुमले रू.५९ लाख ७८ हजार, हुम्लाले रू.२८ लाख २३ हजार, सुर्खेतले रू.२ करोड १९ लाख २७ हजार समेत रू.८ करोड १४ लाख २३ हजारको सामग्री सोझै खरिद गरी भुक्तानी गरेको छ। सो खर्चलाई नियमित गरिनु पर्दछ। | विशेष परिस्थितिमा खरिद गरेको देखिएकोले हाललाई बेरुजु रकम लगतबाट हटाउन निर्देशन दिने। आगामी दिनमा सार्वजनिक खरिद ऐनको पालना गरी खरिद कार्य गर्न निर्देशन दिने। |
| २१. | रावतकोट लिफ्ट सिंचाई - कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ७ ले कार्यक्रम छनौट एवं स्वीकृत गर्दा आवधिक योजना, मध्यमकालिन खर्च संरचना र सो अनुसार बहुवर्षीय योजनाको दायित्व समेत विचार गरी आयोजनाको सम्भाव्यता अध्ययन र विस्तृत आयोजना प्रतिवेदनका आधारमा बजेट व्यवस्था गर्नुपर्ने व्यवस्था गरेको छ। **जलस्रोत तथा ऊर्जा विकास कार्यालय, दैलेखले** ९३४ घरलाई खानेपानी वितरण गर्नका लागि २ स्टेपमा ५६० मिटर उचाइमा १ लाख लिटरको ट्यांकीबाट खानेपानी वितरण गर्न यसवर्ष रू.८९ लाख ९६ हजार खर्च गरी इनार निर्माण, सोलार तथा पम्प जडान कार्य गरेको छ। बिस्तृत योजना प्रतिवेदन बेगर सञ्चालन भएको सो योजनाको २ वटै सोलार प्यानल सामुदायिक जंगलभित्र राखेको छ। उक्त योजना बहुवर्षीय भएपनि सालवसाली रूपमा टुक्रा गरी बजेट आएको कारण योजनाको कुल लागत र क्रियाकलापहरू यकिन भइसकेको छैन। स्रोत सुनिश्चितता नभएबाट आयोजनाको सबै काम उपभोक्तामार्फत् भइरहेको छ। ट्यांकी निर्माण, वाटर पम्प, सोलार लगायत जटिल प्रकृतिका काम समेत उपभोक्ताले सम्पन्न गरेको छ। समय, लागत र क्रियाकलाप यकिन गरी गुणस्तरीय र मितव्ययी ढंगबाट योजना सम्पन्न हुने सुनिश्चित गर्नुपर्दछ। | आयोजनाको सम्बन्धमा विस्तृत जानकारी समितिमा पठाउन निर्देशन दिने। |
| २२. | कोटिलाताल पञ्चकोशी जलाशय - कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २४ बमोजिम कार्यक्रम स्वीकृत गरी खर्च गर्नुपर्नेमा कोटिलाताल पञ्चकोशी जलाशय निर्माणका लागि जलस्रोत तथा ऊर्जा विकास कार्यालय, दैलेखले खोल्सी संरक्षण कार्यक्रम गर्न रू.१ करोड ५० लाख बजेट स्वीकृत भई एक निर्माण व्यवसायीको मुल्य अभिवृद्धि कर समेत रू.६१ लाख २२ हजारमा तटबन्ध निर्माण गरेको छ। बाँकी रकमबाट सोही निर्माण व्यवसायीलाई कोटेशनबाट रू.९ लाख ९३ हजारको थप तटबन्धन जाली लगाउने काम दिई खर्च गरेको छ। जलाशयको गुरूयोजना बनाए पनि आधिकारिक निकायबाट स्वीकृत नभएको तर सालबसाली पटके बजेट प्राप्त हुने गरेको देखियो। जलाशय निर्माणका लागि मुहानका खोल्सीहरू संरक्षण गर्दै गई कोटीला क्षेत्रमा जलाशय निर्माण गर्ने उक्त महत्वकांक्षी योजनाका लागि बिस्तृत आयोजना प्रतिवेदन तयार गरी निश्चित समयमा कार्य सम्पन्न गर्ने गरी गुरूयोजना स्वीकृत गरेर मात्र खर्च गर्नुपर्ने देखिन्छ। | सुझाव बमोजिम गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| २३. | लात्य लालिकाँडा खानेपानी - कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २१ ले कार्यालयले बजेट तर्जुमा गर्दा आगामी वर्षमा कार्यान्वयन गरिने कार्यक्रम वा आयोजनाको लक्ष्य र कुल लागत सहित बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। दैलेखको लात्य लालिकाँडा खानेपानी आयोजना निर्माण गर्न एक निर्माण व्यवसायीसँग सम्झौता गरी इन्टेक, फेरोटयाङ्क र गार्ड भवन निर्माणमा रू. १ करोड २ लाख ६२ हजार खर्च गरी कार्य स्वीकार प्रतिवेदन जारी गरेको देखियो। लाभग्राही समुदायको घरमा धारा जोडी पानी पुर्‍याउने काम बाँकी नै रहेको छ। ठुला आयोजनाहरूको निर्माण गर्दा कुल लागत अनुमान, निर्माण व्यवसायीबाट गराउनुपर्ने जटिल काम र उपभोक्ताबाट गराउन सकिने श्रममुलक काम छुट्याई एकमुष्ट लागत अनुमान तयार गरी कार्य गर्नका लागी लागत अनुमान, आयोजना स्वीकृती जस्ता विषयमा सुधार गर्नुपर्दछ। साथै आयोजनाको बाँकी क्रियाकलाप निरन्तर सञ्चालन गरी उक्त लगानी सदुपयोग गर्नुपर्दछ। | सुझाव बमोजिम गर्न निर्देशन दिने। |
| २४. | निर्माण कार्य - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा निर्माण कार्यको कुल लागत अनुमान तयार गरी सो अनुसार क्रमिक रूपमा सञ्चालन तथा निर्माण लगायत कार्य सम्पन्न भएपछि विद्युत व्यस्थापन गर्नुपर्नेमा जलस्रोत तथा ऊर्जा विकास कार्यालय, दैलेखले यो वर्ष गाड खोला मल्की लिफ्ट सिँचाइ योजना, दुल्लुका लागि समरसिवल पम्प, १५ केभी कन्ट्रोल प्यानल तथा सोलार प्यानल लगायत सामानहरू खरिद एवं घेरावार समेतको काम सम्पन्न गरेको छ। योजनाका लागि पानी ट्यांकी निर्माण, वितरण च्यानल लगायत कार्य आगामी वर्षहरूमा हुने जनाएको छ। प्राप्त बजेट अनुसार लागत अनुमान तयार गर्ने र सो अनुसारको कार्य स्वीकार गर्ने गरेकोले योजनाको कुल लागत, समय र बजेट व्यवस्थापन एवं अपेक्षित उपलब्धी यकिन हुने अवस्था छैन। खरिद गरिएका सोलार प्यानलको २५ वर्ष, पम्प तथा कट्रोलरको २ वर्ष वारेन्टी अवधि प्रयोग नै नगरी समाप्त हुने अवस्था छ। प्राप्त सामानहरू जडान गरी कार्य योजना अनुसार आयोजना सञ्चालन गर्नुपर्दछ। | कार्य सम्पन्न भएको एकीन गरी बेरुजु लगतबाट हटाउन निर्देशन दिने। |
| २५. | प्रतिस्पर्धा बेगर खरिद - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा रू.२० लाख भन्दा बढीको मालसामान खरिद गर्दा बोलपत्र आह्वान गरी गर्नुपर्ने व्यवस्था भएकोमा जलस्रोत तथा ऊर्जा विकास कार्यालय, रूकुम पश्चिमले एक खानेपानी आयोजनामा रू.८६ लाख २ हजारको सोलार प्यानल तथा एक सिँचाइ आयोजनामा रू.४९ लाख ८५ हजारको पाइप समेत रू.१ करोड ३५ लाख ८७ हजारको सामान उपभोक्ता समितिमार्फत् खरिद गरेको छ। प्रतिस्पर्धा बेगर मालसामान खरिद गर्ने कार्यमा नियन्त्रण हनुपर्दछ। | विशेष परिस्थितिमा खरिद गरेको देखिएकोले हाललाई बेरुजु रकम लगतबाट हटाउन निर्देशन दिने। आगामी दिनमा सार्वजनिक खरिद ऐनको पालना गरी खरिद कार्य गर्न निर्देशन दिने। |



सभापति

## सामाजिक विकास मन्त्रालय

### महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७५ (आ.व. २०७४/०७५)

| बेरुजुको दफा | बेरुजुको विवरण | समितिको निर्णयहरू |
|---|---|---|
| १. | बजेटको कार्यान्वयन - प्रदेश सरकारले आफूले प्रस्तुत गरेको बजेटमा उल्लिखित विषयहरूलाई कार्यान्वयन गर्नुपर्दछ। प्रदेश सभाको २०७५।१।१३ को बैठकमा प्रस्तुत बजेटमा क्षेत्रगत मन्त्रालयहरूले कार्यान्वयन गर्नुपर्ने नीति तथा कार्यक्रमहरू उल्लेख भएका छन्। क्षेत्रगतरुपमा तोकिएका नीति तथा कार्यक्रमहरूमध्ये यो मन्त्रालयसँग सम्बन्धित प्रत्येक जिल्लालाई प्राविधिक शिक्षामैत्री बनाउन जिल्ला सदरमुकाम र प्रत्येक स्थानीय तहमा प्राविधिक शिक्षालय स्थापना गर्ने सम्बन्धमा कार्य पद्धतिको सम्भाव्यता अध्ययन गरी कार्य मोडालिटी यकिन गर्ने, स्थानीय तहसँग समन्वय गरी हिउँदको समयमा हिमाली क्षेत्रका छात्र - छात्रहरूलाई पठनपाठन नरोकिने व्यवस्था मिलाउन घुम्ती विद्यालयहरू सञ्चालनका लागि पूर्व सम्भाव्यता अध्ययन गरी कार्ययोजना तयार गर्ने, जीवन उपयोगी, व्यवसायिक, स्थानीय प्रविधिमैत्री, समाजको मागमा आधारित, स्थानीय र विश्व बजारमा खपत हुन सक्ने जनशक्ति उत्पादन गर्न प्रदेश प्राविधिक तथा सहकारी विद्यालयहरू स्थापना गरी सञ्चालन गर्न सम्भाव्यता अध्ययन गर्ने, प्रदेशबाटै शिक्षक अनुमतिपत्र, विद्यार्थीको अनुपातमा कक्षागत र विषयगत शिक्षकको व्यवस्था, गुणस्तरीय शिक्षाको लागि अध्ययन अनुसन्धान तथा व्यवस्थापन गर्न प्रादेशिक शिक्षक सेवा आयोग गठन सम्बन्धमा अध्ययन गरी कार्यान्वयनमा ल्याउने, हिमाली वातावरणको संरक्षणका लागि "हिमाल बचाउ अभियान" कार्यक्रम सञ्चालन गर्न रणनीतिक कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याउने र श्रम बजारमा उपलब्ध जनशक्तिलाई माटो सुहाउँदो तालिम प्रदान गरी बजार माग अनुरुप आपूर्ति गर्ने व्यवस्था मिलाउन "रोजगार विनिमय केन्द्र" स्थापना गरी कार्यान्वयनमा ल्याउने कार्यक्रमहरू रहेकोमा कार्यान्वयन भएको देखिएन। बजेटमा उल्लिखित विषयहरू कार्यान्वयन नहुँदा प्रदेश सरकारले लिएको प्रादेशिक विकास लक्ष्य पूरा हुन सक्दैन। | सरकारको नीति तथा कार्यक्रम र बजेटमा उल्लेखित विषयहरूको कार्यान्वयनका लागि निर्देशन दिने। |
| २. | रारा पर्यटन वर्ष २०७५ - कर्णाली प्रदेश सरकार मन्त्रिपरिषद्को २०७४।११।२६ को निर्णयले कर्णाली रारा पर्यटन वर्ष २०७५ को शुभारम्भ २०७५। १। १ मा गर्ने निर्णय गरेको थियो। सो अनुसार विभिन्न विषयका खर्चहरूमध्ये प्रचार प्रसार एवम् स्वास्थ्य व्यवस्थापन कामको जिम्मेवारीसहित रु.७ लाख उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट यो मन्त्रालयलाई प्राप्त भएको थियो। तदनुरुप प्रदेश अन्तगर्तका १० जिल्लाका विभिन्न २१ एफ.एम हरूलाई पर्यटन वर्षको प्रचार प्रसार बापत रु. १० हजारदेखि रु.१ लाख ६९ हजार ५०० सम्म गरी रु.६ लाख ९७ हजार खर्च गरेको छ। मन्त्रालयले एफ.एम.हरूसँग प्रसारण गर्नुपर्ने सूचना, प्रसारण अवधि, प्रसारण गर्नुपर्ने दिन, रकम आदि खुलाई सम्झौता गरी प्रसारण गरेको प्रमाणको आधारमा खर्च लेख्नुपर्नेमा प्रसारणको आधिकारिक प्रमाण तथा भुक्तानी दिनुपर्ने रकम यकिन नगरी सिधै भुक्तानी दिएको देखिँदा खर्च नियमित देखिएन। | रारा पर्यटन वर्ष २०७५ प्रचार-प्रसारका लागि १० जिल्लाका विभिन्न एफ.एम.हरूलाई भुक्तानी गरिएको रकमको आधार - प्रसारण गरेको प्रमाण - पेश गर्न निर्देशन दिने। |



सभापति

## सामाजिक विकास मन्त्रालय

### महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७७ (आ.व. २०७५/०७६)

| बेरुजुको दफा | बेरुजुको विवरण | समितिको निर्णयहरू |
|---|---|---|
| १. | विनियोजन- यो वर्ष मन्त्रालयलाई कूल रु.२ अर्ब ६६ करोड ७८ लाख २३ हजार विनियोजन भएकोमा रु. ७० करोड १२ लाख १२ हजारको बजेट कार्यान्वयनमा नआई प्रदेश सञ्चित कोषमा फिर्ता भएको छ। पूर्ण रुपले वार्षिक कार्यक्रम सञ्चालन हुन नसक्दा बित्तीय कार्य सम्पादन ७३.७१ प्रतिशत रहन गई विनियोजन दक्षता न्यून देखिएको छ। कार्यक्रम कार्यान्वयन गरी दक्षता बढाउनुपर्दछ। | सुझाव बमोजिम गर्न निर्देशन दिने। |
| २. | बजेट कार्यान्वयन- आर्थिक वर्ष २०७५/७६ को बजेट बक्तव्यमा समावेश भएका कार्यक्रमको कार्यान्वयनको स्थिति देहाय बमोजिम छन : | |
| २.१. | प्रदेशस्तरको स्वास्थ्य सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन तथा नियमन मन्त्रालयको कार्यक्षेत्रभित्र पर्दछन्। यस बर्ष शिक्षा, स्वास्थ्य, महिला, बालबालिका सामाजिक सुरक्षा लगायतको सामाजिक विकास गुरुयोजना बनाउने कार्यक्रम रहेकामा तयार गरेको देखिएन। प्रदेशस्तरमा गरिबीको रेखामुनि रहेका नागरिकका लागी आवश्यक पर्ने प्रिमियम रकम अनुदान दिने स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाउन कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउने कार्यक्रम कार्यान्वयन भएन। | सामाजिक विकास गुरुयोजना बनाउन निर्देशन दिने। स्वास्थ्य बीमा कार्यक्रमको प्रभावकारीता र लागत तथा लाभ विश्लेषण गरी आवश्यक परिमार्जन गर्न निर्देशन दिने। |
| २.२. | सुर्खेत स्थित क्षेत्रीय अस्पताललाई प्रादेशिक मेडिकल कलेजको रुपमा विकास गर्न रु. १० करोड विनियोजन गरेकोमा रकमान्तर गरी अन्य शिर्षकमा खर्च गरेको छ। कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई प्रादेशिक कर्णाली प्रदेश स्वास्थ्य विज्ञान प्रतिष्ठानमा रुपान्तरण गर्ने, बालरोग, क्यान्सर अस्पतालको स्थापना प्रक्रिया अगाडि बढाउने, आकस्मीक स्वास्थ्य कोष रु. १ करोडको स्थापना गर्ने, टेलिमेडिसिनबाट स्वास्थ्य सेवा उपलब्ध गराउने, औषधि उद्योगमा निजी सामुदायिक साझेदारीलाई प्रोत्साहित गर्ने, स्वास्थ्य प्रहरी कार्यक्रममा रु. २ करोड २५ लाख बजेट व्यवस्था भएकोमा प्रगति भएन। | सरकारको नीति तथा कार्यक्रम र बजेटमा उल्लेखित विषयहरूको कार्यान्वयनका लागि निर्देशन दिने। |
| २.३. | शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन, प्रादेशिक शिक्षा, प्राविधिक तथा व्यवसायिक तालिम र छात्रबृत्ति सम्बन्धी नीति, कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, माध्यमिक तहको परीक्षा व्यवस्थापन यस मन्त्रालयको कार्य क्षेत्रभित्र पर्दछन्। प्रादेशिक शिक्षा नीति तर्जुमा गरेको छैन। कर्णाली प्रादेशिक विश्वविद्यालय, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद गठनको लागि कानून निर्माण, जुम्लास्थित कर्णाली प्राविधिक शिक्षालयको स्तरोन्नति गरी स्नातक तहको कार्यक्रम सञ्चालन गर्ने, भाषा, कला साहित्य तथा संस्कृति प्रतिष्ठान स्थापना गर्ने, हिमाली क्षेत्रमा घुम्ती विद्यालय स्थापना र ३ वटा आवासीय विद्यालय स्थापना गर्न रु.९ करोड बजेट व्यवस्था गरेकोमा प्रगति भएको छैन। | सरकारको नीति तथा कार्यक्रम र बजेटमा उल्लेखित विषयहरूको कार्यान्वयनका लागि निर्देशन दिने। प्रादेशिक शिक्षा नीति तर्जुमाका लागि निर्देशन दिने। |

सभापति

| | | |
|---|---|---|
| २.४. | कर्णाली खेलकुद परिषद गठन गर्ने, सुर्खेतमा प्रादेशिक रंगशाला, उच्च हिमाली क्षेत्रमा बहुउद्देशीय रंगशाला निर्माणका लागी रु. १५ करोडको व्यवस्था गरेकोमा कार्य भएको छैन। | सरकारको नीति तथा कार्यक्रम र बजेटमा उल्लेखित विषयहरूको कार्यान्वयनका लागि निर्देशन दिने। |
| २. ५. | प्रदेश युवा परिषद गठन गर्ने, युवा स्वयमसेवक सञ्जाल निर्माण गर्ने, युवा उद्यमी मार्फत उत्पादन कार्यक्रम सञ्चालन गर्न रु. ३ करोडको बजेट व्यवस्था गरेकोमा कार्य सम्पन्न भएको छैन। | सरकारको नीति तथा कार्यक्रम र बजेटमा उल्लेखित विषयहरूको कार्यान्वयनका लागि निर्देशन दिने। |
| २.६. | मनमोहन ज्येष्ठ नागरिक कार्यक्रम अन्तर्गत ७० वर्ष माथिका जनतालाई प्रदेशभित्र उपलव्ध स्वास्थ्य सेवा निःशुल्क गरिने कार्य पनि कार्यान्वयन भएन। | सरकारको नीति तथा कार्यक्रम र बजेटमा उल्लेखित विषयहरूको कार्यान्वयनका लागि निर्देशन दिने। |
| २.७. | राष्ट्रिय, अन्तराष्ट्रिय गैरसरकारी संस्थाद्वारा सञ्चालन गरिने कार्यक्रमलाई पारदर्शी र जनउत्तरदायी बनाउने कार्यक्रममा प्रगति देखिएन। | सरकारको नीति तथा कार्यक्रम र बजेटमा उल्लेखित विषयहरूको कार्यान्वयनका लागि निर्देशन दिने। |
| ३. | अख्तियारी कार्यक्रम- यस वर्ष मन्त्रालयलाई प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १६ बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयबाट २०७५। ४ \| ३ मा रु. २ अर्ब ६६ करोड ७८ लाख २३ हजारको खर्च गर्ने अख्तियारी र मार्गदर्शन प्राप्त भएकोमा रु. ६४ करोड १७ लाख ७९ हजार बजेट थप भै रु.३ अर्ब ३० करोड ९६ लाख २ हजारको अख्तियारी प्राप्त भएको देखिन्छ। | निर्देशन आवश्यक नभएको। |
| ४. | इन्धन - कार्यक्रम सञ्चालन तथा कार्यक्रम निर्देशिका तथा कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ को परिच्छेद २.८ मा सवारी इन्धन सुविधा पाउने पदाधिकारीले प्रचलित कानून बमेजिम, सचिव र महाशाखा प्रमुखले १०० र ७० लिटर डिजल / पेट्रोल, ५ लिटर मोबिल र प्रति मोटरसाइकल १० लिटर पेट्रोल दिने व्यवस्था छ। मन्त्रालयमा ३ जिप, १ पिकअप, १० मोटरसाइकल र १ स्कुटर रहेकोमा इन्धन पदाधिकारीलाई रु.५ लाख समेत रु.२० लाख ५३ हजार र उक्त साधनको मर्मत बापत रु.२७ लाख ३१ हजार लगबुक, मर्मत अभिलेख र लागत अनुमान बेगर खर्च गरेको छ। नयाँ सवारी साधनको मर्मत खर्च बढि देखिएको छ। यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ। | सवारी साधन अनुसारको वार्षिक मर्मत खर्चको विवरण पेश गर्न निर्देशन दिने। |
| ५. | सोझै खरिद- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले रु.२० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्नेमा रु.१ करोड ४५ लाख २८ हजारको कार्यालय सामान, फर्निचर र कम्प्युटर लगायतका मेशिनरी औजार सोझै खरिद गरेको छ। खरिद कार्य प्रतिस्पर्धी हुनुपर्दछ साथै सो खरिदको कार्यलाई निरुत्साहित गर्नुपर्दछ। | विशेष परिस्थितीमा खरिद गरिएको देखिएकोले बेरुजु लगतबाट हटाउन निर्देशन दिने। अब उप्रान्त गरिने खरिदमा सुझाव बमोजिम गर्न निर्देशन दिने। |
| ६. | भौतिक निर्माण तथा मर्मत संभार कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५/७६ मा विद्यालय निर्माण, मर्मत सम्भार, प्रवलीकरण कार्य वापत रकम प्राप्त गर्ने विद्यालयहरूले आर्थिक वर्षको जेष्ठ मसान्तसम्ममा निर्माण तथा मर्मत सम्भार कार्य सम्पन्न गर्नुपर्ने तथा असार १५ गते सम्ममा कार्य सम्पन्न प्रतिवेदन तयार तथा प्रमाणित गरिसक्नुपर्ने उल्लेख छ। शिक्षा विकास निर्देशनालय, सुर्खेतले यस वर्ष विद्यालय निर्माण तथा मर्मत सम्भार कार्यको लागि रु. ४ करोड ८२ लाख २० हजार निकासा दिएकोमा कार्य सम्पन्न प्रतिवेदन पेश भएको छैन। निर्देशनालयले असार मसान्त भन्दा अगाडि नै विद्यालयलाई भुक्तानी गरी बैंक खाता रोक्का राख्ने र कार्य | कार्यसम्पन्न प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | सम्पन्न पेश भएपछि मात्र बैंक खाता फुकुवा गर्ने जनाएकोमा कार्यालयले पेश गरेको विवरणमा सो निकासालाई पेश्कीको रुपमा देखाएको छ। कार्य सम्पन्न गरेको प्रमाण पेश गरी असूल फछ्यौट गर्नुपर्दछ। | |
| ७. | सेवा शुल्क- अस्पताल विकास समितिले प्रदान गर्ने विभिन्न प्रकारका सेवा वापत सेवाग्राहीबाट तोके बमोजिम सेवा शुल्क लिने र प्राप्त सेवा शुल्क वापतको रकम विकास समितिको आन्तरिक आयको रुपमा आय कायम गर्नु पर्दछ। यस वर्ष रु. ५४ लाख ५३ हजार सेवा शुल्क प्राप्त भएको देखिएकोमा रु. ४५ लाख ५७ हजार दाखिला भएकाले छुट भएको रु. ८ लाख ९५ हजार असूल गर्नुपर्दछ। | यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| ८. | विशेषज्ञ सेवा - अस्पतालको सेवा सर्वसुलभ र प्रभावकारी बनाउन बिरामी उपचार गर्ने चिकित्सकको पर्याप्त जनशक्ति व्यवस्था गरी दरबन्दीअनुसार सबै पदको पूर्ति हुनुपर्छ। प्रदेश अस्पताल, सुर्खेतको स्वीकृत दरबन्दी २८ रहेकोमा २१ को पदपूर्ति नहुँदा अस्पतालले दिने जनरल फिजिसियन, पिडियाट्रिसियन, जनरल सर्जन, साइकिएट्रिक्स लगायतका विशेषज्ञ सेवा दिन सकेको पाइएन। | सुझाव बमोजिम गर्न निर्देशन दिने। |



सभापति

## सामाजिक विकास मन्त्रालय

### महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७८ (आ.व. २०७६/०७७)

| बेरुजुको दफा | बेरुजुको विवरण | समितिको निर्णयहरू |
|---|---|---|
| १. | कार्य जिम्मेवारी : प्रदेश सरकार कार्यविभाजन नियमावली अनुसार कार्यक्षेत्र र कार्य जिम्मेवारीमा तोकिएका ५८ कार्यमध्ये प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा, ध्वनी, हावाको गुणस्तर, समाज कल्याण र संघसस्था सम्वन्धी, भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण, ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवम् कला र वास्तुकला, सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तु, औषधिजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी प्रादेशिक नीति, कानून निर्माण र नियमन गर्ने कार्य कार्यान्वयन गरेको देखिएन। साधन श्रोत व्यवस्थापन गरी क्रमिक रूपले कार्यान्वयन गर्नुपर्दछ। | सुझाव बमोजिम गर्न निर्देशन दिने। |
| २. | नीति तथा कार्यक्रम कार्यान्वयन : प्रदेश सरकारको नीति र कार्यक्रम तथा बजेटबीच सामञ्जस्यता हुनुपर्दछ। मन्त्रालयसँग सम्बन्धित प्राविधिक जनशक्ति उत्पादन गर्न एक जिल्ला एक बहुप्राविधिक कलेज स्थापना गर्ने, संघीय सरकारको समन्वयमा मेडिकल कलेज सञ्चालनमा ल्याउने, तालिम प्राप्त स्नातकलाई स्वयंसेवक बनाई कर्णाली विकास सेवामा परिचालित गर्ने, पर्यटकको सुविधाको लागि सिमीकोट, रारा र शे-फोक्सुण्डोमा विद्युतीय पुस्तकालय स्थापना गर्ने, स्थानीय तहमा १५ सैय्याको अस्पताल निर्माण गर्ने, सिंजामा नेपाली तथा साहित्य विश्व सम्मेलन गर्ने, उपयुक्त स्थानमा हिमाली चिडियाखाना स्थापना जस्ता कार्यक्रमलाई बजेटले सम्वोधन गरेको छैन। नीति कार्यक्रम अनुसार बजेट तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ। | सुझाव बमोजिम गर्न निर्देशन दिने। |
| ३. | विनियोजन दक्षता : यो वर्ष मन्त्रालयलाई रु.५३ करोड ४७ लाख ६४ हजार बजेट बाँडफाँट तथा विनियोजन भएकोमा रु.११ करोड ६० लाख १३ हजार खर्च भएको छ। पूर्णरूपले वार्षिक कार्यक्रम सञ्चालन हुन नसक्दा वित्तीय कार्यसम्पादन २१.६९ प्रतिशत रहन गई विनियोजन दक्षता न्यून देखिएको छ। मन्त्रालयको भवन निर्माण, पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालयको विस्तृत परियोजना प्रतिवेदन तयारी, एक जिल्ला एक बहुप्राविधिक उच्च शिक्षालय स्थापना तथा प्राविधिक उच्च शिक्षा सञ्चालन गर्ने, क्याम्पसको भौतिक सुधार, कर्णालीलाई साक्षर प्रदेश घोषणा गर्ने, रुकुम पश्चिममा कृषि विज्ञान प्रतिष्ठान स्थापना गरी सञ्चालन गर्ने, घुम्ती अस्पताल स्थापना, भाषा, कला, साहित्य प्रतिष्ठान गठन, लगायतका कार्यक्रम सञ्चालन गरेको छैन। कार्यक्रम कार्यान्वयन दक्षता बढाउनुपर्दछ। | सुझाव बमोजिम गर्न निर्देशन दिने। |
| ४. | लक्ष्य प्रगति : प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २६ अनुसार मन्त्रालयले तोकिएको ढाँचामा वार्षिक प्रगति विवरण तयार गर्नु पर्दछ। प्रदेश अन्तर्गतका १० जिल्लाका २७ कार्यालय र मन्त्रालयसमेतको विकास कार्यक्रमका समष्टिगत प्रगति विवरण निर्धारित ढाँचामा तयार गरेको छैन। मन्त्रालयले प्रगति प्रतिवेदन तयार गर्नुपर्दछ। | सुझाव बमोजिम गर्न निर्देशन दिने। |
| ५. | हेलिकप्टर भाडा : प्रदेश भ्रमण खर्च नियमावली, २०७५ को नियम ४(१) अनुसार सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले सम्भव भएसम्म किफायती र कम खर्चिलो साधन प्रयोग गरी भ्रमण गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले मुख्यमन्त्री, सामाजिक विकास मन्त्री, प्रमुख सचिव र स्वास्थ्य सेवा कार्यालयका निर्देशकसहितको टोलीले सुर्खेतबाट मुगु, कालिकोट, हुम्ला र जुम्लामा सामुदायिक नर्सिङ सम्वन्धी | सुझाव बमोजिम गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | कार्यक्रमको स्थलगत अनुगमन गरेबापत हेलिकप्टर भाडा रु.१० लाख भुक्तानी गरेको छ। कार्यालयबाटै अनुगमन गर्न सकिने सामान्य कार्यक्रमको लागि हेलिकप्टर चार्टर गरी निरीक्षण गर्ने कार्यमा उपयुक्त सुधार हुनुपर्दछ। | |
| ६. | उपभोक्ता समितिबाट खरिद : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ अनुसार उपभोक्ता समितिबाट निर्माण कार्य मात्र गराउन सकिनेमा जिल्ला स्वास्थ्य कार्यालय, हुम्लाले उपभोक्ता समिति मार्फत रु. ३४ लाख ७६ हजारको स्वास्थ्य सामग्री, फर्निचर र उपकरण खरिद गरेको छ। | विशेष परिस्थितीमा खरिद गरिएको देखिएकोले बेरुजु लगतबाट हटाउन निर्देशन दिने। अब उप्रान्त गरिने खरिदमा सुझाव बमोजिम गर्न निर्देशन दिने। |
| ७. | प्राविधिक जाँच पास : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सामान प्राप्त भएपछि स्पेसिफिकेशन अनुसार सामान प्राप्त भए नभएको सम्बन्धमा सम्बन्धित विषयका प्राविधिकबाट जाँच पश्चात जिन्सी दाखिला गरी रकम भुक्तानी दिनुपर्ने उल्लेख छ। स्वास्थ्य सेवा कार्यालय, रुकुम पश्चिमले आइ.सि.यू. भेन्टिलेटर मेसिन, इ.सि.जि. मेसिन, अटोमेटेड डिस्ट्रिब्यूटर, यू.एस.जि. लगायतका रु.९८ लाख ७६ हजारका सामान खरिद गरेकोमा नियममानुसार सामानको प्राविधिक जाँच पास गरेको छैन। साथै उक्त स्वास्थ्य उपकरण कार्यालयमा दाखिला भएको छैन। प्रचलित कानून अनुसार प्राविधिक सामानको गुणस्तर परीक्षण तथा जिन्सी आम्दानी नगरेको सम्बन्धमा सम्बन्धितलाई जिम्मेवार बनाउनु पर्दछ। | खरिद गरिएका स्वास्थ्य उपकरणको प्राबिधिक जाँच पास प्रतिवेदन तथा जिन्सी आम्दानी प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने। |
| ८. | अक्सिजन प्लान्ट निर्माण : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा सम्झौता कार्यान्वयन सम्वन्धी व्यवस्था छ। सार्वजनिक निकायले सामान खरिद गर्दा सम्झौता अनुसार तोकेकै समयमा उपलव्ध गराउने व्यवस्था गर्नुपर्दछ। अस्पतालले अक्सिजन प्लान्ट निर्माण गर्न दुई निर्माण व्यवसायीसँग २०७७।३।२५ मा कार्य सम्पन्न गर्ने गरी रु.२ करोड ९२ लाख ८३ हजारमा सम्झौता गरेकोमा आर्थिक वर्षको अन्त्यसम्म रु.१ करोड ८९ लाख ५५ हजारको काम गरी २०७७।९।१५ सम्म म्याद थप गरे पनि काम सम्पन्न हुन सकेको छैन। अक्सिजन प्लान्ट स्थापना गर्ने कार्यमा ढिलाई हुँदा बजारबाट खरिद गरी उपचार गर्नु परेकोले सो प्लान्ट स्थापनाको उद्देश्य पूरा भएको छैन। प्रथम चरणको कोभिड १९ महामारीबाट संक्रमितको उपचार गर्न उक्त काम शुरु गरिएतापनि निर्माण व्यवसायीको ढिलाईको कारण कार्य सम्पन्न नगर्दा पनि कारवाही गरेको छैन। नियमावलीको व्यवस्था अनुरुप समयमा कार्य सम्पन्न गर्नुपर्दछ। | कोभिड १९ महामारीका कारण अक्सिजन प्लान्ट समयमै निर्माण गर्न नसकिएकोमा हाल सम्पन्न भइसकेको र सो समयमा अक्सिजन अत्यावश्यक भएकोले अक्सिन किन्नुपरेको भन्ने जवाफ प्राप्त भएकोले बेरूजु लगतबाट हटाउन निर्देशन दिने। |
| ९. | फोहोरमैला व्यवस्थापन : अस्पतालले फोहोरमैला व्यवस्थापनको लागि २०७७/२/२५ मा रु.४९ लाख ५८ हजारमा अटोक्लेभ मेसिन खरिद गरेकोमा खरिद सम्झौता अनुसार २ वर्षको वारेन्टी अवधि देखिए तापनि विग्रिएको मेसिन आपूर्तिकर्ताबाट मर्मत गराएको छैन। | वारेन्टी अवधि भित्र मेसिन मर्मत भई हाल सञ्चालनमा रहेको देखिएकोले बेरूजु लगतबाट हटाउन निर्देशन दिने। |
| १०. | दरभाउ पत्रबाट खरिद : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ (१क) मा रु. पचास लाख सम्मको मात्र औषधीजन्य मालसामान सिलवन्दी दरभाउपत्र मार्फत खरिद गर्न सकिने र सो भन्दा बढी मूल्यको त्यस्ता सामान बोलपत्र मार्फत खरिद गर्नुपर्ने उल्लेख छ। सो अनुसार अस्पतालले नियमित प्रयोगका औषधी खरिदको लागि छुट्टाएको बजेट टुक्राई सिलबन्दी दरभाउपत्र मार्फत रु.३ करोड ४८ लाख ६९ हजारको औषधी खरिद गरेको छ। खरिद कार्य प्रतिस्पर्धात्मक हुनुपर्दछ। | कोभिड १९ महामारीको विशेष परिस्थितिमा खरिद भएको देखिएकोले बेरुजु लगतबाट हटाउन निर्देशन दिने। आगामी दिनमा सार्वजनिक खरिद ऐन, |



सभापति

| | | |
|---|---|---|
| | | नियमको पालना गरी खरिद कार्य गर्न निर्देशन दिने। |
| ११. | मेसिनको उपयोग : अस्पतालले स्थापना र सञ्चालन गर्ने भवन, जनशक्ति आदि पूर्वाधार तयार गरेपछि मेडिकल उपकरण खरिद गर्नु पर्दछ। प्रादेशिक अस्पतालले अस्पताल सेवा विस्तारको लागि पूर्वाधार बेगर लेजर सिस्टम, मोडुलर ओ.टि., लन्ड्रि समेत ५ प्रकारका मेसिन रु.७ करोड ४७ लाखमा खरिद गरी मौज्दात राखेको छ। मेसिन जडान तथा सञ्चालन नगरी राखेकोले उद्देश्यअनुरुप सेवा विस्तार हुन सकेको छैन। उक्त मेसिन जडान गरी प्रयोग गर्नुपर्दछ। | मेसिन हाल सञ्चालनमा रहेको देखिएकोले बेरुजु लगतबाट हटाउन निर्देशन दिने। |
| १२. | आय दाखिला : फार्मेसी सेवा सञ्चालन निर्देशिका, २०७२ को बुँदा न. १५ र १६ अनुसार औषधी विक्रीको १० प्रतिशत र खुद नाफाको ९० प्रतिशत अस्पतालको मुल खातामा दाखिला गर्न पर्ने व्यवस्था छ। अस्पतालले यस वर्ष खुद नाफा रु.१ करोड ९५ लाख ४६ हजार गरेकोमा उक्त व्यवस्थाअनुसार हुने रु.१९ लाख ५५ हजार मुल खातामा दाखिला गरेको छैन। रीतपूर्वक दाखिला गर्नुपर्दछ। | फार्मेसी सेवा सञ्चालन निर्देशिकाले तोके अनुसारको आय मूल खातामा दाखिला गर्न निर्देशन दिने। |
| १३. | लागत अनुमान : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ अनुसार मालसामान खरिदको लागत अनुमान तयार गर्दा सम्बन्धित वा जिल्लामा रहेको अन्य निकाय, स्थानीय वजारभाउ, अन्य वजारको भाउ आदिलाई आधार लिनु पर्दछ। प्रादेशिक अस्पताल, सुर्खेतले यस वर्ष रु.४ करोड ३३ लाख ७५ हजारमा मोड्लर लेवोरेटोरी सेटपप र मोडुलर ओटी खरिद गर्दा लागत अनुमान तयार गरेको आधार नखुलाई एकमुष्ट लागत अनुमान तयार गरेको छ। प्रक्रिया पुरा गरी लागत अनुमान तयार गर्नु पर्दछ। | लागत अनुमान समितिमा पेश गर्न निर्देशन दिने। |
| १४. | अस्पतालले कोभिड-१९ रोकथाम तथा नियन्त्रण र व्यवस्थापनको लागि रु.६ करोड ८९ लाख १६ हजार खर्च गरेको विवरण पेश गरेको छ। यस सम्वन्धमा देखिएका व्यहोरा निम्न छन् :- | |
| १४.१ | पिसिआर मेसिन खरिद : स्पेसिफिकेसन र लागत अनुमान तयार गरी खरिद गरेको समान विल बमोजिम भुक्तानी दिनु पर्दछ। अस्पतालले बिल बेगर शिक्षण अस्पतालबाट एक पिसिआर मेसिन खरिद गरी रु.३२ लाख १० हजार भुक्तानी दिएको छ। उक्त मेसिन खरिद गरेको केही समय पश्चात बिग्रिएकोले अर्को मेसिनबाट पिसिआर परीक्षण भइरहेको छ। त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल पिसिआर मेसिन बिक्रेता नभएको र पुरानो मेसिन सरकारी निकायहरू बीच खरिद विक्रीको सट्टा हस्तान्तरण गरी प्रयोग गर्न सकिनेमा बिल बेगर खरिद विक्रि गरेको विषयमा एकीन गर्नुपर्दछ। | पिसिआर मेसिन खरिद गरेको सम्बन्धमा विस्तृत जानकारी तथा प्रमाण समितिमा पेश गर्न निर्देशन दिने। |
| १४.२ | पिसिआर किट : प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ४७(१) मा कार्यालय प्रमुखले खरिद वा हस्तान्तरणबाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी किताबमा सात दिन भित्र आम्दानी बाँधी श्रेस्ता समेत खडा गरी अद्यावधिक गरी राख्नु पर्ने उल्लेख छ। यस वर्ष अस्पतालको सहायतामा प्राप्त ७६८ समेत ४ हजार ६६८ पिसिआर किट आम्दानी देखिएकोमा १५ हजार ७४५ पिसिआर परीक्षण गरेको छ। अस्पतालमा प्राप्त किट आम्दानीमा नदेखाई खर्च गर्ने अनियमित कार्य नियन्त्रण गर्नु पर्दछ। | कोभिड महामारीको विशेष अवस्थामा दाताबाट पिसिआर किट प्राप्त गरी काम गरेको देखिएकोले बेरूजु लगतबाट हटाउन निर्देशन दिने। |
| १५. | ठेक्काबाट काम गराएको : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र निर्माण व्यवसायीबाट काम गराउन नमिल्ने उल्लेख छ। सामाजिक विकास कार्यालय, डोल्पाले | अब उप्रान्त कानून बमोजिम गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | उपभोक्ता समितिसँग कभर्ड हल तथा खेल मैदान निर्माण कार्य गर्ने सम्झौता गरेकोमा उपभोक्ता समितिले एक निर्माण व्यवसायीबाट कार्य सम्पन्न गराई रु.२० लाख भुक्तानी दिएको छ। | |
| १६. | कार्यक्रम फरक पारी खर्च : प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २६ मा स्वीकृत कार्यक्रम र बजेट भित्र परेको रकम खर्च गर्न पाउने व्यवस्था छ। यसैगरी सोही नियमावलीको नियम २५ मा कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा कार्यक्रमलाई संसोधन गर्न आवश्यक भएमा मन्त्रालयको स्वीकृती लिई लागत नबढाई संशोधन गर्न सकिने व्यवस्था छ। सामाजिक विकास कार्यालय, हुम्लाले सामुदायिक क्याम्पसलाई भवन निर्माण कार्यका लागि रु.२० लाख निकासा दिएकोमा भवन निर्माण नगरी फिल्ड बनाउने तथा ग्याविन वाल निर्माण कार्यमा खर्च गरेको छ। कार्यक्रम फरक पारी स्वीकृत वेगर अनियमित खर्च गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ। | अब उप्रान्त सुझाव बमोजिम गर्ने गरी हाललाई बेरूजु लगतबाट हटाउन निर्देशन दिने। |
| १७. | जिन्सी दाखिला : प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ४७ (१) मा प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी किताबमा ७ दिन भित्र आम्दानी बाँध्नु पर्ने व्यवस्था छ। सामाजिक विकास कार्यालय जुम्ला, डोल्पा र हुम्लाले शैक्षिक उपकरण तथा विद्युतीय सामग्री खरिद गरी रु.१ करोड ३४ लाख ४७ हजार विद्यालयलाई भुक्तानी दिएकोमा उक्त विद्यालयले ती सामग्रीहरू विद्यालयको जिन्सी किताबमा आम्दानी बाँधेको प्रमाण पेश गरेका छैनन्। सम्बन्धित विद्यालयबाट जिन्सी दाखिलाको प्रमाण पेश गर्नु पर्दछ। | जिन्सी दाखिलाको प्रमाण समितिमा पेश गर्न निर्देशन दिने। |
| १८. | भौतिक निर्माण तथा मर्मत संभार : प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ७८ मा आर्थिक वर्षको अन्त्यसम्म काम हुन नपाई बजेट फ्रिज हुन नदिने उद्देश्यले पेश्की दिन नहुने उल्लेख छ। कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६/७७ को क्रियाकलाप नं. ८.२ (छ) मा भौतिक संरचना निर्माण गर्न विद्यालयसँग सम्झौता भएपछि ३० प्रतिशत, स्ट्रक्चवरल पार्टको काम सम्पन्न भएपछि ५० प्रतिशत र कार्य सम्पन्न तयार भएपछि बाँकी २० प्रतिशत अनुदान उपलब्ध गराउनु पर्ने र विद्यालयले यस वर्षको जेष्ठ मसान्तसम्म निर्माण तथा मर्मत सम्भार कार्यसम्पन्न गर्नु पर्ने उल्लेख छ। शिक्षा विकास निर्देशनालय, सुर्खेतले २७ विद्यालयलाई निर्माण तथा मर्मतसम्भार कार्यको लागि विभिन्न ३ किस्तामा रु.५ करोड ४२ लाख ६९ हजार निकासा दिएको छ। उक्त विद्यालयबाट कार्य सम्पन्न प्रतिवेदन पेश भएको छैन। नियमको पालना गराई कार्य सम्पन्न गराउनु पर्दछ। | कार्यसम्पन्न प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने। |



सभापति

## सामाजिक विकास मन्त्रालय

### महालेखापरीक्षकको चौंथो वार्षिक प्रतिवेदन २०७९ (आ.व. २०७७/०७८)

| बेरुजुको दफा | बेरुजुको विवरण | समितिको निर्णयहरू |
|---|---|---|
| १. | ऐन, नियम तर्जुमा - मन्त्रालयले तोकिएको कार्य जिम्मेवारी मध्ये शिक्षा, बालबालिकाको हक अधिकार संरक्षण, उपेक्षित उत्पीडित वर्ग, कर्णाली प्रदेश खेलकुद विकास, प्रदेश स्वास्थ्य सेवा, प्रदेश घरेलु हिंसा नियन्त्रण, कानून, महिला, बालबालिका तथा सामाजिक सुरक्षा, प्रदेश स्वास्थ्य सेवा प्रवाह, छाउगोठ अन्त्य तथा मर्यादित महिनावारी प्रवर्द्धन लगायतका कामसँग सम्बन्धित ऐन, नियम, नीति, निर्देशिका र कार्यविधिमा थप सुधार गरेको देखिएन। कानून तर्जुमा तथा थप सुधार गरी कार्यसञ्चालन गर्नुपर्दछ। | सुझाव बमोजिम गर्न निर्देशन दिने। |
| २. | कार्य जिम्मेवारी - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार कार्यक्षेत्र र कार्य जिम्मेवारी तोकिएका ५८ कार्यमध्ये प्रदेशस्तरको विश्वविद्यालय तथा उच्चशिक्षा, ध्वनि, हावाको गुणस्तर, समाज कल्याण र संघसस्था नियमन, भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण, ऐतिहासिक, धार्मिक, साँस्कृतिक सम्पदाको संरक्षण, सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तु नियन्त्रण स्वास्थ्य प्रविधि सम्बन्धी नीति तथा कानून निर्माण र नियमन गर्ने कार्य कार्यान्वयन गरेको देखिएन। साधन श्रोत व्यवस्थापन गरी क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ। | सुझाव बमोजिम गर्न निर्देशन दिने। |
| ३. | विनियोजन दक्षता - यो वर्ष मन्त्रालयलाई पुँजीगततर्फ रु.३३ करोड ३ लाख बजेट स्वीकृत भएकोमा रकमान्तरबाट बजेट घटाई रु. १४ करोड १५ लाख कायम भएकोमध्ये रु. १ करोड २७ लाख मात्र खर्च गरेको छ। मन्त्रालय र मातहतको लागि कूल रु. ५ अर्व ७२ करोड ४९ लाख ३२ हजार बजेट व्यवस्था भएकोमा रु. ३ अर्व ४८ करोड ७२ लाख ६७ हजार खर्च भएको छ। मातहतका निकायबाट पूर्णरुपले वार्षिक कार्यक्रम सञ्चालन हुन नसक्दा वित्तीय कार्य सम्पादन ६०.९१ प्रतिशत रहन गई विनियोजन दक्षता प्रभावित भएको छ। कार्यक्रम कार्यान्वयन गरी खर्च क्षमता बढाउनुपर्दछ। | सुझाव बमोजिम गर्न निर्देशन दिने। |
| ४. | नीति तथा कार्यक्रम - प्रदेश सरकारको नीति र कार्यक्रम बजेटले सम्बोधन गर्नुपर्दछ। मन्त्रालयसँग सम्बन्धित जीविकोपार्जनका कार्यक्रम, छोरी बुहारी मूलप्रवाहीकरण, दलित महिला आय आर्जन कार्यक्रम, राउटे, बादी, राजी लगायत अल्पसंख्यक, सीमान्तकृत र लोपोन्मूख समुदायको उचित जीविकोपार्जन सामाजिक सुरक्षाका कार्यक्रम, जेष्ठ नागरिकको सम्मान र सुरक्षाका लागि बृद्ध-आश्रम, मिलन केन्द्र जस्ता सामुदायिक संस्था, खस भाषाको शब्दकोष तयार, सिंजा क्षेत्रको पुरातत्व, दुल्लुस्थित नेपाली भाषाको सर्वप्राचीन अभिलेख, कृतिखम्व लगायतका प्रदेशमा रहेका ऐतिहासिक गढी, किल्ला र देवलको संरक्षण, प्रदेश संग्रहालयको स्तरोन्नति गर्दै स्थानीय तहसँगको सहकार्यमा सिंजा र दुल्लुमा सांस्कृतिक संग्रहालय निर्माण र पूर्वाधार विकास जस्ता कार्यक्रम गरेको देखिएन। | सरकारको नीति तथा कार्यक्रम र बजेटमा उल्लेखित विषयहरूको कार्यान्वयनका लागि निर्देशन दिने। |
| ५. | बजेट वक्तव्य कार्यान्वयन - प्रदेश सरकारको बजेट वक्तव्य २०७७/७८ मा उल्लेख भएका मन्त्रालयबाट सञ्चालन गर्नुपर्ने कार्यक्रमहरूमध्ये मन्त्रालयको भवन निर्माण, पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालयको विस्तृत परियोजना प्रतिवेदन तयारी, एक जिल्ला एक बहुप्राविधिक उच्च शिक्षालय स्थापना तथा प्राविधिक उच्च शिक्षा सञ्चालन, क्याम्पसको भौतिक सुधार, कर्णालीलाई साक्षर प्रदेश घोषणा, रुकुम पश्चिममा कृषि विज्ञान प्रतिष्ठान स्थापना गरी सञ्चालन, घुम्ती अस्पताल स्थापना, भाषा, कला, साहित्य प्रतिष्ठान गठन, | सुझाव बमोजिम गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | लगायतका कार्यक्रम सञ्चालन गरेको देखिएन। बजेट वक्तव्यमा तोकिएका कार्यहरू कार्यान्वयन गरी बजेटका लक्ष्य एवम् उद्देश्य प्राप्त गर्नुपर्दछ। | |
| ६. | दिगो विकासको लक्ष्य - नेपालको दिगो विकासका लक्ष्यहरूमा प्रतिबद्धता जनाए अनुसार सबै तहका निकायले उक्त लक्ष्य हासिल हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ। मन्त्रालयले सञ्चालन एवम् सम्पन्न गरेका शिक्षा, स्वास्थ्य तथा सामाजिक क्षेत्र लगायतका कार्यक्रममा दिगो विकासका लक्ष्यसँग सामञ्जस्य हुने सूचक उल्लेख गरी स्वीकृत गरेको देखिएन। दिगो विकास लक्ष्य सम्बोधन हुने गरी सूचक निर्धारण गरी कार्यान्वयन गर्नुपर्दछ। | सुझाव बमोजिम गर्न निर्देशन दिने। |
| ७. | स्वीकृत दरबन्दी - यो मन्त्रालय र मातहतमा १ हजार ७० दरबन्दी स्वीकृत रहेकोमा ४ सय ८४ स्थायी र २ सय ७ करार समेत ६ सय ९१ पदपूर्ति भई ३ सय ७९ पद रिक्त रहेको छ। कोभिडको माहामारीको अवस्थामा मन्त्रालयले कुल बजेटमध्ये ६०.९१ प्रतिशत खर्च गरेको र स्वास्थ्य सेवा लगायतमा स्वास्थ्यकर्मी पदपूर्ति नहुँदा सेवा प्रवाहमा समेत प्रत्यक्ष असर परेको छ। सेवा प्रवाह प्रभावकारी बनाउन स्वीकृत दरबन्दी अनुसार पदपूर्ति हुनुपर्दछ। | सुझाव बमोजिम गर्न निर्देशन दिने। |
| ८. | बिल भरपाई बेगर भुक्तानी - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) मा नापी किताबमा उल्लेख भएको कार्य सम्पादनको आधारमा तथा नियम १२४(१) मा खरिद संझौता बमोजिम सम्पन्न भएको कार्य स्वीकार पछि भुक्तानी दिनुपर्ने व्यवस्था छ। सामाजिक विकास कार्यालय, हुम्लाले कोट माध्यमिक विद्यालयको शैक्षिक भवन निर्माण बापत् उपभोक्ता समितिलाई रु.४३ लाख २ हजार भुक्तानी दिएको छ। भुक्तानी पूर्व प्राविधिक नाँपजाच सहितको भर्पाई तथा कार्य सम्पन्न प्रतिवेदन पेश नभएकोले खर्चको यथार्थता यकिन भएको छैन। भवन निर्माण सम्पन्न भएको प्रमाण पेश हुनुपर्दछ। | प्राविधिक नापजाँच सहितको भरपाई तथा भवन निर्माण सम्पन्न प्रतिवेदन पेश गर्न निर्देशन दिने। |
| ९. | अधुरो कार्य - रुकुम पश्चिम जिल्लाको बाफिकोट गाउँपालिका वडा नं. १, २, ४, ५ र ६ स्थित ४७७ घरधुरीका २७५३ जनसंख्यालाई ग्राभिटी प्रणालीबाट आधारभूत स्तरको खानेपानी सेवा उपलब्ध गराउने गरी नौधारी पानी छिर्ना खानेपानी तथा सरसफाइ आयोजनाको लागत अनुमान रु. २ करोड ६१ लाख २० हजार निर्धारण गरी २०७१।७२ बाट उपभोक्ता समिति मार्फत कार्य गराएकोमा २०७६/७७ सम्म निर्माण सामग्री खरिदमा रु.६४ लाख ३८ हजार र उपभोक्ता समितिलाई भुक्तानीमा रु.१ करोड ९२ लाख ५५ हजार गरी जम्मा रु. २ करोड ५६ लाख ९३ हजार खर्च भएकोमा २०७७/७८ मा खर्च भएको छैन। आयोजनाको कार्य सम्पन्न भएको नदेखिँदा आयोजना अलपत्र छोड्नु मनासिव देखिएन।<br>सोही कार्यालयले अदानचुली गाउँपालिका, हुम्लालाई रु.३८ लाख ९७ हजार निकासा दिई सोही रकम खर्च देखाई आर्थिक विवरण तयार गरेको छ। गाउँपालिकाले उक्त रकम खर्च गरी कार्सम्पादन गरेको र एकीकृत आय-व्ययमा उक्त रकम समावेश गरी लेखापरीक्षणमा स्रेस्ता पेश गरेको छैन। | यस बुँदाका सम्बन्धमा महालेखापरीक्षकको कार्यालयलाई थप प्रष्ट पार्न निर्देशन दिने। |
| १०. | उद्देश्य बाहिरको खर्च - वार्षिक कार्यक्रम सञ्चालन, आर्थिक कार्यविधि तथा वित्तीय दिग्दर्शन, २०७७/७८ अनुसार अख्तियारी बमोजिमको स्वीकृत कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ। सामाजिक विकास कार्यालय, रुकुम (पश्चिम)मा खेलकुद तथा अतिरिक्त क्रियाकलापको लागि रु.१० लाख बजेट विनियोजन भएकोमा सम्झौता नगरी जिल्ला खेलकुद विकास समिति, रुकुम (पश्चिम) लाई विभिन्न मर्मत, फर्निचर | तलब भत्ता भुक्तानी सम्बन्धमा यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | खरिद र तलव भत्तामा खर्च गर्ने गरी रु.९ लाख ८५ हजार भुक्तानी दिएको छ। अख्तियारीमा उल्लेखित कार्यक्रममा फरक पर्ने गरी भएको खर्च नियन्त्रण हुनुपर्दछ। | |
| ११. | भौतिक पूर्वाधार - विद्यालय भौतिक पूर्वाधार निर्माणको लागि रकम निकासा दिंदा प्रथम किस्ताको प्राविधिक मूल्यांकन भएपछि दोश्रो किस्ता र दोश्रो किस्ताको प्राविधिक मूल्याङ्कन भएपछि मात्र तेस्रो किस्ता दिनुपर्दछ। सामाजिक विकास कार्यालय, दैलेखले चालु वर्षमा नै निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा सो नगरी आर्थिक वर्षको अन्त्यमा १५ विद्यालयको खातामा रु. ३ करोड ३९ लाख ७९ हजार निकाशा गरी खाता रोक्का गरेको छ। विद्यालयले भौतिक निर्माण कार्य सम्पन्न गरी प्राविधिक मूल्याङ्कन, विद्यालय व्यवस्थापन समितिको निर्णय, वडाको सिफारिस र खर्चका यथार्थ बिल भरपाई सहितका प्रमाण पेश गर्नुपर्दछ। | सुझाव बमोजिम गर्न निर्देशन दिने। |
| १२. | सोझै खरिद - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ (१) मा रु.२० लाखसम्मको औषधिजन्य मालसामान सिधै खरिद गर्न सक्ने र सो भन्दा बढी मूल्यको औषधीजन्य मालसामान शिलबन्दी दरभाउपत्र वा बोलपत्र आह्वान गरी खरिद गर्नुपर्ने उल्लेख छ। औषधिजन्य समान एउटै प्याकेज बनाई शिलबन्दी दरभाउपत्र / बोलपत्र मार्फत प्रतिष्पर्धा गराई खरिद गर्नु पर्नेमा स्वास्थ्य सेवा कार्यालय, दैलेखले सात सप्लायर्सबाट सोझै खरिद गरी उपकरणका लागि रू.८६ लाख ९७ हजार र औषधिका लागि रु.४२ लाख ८३ हजार समेत रु.१ करोड २९ लाख भुक्तानी गरेको छ। नियमावलीमा भएको व्यवस्था अनुसार खरिद गर्नुपर्दछ। | सुझाव बमोजिम गर्न निर्देशन दिने। |
| १३. | होटल खर्च - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३७ मा रकम खर्च गर्दा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। कोभिडको समयमा अस्पताल कर्मचारी तथा स्वास्थ्यकर्मीलाई होटलवास खर्च भुक्तानी गरेकोमा मापदण्ड तयार गरेको छैन। काममा खटिएको विवरण संलग्न नगरी प्रदेश अस्पताल, सुर्खेतले १० होटललाई रु. १ करोड ६९ लाख १७ हजार भुक्तानी गरेको छ। मापदण्ड बनाई प्रतिस्पर्धाको आधारमा खर्च लेख्ने व्यवस्था गर्नुपर्दछ। | कोभिड महामारीमा खटिएका कर्मचारी तथा तथा स्वास्थ्यकर्मीको विवरण तथा कोभिड १९ का बिरामीहरूको उपचारमा संलग्न स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरूको व्यवस्थापनका सम्बन्धमा भएको खर्च पुष्टि गर्ने प्रमाण पेश गर्न निर्देशन दिने। |



सभापति

## सामाजिक विकास मन्त्रालय

### महालेखापरीक्षकको पाँचौं वार्षिक प्रतिवेदन २०७९ (आ.व. २०७८/०७९)

| बेरुजुको दफा | बेरुजुको विवरण | समितिको निर्णयहरू |
| --- | --- | --- |
| १. | ऐन नियम तर्जुमा - मन्त्रालयले आफ्नो कार्य जिम्मेवारी बमोजिमको कार्य पुरा गर्न विभिन्न कानून निर्माण गर्नुपर्नेमा हालसम्म ३ नीति, ३ ऐन तथा ७ कार्यविधि कानून पारित भएको छ। मन्त्रालयलाई तोकिएका काममध्ये शिक्षा, बालबालिकाको हक अधिकार संरक्षण, उपेक्षित उत्पीडित वर्ग, कर्णाली प्रदेश खेलकुद विकास, प्रदेश स्वास्थ्य सेवा, प्रदेश घरेलु हिंसा नियन्त्रण कानून, महिला, बालबालिका तथा सामाजिक सुरक्षा, प्रदेश स्वास्थ्य सेवा प्रवाह, छाउगोठ अन्त्य तथा मर्यादित महिनावारी प्रवर्द्धन लगायतका कामसँग सम्बन्धित ऐन, नियम, नीति, निर्देशिका र कार्यविधि तर्जुमा गरेको देखिएन। ती कानून यथाशिघ्र तर्जुमा गरी कार्य सञ्चालन गर्नुपर्दछ। | सुझाव बमोजिम गर्न निर्देशन दिने। |
| २. | कार्य जिम्मेवारी - प्रदेशमा मन्त्रालयको शिक्षा, स्वास्थ्य तथा जनसंख्या, सरसफाई, महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा सामाजिक सुरक्षा, युवा तथा खेलकुद, भाषा, धर्म संस्कृति र श्रम रोजगारसँग सम्वन्धित ५८ कार्य जिम्मेवारीहरू रहेको छ। उक्त कार्यमध्ये प्रदेशस्तरको विश्वविद्यालय तथा उच्चशिक्षा, ध्वनि एवं हावाको गुणस्तर, समाज कल्याण र संघसंस्था सम्बन्धी, भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण, ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं कला र वास्तुकला, सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तु, औषधिजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी प्रादेशिक नीति, कानून निर्माण र नियमन गर्ने कार्यहरू कार्यान्वयन गरेको देखिएन। साधन श्रोत व्यवस्थापन गरी कार्य जिम्मेवारी पुरा गर्नुपर्दछ। | सुझाव बमोजिम गर्न निर्देशन दिने। |
| ३. | विनियोजन दक्षता -यो वर्ष मन्त्रालयलाई पुँजीगत तर्फ रू.६१ करोड ६५ लाख बजेट स्वीकृत भएकोमा रू.१ करोड २७ लाख मात्र खर्च (२.०६ प्रतिशत) गरेको छ। चालु तथा कार्यक्रम तर्फ खर्च रू.३० करोड ३९ लाख १ हजार बजेट व्यवस्था भएकोमा रू.११ करोड ६७ लाख ९ हजार (३८.४० प्रतिशत) खर्च भएको छ। त्यस्तै मन्त्रालय र मातहतको लागि कुल रू.६ अर्ब ४३ करोड ६ लाख ८४ हजार बजेट व्यवस्था भएकोमा रू. ४ अर्ब ७१ करोड ४८ लाख २९ हजार (७३.३० प्रतिशत) खर्च हुन गई कार्यदक्षता न्यून देखिएको छ। खर्च गर्ने क्षमता वृद्धि गरी लक्ष्य अनुरूप प्रगति हासिल गर्नुपर्दछ। | सुझाव बमोजिम गर्न निर्देशन दिने। |
| ४. | नीति तथा कार्यक्रम - प्रदेश सरकारको नीति र कार्यक्रमलाई बजेटले सम्बोधन गर्नुपर्दछ। मन्त्रालयसँग सम्बन्धित जीविकोपार्जनका कार्यक्रम, छोरी बुहारी मूलप्रवाहीकरण, दलित महिला आय आर्जन कार्यक्रम, राउटे, बादी, राजी लगायत अल्पसंख्यक, सीमान्तकृत, र लोपोन्मूख समुदायको उचित जीविकोपार्जन सामाजिक सुरक्षाका कार्यक्रम, जेष्ठ नागरिकको सम्मान र सुरक्षाका लागि बृद्ध आश्रम, मिलनकेन्द्र जस्ता सामुदायिक संस्थालाई, खस भाषाको शब्दकोष तयार, सिंजा क्षेत्रको पुरातत्व, दुल्लुस्थित नेपाली भाषाको सर्वप्राचीन अभिलेख, कृतिखम्व लगायतका प्रदेशमा रहेका ऐतिहासिक गढी, किल्ला र देवलको संरक्षण, प्रदेश संग्रहालयको स्तरोन्नति गर्ने कार्यलाई यो वर्षको बजेटले समेटेको छैन। प्रदेश र स्थानीय तहबाट समन्वयात्मक रूपमा सम्पादन गर्ने कार्यहरू गर्दा स्थानीय तहसँगको सहकार्यमा प्राथमिकता निर्धारण गरी कार्यक्रम स्वीकृत एवं कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु पर्दछ। | सुझाव बमोजिम गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| ५. | बजेट वक्तव्य कार्यान्वयनः- प्रदेश सरकारको बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रमहरूमध्ये मन्त्रालयको भवन निर्माण, सुर्खेतमा उच्च क्षमताको अक्सिजन प्लान्ट तथा सबै अस्पतालमा मिनि अक्सिजन प्लान्ट जडान, सुर्खेतको बबई र सल्यानको कपुरकोटमा सेन्सर उपकरणसहितको स्वास्थ्य चेकजाँच र उद्धार, दैलेखको राकम कर्णालीमा ट्रमा सेन्टर निर्माण, पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालयको स्थापना, प्रत्येक स्थानीय तहमा एक वटा नमूना विद्यालय सञ्चालन, हिमाली र विकट पहाडी जिल्लामा आवासीय विद्यालय सञ्चालन, घरवार विहीन सम्पूर्ण वादी र गाईने समुदायलाई घर निर्माण तथा प्रत्येक घर स्वरोजगार कार्यक्रम, एक जिल्ला एक बहु प्राविधिक उच्च शिक्षालय स्थापना तथा प्राविधिक उच्च शिक्षा सञ्चालन गर्ने, कर्णालीलाई साक्षर प्रदेश घोषणा गर्ने, रूकुम पश्चिममा कृषि विज्ञान प्रतिष्ठान स्थापना गरी सञ्चालन गर्ने, भाषा, कला, साहित्य प्रतिष्ठान गठन, लगायतका कार्यक्रम सञ्चालन गरेको देखिएन। बजेट बक्तव्यमा तोकिएका कार्यहरू कार्यान्वयन गरी बजेटका लक्ष्य तथा उद्देश्य प्राप्त गर्नुपर्दछ। | सरकारको नीति तथा कार्यक्रम र बजेटमा उल्लेखित विषयहरूको कार्यान्वयनका लागि निर्देशन दिने। |
| ६. | दिगो विकास लक्ष्य - पन्ध्रौं योजना अनुसार दिगो विकास लक्ष्यलाई कार्यान्वयन गर्न आवधिक योजना, मध्यमकालीन खर्च संरचना, वार्षिक कार्यक्रम र बजेट तर्जुमा गर्दा लक्ष्य अनुसार भए नभएको मूल्याङ्कन गर्नुपर्दछ। यसका लागि संघ, प्रदेश, स्थानीय तह र सरोकारवालासँग समेत समन्वय गर्ने प्रदेश र स्थानीय तहमा योजना छनौट एवं कार्यान्वयन गर्दा दिगो विकास लक्ष्यसँग आवद्ध हुने योजना छनौट गर्नुपर्दछ। नेपालले दिगो विकासका लक्ष्यहरूमा प्रतिवद्धता जनाए अनुसार सबै तहका निकायले उक्त लक्ष्य हासिल हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ। मन्त्रालयले सञ्चालन एवं सम्पन्न गरेका शिक्षा, स्वास्थ्य तथा सामाजिक क्षेत्र लगायतका कार्यक्रममा दिगो विकासका लक्ष्यसँग सामञ्जस्य हुने सूचक उल्लेख गरी स्वीकृत गरेको देखिएन। दिगो विकास लक्ष्य सम्बोधन हुने गरी सूचक निर्धारण गरी कार्यान्वयन गर्नुपर्दछ। | दिगो विकासका सूचकहरू निर्धारण गरी कार्यान्वयन गर्न निर्देशन दिने। |
| ७. | रकमान्तरः कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७(२) मा चालु बजेटबाट चालु खर्च शीर्षक र पुँजीगत बजेटबाट पुँजीगत खर्च शीर्षकमा जुन शीर्षकमा रकमान्तर गरिने हो सोको २५ प्रतिशत भन्दा बढी नहुने गरी सम्बन्धित सचिवले र सो भन्दा बढी रकम एक उपशीर्षकबाट अर्को उपशीर्षकमा रकमान्तर आर्थिक मामिला तथा योजना मन्त्रालयले गर्न सक्ने व्यवस्था छ। यस वर्ष मन्त्रालयको पुँजीगत बजेट शुरूमा रू.६१ करोड ६५ लाख विनियोजन भएकोमा २२ पटक सम्म रू. ५९ करोड ८५ लाख ४४ हजार (९७.०८ प्रतिशत) रकमान्तर गरेको छ। कानूनले तोकेको भन्दा बढी रकम बजेट रकमान्तर नियम सम्मत छैन। कानून विपरीत रकमान्तर गरी खर्च गर्ने पद्धतिमा सुधार गर्नुपर्दछ। | सुझाव बमोजिम गर्न निर्देशन दिने। |
| ८. | कार्यक्रम कार्यान्वयन - प्रदेश सरकारले महिला वर्गको उत्थान, सशक्तिकरण र समग्र विकास तथा बालबालिकाहरू माथिको लैङ्गिक विभेद अन्त्य गर्न, सामाजिक कुसंस्कारको रूपमा रहेको वालविवाह रोक्न र बालिकाहरूको कम्तिमा स्नातक तहसम्मको पढाई सुनिश्चित गर्न "बैंक खाता छोरीकोः सुरक्षा जीवन भरीको" कार्यक्रम २०७५।७६ देखि कार्यान्वयनमा ल्याएको छ। उक्त कार्यक्रममा मन्त्रालयलले यस वर्ष मात्र रू. १३ करोड ६५ लाख ८४ हजार खर्च गरेको छ। यस प्रकारको वितरणमुखी कार्यक्रम स्वीकृत गर्दा सोको लागत लाभ विश्लेषण गरी कार्यान्वयन गर्नुपर्दछ। यस सम्बन्धमा देखिएको थप व्यहोरा निम्नानुसार छन्ः | |
| ८.१. | कार्यक्रम सम्बन्धी निर्देशिका अनुसार प्रतिमहिना पाँचसय रूपैया दरले नवजात छोरीको नाममा बैंकमा खाता खोली २० वर्षसम्म प्रदेश सरकारले रकम जम्मा गर्ने व्यवस्था छ। त्यसरी खोलिएका बैंक खाताहरूको लगत व्यवस्थापन तथा दायित्व भुक्तानी गर्ने स्रोतको सुनिश्चितता लगायतका | "बैंक खाता छोरीकोः सुरक्षा जीवन भरीको" कार्यक्रम कार्यान्वयन भए |



सभापति

| | | |
|---|---|---|
| | विषय सहज देखिदैन। निर्देशिकाको शर्त पालना नभएमा उक्त रकमको साँवा व्याज भुक्तानी गर्ने सम्बन्धमा स्पष्ट उल्लेख छैन। दीर्घकालीन दायित्व भएको कार्यक्रमका लागि रकम अपुग भई स्थानीय तहहरूले सिफारिस अनुसार सबै खातामा रकम जम्मा गर्न सकेको स्थिति छैन। | नभएको सम्बन्धमा स्थानीय तहहरूबाट यथार्थ अवस्थाको जानकारी माग गरी समितिमा पेश गर्न निर्देशन दिने। |
| ८.२. | जन्मिएका छोरीहरूको आधारमा भुक्तानी रकम बढ्दै जाने र हरेक वर्ष थपिदै जाने यो रकम बीसौ वर्षसम्म मौज्दात परिचालन हुने देखिदैन। मुद्धती प्रकृतिको खातामा रहने यस्तो रकममा चालु प्रकृतिको खातामा दिने व्याज समेत प्राप्त हुने अवस्था नभएको, ठूलो परिमाणमा रहने खाता सञ्चालनबाट प्रदेशको अर्थतन्त्रमा समेत असर पर्ने देखिएको छ। यस सम्बन्धमा दीर्घकालिन अवधारणा सहित कार्यान्वयनको सुनिश्चित्ता हुनुपर्दछ। | कार्यक्रममा मौज्दात रहने रकमबाट उच्चतम आय प्राप्त गर्न के कस्तो तरिकाले लगानी गर्ने भन्ने सम्बन्धमा कार्यबिधि तयार गरी लागू गर्न निर्देशन दिने। |
| ९. | कार्यालयको औचित्य सेवा प्रवाहको आवश्यकता अनुसार कार्यालय स्थापना गर्नुपर्दछ। मन्त्रालय मातहत रहेका शिक्षा विकास निर्देशनालय, सुर्खेत र जिल्ला स्थित ९ सामाजिक विकास कार्यालयहरूले संघीय तथा स्थानीय तहहरूले गर्दै आएको विद्यालय भवन निर्माण अनुदान, छात्रवत्ति वितरण,युवा लक्षित तालिम लगायतका कार्य गर्दै आएको छ। यो वर्ष १० जिल्लाका सामाजिक विकास कार्यालयहरूले रू.१५ करोड ४८ लाख २३ हजार चालु खर्च गरेका छन। विद्यालय शिक्षा सम्बन्धी सम्पूर्ण कृयाकलाप स्थानीय तहको क्षेत्राधिकार भित्र रहेकोले यी कार्यालयहरूको औचित्य छैन। कार्यक्षेत्र दोहोरो परेका यस्ता कार्यालयहरू बन्द गरी खर्च घटाउनुपर्दछ। | नेपालको संविधानमा भएको व्यवस्थाअनुसार शिक्षा लगायत सामाजिक क्षेत्रका कार्यहरू सम्पादन गर्न कार्यालयहरू आवश्यक भएकोले बेरुजु लगतबाट हटाउन निर्देशन दिने। |
| १०. | दर विश्लेषण - नेपाल सरकारद्धारा स्वीकृत सार्वजनिक निर्माण सम्बन्धी नर्म्समा मानिसबाट गर्ने र मेसिनबाट गर्ने कामको नर्म्स फरक फरक रहेको छ। सामाजिक विकास कार्यालय, दैलेखले ८ विद्यालयले जेसिवी मेसिनबाट खेल मैदानका लागि जमिन सम्याउने काम गरेकोमा मानिसबाट काम गर्ने नर्म्सको आधारमा भुक्तानी गरेको छ। स्वीकृत जिल्ला दर रेट अनुसार मानिसबाट काम गराउँदा हुने दररेट प्रति घन मिटर रू.३६०.२९ को दरले भुक्तानी भएको उक्त काम मेसिनद्वारा गराउँदा (९० प्रतिशत मेशिन र १० प्रतिशत मानिसद्वारा) दर विश्लेषणको आधारमा प्रति घनमिटर रू.१०३.१९ हुने देखिन्छ। यसरी बढी भुक्तानी भएको रू. ३२ लाख ३८ हजार असूल गर्नुपर्दछ। | यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| ११. | गुणस्तर परीक्षण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले निर्माण कार्यको सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण एवं परीक्षण गर्नु/गराउनुपर्ने व्यवस्था छ। सामाजिक विकास कार्यालय जुम्लाले विद्यालय व्यवस्थापन समिति मार्फत् जुम्लाको गुठीचौर गाउँपालिकाको सत्यवादी माध्यमिक विद्यालय, दशौदीमा रू.४८ लाख ४९ हजारमा निर्माण गरेको २ तल्ले ६ कोठे भवनको ढलानबाट पानी चुहिएको देखियो। जुम्लास्थित कार्यालयबाट मात्र विभिन्न विद्यालयहरूमा रू.३ करोड ७३ लाख ९७ हजारको विद्यालय भवन निर्माण भएकोमा निर्माण सामग्री तथा निर्माण कार्यको गुणस्तर परीक्षण भएको छैन। उक्त भवनहरूको क्युब टेस्ट लगायतका अन्य परीक्षण नभएबाट गुणस्तर आश्वस्तता हुन सक्ने अवस्था छैन। भवन निर्माणमा संलग्न विद्यालय व्यवस्थापन समिति पदाधिकारी, भवनको नापजाँच गर्ने प्राविधिक कर्मचारी तथा कार्यालय प्रमुखलाई जिम्मेवार बनाई गुणस्तर कायम गर्नपर्दछ। | यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| १२. | अस्पताल पूर्वाधार - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३(क) मा खरिद गर्नु अघि आवश्यकता पहिचान गर्नुपर्ने व्यवस्था छ। प्रदेश सरकारले पूर्वाधार विकास कार्यालयहरू तथा स्थानीय तह मार्फत् एवं संघीय सरकारले सबै स्थानीय तहमा १५ शैयाको अस्पताल निर्माण गरी अस्पताल संरचनाहरू निर्माण गर्दै गरेको देखिन्छ। महावु गाउँपालिका, दैलेखमा पूर्वाधार विकास कार्यालयबाट रू.४ करोड ८ लाख २७ हजारको लागतमा अस्पताल निर्माण गरेकोमा सोही स्थानमा संघीय सरकारबाट १५ शैयाको अस्पताल निर्माण भैरहेको छ। हाल कोभिड महामारीको समयमा आइसोलेशनका लागि निर्माण भएको भवनमा अस्पताल सञ्चालन भईरहेको छ। भौतिक पूर्वाधार निर्माण गर्दा आवश्यकता लगायत अन्य अवयवहरू समेतको आधारमा संरचनाहरूमा लगानी गर्नुपर्दछ। | महाबु गाउँपालिका, दैलेखमा निर्माण तथा सञ्चालन भइरहेका/भएका अस्पतालहरूका सम्बन्धमा बुझी यथार्थ विवरण पेश गर्न निर्देशन दिने। |
| १३. | उपकरण प्रयोग - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ ले खरिद गर्नु अघि आवश्यकता पहिचान गर्नुपर्ने तथा नियम ५ मा मालसामान खरिद गर्नु अघि स्पेशिफिकेसन, योजना, डिजाइन, विशेष आवश्यकता लगायत विवरण तयार गर्नुपर्ने व्यवस्था छ। सुर्खेत जिल्लाको मेहलकुना अस्पतालका लागि स्वास्थ्य उपकरणहरू खरिद गरेता पनि स्थान अभाव भएको जनाई प्रदेश प्रयोगशालामा रू.७९ लाख १२ हजारको ल्याव एनालाईजर मेसिन तथा क्षेत्रीय मेडिकल स्टोर नेपालगञ्जमा रू.९७ लाख २९ हजारको पी.आई.सि.यू. सामग्री थन्किएको अवस्था छ। आवश्यकता पहिचान तथा संघीय सरकार तथा स्थानीय तहसँग समन्वय नगरी उपकरण खरिद गर्दा त्यसको प्रतिफल प्राप्त नहुँने हुँदा उपकरण उपयोग हुने व्यवस्था गरिनुपर्दछ। | हाल मेसिनहरू जडान भई सञ्चालनमा रहेको देखिएकोले बेरुजु लगतबाट हटाउन निर्देशन दिने। |
| १४. | मेसिन खरिद - अस्पतालले खरिद आवश्यकता पहिचान गरी खरिद गर्नुपर्दछ। प्रदेश अस्पताल, सुर्खेतले एम.आर.आई.३.० टेस्ला मेसिन खरिद गर्न एक बैंकमा युरो २२ लाख ५० हजारको ने.रू. १२९.६२ ले हुने रू.२९ करोड १६ लाख ३२ हजारको प्रतित पत्र खोलेको देखियो। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् : | *** |
| १४.१. | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा सम्भव भएसम्म सम्बन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षहरूमा सोही प्रकृतिका खरिद गर्दा लागेको वास्तविक लागत एवं अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च समेत विचार गरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। अस्पतालले उक्त मेसिन खरिदका लागि लागत अनुमान तयार गर्ने प्रयोजनको लागि सूचिकृत ३ फर्मबाट दररेट प्राप्त गरी सो आधारमा कन्टिन्जेन्सी र मूल्य अभिबृद्धि कर समेत रू.३० करोड ९४ लाख ८९ हजारको लागत अनुमान तयार गरी खरिद कार्य गरेको छ। अन्य सरकारी अस्पतालको खरिद मूल्यलाई आधार लिएको देखिएन। साथै उत्पादक कम्पनीहरूद्वारा प्रकाशित मूल्यलाई आधार लिई अनुमानित ढुवानी खर्च जोडेर लागत अनुमान निकाल्ने व्यवस्थाको समेत पालना गरेको छैन। | आगामी दिनमा लागत अनुमान तयार गर्दा सुझाव बमोजिम गर्न निर्देशन दिने। |
| १४.२. | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ ले खरिद गर्नु अघि आवश्यकता पहिचान गर्नुपर्ने तथा नियम ५ मा मालसामान खरिद गर्नु अघि स्पेशिफिकेसन, योजना, डिजाइन, विशेष आवश्यकता लगायत विवरण तयार गर्नुपर्ने व्यवस्था छ। अस्पतालले उक्त मेसिन खरिद गर्न एक सप्लायर्ससँग २०७९।११।१८ सम्ममा सप्लाई गर्नुपर्ने र मेशिन सिपमेन्ट भएपछि ८० प्रतिशत र जडान तथा सञ्चालन पछि २० प्रतिशत भुक्तानी गर्ने गरी २०७९। ०३। २१ मा सम्झौता भएको छ। सम्झौता अवधी १ महिना बाँकी हुँदा समेत मेशिन सिपमेन्ट नभएकोले उक्त | हाल मेसिन आपूर्ती भइसकेको र जडान भई सेवा सुचारू भइ सकेकोले बेरुजु लगतबाट हटाउन निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | मेसिन समयमा आपूर्ति हुने देखिएन। मेसिन जडान गर्ने भवन लगायत भौतिक संरचना तयार गरेको छैन। मेसिन सञ्चालन गर्न ५ वर्षसम्म कम्पनीले प्राविधिक जनशक्ति व्यवस्थापन गर्ने गरी सम्झौता भएको छ। उक्त मेशिन समयमै प्राप्त गरी उपयोग गर्नुपर्दछ। | |
| १५. | थप व्ययभार - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २५ बमोजिम मालसामान खरिद गर्दा बोलपत्रदाताको मालसामानको प्राविधिक स्पेशिफिकेशन लगायतका पूर्व योग्यताको आधार तयार गरी मुल्यांकन आधार समेत खुलाई बोलपत्र गर्नुपर्दछ। प्रदेश अस्पताल, सुर्खेतले मेडिकल उपकरण खरिदका लागि २०७९। १।९ मा प्रकाशित सूचना तथा वोलपत्र कागजातमा उपकरण जडान गरी देखाउनुपर्ने शर्त नरहेको अवस्थामा उक्त शर्त बोलपत्र दाताहरूलाई पत्राचार गरेको छ। सारभूत प्रभावग्राही र न्यून अंक कबोल गर्ने एक इन्टरप्राइजेजले अस्पतालमा आई प्रदर्शन गर्न नसकिने तर सोही ब्राण्ड र फिचरको ८ थान मेसिन अर्को अस्पतालमा केही समय अगाडि आपूर्ति गरेकोले सोको लागि लाग्ने यातायात लगायत खर्च कम्पनीबाट व्यहोरी देखाउन सक्ने उल्लेख गरी जवाफ पेश गरेकोमा निजलाई मुल्यांकनबाट हटाई अर्का आपूर्तिकर्ताबाट मूल्य अभिवृद्धि कर समेत रू.९ लाख २ हजार बढी मुल्यमा खरिद गरेको देखियो। त्यस्तै २०० थान पोलिथिन पियु सिरिज चेयर खरिद कार्यको लागि २ सप्लायर्स छनौट भएकोमा ५ दिनभित्र नमुना माग गरेकोमा एक फर्निचरले विदेशबाट सामान सप्लाई गर्नुपर्ने भएकोले ६० देखि ९० दिन लाग्ने व्यहोरा पेस गरेको आधारमा मूल्याङ्कनमा समावेश नगरी अर्को प्रा.लि.सँग रू.१३ लाख ८१ हजार बढी मुल्यमा सामान खरिद गरेको छ। बोलपत्र कागजातमा उल्लेख नभएको शर्त समावेश गरी बोलपत्र मूल्याङ्कन गरेको कारण अस्पताललाई रू.२२ लाख ८३ हजार थप व्ययभार परेको देखिएकोले संलग्न पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ। | पुष्ट्याई सहितको प्रमाण कागजात समितिमा पेश गर्न निर्देशन दिने। |
| १६. | स्वास्थ्य उपकरण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ ले खरिद कारबाही गर्नु अघि खरिदको आवश्यकता पहिचान गर्नुपर्ने उल्लेख छ। मेहलकुना अस्पताल, सुर्खेतले यस वर्ष एक प्रा.लि. बाट पिआईसियूका लागि आवश्यक वोर्ड मोनिटर, सिरिन्ज पम्प, इन्फ्युजर पम्प, भेन्टिलेटर लगायत १० सेट सामान खरिद गरी रू.२ करोड ४६ लाख २६ हजार भुक्तानी गरेकोमा प्रयोग नगरी स्टोरमा राखेको छ। सोही अस्पतालका लागि रू.७९ लाख १२ हजारको ल्याव एनालाईजर मेसिन खरिद गरी प्रदेश प्रयोगशालामा राखेको छ। त्यस्तै रू.९७ लाख २९ हजारको विभिन्न उपकरण खरिद गरी अस्पतालमा जडान नभई नेपालगञ्ज स्थित क्षेत्रीय मेडिकल स्टोरमा राखेको छ। आवश्यकता यकिन नगरी विभिन्न निकायबाट बजेट व्यवस्था गरी खरिद गरेको नियमसम्मत देखिँदैन। | मेसिन उपकरणहरूको अवस्था र प्रयोगको सम्बन्धमा यथार्थ विवरण पेश गर्न निर्देशन दिने। |
| १७. | राजस्व दाखिला - कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २४ (१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने तथा उपदफा (२) मा उपदफा १ बमोजिम दाखिला नगरेमा दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सोभन्दा बढी ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी विभागीय कारबाही समेत गर्न सक्ने व्यवस्था छ। मेहलकुना अस्पताल, सुर्खेतका कार्यालय प्रमुखले वर्षभरी नगदमा प्राप्त राजश्व रू.४६ लाख ६ हजार मिति २०७९।०६।११ मा मात्र दाखिला गरेको देखिएकोले नियमानुसार विभागीय कारबाही गरी ढिलो दाखिला गरेवापतको जरिवाना रू.४ लाख ६१ हजार असूल गर्नुपर्दछ। | जरिवाना दाखिला गरेको देखिएकोले बेरुजु लगतबाट हटाउन निर्देशन दिने। |
| १८. | पूर्व योग्यताको आधार - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३३ मा सार्वजनिक निकायले पूर्व योग्यताको प्रस्ताव आव्हान गर्नु अघि नियम २५ तथा २६ बमोजिम निर्धारित पूर्व योग्यताको आधार विभागीय प्रमुखबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ। स्वास्थ्य सेवा कार्यालय | यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | रूकुम पश्चिमले लागत अनुमान रू.२० करोड ५७ लाख ५२ हजार भएको अस्पताल भवनको स्तरोन्नतीको बोलपत्र सूचना प्रकाशन गर्दा अन्य कुराका अतिरिक्त अस्लार मेसिनरी कार्य ६३१ घ.मी. गरेको हुनुपर्ने समेत मुख्य योग्यता उल्लेख गरेको पाइयो। कार्यालयमा पेस भएका २ थान बोलपत्र मध्ये एक जे.भि. को प्रस्ताव प्राविधिक रूपमा अयोग्य मानी अस्वीकृत गरेको छ भने प्राविधिक मूल्याङ्कनमा अर्को बोलपत्रको उक्त कार्यको अनुभव सम्बन्धमा खुलाएको छैन। सो कार्यको लागि मूल्य अभिवृद्धि कर वाहेक रू.२० करोड ५० लाख ९३ हजार लागत अनुमानको तुलनामा ०.३२ प्रतिशत घटीमा खरिद सम्झौता गरेको छ। बोलपत्रको सर्तमा गाह्रो लगाउने कार्यको परिमाण तोकी अनुभव माग गरेको औचित्यपूर्ण देखिदैन। त्यसरी अनावश्यक सर्त राखेको कारण बोलपत्रमा पर्याप्त प्रतिस्पर्धा भएको देखिएन। | |
| १९. | अस्पताल भवन स्वास्थ्य सेवा कार्यालय, सल्यानले अस्पताल भवन निर्माण गर्न रू.१७ करोड ९६ लाख ९५ हजारमा एक जे.भि सँग मिति २०७८। ३। १० मा सम्झौता गरेको देखियो। निर्माण व्यवसायीलाई २ किस्तामा रू. १ करोड ५७ लाख ४१ हजार पेश्की दिएको छ। उक्त निर्माण कार्यको हालसम्म साइट क्लियरेन्स बाहेक अन्य काम भएको छैन। कार्यालयले ३६ महिने कार्य १५ महिना अवधि व्यतित भई सक्दा चार पटक ताकेता पत्र पठाए पनि निर्माण व्यवसायीले काम शुरू गरेको छैन। निर्माण व्यवसायीलाई जिम्मेवार बनाई समयमा निर्माण सम्पन्न गराउनुपर्दछ। | यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| २०. | अस्पताल भवन निर्माण - दैलेख अस्पतालमा प्रशासकीय एवं अस्पताल सञ्चालन गर्ने प्रयोजनको लागि ३ तल्ले अत्याधुनिक भवन निर्माण गर्न एक निर्माण व्यवसायीसँग रू.१८ करोड २३ लाख ९१ हजारमा ३६ महिनामा कार्य सम्पन्न गर्ने गरी २०७८।०२।१० मा सम्झौता भएको छ। भवन निर्माण सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्: | *** |
| २०.१. | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। भवनको नापी किताबमा माटो कटिङ्ग कामको ३० प्रतिशत माटो फिलिङ्ग गर्ने काम गणना गरी १८०३.४८ घनमिटरको रू. १००।- का दरले भुक्तानी गरेको छ। नर्म्स अनुसार पिलर र टाइबिमको ट्रेन्च मात्रको पुर्ने परिमाण भुक्तानी गर्नुपर्नेमा कुल माटो एक्जाभेसनको ३० प्रतिशत गणना गर्दा पुर्ने कामको लागि रू २ लाख ८० हजार बढी भुक्तानी भएको छ। टाइबिम र पिलरको लागि २१.२५ घनमिटर माटो एक्जाभेसन भएकोमा सोको ३० प्रतिशतले हुने ६.३७५ घन मिटरको मात्र भुक्तानी हुनुपर्नेमा १७९७.१४५ घनमिटरको रू. १ लाख ८० हजार बढी भुक्तानी भएकोले सोको मूल्य समायोजन फ्याक्टर १.४३८९ ले हुने रू.७९ हजार तथा उक्त रकमको मूल्य अभिवृद्धि कर समेत कुल रू.२ लाख ९३ हजार असूल गर्नुपर्दछ। | यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| २०.२. | निर्माण व्यवसायीसँग भएको सम्झौता अनुसार प्रोभिजनबल समबाट बीमा वापत रू. १० लाख २८ हजार भुक्तानी भएकोमा बीमा नीति एवं बीमा प्रिमियम तिरेको कर बीजक पेस भएको देखिएन। बीमा र कर बीजक पेश गरी खर्च पुष्टि हुनुपर्दछ। | खर्च पुष्टी गर्ने प्रमाण पेश गर्न निर्देशन दिने। |
| २०.३. | भवन निर्माण कार्यको लागि ३ जना प्राविधिक वर्षे भरी नियुक्त गरी भवन डिभिजन, जुम्लाको डोर हाजिर सिफारिस अनुसार यो वर्ष ज्याला रू.९ लाख ९२ हजार र घरभाडा मासिक रू. १५ हजारका दरले रू.१ लाख ८० हजार समेत रू. ११ लाख ७२ हजार निजहरूलाई कन्टिन्जेन्सीबाट भुक्तानी दिएको छ। सम्झौतामा निर्माण व्यवसायीलाई साइट अफिस तथा क्याम्प निर्माण गर्न रू.३ लाख ६० हजार दिने खरिद सम्झौतामा उल्लेख भएकोले उक्त घरभाडा भुक्तानी दिन मिल्ने देखिदैन। कार्य प्रगति न्यून भएको, गुणस्तर नियन्त्रण संयन्त्र नरहेको तथा एउटै ठेक्काको | यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | लागि ३ जना प्राविधिक कर्मचारी राख्न पर्नाको औचित्य देखिएन। कन्टिन्जेन्सी वापतको ४ प्रतिशत मध्ये जुम्ला डिभिजनले २.५ प्रतिशत र अस्पतालले १.५ प्रतिशत खर्च गर्ने समझदारी भएकोमा अस्पतालबाट भएको खर्च रू. ४ लाख ३२ हजार यस वर्षको निर्माण खर्चको तुलनामा कन्टिन्जेन्सी खर्च ५.६४ प्रतिशत देखिन्छ। काम नै नभएको साइटमा आवश्यक भन्दा बढी कर्मचारी राख्ने, बिओक्यूमा राखेको आइटम समेत कन्टिन्जेन्सीबाट खर्च गर्ने कार्य बन्द गरी भवनको लागत घटाउनुपर्दछ। | |
| २०.४. | निर्माण व्यवसायीसँग भएको सम्झौताको विशेष शर्त मा मूल्य समायोजन डाटासिट अनुसार श्रम-१३, सामग्री-६९ र उपकरण-३ प्रतिशत र नन् एडजष्टमेन्ट फ्याक्टर-१५ प्रतिशत राखेकोमा मूल्य समायोजन गणना गर्दा ननएड्स्टेबल- २०, श्रम- १२, सामग्री - ६५ र इक्युपमेन्ट - ३ राखी समायोजन फ्याक्टर १.४३८९ ले रू.१ करोड ४५ लाख ९ हजारको मूल्य समायोजन रू.६३ लाख ६८ हजार गणना गरेको छ। सम्झौता अनुसार भार र नेपाल राष्ट्र बैंकको वेस् इन्डेक्स समेत नमिलाई गणना गरेको र सो रकममा सम्झौता अनुसार पेश्की रू.८७ लाख ७९ हजार नघटाई गणना गरेकोले रू.५२ लाख ३३ हजार र सोको १३ प्रतिशत मूल्य अभिवृद्धिकर रू.६ लाख ८० हजार समेत रू.५९ लाख १३ हजार बढी भुक्तानी भएकोले असूल गर्नुपर्दछ। | यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| २१. | सुर्खेत रंगशाला निर्माण - कर्णाली प्रदेशको सुर्खेतमा रंगशाला निर्माण गर्न रू.१ अर्ब ७० करोड ३३ लाख ९६ हजारको लागत अनुमानको खरिदका लागि इन्जिनियरिङ, खरिद र निर्माण (ई.पी.सी.) विधि मार्फत् ६ वटा बोलपत्रको प्राविधिक मूल्याङ्कनबाट सफल एक जे.भी. सँग २०८१।०२।११ सम्म रू.१ अर्ब ५९ करोड ४७ लाख ४८ हजारमा कार्य सम्पन्न गर्ने गरी २०७८।०७।२८ मा सम्झौता भएको छ। सम्झौताको ८० प्रतिशत समयावधिसम्म फर्छ्योट गर्ने गरी दिएको पेश्की रू.२७ करोड ८४ लाख ५२ हजार समेत हालसम्म रू. २९ करोड ८४ लाख १२ हजार खर्च भएको निर्माण कार्य सम्बन्धमा देखिएको व्यहोरा निम्न छन्: | *** |
| २१.१. | ई.पी.सी.माध्यमबाट खरिद गर्ने सम्बन्धी निर्देशिका, २०७८ को दफा ९ अनुसार ई.पी.सी. माध्यबाट खरिद गर्दा प्रदेश स्तरीय आयोजना प्रदेश मन्त्रिपरिषद्बाट निर्णय हुनुपर्दछ। आयोजना प्रदेश मन्त्रिपरिषद्बाट स्वीकृत नगरी परिषद्ले खरिद प्रक्रिया छनौट गरी कार्य गराएको नियमसम्मत देखिएन। | यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| २१.२. | ई.पी.सी.माध्यमबाट खरिद गर्ने सम्बन्धी निर्देशिका, २०७८ को दफा ९ अनुसार ई.पी.सी.माध्यमबाट खरिद गर्दा एकमुष्ट कार्यसम्पादन (लमसम कन्ट्र्याक्ट) को आधारमा प्रतिष्पर्धा गराई खरिद सम्बन्धी कारबाही गर्ने तथा दफा ११ बमोजिम ४ देखि ७ वटा सम्म माइलस्टोनमा विभाजन गर्ने एवं माईलस्टोनको प्रगतिको आधारमा भुक्तानी गर्नुपर्दछ। परिषद्ले निर्माण गर्ने आयोजनाको निर्देशिकाले तोकेको एकमुष्ट कार्यसम्पादनको आधारमा नगराई बिड डकुमेन्टमा विभिन्न आईटम उल्लेख पि.एस. तथा जब इकाई उल्लेख गरेकोले बोलपत्र कागजात तयार गर्दा निर्देशिका पालना भएको छैन। | यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| २१.३. | ई.पी.सी.माध्यमबाट खरिद गर्ने सम्बन्धी निर्देशिका, २०७८ को बुदां १५ अनुसार वारेन्टी तथा मर्मत सम्भार अवधि निर्धारण गर्दा आयोजनाको प्रकृति अनुसार निर्माण सम्पन्न भएको कम्तीमा दुई वर्ष हुने गरी निर्धारण गर्नुपर्ने व्यवस्था छ। सम्झौता अनुसार २०८१ जेष्ठमा कार्य सम्पन्न भई २ वर्ष त्रुटी सच्याउने अवधि भएको उक्त निर्माण कार्यको कार्य सम्पादन जमानत १५ नोभेम्वर २०२३ सम्मको मात्र रहेको छ। त्यस्तै प्रथम किस्ता मोविलाईजेशन पेश्की रू.१३ करोड ९६ लाख ५२ हजारको अग्रिम जमानतको म्याद १५ नोभेम्बर २०२२ मा र दोस्रो किस्ता | यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | रू. १३ करोड ८८ लाखको २६ फेब्रुअरी २०२३ मा सकिएको अवस्था छ। सम्झौताको वि. ओ. क्यूमा मोविलाईजेशन/डिमोविलाइजेशन कमिसन वापत रू.४० लाख भुक्तानी भएपनि कार्य सम्पादन तथा पेश्की जमानत सम्झौता अवधि खाम्ने गरी राखेको छैन। कार्य सम्पादन जमानतको म्याद त्रुटी सच्याउने अवधि भन्दा १ महिना बढी सम्मको भएको प्रमाण संलग्न गरी पेश्की रकम मिलान गर्नुपर्दछ। | |
| २१.४. | निर्माण व्यवसायीसँग भएको विशेष शर्त नं २३.२ मा ठेक्का रकमको ११५ प्रतिशत मेसिन तथा सामग्रीको रू.१० लाख, नयाँ मेसिनरी औजारको प्रतिस्थापन मूल्य बराबर, श्रमिकको श्रम ऐनले निर्धारण गरे अनुसार जोखिम वहन हुनेगरी तोकिएको अवधिसम्मको बीमा गर्नुपर्ने उल्लेख छ। निर्माण व्यवसायीले सम्झौता अनुसार सबै आइटमको बीमा पोलिसी पेस गरेको देखिएन। सम्झौता अनुसार मेसिनरी औजारको बीमाको लागि मूल्य आधार समेत कायम गरेको छैन। साथै सम्झौता अनुसार त्रुटी सच्याउने अवधि २५ जुन २०२६ सम्मको जोखिम समेटने गरी बीमा अवधी हुनुपर्नेमा २४ मे २०२४ सम्मको मात्र राखेकोले सबै किसिम र समय समेटिने गरी बीमालेख जारी भएको प्रमाण पेस गर्नुपर्दछ। | यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| २१.५. | ई.पी.सी.माध्यमबाट खरिद गर्ने सम्बन्धी निर्देशिका, २०७८ को बुदां ९ अनुसार ई.पी. सी.माध्यमबाट खरिद गर्दा एकमुष्ट कार्यसम्पादन ( लमसम कन्ट्रयाक्ट) को आधारमा प्रतिष्पर्धा गराई खरिद सम्बन्धी कारबाही गर्नुपर्ने उल्लेख छ। भेरिएसन तथा मूल्य समायोजन दिन नपर्ने यस्तो सम्झौतामा विओक्यूमा आईटम निर्धारण गरी बीमा वापत रू. २० लाख भुक्तानी गर्नुपर्नेमा रू. ८० लाख ७४ हजार भुक्तानी गरेकोले रू.६० लाख ७४ हजार बढी भुक्तानी रकम असूल गर्नुपर्दछ। | यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| २२. | सुपरभिजन परामर्श सेवा - ई.पी.सी. माध्यमबाट खरिद गर्ने सम्बन्धी निर्देशिका, २०७८ को बुँदा १४ अनुसार ई.पी.सी.माध्यमबाट गरिने खरिदमा डिजाइन, निर्माण तथा मर्मत सम्भार गर्दा उत्पन्न हुने भौगर्भिक, व्यावसायिक तथा प्राविधिक लगायतका सम्पूर्ण जोखिम निर्माण व्यवसायीले वहन गर्नुपर्ने व्यवस्था छ। साथै बुदां १२ अनुसार निर्माण व्यवसायीले गरेको निर्माण सम्बन्धी कार्यको परीक्षण तथा नापजाँच एवं गुणस्तर नियन्त्रण सुनिश्चित गर्न, परिषद्को तर्फबाट सुपरभिजन गर्न पूर्वाधार विकास निर्देशनालयको एक इन्जिनियर र सव इन्जिनियरलाई समेत काजमा खटाएको छ। उक्त निर्माण कार्यको सुपरभिजन गर्न आवश्यक पर्ने जनशक्ति यकिन नगरी परिषद्ले उक्त निर्माण कार्यको सुपरभिजन गर्न २०७९।१। २ मा एक जे. भी. सँग रू.१ करोड ३९ लाख ४२ हजारको सम्झौता गरी यस बर्ष रू.२३ लाख ३० हजार भुक्तानी गरेको छ। ई.पी. सी. माध्यमबाट भएको खरिद निर्माण कार्यको सम्पूर्ण जिम्मा निर्माण व्यवसायीको हुने हुँदा परिषद्ले परामर्शदाताको संख्या सीमित गरी कन्टिन्जेन्सीबाट हुने खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ। | यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| | | |



सभापति

## भौतिक पूर्वाधार विकास मन्त्रालय

### महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७५ (आ.व. २०७४/०७५)

| बेरुजुको दफा | बेरुजुको विवरण | समितिको निर्णयहरू |
|---|---|---|
| १ | राजस्व लेखा र राजस्वः दाखिला कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २३ मा प्रदेश सरकारलाई प्राप्त हुने राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि तोकिएको राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ। प्रदेश सरकारले राजस्व खाताको कोड नम्बर तोकी दिनुपर्नेमा तोकेको देखिएन। जसले गर्दा प्रदेश सरकारको राजस्व बापत प्राप्त भएका रकमहरू प्रदेशकै राजस्व खातामा दाखिला हुन सकेको छैन। मन्त्रालयले सिलबन्दी दरभाउपत्र बिक्रीबापत प्राप्त गरेको राजस्व रु.१४ हजार प्रदेश लेखा नियन्त्रक कार्यालयको धरौटी खातामा जम्मा भएको छ। यसलाई राजस्व शीर्षकमा जम्मा गर्नुपर्दछ। | राजस्व खातामा रकम जम्मा भइसकेको देखिएकोले बेरुजु लगतबाट हटाउन निर्देशन दिने। |

सभापति

## भौतिक पूर्वाधार विकास मन्त्रालय

### महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७७ (आ.व. २०७५/०७६)

| बेरुजुको दफा | बेरुजुको विवरण | समितिको निर्णयहरू |
|---|---|---|
| १ | विनियोजन- यो वर्ष मन्त्रालयलाई कूल रु.१० अर्ब २२ करोड ७९ लाख २६ हजार विनियोजन भएकोमा रु. ७ अर्ब ५० करोड ५२ लाखको बजेट कार्यान्वयनमा नआई प्रदेश सञ्चित कोषमा फिर्ता भएको छ। पूर्ण रूपले वार्षिक कार्यक्रम सञ्चालन हुन नसक्दा बित्तीय कार्य सम्पादन २६.६२ प्रतिशत रहन गई विनियोजन दक्षता न्यून देखिएको छ। कार्यक्रम कार्यान्वयन गरी दक्षता बढाउनुपर्दछ। | सुझाव बमोजिम गर्न निर्देशन दिने। |
| २ | कार्य विभाजन - कर्णाली प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४ अनुसार मन्त्रालयले प्रदेश स्तरको पूर्वाधार सडक, भवन, ऊर्जा, विद्युत, सिँचाइ, खानेपानी, जलउत्पन्न प्रकोप, नदी तथा पहिरो व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान नीति, कानून, मापदण्ड तयार गरी कार्यान्वयन गर्नु पर्दछ। यस बर्षसम्म मन्त्रालयले भवन तर्फ जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ तयार गरी लागु गरेको पाईयो। ऊर्जा तर्फ ग्रामिण विद्युतीकरण कार्यान्वयन कार्यविधि, लघु तथा साना जलविद्युत अध्ययन सम्बन्धी नर्म्स, सौर्य ऊर्जा अनुदान कार्यविधि, सैद्धान्तिक सहमतिको लागि प्रस्ताव तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयमा पठाएको छ। यस बाहेक नीति, कानून एवं मापदण्ड तयार गरेको पाइएन। | मन्त्रालयले हालसम्म तयार गरी लागू गरेका कार्यबिधिहरूको विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| ३ | सोझै खरिद- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले रु. २० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्नेमा रु.३ करोड १२ लाख २५ हजारको निर्माण, कार्यालय सामान, फर्निचर र कम्प्युटर लगायतका मेशिनरी औजार सोझै खरिद गरेको छ। खरिद कार्य प्रतिस्पर्धी हुनुपर्दछ साथै सो खरिदको कार्यलाई निरुत्साहित गर्नुपर्दछ। | विशेष परिस्थितिमा खरिद गरेको देखिएकोले आगामी दिनमा सुधार गर्ने गरी बेरुजु लगतबाट हटाउन निर्देशन दिने। |
| ४ | मूल्य अभिवृद्धि कर - यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्: | |
| ४. १ | मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसूची ५ वमोजिमको ढाँचामा सिलसिलेवार नम्बर सहित प्रिन्टेड विजक जारी गर्नुपर्ने व्यवस्था छ। जलश्रोत तथा सिँचाइ विकास डिभिजन, रुकुम (पश्चिम), शहरी विकास तथा भवन कार्यालय, जुम्ला र सुर्खेत, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, सुर्खेत र डिभिजन सडक कार्यालय, रुकुम (पश्चिम) समेत ५ कार्यालयले ७ निर्माण व्यवसायीलाई विभिन्न निर्माण कार्यको भुक्तानी गर्दा बीजक नम्बर नभएको, डबल राइटिङ गरेको, केरमेट भएको, ढाँचा फरक पारेको बीजकबाट मुल्य अभिवृद्धि कर रु. ४१ लाख ७३ हजार भुक्तानी गरेकोले मुल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ। | मुल्य अभिवृद्धि कर समायोजन पेश भएको रकमलाई बेरुजु लगतबाट हटाउन निर्देशन दिने। |
| ४. २ | मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २६ (१) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाताले महिना समाप्त भएको मितिले २५ दिनभित्र सम्बन्धित कर अधिकृतसमक्ष कर विवरण पेस गर्नुपर्ने उल्लेख छ। यो वर्ष जलश्रोत तथा सिँचाइ विकास डिभिजन, जुम्ला, सल्यान, मुगु र दैलेखले विभिन्न निर्माण कार्यको लागि १६ निर्माण व्यवसायीलाई रु.१ करोड ९२ लाख १५ हजार | मुल्य अभिवृद्धि कर समायोजन पेश भएको आधारमा बेरुजु लगतबाट हटाउन निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | भुक्तानी दिएकोमा उक्त रकमको कर विवरण दाखिला नगरी नन्फाइलर रहेको पाइयो। अतः सो रकम भुक्तानी गर्दा दिएको मूल्य अभिवृद्धि कर रु.२४ लाख ९९ हजारको कर समायोजन भएको प्रमाण पेस गर्नुपर्दछ। | |
| ४.३ | मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (ग) मा सार्वजनिक निकायले ठेक्का सम्झौता वा करार अन्तर्गत ठेकेदार वा आपूर्तीकर्तालाई वस्तु वा सेवा बापतको मूल्य अभिवृद्धि कर भुक्तानी गर्दा पचास प्रतिशतले हुने कर रकम कट्टा गरी सम्बन्धित फर्मको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गर्नु पर्ने व्यवस्था छ। जलश्रोत तथा सिँचाइ विकास डिभिजन, सल्यान, कालिकोट, हुम्ला, मुगु र पूर्वाधार विकास कार्यालय, हुम्ला समेत ५ कार्यालयले ८४ फर्महरूलाई ठेक्का तथा करारको माध्यमबाट निर्माण कार्य र वस्तु तथा सेवा आपूर्ति गरे बापत मूल्य अभिवृद्धि कर रु. १ करोड ५१ लाख ८० हजार भुक्तानी गरेकोमा पचास प्रतिशतले हुने रु. ७५ लाख ९० हजार कट्टा गरेको नदेखिएकोले कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्दछ। | मुल्य अभिवृद्धि कर समायोजन पेश भएको आधारमा बेरुजु लगतबाट हटाउन निर्देशन दिने। |
| ५. | पूर्वनिर्धारित क्षतिपूर्ती सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ अनुसार सम्झौतामा भेरियसन आदेश जारी भएमा र उपयुक्त कारण भएमा पूर्वनिर्धारित क्षतिपूर्ति नलिने गरी म्याद थप गर्न सकिने तर निर्माण व्यवसायीको कारणले ढिलाई भई कार्यतालिका अनुसार काम नगरेको कारण ठेक्काको काम तोकिएको अवधिभित्र सम्पन्न नभएमा प्रतिदिन ०.०५ प्रतिशतका दरले बढीमा सम्झौता रकमको १० प्रतिशतसम्म पूर्वनिर्धारित क्षतिपूर्ती लगाई असूल गर्नुपर्ने व्यवस्था छ। यससम्बन्धमा निम्न व्यहोराहरू देखिएका छन्: | *** |
| ५.१ | जलश्रोत तथा सिँचाइ विकास डिभिजन, डोल्पा अन्तर्गत आर्थिक वर्ष २०७३।०७४ मा सम्झौता भएको २ निर्माण ठेक्कामा म्याद थप नभएको हुँदा पूर्वनिर्धारित क्षतिपूर्ती लिई निर्माण कार्य सम्पन्न गर्नुपर्दछ। | ठेक्काहरूको यथार्थ अवस्था समितिमा पेश गर्न निर्देशन दिने। |
| ५.२ | जलश्रोत तथा सिँचाइ विकास डिभिजन, सुर्खेत अन्तर्गत १९ ठेक्काको समयावधि समाप्त भएकोमा म्याद थप भएको देखिएन। म्याद थपको कारण उचित नदेखिएको अवस्थामा निर्माण व्यवसायीहरूलाई पूर्व निर्धारित क्षतिपूर्ती लिई निर्माण कार्य सम्पन्न गर्नुपर्दछ। | ठेक्काहरूको यथार्थ अवस्था समितिमा पेश गर्न निर्देशन दिने। |
| ५.३ | डिभिजन सडक कार्यालय, रुकुम (पश्चिम) बाट सम्झौता भई कार्यान्वयनमा आएका सम्झौतामध्ये लेखापरीक्षणको क्रममा परीक्षण गरिएका २१ ठेक्का म्यादभित्र सम्पन्न नगरेको र म्याद थप पनि नभएको अवस्था छ। सम्झौता अनुसारको काम थप म्याद भित्र समेत सम्पन्न नगरेको अवस्थामा सार्वजनिक खरिद ऐन र नियमावलीमा भएका उल्लिखित व्यवस्था अनुसार कार्य सम्पादन जमानत जफत लगायतका कारवाही गरी कार्य सम्पन्न गर्नुपर्दछ। | कार्य सम्पन्न भएका ठेक्काहरूसँग सम्बन्धित बेरुजु लगतबाट हटाउन निर्देशन दिने। सम्पन्न नभएका आयोजनाहरूको सम्बन्धमा ऐन, नियमको पालना गरी यथाशक्य निर्माण सम्पन्न गर्न निर्देशन दिने। |
| ६. | विस्तृत सर्वेक्षण प्रतिवेदन- आर्थिक कार्यविधि नियमवाली, २०६४ को नियम २२(१) मा विकास आयोजनाको बजेट तर्जुमा गर्दा आर्थिक, प्राविधिक तथा वातावरणीय आधारमा सम्भाव्यता अध्ययन गरी बजेट तर्जुमा गर्नुपर्ने उल्लेख छ। विस्तृत सर्वेक्षण प्रतिवेदन तयार नहुँदै सिँचाइ तथा जलश्रोत विकास डिभिजन, डोल्पा र रुकुम (पश्चिम) ले २४ सिँचाइ तथा नदी नियन्त्रणको निर्माण कार्यमा बजेट व्यवस्था गरी रु.५ करोड १४ लाख ४० हजार खर्च गरेको छ। कानुनी व्यवस्था पालना नगरी निमार्ण कार्यमा खर्च गर्नु उपयुक्त देखिएन। | आयोजनाहरूको यथार्थ अवस्था समितिमा पेश गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| ७. | स्वीकृत कार्यक्रम भन्दा बढी खर्च- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२) क अनुसार रकम स्वीकृत बजेट भित्र र सम्बन्धित खर्च शीर्षकमा पर्छ र खर्च गर्न बाँकी छ भने मात्र खर्च गर्ने व्यवस्था रहेको छ। जलश्रोत तथा सिँचाइ विकास डिभिजन, कालिकोट, खानेपानी तथा सरसफाई डिभिजन, रुकुम (पश्चिम) र जुम्ला समेत ३ कार्यालयले १२ योजनामा स्वीकृत बजेट रु. ९५ लाख २५ हजार सम्म खर्च गर्नुपर्नेमा रु.१ करोड ३३ लाख ७ हजार खर्च गरेकोले स्वीकृत बजेट र कार्यक्रम भन्दा रु.३७ लाख ८२ हजार बढी खर्च गरेको देखियो। स्वीकृत बजेट र कार्यक्रम संशोधन नगरी बढी खर्च गर्नु उपयुक्त देखिएन। | यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| ८. | परामर्श सेवा - सार्वजनिक खरिद नियमावली, २०६४ को परिच्छेद- ६ मा सार्वजनिक निकायले परामर्श सेवा खरिद गर्न परामर्शदाताको कार्यक्षेत्रगत शर्त तयार गर्नुपर्ने, खुल्ला रूपमा आशयपत्र माग गरी संक्षिप्त सूची तयार गर्नुपर्ने, संक्षिप्त सूचीमध्येबाट ३० दिनको समय दिई प्रस्ताव माग गर्नुपर्ने तथा परामर्शदाताको योग्यता र अनुभव समेतको आधारमा मूल्यांकन गरी छनौट गर्नुपर्ने उल्लेख छ। सोही नियमावलीको नियम ७० (२) मा सार्वजनिक निकायले रु. २० लाख भन्दा बढी रु.१० करोड रुपैयासम्म लागत अनुमान भएको परामर्श सेवा खरिद गर्नुपरेमा राष्ट्रियस्तरको आशयपत्रदाताबीच मात्र प्रतिस्पर्धा गराई आशयपत्र माग गर्नुपर्ने उल्लेख छ। परामर्श सेवा खरिद सम्बन्धमा देखिएका मुख्य व्यहोरा निम्नानुसार छः | *** |
| ८. १ | पूर्वाधार विकास कार्यालय, जुम्लाले यस वर्ष प्रदेश राजधानी जोड्ने सडक तथा रणनीतिक सडकहरूको विस्तृत आयोजना प्रतिवेदन तयार गर्न विभिन्न २८ परामर्शदातासंग रु. १ करोड ३८ लाख २८ हजार र पूर्वाधार विकास कार्यालय, सुर्खेतले यस वर्ष विभिन्न परामर्शदातासँग दरभाउपत्र लिई कुल रु. ५ करोड २० लाख ३६ हजारको सम्झौता गरी कार्य गरेको देखियो। | तयार भएका विस्तृत आयोजना प्रतिवेदनहरूको विस्तृत विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| ८.२ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, सुर्खेतले विभिन्न खानेपानी आयोजनाको विस्तृत सर्वेक्षण प्रतिवेदन तयार गर्न विभिन्न ९ परामर्शदातासँग रु.६९ लाख ३१ हजारको सम्झौता गरी कार्य गरेको देखियो। एउटै प्रकृतिको कार्यलाई प्याकेज बनाई नियमावलीको व्यवस्था अनूरूप राष्ट्रियस्तरको आशयपत्रदाता बीच प्रतिस्पर्धा गराई प्रतिस्पर्धात्मक मूल्यमा परामर्श सेवा खरिद गर्नुपर्नेमा रु. ५ लाख रुपैयाँको हाराहारीमा विभिन्न परामर्शदाताबाट टुक्रा टुक्रा पारी खरिद कार्य गरेको हुँदा मितव्ययी तरिकाले कार्य भएको सुनिश्चित हुन सकेन। | तयार गरिएका विस्तृत आयोजना प्रतिवेदनहरूको विस्तृत विवरण पेश गर्न निर्देशन दिने। |
| ९. | खर्च गर्ने अख्तियारी - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२ (२) मा बजेट विवरण र खर्च गर्ने अख्तियारी प्राप्त भएको १५ दिन भित्र सम्बन्धित सचिवले विभागीय प्रमुखलाई र विभागीय प्रमुखले मातहत कार्यालय प्रमुख वा कार्यक्रम सञ्चालन गर्ने कार्यालय प्रमुखलाई कार्यालयगत बजेट विवरण स्वीकृत कार्यक्रम र खर्च व्यहोर्ने श्रोत खोली बजेट खर्च गर्ने अख्तियारी पठाउनुपर्ने उल्लेख छ। भौतिक पूर्वाधार विकास मन्त्रालयले जलश्रोत तथा सिँचाइ विकास डिभिजन, डोल्पालाई पूँजीगत तर्फ २०७६।३।२५ मा रु.६ करोड ३७ लाख २४ हजारको अख्तियारी पठाएकोमा रु.५ करोड २३ लाख २६ हजार खर्च भएको छ। आर्थिक वर्षको अन्त्यमा खर्च गर्ने अख्तियारी पठाउने कार्यलाई निरुत्साहित गर्नुपर्दछ। | सुझाव बमोजिम गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| १०. | गुरुयोजना - जलश्रोत तथा सिँचाइ विकास डिभिजन, हुम्लाले यो बर्ष हिल्सा देखि थाइहारासम्मको कर्णाली नदी किनारा नियन्त्रण कार्यमा रु.१ करोड ३० लाख ८८ हजार खर्च गरेकोमा विभिन्न ७ उपभोक्ता समिति मार्फत रु.१ करोड ११ लाख ९४ हजार को कार्य गराएको छ। सालवसाली रूपमा नदी नियन्त्रण सम्बन्धी कार्य हुने गरेकोमा हालसम्म भएको खर्चको कुनै अभिलेख राखेको छैन। दीर्घकालीन प्रकृतिको कार्य गराउदा गुरुयोजना तयार गरी सोही बमोजिम कार्य गराउनुपर्नेमा प्राप्त बजेटको आधारमा सालवाली रूपमा कार्य गराएको उचित देखिएन। | कर्णाली नदी किनारा नियन्त्रणका लागि गरिएको खर्च तथा सोको स्थानहरूको विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| ११. | पेश्की - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ (क) र नियमावलीको नियम ११३ बमोजिम निर्माण व्यबसायीलाई मोविलाइजेशन पेश्की प्रदान गर्दा बैंक जमानत लिनुपर्ने र समयमै कार्य नगरेको अबस्थामा बैंक जमानत खिची पेश्की फछ्यौट गर्नुपर्ने व्यबस्था छ। जलश्रोत तथा सिँचाइ विकास डिभिजन, हुम्लाले आखोला र घट्टेखोला सिँचाइ योजनाको निर्माण कार्यका लागि १ निर्माण व्यवसायीसँग आर्थिक वर्ष २०७३।०७४ मा रु.२ करोड ३० लाख ८७ हजारको सम्झौता गरी रु.१८ लाख मोविलाइजेशन पेश्की प्रदान गरकोमा सुरु सम्झौताको म्याद समाप्त हुँदासम्म निर्माण कार्य सुरु गरेको देखिएन। पेश्की जमानतको म्याद समेत समाप्त भएको अवस्था छ। निर्माण व्यबसायीले पेश गरेको कार्य तालिकाबमोजिम समयमै कार्य नगरेको सम्बन्धमा कुनै तरताकेता गरेको देखिदैन। पेश्की जोखिममा पार्ने पदाधिकारीलाई जिम्मेवार बनाई नियमावलीको नियम ११३ (६) बमोजिम व्याजसमेत असूल गर्नुपर्दछ। | ठेक्काको यथार्थ अवस्था समितिमा पेश गर्न निर्देशन दिने। |
| १२. | अधुरो मायोजना- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौता बमोजिम काम नगरी बीचैमा छोडेमा वा सम्झौता वमोजिम कामको प्रगति नगरेमा निजसँगको सम्झौता अन्त्य गरी विभिन्न कारवाही गर्न सकिने र दफा ६३ मा कालो सूचीमा राख्न लेखि पठाउनु पर्ने व्यवस्था छ। जलश्रोत तथा सिँचाइ विकास डिभिजन, सल्यानले शारदा सिचांई नहर निर्माण गर्न एक निर्माण व्यबसायीसँग २०७५।५।२० सम्ममा कार्य सम्पन्न गर्ने गरी २०७४।२।२१ मा मूल्य अभिवृद्धि कर बाहेक रु.१ करोड १३ लाखको सम्झौता गरेकोमा कार्य सम्पन्न गर्ने अवधि पटक पटक गरी २०७६।५।१७ सम्म थप भएतापनि निर्माण व्यवसायीले यस बर्ष कार्य गरेको छैन। निर्माण व्यवसायीलाई गत बर्ष सम्म मूल्य अभिवृद्धि कर बाहेक रु ५४ लाख भुक्तानी गरेको छ। निर्माण कार्यको अन्तिम पटक म्याद थप गर्दा लागत अनुमानको ईन्टेकको निर्माणस्थल ७०० मिटर माथि सरेको, नहर बनाउने स्थान र नहरको संरचना, डिजाईन परिर्वतन भएको कारणले नहरको नयां संरचना तयार गर्दा बजार क्षेत्र पार गर्नुपर्ने, बिस्तृत सर्वेक्षण प्रतिबेदनमा कमाण्ड एरिया १०० हेक्टर उल्लेख भएकोमा फिल्डमा बास्तविक कमाण्ड एरिया २० हेक्टर मात्र भएको जस्ता कारण उल्लेख भएकाले योजनाको डिजाईनमा नै त्रुटि भएको छ। डिजाईन गर्ने परामर्शदातालाई सार्वजनिक खरिद ऐन अनुसार आवश्यक कारवाही गर्नुपर्दछ। | ठेक्काको यथार्थ अवस्था समितिमा पेश गर्न निर्देशन दिने। |
| १३. | बील भरपाई - कर्णाली प्रदेश जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ को दफा १२ (घ) मा निर्माण समितिले हरेक किस्ताको कामको मूल्यांकन बील भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजातहरू समितिको बैठकबाट अनुमोदन गराई कार्यक्रम कार्यान्वयन इकाई मार्फत शहरी विकास तथा भवन कार्यालयमा भुक्तानीको लागि पेश गर्नुपर्ने व्यवस्था छ। शहरी विकास तथा भवन कार्यालय, जाजरकोटले ८ निर्माण समिति मार्फत ३२१ लाभग्राहिलाई रु.८ करोड २० लाख ११ हजार अनुदान खर्च लेखेकोमा खर्च | यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | प्रमाणित गर्ने प्राविधिक मूल्यांकन तथा बील भरपाई समितिको बैठकबाट अनुमोदन भई पेश भएको देखिएन। कार्याविधिको प्रावधान अनुसार खर्च प्रमाणित गर्ने बील भरपाई तथा प्राविधिक मूल्यांकन पेश गर्नुपर्दछ। | |
| १४. | लाभग्राहीको खातामा रकम नपठाएको - कर्णाली प्रदेश जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ को दफा ६ मा शहरी विकास तथा भवन कार्यालयबाट कार्यक्रम कार्यान्वयन इकाईले लाभग्राहीलाई आवास निर्माण गर्न निर्माण समिति मार्फत लाभग्राहीको खातामा रकम उपलब्ध गराउने वा समिति गठन हुन नसके लाभग्राहीको खातामा सो रकम उपलब्ध गराउने उल्लेख छ। शहरी विकास तथा भवन कार्यालय, जुम्लाले अन्तिम किस्ता बापत विभिन्न समितिको खातामा पठाएको रकम मध्ये कालिकोट र जुम्लाका ६ स्थानका ६६ लाभग्राहीको रु.१८ लाख ६३ हजार समितिले लाभग्राहीको खातामा रकम उपलब्ध नगराई समितिकै खातामा राखेको पाइयो। लाभग्राहीले कार्यविधि बमोजिम कार्य गरेको नदेखिए उक्त रकम फिर्ता गर्नुपर्दछ। | यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| १५. | बढी भुक्तानी - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१)(ख) मा सार्वजनिक निकायले रनिङ बिलको भुक्तानी गर्दा प्राविधिक नाप जांच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पूर्वाधार विकास निर्देशनालय, सुर्खेतले खलंगा सिमखर्क वालुवासंग्रही सडक स्तरोन्नती कार्यको एक निर्माण व्यवसायीलाई नवौं रनिङ बिलको रकम भुक्तानी गर्दा ५ आइटममा नापी किताबमा उल्लिखित कार्य परिमाण भन्दा रु.२१ लाख ४६ हजार बढी भुक्तानी दिएकोले उक्त रकम असूल गर्नुपर्दछ। | यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| १६. | प्रतिस्पर्धा - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९(१) तथा नियमावली, २०६४ को नियम १४६ (२) मा बोलपत्रमा पर्याप्त प्रतिस्पर्धा गराउन बिद्युतीय माध्यमबाट बोलपत्र आह्वान गर्न सकिने व्यवस्था रहेकोमा कार्यालयले सबै बोलपत्रहरू उक्त माध्यमको प्रयोग नगरेबाट खरिद कार्यवाहीमा प्रतिस्पर्धा हुन नसकी लागत अनुमान कै हाराहारीमा ठेक्का सम्झौता भएको छ। खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, रुकुम (पश्चिम) ले एच.डि.पि.ई. पाइप खरिद गर्न ४ ठेक्काको लागि रु.१ करोड ७४ लाख ६१ हजारको लागत अनुमान तयार गरी बोलपत्र माग गरेकोमा प्रत्येक ठेक्कामा १ बोलपत्र बिक्री र दर्ता भई १ प्रतिशत भन्दा कम रकम अर्थात रु.१ करोड ७४ लाख ४८ हजारको ठेक्का सम्झौता भई खरिद कार्य भएको छ। बिद्युतीय माध्यम मार्फत प्रतिस्पर्धात्मक खरिद कार्य गर्नुपर्दछ। | सुझाव बमोजिम गर्न निर्देशन दिने। |
| १७ | पाइप मौज्दात - पाइप तथा फिटिङ्गस / औजार खरिद गर्ने सम्बन्धमा गत विगतको मौज्दातको ख्याल गरी सोको उपयोग गर्ने, अत्यावश्यक भएमा मात्र खरिद गर्ने तथा नापी किताबमा जडान देखिए अनुसार जिन्सी खाताबाट मौज्दात घटाउनुपर्दछ। पाइप मौज्दात सम्बन्धमा देखिएका मुख्य व्यहोरा निम्न छन्: | *** |
| १७.१ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, रुकुम (पश्चिम) मा गत वर्ष खरिद भएका विभिन्न साईजको पाइप मौज्दात रहेको र यस वर्ष खरिद भएको पाईपमध्ये खर्च नभई बाँकी रहेको १३ हजार ५१८ मिटर पाइपको मुल्य रु.२० लाख १ हजार रहेको छ। उक्त पाईप सम्बन्धित आयोजनामा खर्च गरेको प्रमाण पेश हुनुपर्दछ। | सुझाव बमोजिम गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| १७.२ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, जुम्लाले जिल्लामा सञ्चालित खानेपानी आयोजनाहरूका लागि पाइप खरिद गर्दा पुरानो मौज्दातलाई ख्याल नगरी पुनः मौज्दातमा रहने गरी खरिद गर्ने गरेको पाइयो। कार्यालयबाट प्राप्त पाइप मौज्दात सम्बन्धी विवरण अनुसार यो वर्ष जुम्ला जिल्लातर्फ रु. ५२ लाख ६० हजार र हुम्ला जिल्लातर्फ रु.१ करोड १३ लाख ६ हजार समेत रु. १ करोड ६५ लाख ६६ हजार मूल्यका ५५ हजार ६४ मिटर पाइप मौज्दात रहेको देखिन्छ। ठूलो परिमाणमा मौज्दात रहँदा योजना बाहिरको काममा वितरण गर्नुपर्ने अवस्था सिर्जना हुन सक्ने, भण्डारणमा जोखिम हुन सक्ने जस्ता कारणले पाइप जडान हुने अवस्थामा मात्र खरिद गर्नु उपयुक्त हुने देखिन्छ। | सुझाव बमोजिम गर्न निर्देशन दिने। |
| १८. | उपभोक्ताको अंश - खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, रुकुम (पश्चिम) का ८ खानेपानी आयोजनाका उपभोक्ता समितिहरूले सम्झौतामा उल्लेख भएअनुसार उपभोक्ता समितिको तर्फबाट रु. ५१ लाख २९ हजार मूल्य बराबरको जनश्रमदान गर्नुपर्नेमा रु. ३९ लाख १० हजार मात्र व्यहोरेको हुँदा नपुग रु. १२ लाख १९ हजार उपभोक्ता समूहबाट असूल गर्नुपर्दछ। | सुझाव बमोजिम गर्न निर्देशन दिने। |
| १९. | कार्यसम्पादन जमानत - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० मा कार्य सम्पादन जमानतको म्याद मर्मत सम्भार अवधिभन्दा १ महिना बढी हुनुपर्ने व्यवस्था छ। खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, सुर्खेतले ६ खानेपानी योजनाको निर्माण कार्य गर्न ६ निर्माण व्यवसायीसँग सम्झौता गर्दा पेश गरेको रु. ४६ लाख ६३ हजारको कार्यसम्पादन जमानतको अवधि नियमावलीले तोकेको भन्दा कम अवधिको भएकोले नियमावलीमा भएको व्यवस्था बमोजिम मर्मत सम्भार अवधि भन्दा १ महिना बढी अवधि भएको कार्यसम्पादन जमानत पेश गराउनुपर्दछ। | कार्यसम्पादन जमानत पेश गरी कार्य सम्पन्न समेत भइसकेकाले लगतबाट बेरुजु हटाउन निर्देशन दिने। |
| २०. | योजना निर्माणमा ढिलाई - खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, जुम्लाले १७ खानेपानी आयोजना निर्माण कार्यको लागि रु.४४ करोड ५९ लाख ६२ हजारको लागत अनुमान तयार गरी आर्थिक वर्ष २०६५।०६६ देखि २०६८/०६९ सम्म निर्माण कार्य सुरु गरेकोमा लेखापरीक्षण अवधिसम्म रु.१९ करोड ९७ लाख ७ हजार खर्च भई कूल वित्तीय प्रगति ४४.७८ प्रतिशत भएको छ। खानेपानी योजनाको निर्माण कार्य लामो समयसम्म पनि सम्पन्न नभै अवधि बढाउदै लगेको र भौतिक प्रगति न्यून रहेको देखिएको छ। योजना लामो अवधिसम्म अधुरो रहँदा लागतसमेत बढ्न जान्छ। तोकिएको अवधिभित्र आयोजनाहरू सम्पन्न गर्नुपर्दछ। | सुझाव बमोजिम गर्न निर्देशन दिने। |
| २१. | कर र जरिवाना - सवारी साधन कर ऐन, २०३१ को दफा ४ (२) मा करदाताले आफनो नाममा दर्ता भएको सवारी साधनमा लाग्ने कर प्रत्येक आर्थिक बर्षको चैत्र मसान्तसम्म वा दर्ता नवीकरण गर्ने म्याद जुन अघि हुन्छ सो म्यादभित्र बुझाई सक्नुपर्ने व्यवस्था छ। साथै दफा ७ मा सो म्याद नाघेको पहिलो तीस दिनसम्मलाई कर रकमको ५ प्रतिशत र त्यसपछिको ४५ दिनसम्मलाई कर रकमको दश प्रतिशत तथा त्यसपछि सो आर्थिक बर्षको अन्तसम्मलाई कर रकमको २० प्रतिशतका दरले जरिवाना गर्ने तथा दफा ८ मा आर्थिक वर्षको अन्तसम्म पनि कर र जरिवाना दाखिला नगरेमा कर अधिकृतले सवारी साधन रोक्का गरी उक्त सवारी साधन लिलाम बिक्री गरी असूल उपर गरिने व्यवस्था छ। यातायात व्यबस्था कार्यालय, सुर्खेत र जुम्लाले नियममा व्यवस्था भए बमोजिम उठ्न बाँकि कर र जरिवाना रकमको अभिलेख राखेको छैन। अभिलेख अद्यावधिक गरी आवश्यक कारवाही गर्नुपर्दछ। | उठ्न बाँकि कर र जरिवाना रकमको विवरण अद्यावधिक गर्न निर्देशन दिने। |



सभापति

## भौतिक पूर्वाधार विकास मन्त्रालय

### महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७८ (आ.व. २०७६/०७७)

| बेरुजुको दफा | बेरुजुको विवरण | समितिको निर्णयहरू |
|---|---|---|
| १. | कार्य जिम्मेवारी : प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्ने २२ कार्यहरू मध्ये प्रादेशिक राजधानी र अन्तर स्थानीय शहरको विकास, योजना तर्जुमा, कार्यान्वयन, समायोजन र पुर्वाधार निर्माण गर्ने कार्य उल्लेख भएकोमा सो सम्वन्धी योजना तर्जुमा नगरेको, प्रादेशिक सडक मापदण्ड अनुसार प्रदेश स्तरमा प्रादेशिक सडक सञ्जाल गुरुयोजना वनाई प्रादेशिक सडक विस्तार, निर्माण तथा मर्मत गर्नुपर्नेमा सडक मापदण्ड र प्रादेशिक सडक सञ्जाल गुरुयोजना, सडक तथा पुलको ईन्भेन्ट्री तयार गरेको छैन। स्रोत साधनको व्यवस्थापन गरी कार्यक्षेत्र र जिम्मेवारी अनुरूप कार्य सम्पादन गर्नुपर्दछ। | सुझाव बमोजिम गर्न निर्देशन दिने। |
| २. | विनियोजन दक्षता : यो वर्ष मन्त्रालयलाई रु.१ अर्ब ४५ करोड ३५ लाख बजेट बाँडफाँट तथा विनियोजन भएकोमा रु.४४ करोड ७४ लाख ४७ हजार खर्च भएको छ। पूर्णरूपले वार्षिक कार्यक्रम सञ्चालन हुन नसक्दा वित्तीय कार्यसम्पादन ३०.७८ प्रतिशत रहन गई विनियोजन दक्षता न्युन देखिएको छ। वार्षिक कार्यक्रममध्ये लागत अनुमान, सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन तयार भएका परियोजनामा मात्र बजेट विनियोजन गरिने व्यवस्था आंशिक मात्र लागु गरेको, नयाँ परियोजनाको हकमा विस्तृत परियोजना प्रतिवेदनका लागि मात्र बजेट व्यवस्था गरिने ब्यहोरा पुर्ण रूपमा लागु नभएको, प्राथमिकता प्राप्त आयोजना कार्यान्वयन गर्न अधिकार सम्पन्न संरचना निर्माण गरी सञ्चालनमा ल्याईने नीति कार्यान्वयन नभएको, प्रदेश सरकारले रु.१ करोड भन्दा बढी लागत अनुमान भएका आयोजनामा मात्र बजेट विनियोजन गरिने व्यवस्था भएकोमा कार्यान्वयन नभएको, पूर्वाधार र विकासका लागि कर्णाली पुर्वाधार बैंक स्थापना गरी सञ्चालन नभएको र परियोजना बैंक र इन्जिनियरिङ् कम्पनी स्थापना गरी तत्काल कार्य प्रारम्भ गरिने उल्लेख भएकोमा कार्यान्वयन भएको छैन। कार्यक्रम कार्यान्वयन गरी विनियोजन दक्षता बढाउनुपर्दछ। | सुझाव बमोजिम गर्न निर्देशन दिने। |
| ३. | अख्तियारी : प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३२ मा बजेट र खर्च गर्ने अख्तियारीपत्र १५ दिनभित्र सम्बन्धित सचिवले कार्यक्रम सञ्चालन गर्ने कार्यालयलाई पठाउनुपर्ने व्यवस्था छ। यस वर्ष रकमान्तरबाट बजेट थप गरी आषाढमा मात्र रु. ४१ करोड १७ लाख ५६ हजारको अख्तियारी दिएको छ। यसरी निकासा गरेको बजेटबाट प्रचलित कानूनको प्रक्रिया पुरा गरी खर्च गर्न सम्भव नभएकाले खर्च गर्ने समय विचार गरी अख्तियारी दिनुपर्दछ। | सुझाव बमोजिम गर्न निर्देशन दिने। |
| ४. | लेखापरीक्षण : प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ९७ मा लेखा र आर्थिक विवरण पेश गरी लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ। ग्रामिण पहुँच कार्यक्रम तेस्रो चरण परियोजनाबाट मुगुको सदरमुकाम गमगढीदेखि हुम्ला जिल्लाको दार्मासम्म ६७ कि. मी. मुगु हुम्ला लिंक नयाँ सडकको लागि रु.९६ करोड १८ लाख ८८ हजार बजेट विनियोजन भएकोमा रु. ४१ करोड ४४ लाख सोझै भुक्तानी गरी लेखापरीक्षण गराएको छैन। नियममा भएको व्यवस्था अनुसार लेखापरीक्षण गराउनु पर्दछ। | लेखापरीक्षण प्रतिवेदन प्राप्त भएकोले बेरुजु लगतबाट हटाउन निर्देशन दिने। |
| ५. | जनशक्ति व्यवस्थापन : प्रदेशको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी मन्त्रालयको ३२ दरबन्दी रहेकोमा १८ जना स्थायी र ३ ईन्जिनियर, ४ हलुका सवारी चालक, २ कार्यालय सहयोगी ९ जना करार समेत २७ पदपूर्ति भई ५ रिक्त रहेका छन। मन्त्रालय अन्तरगत ३५३ दरवन्दी रहेकोमा ८४ पद रिक्त रहेका छन्। स्थायी २०० जना र करारबाट ६९ जना नियुक्ति गरी कार्य भैरहेको छ। प्रदेश लोक सेवा आयोगको गठन | रिक्त दरबन्दी पदपूर्ति गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | र प्रदेश निजामती सेवा ऐन र नियम नबनेकाले नयाँ पदपूर्ति लगायतको कार्य भएको छैन। ठुलो संख्यामा दरवन्दी रिक्त रहेकोले त्यसको प्रभाव कार्य सम्पादनमा पर्न गएको छ। | |
| ६. | सोझै खरिदः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) अनुसार सार्वजनिक निकायले रु.२० लाख रुपैंयाभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा सेवा बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्दछ। मन्त्रालयले यो वर्ष डेस्कटप र ल्यापटप रु. १८ लाख १५ हजारको र फर्निचर तथा फिक्चर्स रु. ८ लाख ३५ हजारको प्रतिस्पर्धा बेगर सोझै खरिद गरेको छ। यस्तै मन्त्रालय मातहतका ६ कार्यालयले भवन मर्मत सम्भार, रङ्गरोगन र सडक निर्माणका कार्य टुक्रा टुक्रा पारी लागत अनुमानको हाराहारीमा सोझै खरिद गरी रु.३ करोड ३१ लाख १४ हजार भुक्तानी गरेका छन्। प्रतिस्पर्धाबाट खरिद गरी खरिद कार्यलाई मितव्ययी गराउनु पर्दछ। | आगामी दिनमा खरिद प्रक्रिया प्रतिष्पर्धी र मितव्ययी बनाउन निर्देशन दिने। |
| ७. | कन्टिन्जेन्सी खर्च : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को अनुसूची १ बमोजिम लागत अनुमान तयार गर्दा लागत अनुमान रकमको वर्क चार्ज २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी खर्चको व्यवस्था गरेको छ। यो वर्ष मन्त्रालय मातहतका ९ कार्यालयले नियमित बजेट विनियोजन हुने शिर्षक इन्धन, सूचना प्रकाशन, दैनिक तथा भ्रमण भत्ता, मर्मत र ज्याला जस्ता कार्यमा रु. ६ करोड ५५ लाख १० हजार खर्च गरेका छन्। नियमित बजेट विनियोजन भएका शिर्षकमा समेत कन्टिन्जेन्सीबाट खर्च गरेकाले बजेट नियन्त्रण प्रभावकारी देखिएन। योजनागत रूपमा कन्टिन्जेन्सी खर्चको अभिलेख समेत राखेको छैन। कन्टिन्जेन्सीबाट खर्च गर्ने कार्यविधि बनाई खर्चलाई व्यवस्थित बनाउनुपर्दछ। | कन्टिन्जेन्सीबाट खर्च गर्ने कार्यबिधि बनाई समितिलाई जानकारी गराउन निर्देशन दिने। |
| ८. | सडक सीमा : सार्वजनिक सडक ऐन, २०३१ तथा नेपाल सडक स्ट्याण्डर्ड २०७० बमोजिम सडकको स्तर अनुसार २० मिटर देखि ५० मिटरसम्म र सडक वोर्ड निर्देशिका, २०६१ बमोजिम् सहायक मार्ग १५/१५ मिटर, जिल्ला सडक १०/१० मिटर र ग्रामीण तथा कृषि सडक ७.५/७.५ मिटर सडक सीमा कायम गरी निर्माण शुरु गर्नुपर्नेमा पालना गरी काम कारवाही गरेको छैन। यस तर्फ ध्यान दिनु पर्दछ। | सुझाव बमोजिम गर्न निर्देशन दिने। |
| ९. | काममा दोहोरोपना : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयनसम्बन्धी कार्ययोजना र कार्यतालिका तयार गर्नुपर्ने, निर्माण व्यवसायीलाई निर्माणस्थल सुम्पने व्यवस्था छ। सार्वजनिक निकायले एकै स्थानमा दोहोरो नपर्ने गरी निर्माण कार्यको खरिद सम्झौता गर्नुपर्दछ। यस वर्ष विरेन्द्रनगर नगरपालिकाको गेरुवानी भँगाहामा झोलुङ्गे पुल निर्माण गर्न रु.१ करोड १८ लाख ७६ हजारको खरिद सम्झौता भई २०७७।८।२८ सम्ममा सम्पन्न गर्नुपर्नेमा कार्य शुरु भएको छैन। सो कार्य गर्न पुर्वाधार विकास निर्देशनालयले निर्माण व्यवसायीलाई रु. १० लाख ५० हजार मोविलाईजेशन पेस्की उपलव्ध गराएको छ। उक्त निर्माण स्थल नजिकै सस्पेसन वृज डिभिजन, पुल्चोक ललितपुरबाट झोलुङ्गे पुल निर्माण सम्पन्न भएको छ। दोहोरो पर्नेगरी निर्माण कार्यको खरिद सम्झौता गर्नेलाई जिम्मेवार बनाई उक्त निर्माण व्यवसायीबाट पेस्की असूल गर्नुपर्दछ। | पेश्की रकम सरकारी कोषमा दाखिला भएको देखिएकोले बेरुजु लगतबाट हटाउन निर्देशन दिने। |
| १०. | पेस्की कट्टा : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(५) मा खरिद सम्झौता बमोजिम उपलव्ध गराएको मोविलाईजेशन पेस्की रनिङ्ग विलबाट कट्टा गरी भुक्तानी गर्नु पर्दछ। निर्देशनालयले निर्माण व्यवसायीलाई घरेलु चोक देखि मिलन चोकसम्म सडक निर्माणका लागि मोविलाईजेशन पेस्की रु.४ लाख उपलव्ध गराएकोमा रनिङ्ग विलबाट कट्टा नगरी यस वर्ष अन्तिम विलको रु. २२ लाख १६ हजार भुक्तानी गरेको छ। उक्त पेस्की वापतको रकम असूल हुनुपर्दछ। | पेश्की रकम सरकारी कोषमा दाखिला भएको देखिएकोले बेरुजु लगतबाट हटाउन निर्देशन दिने। |

सभापति

| | | |
|---|---|---|
| ११. | बढी भुक्तानी : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५७ मा सार्वजनिक निकायले खरिद सम्झौताको अधिनमा रहि भुक्तानी दिनुपर्दछ। निर्देशनालयले निर्माण व्यवसायीसँग सुर्खेत, झुप्रा, साटाखानी, मेहेली, भिउचुला धरमपोखरा जाजरकोट कचाली २७२० मी. लामो सडक निर्माण गर्न रु.१ करोड ८० लाख ५ हजारको सम्झौता भई यस वर्षसम्म रु.१ करोड ८२ लाख ३५ हजार भुक्तानी भएको छ। उक्त कार्यको अन्तिम मुल्याङ्कन रु. १ करोड ७६ लाख ६८ हजार भएकोले मुल्याङ्कन भन्दा बढी भुक्तानी भएको रु. ६ लाख ६७ हजार असूल हुनुपर्दछ। | बढी भुक्तानी भएको रकम सरकारी कोषमा दाखिला भएकाले बेरुजु लगतबाट हटाउन निर्देशन दिने। |
| १२. | जमानत : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(४) मा मोबिलाइजेसन पेस्की दिदा पेस्की फस्यौट गर्नुपर्ने अवधिभन्दा कम्तीमा एक महिनाभन्दा बढी अवधिको जमानत लिनुपर्ने व्यवस्था छ। निर्देशनालयले ६ पुल र २ सडकको लागि दिएको पेस्की रु.३ करोड ६० लाख १४ हजार जमानतको मान्य अवधि समाप्त भएको छ। पेस्की जमानतको म्याद थप नगरी उक्त रकम जोखिममा पार्नेलाई जिम्मेवार बनाउनु पर्दछ। | कार्य सम्पन्न भइसकेका प्रमाणका आधारमा बेरुजु लगतबाट हटाउन निर्देशन दिने। |
| १३. | अधुरा ठेक्का : सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९(७) मा सम्झौता बमोजिम काम शुरु नगरेमा, काम शुरु गरी वीचमा छाडेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा खरिद सम्झौता अन्त्य गर्न सक्ने र सम्झौता अन्त्य भएमा सो काम वापत राखिएको जमानत जफत हुने र सम्झौता बमोजिम बाँकी रहेको कार्य पूरा गर्न लाग्ने रकम बोलपत्रदाताबाट सरकारी बाँकी सरह असूल गर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका ब्यहोरा निम्न छनः- | *** |
| १३.१. | पुर्वाधार विकास निर्देशनालय, सुर्खेतले भेरीगंगाको तल्लो करेली र साधि खोलामा पक्की पुल निर्माण गर्न क्रमशः रु. १ करोड ८७ लाख ७५ हजार र रु. १ करोड ४६ लाख ३० हजारको दुई निर्माण व्यवसायीसँग खरिद सम्झौता गरी २०७७।७।१५ सम्ममा सम्पन्न गर्नुपर्नेमा कुनै कार्य गरेको देखिएन। उक्त पुल निर्माण गर्न निर्माण व्यवसायीलाई क्रमशः रु. १६ लाख ६० हजार र १२ लाख ७० हजार पेस्की समेत दिएको छ। खरिद सम्झौतानुसार आवस्यक कारवाही गरी पुल निर्माण गर्नुपर्दछ। | पेश्की फछ्र्यौट भएको लगतबाट हटाउने र ठेक्काको यथार्थ अवस्था समितिलाई जानकारी गराउन निर्देशन दिने। |
| १३.२. | निर्देशनालयले मङ्गलगढी काक्रेविहार सडक २०७७।३।२० मा सम्पन्न गर्ने गरी रु. २ करोड १८ लाख ५६ हजारको सम्झौता भई निर्माण व्यवसायीलाई रु.३८ लाख ५० हजार पेस्की दिएकोमा उक्त सडकको दुबै तर्फ वीरेन्द्रनगर नगरपालिकाले शुरु गरेको नालाको काम सम्पन्न नहुँदा सम्म सडक निर्माणको काम रोकिएको छ। पेस्की जमानतको मान्य अवधि नबढाएको र ठेक्काको म्याद थप समेत गरेको छैन। यस सम्बन्धमा आवश्यक समन्वय गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ। | सरकारी कोषमा रकम दाखिला भएकाले बेरुजु लगतबाट हटाउन निर्देशन दिने। |
| १३.३. | पुर्वाधार विकास कार्यालय, रुकुमपश्चिमले सुर्खेत सल्ली वगर चौरजहारी नुवाकोट मुसीकोट सडक निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु.१ करोड ४७ लाख २० हजारको सम्झौता गरी रु.१४ लाख पेस्की उपलव्ध गराएकोमा काम शुरु भएको छैन। खरिद सम्झौता अनुसार आवस्यक कारवाही गरी सडक निर्माण गर्नुपर्दछ। | ठेक्काको यथार्थ अवस्था समितिलाई जानकारी गराउन निर्देशन दिने। |
| १४. | निर्माण कार्यको पुर्व तयारी : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा वातावरणीय अध्ययन, निर्माण स्थलको व्यवस्था, मुआव्जा वितरणजस्ता पुर्व तयारी गरी बोलपत्र आव्हान गर्न नहुने उल्लेख छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :- | *** |
| १४.१. | पुर्वाधार विकास निर्देशनालय, सुर्खेतले वीरेन्द्रनगर नगरपालिकाको खोर्के खोलामा पक्की पुल निर्माणको लागि रु. २ करोड १९ लाख ६९ हजारको खरिद सम्झौता भई २०७७।३।१५ सम्ममा सम्पन्न गर्नुपर्नेमा निर्माण स्थलमा घर, टहरा र पिपल चौतारी परेकोले विवाद व्यवस्थापन र | ठेक्काको यथार्थ अवस्था समितिलाई जानकारी गराउन निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगरी सम्झौता गरेकोले उक्त कार्य शुरु समेत हुन सकेको छैन। पुर्व तयारी चरणमा गर्ने काम पुरा गरे पछि मात्र सम्झौता गर्नुपर्दछ। | |
| १४.२. | वहुवर्षिय ठेक्का वन्दोवस्त सम्बन्धी निर्देशिका २०७३ अनुसार वहुवर्षिय ठेक्का स्वीकृत गर्नु अघि वातावरणीय प्रभाव मुल्याङ्कन गराउनुपर्दछ। पुर्वाधार विकास निर्देशनालय, सुर्खेतले यस वर्ष ठेक्का सम्झौता गरेका ७ सडक योजनाको वातावरणीय प्रभाव मुल्याङ्कन गराएको छैन। | विकास निर्माणको कार्य गर्दा ऐन नियमको पालना गर्न निर्देशन दिने। |
| १५. | म्याद थप : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौताको म्याद थपको लागि काबु बाहिरको परिस्थिति हुनुपर्ने, समयमा कार्यसम्पन्न गर्ने प्रयास गरेको हुन्पर्ने, म्याद समाप्त हुनुभन्दा एक्काइस दिन पहिले निवेदन दिनुपर्ने व्यवस्था छ। खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, सुर्खेत, जाजरकोट, रुकुमपश्चिम, कालिकोट, पूर्वाधार विकास कार्यलय जुम्ला र सुर्खेतले रु.५७ करोड २ लाखका १५ खरिद सम्झौताको म्याद २ वर्षदेखि ३ वर्षसम्म थप गरेको छ। भेरिएसन र क्षतिपुर्तिजन्य कारणबाट मात्र म्याद थप गर्न सकिनेमा त्यस बाहेकका अन्य कारणबाट म्याद थप गरेको, सशोधित कार्यतालिका पेश नगरेको, म्याद थप गर्नुपर्नाको पुर्व जानकारी नदिएको, निर्माण व्यवसायीको कारणबाट ढिलाई भई पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने अवस्थामा समेत नलिने गरी म्याद थप गरेको देखिएको छ। तोकिएको अवधिमा कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई सम्झौताबमोजिम कारबाही नगरी स्पष्ट आधार बेगर पटक पटक म्याद थप गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ। | म्याद थपिएको विवरण र सोको कारण खुलाई समितिलाई जानकारी गराउन निर्देशन दिने। |
| १६. | गुणस्तर परीक्षण : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११(१) को खण्ड (ङ) अनुसार ठेक्का सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरीक्षण तथा परीक्षण गर्नुपर्ने व्यवस्था छ। भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत रहेका पूर्वाधार विकास, सिँचाइ, खानेपानी र शहरी विकाससँग सम्बन्धित २० कार्यालयले यस वर्ष निर्माण कार्यमा रु.४ अर्ब २३ करोड ८५ लाख खर्च गरेका छन्। पूर्वाधार विकास कार्यालयहरूले अधुरो मात्रामा आफ्नै प्रयोगशालाबाट गुणस्तर परीक्षण गरेको पाइए पनि अन्य कार्यालयहरूको प्रयोगशाला नरहेको र गुणस्तर परीक्षण पनि नगराएको स्थिति छ। गुणस्तर परीक्षण तथा नियन्त्रणबाटै दीगो विकास सुनिश्चित हुने भएकोले यसलाई अनिवार्य गराई निर्माण गर्न गराउन कार्यालयले ध्यान दिनुपर्दछ। | गुणस्तर परीक्षणलाई थप व्यवस्थित गर्न निर्देशन दिने। |
| १७. | धरौटी फिर्ता : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२) मा निर्माण कार्यको हकमा त्रुटि सच्याउने अवधि समाप्त भएपछि धरौटी रकमको ५० प्रतिशत रकम फिर्ता गर्न सकिने र धरौटीको बाँकी ५० प्रतिशत रकम सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि भुक्तानी दिनु पर्ने व्यवस्था छ। पुर्वाधार विकास कार्यालय, सल्यान र खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, रुकुम पश्चिमले सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट कर समायोजन गरेको पत्र एवम् त्रुटी नभएको प्राविधिक प्रतिवेदन संलग्न नगरी ६ निर्माण व्यवसायीलाई रु.८४ लाख ४१ हजार धरौटी फिर्ता गरेकोले सम्बन्धितबाट कर समायोजन भएको प्रमाण पेश हुनुपर्दछ। | कर समायोजन गरेको प्रमाण पेश गर्न निर्देशन दिने। |
| १८. | परामर्श सेवा : सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ (१)(क) मा कार्यालयमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था रहेको छ। परामर्श सेवा खरिद सम्बन्धमा देखिएका ब्यहोरा निम्नअनुसार छन् :- | *** |



सभापति

| | | |
|---|---|---|
| १८१. | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२ मा रु. २० लाखसम्मको परामर्श सेवा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी छनौट गर्नुपर्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय डोल्पा, जाजरकोट, सल्यान, जुम्ला, कालिकोट, रुकुमपश्चिम र सुर्खेत र खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय डोल्पा, जुम्ला, सल्यान र सुर्खेतले यस वर्ष बिभिन्न ६१ सडक, १४ पुल र ७९ खानेपानी र सिचाई योजनाको डिपिआर तयार गर्न प्रतिस्पर्धा नगराउन रु.२० लाखभन्दा कमको लागत अनुमान तयार गरी ती सेवा प्राप्त गर्न परामर्शदाताबाट प्रस्ताव माग एवं सम्झौता गरी रु.१० करोड ३७ लाख २५ हजार भुक्तानी गरेको छ। परामर्श सेवा खरिद प्रतिस्पर्धात्मक तरिकाले गरी मितव्ययी बनाउनु पर्दछ। साथै जनशक्तिको उपयुक्त व्यवस्थापन गरी परामर्शदाता माथिको निर्भरता घटाउनु पर्दछ। | तयार गरिएका डिपिआरको विस्तृत विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| १८.२. | प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३५ मा स्वीकृत बजेटबाट खर्च गर्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय जुम्लाले परामर्श सेवामा यो वर्ष ३ नदी तथा खोलामा पक्की पुल निर्माणको डिपिआर निर्माण र सडक तथा भवन सम्बन्धी आयोजनाको बिस्तृत सर्भेक्षण गर्न रु. ७२ लाख बजेट व्यवस्था भएकोमा स्वीकृत बजेट रकमान्तर तथा कार्यक्रम संशोधन नगरी रु.३४ लाख ३८ हजार बढी खर्च गरेको छ। नियमको परिपालना हुनुपर्दछ। | उठाइएको विषयवस्तु सम्बन्धमा यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| १९. | मूल्य अभिवृद्धि कर :यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन् :- | |
| १९.१. | मूल्य अभिवृद्धि कर नियमावली, २०५२ को अनुसूची ५ बमोजिमको ढाँचामा सिलसिलेवार नम्बर सहित प्रिन्टेड विजक जारी गर्नुपर्ने व्यवस्था छ। यो वर्ष खानेपानी, सिंचाइ तथा ऊर्जा विकास कार्यालय, जुम्ला र कालिकोट तथा पूर्वाधार विकास कार्यालय, हुम्ला कालिकोट, रुकुम पश्चिम र जाजरकोटले निर्माण व्यवसायीलाई विभिन्न निर्माण कार्यको भुक्तानी गर्दा वीजक नम्बर नभएको, केरमेट भएको, ढाँचा फरक पारेको वीजकबाट मुल्य अभिवृद्धि कर रु.२३ लाख ३९ हजार भुक्तानी गरेकोले मुल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ। | कर समायोजन पेश गरिएका सम्बन्धित बेरुजुलाई लगतबाट हटाउन निर्देशन दिने। |
| १९.२. | मूल्य अभिवृद्धि कर नियमावली, २०५२ को नियम २६(१) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाताले महिना समाप्त भएको मितिले २५ दिनभित्र सम्बन्धित कर अधिकृतसमक्ष कर विवरण पेस गर्नुपर्ने उल्लेख छ। यो वर्ष खानेपानी, सिंचाइ तथा ऊर्जा विकास कार्यालय, सुर्खेत र पूर्वाधार विकास कार्यालय, हुम्लाले विभिन्न निर्माण कार्यको लागि निर्माण व्यवसायीलाई रु. ३३ लाख ३० हजार भुक्तानी दिएकोमा उक्त रकमको कर विवरण दाखिला नगरी ननफाइलर रहेको पाइयो। सो रकम भुक्तानी गर्दा दिएको मूल्य अभिवृद्धि कर रु.४ लाख ३३ हजारको कर समायोजन भएको प्रमाण पेस गर्नुपर्दछ। | कर समायोजन पेश गरिएका सम्बन्धित बेरुजुलाई लगतबाट हटाउन निर्देशन दिने। |
| १९.३. | मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (ग) मा सार्वजनिक निकायले ठेक्का, सम्झौता वा करार अन्तर्गत ठेकेदार वा आपूर्तीकर्तालाई वस्तु वा सेवाको मूल्य अभिवृद्धि कर भुक्तानी गर्दा पचास प्रतिशतले हुने रकम कट्टा गरी सम्बन्धित फर्मको नामबाट राजस्व शीर्षकमा जम्मा गर्न पर्ने व्यवस्था छ। खानेपानी, सिंचाइ तथा ऊर्जा विकास कार्यालय, मुगु, दैलेख, जाजरकोट र पूर्वाधार विकास कार्यालय, हुम्ला र मुगु समेत ५ कार्यालयले फर्महरूलाई ठेक्का तथा करारको माध्यमबाट निर्माण कार्य र वस्तु तथा सेवा आपूर्ति गरे बापत मूल्य अभिवृद्धि कर रु. ५८ लाख भुक्तानी गरेकोमा पचास प्रतिशतले हुने रु.२९ लाख कट्टा गरेको नदेखिएकोले कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्दछ। | कर समायोजन पेश गरिएका सम्बन्धित बेरुजुलाई लगतबाट हटाउन निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| २०. | त्रुटीपूर्ण डिजाईन : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५क मा त्रुटिपूर्ण डिजाइन गरेको कारण खरिद कार्य प्रभावित भएमा डिजाइन तयार गर्ने, जाँच गर्ने, स्वीकृत गर्ने पदाधिकारी कारबाहीको भागिदार हुनुपर्ने उल्लेख छ। पूर्वाधार विकास कार्यालय, जुम्लाले तिला खोला दानसाँगुमा ६२ मिटर लामो पक्की पुल निर्माण गर्न २०६८।३।१५ मा एक निर्माण व्यवसायीसँग रु.२ करोड ८८ लाख ३१ हजारमा सम्झौता गरी ८ वर्ष ९ महिनामा रु.२ करोड ८८ लाख ७ हजारमा कार्य सम्पन्न गरेको छ। निर्माणको क्रममा पुलको लम्बाई १५ मिटर नपुगेको कारण रु.१ करोड ५१ लाख ४२ हजारमा अर्को निर्माण व्यवसायीसँग सम्झौता गरी २०७६।१२।३० मा रु.१ करोड ५१ लाख १४ हजार मा कार्य सम्पन्न गरेको छ। शुरु सम्झौता अनुसार प्रति मिटर करिब रु.४ लाख ६५ हजार लागत रहेकोमा दोस्रो सम्झौता अनुसार करिव रु.१० लाख ८ हजार लागेको छ। त्रुटीपूर्ण डिजाईन गरेको कारण रु.८१ लाख ४५ हजार थप व्ययभार परेकोले डिजाइनकर्तालाई जिम्मेवार बनाउनु पर्दछ। | उठाइएको विषयवस्तु सम्बन्धमा यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| २१. | जनता आवास कार्यक्रम : कर्णाली प्रदेश जनता आवास कार्यक्रम कार्यान्वयन निर्देशिका २०७५ अनुसार २०७४।४।२२ भन्दा अघि सम्झौता भएका हिमाली तथा दुर्गम क्षेत्रमा प्रति इकाई रु.२ लाख ६७ हजार र सो अवधिभन्दा पछि सम्झौता भएकाको हकमा रु.३ लाख ५० हजार उपलव्ध गराउने व्यवस्था गरेको छ। उक्त कार्यविधि, २०७५ को वुदा नं.१३ अनुसार २५ प्रतिशत रकम जग खन्ने काम सम्पन्न भए पछि, २० प्रतिशत रकम डि.पि.सी.को काम सम्पन्न भए पछि, ३५ प्रतिशत रकम गारो तयार भए पछि र अन्तिम किस्ता छाना तथा झ्याल, ढोका र १० प्रतिशत रकम शौचालय निर्माण भएपछि निर्माण समितिको नाममा वा लाभग्राहीको खातामा उपलब्ध गराउने उल्लेख छ। यस सम्बन्धमा देखिएका मुख्य व्यहोरा निम्न छन् :- | |
| २१.१. | पुर्वाधार विकास कार्यालय, हुम्ला, जुम्ला, रुकुमपश्चिम र मुगुले ९५५ आवास निर्माण गर्न रु.१३ करोड ९ लाख १५ हजार भुक्तानी गरेकोमा निर्देशिकामा व्यवस्था भए अनुरूप कार्य प्रगतिका आधारमा किस्ता रकम भुक्तानी गरेको छैन। उक्त कार्यविधि पालना गरी भुक्तानी गर्नुपर्दछ। | तोकिएको सीमाभित्र रही कार्यप्रगतिको आधारमा भुक्तानी गरेको रकमलाई बेरुजु लगतबाट हटाउन निर्देशन दिने। |
| २१.२. | पुर्वाधार विकास कार्यालय, जुम्लाले यस वर्ष आवास व्यवस्था कार्यक्रम अन्तर्गत चन्दननाथ नगरपालिका वडा नं. ६ रानीतालमा जेष्ठ नागरीक आवासको लागि रु. ५० लाख, कर्मचारी आवास भवन निर्माणको लागि रु. ५० लाख र जनता आवासको क्रमागत कार्यक्रम सम्पन्न गर्न रु. २ करोड ४५ लाख समेत रु.३ करोड ४५ लाख बजेट व्यवस्था भएकोमा ८ स्थानीय तहका २५० आवास निर्माण गर्न रु.३ करोड ७२ लाख ७१ हजार खर्च लेखेको छ। कार्यक्रम बेगर स्वीकृत बजेटभन्दा रु.२७ लाख ७० हजार बढी खर्च गरेको छ। | उठाइएको विषयवस्तु सम्बन्धमा यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| २१.३. | पुर्वाधार विकास कार्यालय, डोल्पाले जनता आवास कार्यक्रम अन्तर्गत उपभोक्ता समिति जुफाल, दुनै, पहाडा, कालिका र ल्हाँलाई उपलब्ध गराएको अनुदान रकम मध्ये रु.२५ लाख ६८ हजार र पुर्वाधार विकास कार्यालय, रुकुमपश्चिमले बाफीकोट गाउँपालिकाका १८ आवास निमार्णको लागि समितिलाई उपलब्ध गराएको रु.५ लाख ४७ हजार वर्षान्तमा खर्च नभई बैङ्क खातामा बाँकी देखिएकाले उक्त रकम फिर्ता गरी संघीय सञ्चितकोषमा दाखिला गर्नुपर्दछ। | सञ्चित कोषमा दाखिला भएका रकम बेरुजु लगतबाट हटाई बाँकी रकम सञ्चित कोषमा दाखिला गर्न निर्देशन दिने। |
| २२. | जमानत : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(४) मा मोबिलाइजेसन पेस्की दिंदा पेस्की फस्यौट गर्नुपर्ने अवधिभन्दा कम्तीमा एक महिनाभन्दा बढी अवधिको जमानत लिनुपर्ने व्यवस्था छ। पुर्वाधार विकास कार्यालय, सल्यानको १ सडक र २ झोलुङ्गे पूलको रु.९६ लाख | निर्माण सम्पन्न प्रतिवेदन र पेश्की फर्छ्यौटको विवरण यकीन गरी |



सभापति

| | | |
|---|---|---|
| | ५९ हजारको पेस्की जमानत र पुर्वाधार विकास कार्यालय, कालिकोटले पुल निर्माण कार्यको रु.१८ लाख २५ हजारको कार्यसम्पादन जमानतको मान्य अवधि समाप्त भएको छ। पेस्की र कार्यसम्पादन जमानतको म्याद थप नगरी उक्त रकम जोखिममा पार्नेलाई जिम्मेवार बनाउनु पर्दछ। | बेरुजु लगतबाट हटाउन निर्देशन दिने। |
| २३. | अधुरो कार्य : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ तथा १२५ अनुसार निर्माण कार्यको कार्यस्वीकार र कार्यसम्पन्न गर्नुपर्ने व्यवस्था रहेको छ। पुर्वाधार विकास कार्यालय, 'कालिकोटले सान्नीघाट सीपखाना सडक निर्माण कार्यको लागि रु.६९ लाख ८२ हजार कवोल गर्ने एक निर्माण व्यवसायीसँग २०७६।९।२९ भित्र कार्य सम्पन्न गर्ने गरी खरिद सम्झौता भएकोमा उक्त निर्माण कार्यको (६६.१३) प्रतिशत कार्य भई रु.४६ लाख १७ हजार भुक्तानी गरी अधुरो कार्यलाई सम्पन्न भएको जनाई ठेक्का फरफारक गरेको छ। सम्झौता अनुसारको काम सम्पन्न नगरी निर्माण व्यवसायीलाई उन्मुक्ति दिन मिल्ने देखिँदैन। | उठाइएको विषयवस्तु सम्बन्धमा यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| २४. | बढी दर : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स बमोजिम दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। पुर्वाधार विकास कार्यालय, रुकुमपश्चिमले सडक निर्माणको लागत अनुमान तयार गर्दा जिल्ला दररेट अनुसार ढुंगा बिच्छाउने कार्यको लागि प्रति घनमिटर रु.२९५२.६३ दर राख्नुपर्नेमा रु.४५४५.५५ दर प्रयोग गरी प्रति घनमिटर रु.१५९२.९२ बढी दर राखी सुर्खेत सल्लीबजार सडकको निर्माण गर्दा ८०९.६० घनमिटरको रु.१२ लाख ९० हजार थप व्ययभार पर्न गएको छ। फरक दर प्रयोग गरी बढी भुक्तानी दिएको रकम असूल गर्नुपर्दछ। | उठाइएको विषयवस्तु सम्बन्धमा यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| २५. | काममा दोहोरोपना : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन सम्बन्धी कार्ययोजना र कार्यतालिका तयार गर्नुपर्ने, निर्माण व्यवसायीलाई निर्माणस्थल सुम्पने व्यवस्था छ। सार्वजनिक निकायले एकै स्थानमा दोहोरो नपर्नेगरी निर्माण कार्यको खरिद सम्झौता गर्नुपर्दछ। खानेपानी, सिचाइ तथा ऊर्जा विकास कार्यालय, सुर्खेतले मेहलकुना खानेपानी आयोजना निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७६।११।२९ सम्ममा सम्पन्न हुने गरी रु.३ करोड ४४ लाख ३८ हजारमा सम्झौता भई रु.१५ लाख पेस्की उपलव्ध भए तापनि सो निर्माणस्थलमा संघीय सरकारको आयोजना शुरु भएको कारण देखाई हालसम्म काम शुरु भएको छैन। दोहोरो पर्नेगरी निर्माण कार्यको खरिद सम्झौता गर्नेलाई जिम्मेवार बनाई उक्त निर्माण व्यवसायीबाट पेस्की असूल गर्नुपर्दछ। | पेश्की फछ्र्यौट भइसकेकाले बेरुजु लगतबाट हटाउन निर्देशन दिने। |
| २६. | पाइप मौज्दात, सापटी र जडान : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३(क) मा खरिद आवश्यकताको पहिचान गरी खरिद कारवाही गर्ने व्यवस्था छ। पाइप मौज्दात,पाइप तथा फिटिङ्गस र औजार खरिद गर्ने सम्बन्धमा गत विगतको मौज्दातको आधारमा आगामी वर्षको खरिद योजना तय गरी सोको उपयोग गर्ने, अत्यावश्यक भएमा मात्र खरिद गर्ने तथा नापी किताबमा जडान देखिए अनुसार जिन्सी खाताबाट मौज्दात घटाउनुपर्दछ। यस सम्बन्धमा देखिएका मुख्य व्यहोरा निम्न छन्- | *** |
| २६.१. | खानेपानी आयोजनाहरूका लागि पाइप खरिद गर्दा पुरानो मौज्दातलाई ख्याल नगरी पुनः मौज्दातमा रहने गरी खरिद गर्ने गरेको छ। गत वर्ष खरिद भएका विभिन्न साईजको पाइप र यस वर्ष खरिद भएको पाईपमध्ये खर्च नभई बाँकी रहेको सुर्खेतमा ३ लाख ४५ हजार ४७१ मिटर र सल्यानमा १ लाख ५१ हजार ९५३ मिटर पाईप मौज्दातमा रहेकोले सम्बन्धित आयोजनामा खर्च गरेको प्रमाण पेश हुनुपर्दछ। | उठाइएको विषयवस्तु सम्बन्धमा यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| २६.२. | खानेपानी, सिचाइ तथा ऊर्जा विकास कार्यालय, रुकुम पश्चिमले उपलव्ध गराएको विवरण अनुसार आयोजनामा तोकिएको पाईप भन्दा बढी पाईप खर्च भएको देखाएको छ। गत वर्षको मौज्दात रहेको रु.८१ लाख ७८ हजार र यस वर्ष खरिद गरेको १६ आयोजनाको रु.२५ लाख ४४ हजार समेत रु.१ करोड ७ लाख २२ हजारको पाईपहरू अन्य आयोजनाबाट सापटी ल्याई खर्च गरेको देखियो। अन्य आयोजनाको लागि खरिद भएको पाईप सापटी ल्याई प्रयोग गर्दा ती आयोजना प्रभावित हुन सक्ने देखिएको छ। पाईप प्राप्ती, प्रयोग र मौज्दात सम्बन्धमा स्पष्ट प्रमाण पेश हुनुपर्दछ। | उठाइएको विषयवस्तु सम्बन्धमा यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| २६.३. | निर्माण सामाग्री नापी किताबमा प्रमाणित नभएसम्म खर्च मान्य नहुने उल्लेख छ। यो वर्ष खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, हुम्ला, डोल्पा, दैलेख, रुकुमपश्चिम र कालीकोटले रु.४ करोड ५५ लाख ८१ हजारको १ लाख ३ हजार ८५८ मिटर पाईप प्रयोग पश्चात नापी किताबमा चढाई जिन्सी खाताबाट खर्च घटाउनु पर्नेमा नापी किताबमा नजनाई खर्च घटाएको छ। जिन्सी खाताबाट खर्च देखाए तापनि नापी किताबमा प्रविष्टि नगरेकाले पाईप खर्च पुष्टि हुने स्थिति छैन। पाईप उपयोगको प्राविधिक पुष्टि हुनुपर्दछ। | उठाइएको विषयवस्तु सम्बन्धमा यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| २७. | अधुरा ठेक्का : सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९(७) मा सम्झौता बमोजिम काम शुरु नगरेमा, काम शुरु गरी वीचमा छाडेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा खरिद सम्झौता अन्त्य गर्न सक्ने, सम्झौता अन्त्य भएमा सो काम वापत राखिएको जमानत जफत हुने र सम्झौता बमोजिम बाँकी रहेको कार्य पूरा गर्न लाग्ने रकम बोलपत्रदाताबाट सरकारी बाँकी सरह असूल गर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका ब्यहोरा निम्न छन्:- | *** |
| २७.१ | खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, सुर्खेतले एक निर्माण व्यवसायीसँग गार्सा खानेपानी योजना निर्माण गर्न रु. करोड ७६ लाख ८० हजारमा २०७४।११।३० मा सम्झौता गरेको छ। मिति २०७६।११।२९ मा सम्पन्न गर्नुपर्नेमा निर्माण व्यवसायीले संरचना र वितरण प्रणाली निर्माण सम्पन्न गर्नुपर्नेमा शुरु नै गरेको छैन। यस वर्ष पाइप खरिदको रु.८९ लाख ७० हजार भुक्तानी गरेको छ। आयोजना निर्माणको पाईप समेत कार्य प्रगतिका आधारमा भुक्तानी दिनुपर्नेमा पाईप आपूर्तिको रकम मात्र भुक्तानी दिन मिल्दैन। आयोजना कार्यान्वयन गर्ने निकाय परिवर्तन, कार्यालयको पुनर्संरचना, न्युन बजेट, कोरोना भाईरसको कारण देखाई दोस्रो पटक २०७७।११। २९ सम्म म्याद थप गरेपनि सो अवधिमा समेत काम शुरु गरेको छैन। सार्वजनिक खरिद कानून तथा सम्झौताको शर्त अनुसार आवश्यक कारबाही गरी निर्माण कार्य सम्पन्न गराउनुपर्दछ। | उठाइएको विषयवस्तु सम्बन्धमा यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| २७.२. | खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, सुर्खेतले साविक जलस्रोत तथा सिचाई विकास डिभिजन कार्यालय, सुर्खेतद्धारा २०७४/११/२८ मा ठेक्का भएको जुगाडे खोला नियन्त्रण योजनाको पटकपटक म्याद थप भएपनि कार्यसम्पन्न भएको छैन। कार्यालयले सम्झौता अन्त्य गरेकोमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ अनुसार कार्य सम्पादन जमानत वापतको रु.२५ लाख ७९ हजार जफत गरेको छैन। निर्माण व्यवसायीको उक्त कार्यसम्पादन जमानत जफत गर्नुपर्दछ। | उठाइएको विषयवस्तु सम्बन्धमा यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| २७.३. | खानेपानी, सिंचाइ तथा ऊर्जा विकास कार्यालय, दुनै, डोल्पाले यो वर्ष कार्य सम्पन्न भएको सुँ खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई रु.३ लाख ७८ हजार र जुफाल खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई रु.६ लाख ४ हजार भुक्तानी गरेकोमा १५ दिन पश्चात उपभोक्ता समितिले कार्य पूरा नगरेको जनाई रकम रोक्का राख नेपाल बैङ्क लिमिटेडलाई पत्राचार गरेको छ। यस सम्बन्धमा सम्बन्धितलाई जिम्मेवार बनाई योजना सम्पन्न गर्नुपर्दछ। | उठाइएको विषयवस्तु सम्बन्धमा यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |

सभापति

| | | |
|---|---|---|
| २८. | निर्माण कार्यको पुर्व तयारी : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा वातावरणीय अध्ययन, निर्माण स्थलको व्यवस्था, मुआव्जा वितरणजस्ता पुर्व तयारी गरी बोलपत्र आव्हान गर्न नहुने व्यवस्था उल्लेख छ।<br>खानेपानी, सिंचाइ तथा ऊर्जा विकास कार्यालय, डोल्पाले चिनाराङ्सी हुदै दुरागाउँसम्म सिँचाइ योजना निर्माण कार्यको लागि उपभोक्ता समितिले रु.७ लाख ८६ हजार समेत रु.६९ लाख ७९ हजारमा कार्यसम्पन्न गर्ने गरी उपभोक्ता समितिसँग भएको सम्झौताअनुसार यो वर्ष उपभोक्ता समितिलाई प्रथम रनिङ्ग बिलको रु.२२ लाख ७ हजार भुक्तानी गरेको छ। प्रथम रनिङ्ग बिल भुक्तानी पश्चात ठूली भेरी नगरपालिकाले २०७७/३/५ मा वडा स्तरमा विवादको कारण जनाई २०७७/३/१६ मा उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गर्ने निर्णय गरेको छ। कार्यालयले योजना कार्यान्वन हुने स्थानको बारेमा अध्ययन नै नगरी उपभोक्ता समितिसँग सम्झौता गर्दा त्यस योजनामा भएको खर्च रकम प्रतिफलविहिन भएको छ। यस सम्बन्धमा कार्यालयले आवश्यक समन्वय गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ। | उठाइएको विषयवस्तु सम्बन्धमा यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| २९. | बढी दर : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स बमोजिम दररेट निर्धारण समितिले तोकेको दरेरेटको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। खानेपानी, सिंचाइ तथा ऊर्जा विकास कार्यालय, दुनै, डोल्पाले यो वर्ष दुनै खानेपानी योजनामा ५० घनमिटर आरसिसि रिजर्भेसन ट्याङ्की रु.८६ लाख ८० हजारमा कार्यसम्पन्न गर्ने गरी दुनै खानेपानी तथा सरसफाई उपभोक्ता समितिसँग २०७६/६/२ मा सम्झौता भएअनुसार उपभोक्ता समितिको योगदान कट्टी गरेर रु.६५ लाख ९२ हजार भुक्तानी गरेको छ। योजनाको लागत अनुमान तयार गर्दा जि.आई. पाइप तथा फिटिङ्स नेपालगञ्ज-दुनै-साईटसम्म ढुवानी वापत प्रति के.जी रु.२०४.९३ दरले ७ हजार ४६६ के.जी.को रु.१५ लाख ३० हजार उल्लेख गरेको र सोही अनुसार नापी तथा कार्यसम्पन्न तयार गरी भुक्तानी दिएको छ। स्वीकृत जिल्ला दर तथा नर्म्स अनुसार नेपालगञ्ज-दुनै-साईटसम्मको ढुवानी लोडअनलोड समेत प्रति के.जी. ८४.८० मात्र हुने देखिएकोमा कार्यालयले प्रति के.जी. रु.१२०.१३ दर राखि लागत अनुमान तयार गर्दा जि.आई.पाइप तथा फिटिङ्स ढुवानीमा रु.८ लाख ९७ हजार बढी भुक्तानी गरेकोले उपभोक्ता समितिको योगदान कटाई बाँकी रहेको रु.७ लाख १८ हजार उपभोक्ता समितिबाट असूल गर्नुपर्दछ। | उठाइएको विषयवस्तु सम्बन्धमा यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| ३०. | दाखिला बेगर भुक्तानी : प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ४७ मा प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी कितावमा सात दिन भित्र आम्दानी बाँच्नुपर्ने उल्लेख छ। खानेपानी, सिंचाइ तथा ऊर्जा विकास कार्यालय, दुनै, डोल्पाले यो वर्ष ११ आपूर्तीकर्तालाई पाईप, सोलार सामग्री तथा फिटिङ्स सामान जिन्सी दाखिला नगरी रु.३३ लाख ९९ हजार खरिद गरेको देखाई भुक्तानी गरेको छ। भुक्तानी गरेको १३ महिनासम्म पनि उक्त सामान प्राप्त भएको नदेखिएकोले छानबिन गरी असूल गर्नुपर्दछ। | उठाइएको विषयवस्तु सम्बन्धमा यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| ३१. | सीमाभन्दा बढीको निर्माण : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा रु.१ करोड सम्मका लागत अनुमान भएका निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समितिबाट काम गराउन सकिने व्यवस्था रहेको छ। खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, जुम्लाले उपभोक्ता समितिबाट रु.१ करोड १७ लाख ५४ हजार लागत अनुमान भएको हाकु देयारे खोला खानेपानी योजनाको निर्माण कार्य गराएको छ। नियमले तोकेको सीमाभन्दा बढीको काम उपभोक्ता समितिबाट गराएको अनियमित देखिन्छ। | उठाइएको विषयवस्तु सम्बन्धमा यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| ३२. | उपभोक्ता समितिमार्फत खरिद : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) अनुसार सार्वजनिक निकायले रु.२० लाख रुपैंयाभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा सेवाको खरिद गर्नुपर्दा बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्दछ। खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, जुम्लाले खलंगा खानेपानी उपभोक्ता समिति मार्फत रु.४९ लाख ४० हजारको पाईप खरिद गरेको छ। नियमको पालना गरी खरिद कारवाही हुन् पर्दछ। | उठाइएको विषयवस्तु सम्बन्धमा यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |



सभापति

## भौतिक पूर्वाधार विकास मन्त्रालय

### महालेखापरीक्षकको चौंथो वार्षिक प्रतिवेदन २०७९ (आ.व. २०७७/०७८)

| बेरुजुको दफा | बेरुजुको विवरण | समितिको निर्णयहरू |
|---|---|---|
| १. | कार्य जिम्मेवारी - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयले सम्पादन गर्नुपर्ने २२ कार्य जिम्मेवारी मध्ये प्रादेशिक राजधानी र अन्तर स्थानीय शहरको विकास, योजना तर्जुमा, कार्यान्वयन, समायोजन र पूर्वाधार निर्माण गर्ने कार्य रहेकोमा यस सम्बन्धी योजना तर्जुमा गरेको देखिएन। प्रादेशिक सडक सञ्जाल गुरुयोजना बनाई प्रादेशिक सडक विस्तार, निर्माण तथा मर्मत गर्नुपर्नेमा गरेको छैन। स्रोत साधनको व्यवस्थापन गरी कार्यक्षेत्र र जिम्मेवारी अनुरूप कार्य सम्पादन गर्नुपर्दछ। | सुझाव बमोजिम गर्न निर्देशन दिने। |
| २. | बजेट कार्यान्वयन - प्रदेशको नीति तथा कार्यक्रम र वर्षको बजेट वक्तव्यमा उल्लेख भए अनुसार लागत अनुमान, सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन तयार भएका परियोजनामा मात्र बजेट विनियोजन गरिने व्यवस्था लागू नभएको, प्राथमिकता प्राप्त आयोजना कार्यान्वयन एवं अधिकार सम्पन्न संरचना निर्माण गरी सञ्चालनमा ल्याइने नीति कार्यान्वयन नभएको, प्रदेश सरकारले रु.१ करोडभन्दा बढी लागत अनुमान भएका आयोजनामा मात्र बजेट विनियोजन गरिने व्यवस्था गरेकोमा टुक्रे योजनामा समेत बजेट विनियोजन भएको, पूर्वाधार र विकासका लागि कर्णाली पूर्वाधार बैङ्क स्थापना नभएको र परियोजना बैङ्क र ईन्जिनियरिङ्ग कम्पनी स्थापना गरी तत्काल कार्य प्रारम्भ गरिने उल्लेख भएकोमा कार्यान्वयन भएको छैन। नीति तथा कार्यक्रम र बजेटमा समावेश कार्यक्रमको कार्यान्वयन गरी बजेटको प्रभावकारिता वृद्धि गर्नुपर्दछ। | सुझाव बमोजिम गर्न निर्देशन दिने। |
| ३. | अख्तियारी - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३३ (२) मा बजेट विवरण र खर्च गर्ने अख्तियारी पत्र प्राप्त भएको ७ दिन भित्र सम्बन्धित सचिवले विभागीय प्रमुखलाई र विभागीय प्रमुखले मातहत कार्यालय प्रमुख वा कार्यक्रम सञ्चालन गर्ने कार्यालय प्रमुखलाई कार्यालयगत बजेट विवरण स्वीकृत कार्यक्रम र खर्च व्यहोर्ने स्रोत खोली बजेट खर्च गर्ने अख्तियारी पठाउनुपर्ने उल्लेख छ। मन्त्रालयले शुरू अख्तियारी २०७७।०४।०२ मा पठाएकोमा रकमान्तरवाट बजेट थप गरी आषाढमा मात्र रु.४१ करोड १७ लाख ५६ हजारको अख्तियारी दिएको छ। आर्थिक वर्षको अन्तमा निकासा गरेको बजेटबाट प्रचलित कानूनको प्रक्रिया पुरा गरी खर्च गर्ने अवस्था नहुँदा खरिद कार्य टुक्रा टुक्रा गर्ने गरेको साथै अनुगमन प्रभावकारी हुन नसकेको अवस्था छ। तोकिएको समयमानै अख्तियारी प्रदान गर्नुपर्दछ। | सुझाव बमोजिम गर्न निर्देशन दिने। |
| ४. | लेखापरीक्षण - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ९७ मा तोकिए बमोजिम लेखा र आर्थिक विवरण पेश गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६ को २.४ को (ङ) मा राष्ट्रिय बजेट प्रणालीमा आवद्ध हुने गरी अन्तर्राष्ट्रिय विकास सहायता लिने उल्लेख छ। ग्रामीण पहुँच कार्यक्रम तेस्रो चरण परियोजनाबाट मुगुको सदरमुकाम गमगढी देखि हुम्ला जिल्लाको दार्मासम्म ६७ किलोमिटर मुगु हुम्ला लिङ्क सडकको लागि रु.७० करोड ४८ लाख बजेट विनियोजन भएकोमा शतप्रतिशत खर्च भएको विवरण पेश भएको छ। परियोजनाको व्यवस्थापन गर्न डि.एफ.आई.डि.ले एक ईन्टरनेशनल कम्पनीलाई जिम्मा दिने सम्झौता अनुसार सोझै भुक्तानी गरिएको रकमको लेखापरीक्षण गराएको छैन। | स्वतन्त्र लेखापरीक्षकबाट लेखापरीक्षण भएको प्रतिवेदन प्राप्त भएकोले बेरुजु लगतबाट हटाउन निर्देशन दिने। |
| ५. | जनशक्ति व्यवस्थापन - मन्त्रालयको स्वीकृत दरबन्दी ३२ रहेकोमा ३ ईन्जिनियर, ४ हलुका सवारी चालक र २ कार्यालय सहयोगी समेत ९ जना करारमा र १८ जना स्थायी गरी जम्मा २७ जना पदपूर्ति भई ५ रिक्त रहेका छन्। मन्त्रालय अन्तरगत २२१ दरबन्दी रहेकोमा १४८ | सुझाव बमोजिम गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | पदपूर्ति भई ७३ रिक्त रहेको छ। विकास निर्माण र पूर्वाधारको कार्य गर्ने मन्त्रालयमा दरबन्दी रिक्त रहेकोले कार्य सम्पादनमा प्रभाव पर्न गई विनियोजित बजेटको ६२ प्रतिशतको हाराहारीमा मात्र खर्च भएकोले दरबन्दी अनुसारको पदपूर्ति गरी विकास निर्माण कार्यमा प्रभावकारिता ल्याउनुपर्दछ। | |
| ६. | कार्यालय सञ्चालन- मन्त्रालयले लक्षित वर्गमा सेवा पुयाउन कार्यसम्पादन छिटो छरितो बनाउनुपर्दछ। रुकुम पश्चिम जिल्लाको चौरजहारीमा २०७६।५।२६ मा यातायात व्यवस्था सेवा कार्यालय स्थापना गरेको छ। सेवा कार्यालय स्थापना भएपछि यस आर्थिक बर्षमा कर्मचारीको तलब भत्ता लगायत कार्यालय सञ्चालनमा रु.४७ लाख १ हजार खर्च भएको छ। कार्यालयबाट सेवाग्राही लाभान्वित हुने गरी यातायात व्यवस्था सम्बन्धी कार्यसम्पादन भएको छैन। संरचना थप गरी उपयोगविहीन बनाउनु औचित्यपूर्ण देखिएन। | यातायात व्यवस्था सेवा कार्यालय, रुकुम पश्चिमको सेवा प्रवाह सम्बन्धमा समितिमा जानकारी गराउन निर्देशन दिने। |
| ७. | दीगो विकासको लक्ष्य - नेपालले दीगो विकास लक्ष्य हासिल गर्ने प्रतिवद्धता जनाए अनुसार सबै तहका निकायले उक्त लक्ष्य हासिल हुनेगरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ। मन्त्रालयले सञ्चालन एवं सम्पन्न गरेका सडक, सिँचाइ, खानेपानी एवं आवास लगायतका कार्यक्रमले दिगो विकासका विभिन्न लक्ष्यमा सहयोग पुगेको उल्लेख गरेतापनि कार्यक्रमगत रूपमा दिगो विकासका लक्ष्यहरू तोकि स्वीकृत गरेको देखिएन। मन्त्रालयले परिमाणात्मक लक्ष्य तोकि कार्यक्रममा समावेश गर्नुपर्दछ। | सुझाव बमोजिम गर्न निर्देशन दिने। |
| ८. | रकमान्तर - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७(१) मा विनियोजन ऐनमा तोकिएको कुनै एक अनुदान संकेत अन्तर्गतको बजेट उपशीर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएका अन्य अनुदान संकेत अन्तर्गतको उप शीर्षकमा वचत हुने रकम मध्येवाट प्रदेश विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही रकमान्तर गर्ने शीर्षकको २५ प्रतिशतभन्दा वढी नहुने गरी तोकिए बमोजिम रकमान्तर गर्न सक्ने व्यवस्था छ। यस वर्ष मुख्यमन्त्री र मन्त्री स्तरीय निर्णयबाट मन्त्रालयमा २४ पटकमा रु.८३ करोड ९ लाख ३५ हजार र मातहतका कार्यालयको ४६ पटकमा सचिव, मन्त्री र मुख्य मन्त्रीको निर्णयले रु. १ अर्व ३३ करोड १६लाख ७७ हजार समेत रु.२ अर्व १६ करोड २६ लाख २२ हजार अर्थात २७.५७ प्रतिशत रकमान्तर गरेको छ। बर्षभरी रकमान्तर गर्दा आर्थिक अनुशासन पालना नहुने र बजेट कार्यान्वयन समयावधिको कारण खर्च उपलब्धि सार्थक हुने देखिदैन। संसदीय निगरानी बाहिर रकमान्तर गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ। | सुझाव बमोजिम गर्न निर्देशन दिने। |
| ९. | अवण्डा रकम - प्रदेश सभाबाट २०७७। ३। २९ मा पारित बजेटमा मन्त्रालय मातहत रू. १ अर्ब २१ करोड १४ लाख अवण्डा राखी विभिन्न मितिमा तजविजी अधिकार प्रयोग गरी मातहतका कार्यालयमा रू.९४ करोड ५९ लाख ४१ हजार निकासा गरेको छ। बजेट निकासा गर्दा कार्यक्रम खुलाई लक्ष्य तोकेर खर्च गर्न आदेश दिनुपर्नेमा सो अनुसार गरेको छैन। अवण्डा राखी तजविजी किसिमले बजेट विनियोजन र खर्च गर्ने कार्य नियन्त्रण हुनुपर्दछ। | अबण्डा बजेटबाट सम्पन्न गरिएका कार्यहरूबारे समितिलाई जानकारी गराउन निर्देशन दिने। |
| १०. | पाइप मौज्दात - खानेपानी आयोजनाका लागि पुरानो मौज्दात यकिन नगरी पुनः मौज्दातमा रहने गरी पाइप खरिद गरेको देखियो। गत वर्ष मौज्दात रहेका र यस वर्ष खरिद भएका विभिन्न साईजका पाईपमध्ये खानेपानी, सिंचाइ तथा ऊर्जा विकास, सुर्खेतमा रु.३ करोड ३५ लाख ४२ हजारको पाईप र रु.२९ लाख ५६ हजारको फिटिङ, खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय,सल्यानमा रु.८२ लाख ९० हजारको पाइप र रु.१ करोड ९ लाख ३८ हजारको फिटिङ, जुम्लामा रु. ८ लाख ६१ हजारको पाइप, रुकुम (पश्चिम) मा रु.५७ लाख ७९ हजारको पाईप र रु.२ करोड १४ लाख ३४ हजारको फिटिङ र मुगुमा १४ लाख ३९ हजारको फिटिङ समेत रु.४ करोड ८४ लाख ७२ हजारको पाईप र | सामग्रीहरू सम्बन्धित आयोजनामा प्रयोग गरेको प्रमाण समितिमा पेश गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | रु. ३ करोड ६७ लाख ११ हजारको फिटिङ मौज्दातमा रहेकोले आवश्यकताको आधारमा मात्र सामग्री खरिद गर्ने र मौज्दात रहेका सामग्रीहरू सम्बन्धित आयोजनामा प्रयोग गरेको सुनिश्चित हुनुपर्दछ। | |
| ११. | पाइप जडान - खरिद गरिएको निर्माण सामग्री नापी किताबमा प्रमाणित नभएसम्म खर्च प्रमाणित हुनसक्ने देखिदैन। यो बर्ष खानेपानी, सिँचाइ तथा ऊर्जा विकास निर्देशनालय, सुर्खेतले रु.३१ लाख ७१ हजार खानेपानी, सिंचाइ तथा ऊर्जा विकास कार्यालय, सल्यानले रु. १ करोड लाख ११ हजार, हुम्लाले रु.२१ लाख ४३ हजार, मुगुले रु. ६१ लाख ५६ हजार र रुकुमपश्चिमले रु.३६ लाख ८२ हजार समेत रु.२ करोड ५३ लाख ६३ हजारको २ लाख ५४ हजार ९८ मिटर पाईप जडान हुन सकेको छैन। रुकुम पश्चिमले रु.९३ लाख ७८ हजारको पाइप प्रयोग पश्चात नापी किताबमा चढाई जिन्सी खाताबाट खर्च घटाउनुपर्नेमा नापी किताबमा नजनाई खर्च घटाएको छ। जिन्सी खाताबाट खर्च देखाएतापनि नापी किताबमा प्रविष्टि नगरेकाले पाईप खर्च पुष्टि हुने स्थिति छैन। पाईप उपयोगको अवस्थाको पुष्टि हुनुपर्दछ। | उठाइएको विषयवस्तु सम्बन्धमा यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| १२. | पाईप सापटी - खानेपानी, सिंचाइ तथा ऊर्जा विकास कार्यालयहरूले उपलब्ध गराएको विवरण अनुसार खानेपानी, सिंचाइ तथा ऊर्जा विकास निर्देशनालय, सुर्खेतले विभिन्न आयोजनामा रु. ४२ लाख ६ हजारको ४५ हजार ११४ मिटर र खानेपानी, सिचाइ तथा ऊर्जा विकास कार्यालय,सल्यानले रु.५६ लाख ८७ हजारको ७८ हजार ५०५ मिटर समेत रु. ९८ लाख ९३ हजारको पाईपहरू अन्य आयोजनाबाट सापटी ल्याई खर्च गरेको छ। अन्य आयोजनाको लागि खरिद भएको पाईप सापटी ल्याई प्रयोग गर्दा ती आयोजनाको कार्य प्रगति प्रभावित हुनसक्ने देखिएको छ। पाईप प्राप्ति, प्रयोग र मौज्दात सम्बन्धमा स्पष्ट प्रमाण पेश गरी सापटी जनाइएका पाइपको व्यवस्थापन एवं प्रयोग भएको सुनिश्चित हुनुपर्दछ। | उठाइएको विषयवस्तु सम्बन्धमा यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| १३. | उपभोक्ता समितिबाट कार्य - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा रु.१ करोड सम्मका लागत अनुमान भएका निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समितिबाट गराउन सकिने ब्यबस्था रहेको छ। खानेपानी, सिंचाइ तथा ऊर्जा विकास निर्देशनालय, सुर्खेतले दुई उपभोक्ता समितिबाट रु.१ करोड ६१ लाख ४४ हजार, खानेपानी, सिंचाइ तथा ऊर्जा विकास कार्यालय, मुगुले एक उपभोक्ता समितिबाट रु. १ करोड १ लाख ३५ हजार र जुम्लाले २ उपभोक्ता समितिबाट रु.२ करोड ९२ लाख २७ हजार, जाजरकोटले रु. १ करोड ४८ लाख ७८ हजार समेत रु.७ करोड ३ लाख ८४ हजार को सिँचाइ तथा खानेपानी सम्बन्धी काम गराई भुक्तानी दिएको छ। तोकिएको सीमासम्मको निर्माण कार्य मात्र उपभोक्ता समितिबाट गराउनु पर्दछ। थप व्यहोरा निम्न अनुसार छन्: | |
| १३.१. | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३ (क) (१) मा रु.६० लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको कार्यमा उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने योगदान खुलाउनुपर्ने उल्लेख छ। माथि उल्लेखीत कामको लागि योगदानको अंक पाँच प्रतिशत एकमुष्ट कट्टा गरी काम गराएको छ। नियमको ब्यवस्था अनुसार संझौतामानै उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने योगदान किटान गर्नुपर्दछ। | सुझाव बमोजिम गर्न निर्देशन दिने। |
| १३.२. | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिलाई मेशिन, औजार उपकरणको आवश्यक नपर्ने श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। खानेपानी, सिँचाइ तथा ऊर्जा विकास निर्देशनालय, सुर्खेतले आर.सि. सी. फ्रेम स्ट्रक्चर सहितका पुल, कल्भर्ट लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार निर्माण कार्य समेत उपभोक्ता समिति मार्फत गराएको देखिन्छ। निर्देशनालयले | सुझाव बमोजिम जटिल प्रकृतिका कार्य उपभोक्ता समितिबाट गराउने |



सभापति

| | | |
|---|---|---|
| | २०४ उपभोक्ता समितिबाट यस वर्ष सिँचाई कुलो, नदीनियन्त्रण जस्ता कार्य गराई कार्यसम्पन्न प्रतिवेदनको आधारमा रु.२२ करोड ५६ लाख ५५ हजार भुक्तानी दिएको छ। जटिल प्रकृतिका कार्य उपभोक्ता समितिबाट गराउने पद्धतिमा नियन्त्रण हुनुपर्दछ। | पद्धतिमा नियन्त्रण गर्न निर्देशन दिने। |
| १३.३. | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्र्याक्टरबाट गराउन नहुने उल्लेख छ। पूर्वाधार विकास कार्यालय, सुर्खेत र सल्यानले २७ उपभोक्ता समितिसँग नयाँ बाटो निर्माण गर्न र स्तरोन्नति गर्न सम्झौता गरी कार्यदेश दिएकोमा उपभोक्ताले आफैं नगरी सव कन्ट्र्याक्टरबाट कार्य गराएको छ। उपभोक्ताले पेश गरेको बिल परीक्षण गर्दा सडक निर्माणको कार्य म्यानुल पद्दति अर्थात ज्यामी प्रयोग नगरी मेशिनबाट गराएको छ मेशिनबाट काम गराउँदा मेशिन प्रयोगको आधारमा नापी गर्नुपर्नेमा म्यानुयल काम गराइएको देखाई रु.६६ लाख ३६ हजार बढी भुक्तानी गरेको रकम उपभोक्ताबाट असूल हुनुपर्दछ। | मेसिन प्रयोग गरी गरेको कामलाई म्यानुल काम गराइएको देखाई बढी भुक्तानी भएको रकम असूल उपर गर्न निर्देशन दिने। |
| १४. | परामर्श सेवा खरिद - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ (२) अनुसार सार्वजनिक निकायले सम्बन्धित मन्त्रालयले तयार गरेको नर्म्सको आधारमा परामर्श सेवाको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। उक्त व्यवस्था अनुसार प्रदेश मन्त्रालयहरूले नर्म्स तयार गरेका छैनन्। यस वर्ष खानेपानी, सिंचाइ तथा ऊर्जा विकास कार्यालय अन्तर्गतका तीन निकाय जुम्ला, डोल्पा र रुकुम पश्चिमले योजनाको सर्भे, डिजाइन, विस्तृत परियोजना प्रतिवेदन आदि कामको लागि परामर्श सेवा खरिद गरी रु.१ करोड ८९ लाख ७ हजार र पूर्बाधार कार्यालय अन्तर्गत ६ निकाय (कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, मुगु र रुकुम पश्चिम) ले रु.७ करोड ५६ लाख ५ हजार समेत रु.९ करोड ४५ लाख १२ हजार भुक्तानी गरेको छ। उल्लिखित कार्यालयले नर्म्स वेगर बजेटको आधारमा लागत अनुमान तयार गरी परामर्श सेवा खरिद तथा भुक्तानी गरेको देखिन्छ। नर्म्स तर्जुमा गरी व्यवस्थित गर्नुपर्दछ। | परामर्श सेवाको लागत अनुमान तयार गर्नको लागि नर्म्स तयार गरी समितिलाई जानकारी गराउन निर्देशन दिने। तयार गरिएका सर्भे, डिजाइन, विस्तृत परियोजना प्रतिवेदन, आदिको विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| १५. | सोझै खरिद - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) अनुसार सार्वजनिक निकायले ५ लाख रुपैंया भन्दा बढी लागत अनुमान भएको खरिद शिलबन्दी दरभाउपत्र वा बोलपत्रको माध्यमबाट गर्नुपर्ने ब्यवस्था छ। खानेपानी, सिंचाइ तथा ऊर्जा विकास कार्यालयतर्फ डोल्पा र रुकुम पश्चिम तथा पूर्बाधार विकास कार्यालय अन्तर्गत जुम्ला र डोल्पाले टुक्रा टुक्रामा प्याकेज बनाई रु.४ करोड ३४ लाख १८ हजार, खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, कालिकोटले ९ टुक्रामा रु.१ करोड २२ लाख ६६ हजारको खानेपानी संरचना, विद्युत पोल खरिद तथा सडक निर्माणको काम सिधै गराएको छ। नियमको व्यवस्था पालना गरी खरिद कार्य मितव्ययी र प्रतिस्पर्धी बनाउनु पर्दछ। | उठाइएको विषयवस्तु सम्बन्धमा यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| १६. | अधुरा ठेक्का - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ अनुसार खरिद तथा निर्माणको सम्झौता गर्नेले सम्झौता बमोजिम काम शुरु नगरेमा, काम शुरु गरी बिचमै छाडेमा वा सम्झौता बमोजिम प्रगति नगरेमा त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गरी पेस्की र कार्यसम्पादन जमानी जफत गर्ने, पूर्व निर्धारित क्षतिपूर्ति असूल गर्ने, बाँकी काम सम्झौता गर्नेको खर्चबाट पूरा गराउने र कालोसूचीमा राख्न लेखी पठाउने लगायतको व्यवस्था छ। पूर्वाधार विकास निर्देशनालय सुर्खेतको रु.१ अर्ब ३ करोड ४ लाख ७ हजारका ४७ योजना र खानेपानी, सिचाई तथा ऊर्जा विकास कार्यालय जाजरकोटको रु.१२ करोड २० लाख ७० हजारका ठेक्का तोकिएको समयमा सम्पन्न हुन नसकी अधुरो रहेका छन्। लामो समयदेखि काम अधुरो रहँदा लगानीको प्रतिफल प्राप्त नहुने ठेक्का संख्या वृद्धिसँगै ठेक्का व्यवस्थापन जटिल हुने र पेस्की फछ्यौट नहुने जोखिम हुने भएकोले नियमावलीको व्यवस्था कार्यान्वयन गरी अधुरा निर्माण कार्य सम्पन्न गर्नुपर्दछ। | उठाइएको विषयवस्तु सम्बन्धमा यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| १७. | मुख्यमन्त्री रोजगार कार्यक्रम - मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ मा कार्यक्रम अन्तर्गत काम गर्ने श्रमिकलाई बैङ्कमार्फत भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पूर्वाधार विकास निर्देशनालय, सुर्खेतले ९ उपभोक्ता समितिबाट काम गराएकोमा श्रमिकलाई बैङ्क मार्फत भुक्तानी गरेको छैन। साथै पेश भएको फाँटवारीमा श्रमिकले रकम बुझेको भर्पाई संलग्न गरेको छैन। कार्य गरेवापत श्रमिकले रु.१ करोड ७ लाख ६४ हजार बुझेको पुष्टी हुने प्रमाण पेश हुनुपर्दछ। | श्रमिकले रकम बुझेको पुष्टी हुने प्रमाण पेश गर्न निर्देशन दिने। |
| १८. | म्याद थपको अवस्था - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको कार्य सम्पन्न गर्न नसकिने भएमा म्याद समाप्त हुनुभन्दा २१ दिन अगावै निवेदन दिनुपर्ने व्यवस्था छ। पूर्वाधार विकास निर्देशनालय, सुर्खेतले अधिकांश ठेक्काको म्याद थप गर्दा कोभिड-१९ महामारीलाई आधार बनाएको छ। संझौता अनुसार संशोधित कार्यतालिका पेश नगरेको, म्याद थप गर्नुपर्नाको पूर्व जानकारी नदिएको साथै निर्माण व्यवसायीको कारणबाट ढिलाई भई पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने अवस्थामा पनि क्षतिपूर्ति नलिने गरी म्याद थप गरेको छ। यो वर्ष २०७५। ७६ मा संम्झौता भएका २०, २०७६। ७७ मा संम्झौता भएका २९ र २०७७।७८ मा सम्झौता भएका ४ योजना गरी रु.९७ करोड ९३ लाख ५ हजारको सम्झौताको म्याद थप भएको छ। कारण देखाई पटक पटक म्याद थप गर्दा समेत निर्माण व्यवसायीलाई सम्झौता बमोजिम कारवाही नगरी थप अवधिमा कार्यसम्पन्न हुन सकेको छैन। निर्माण कार्यमा उल्लेख्य प्रगति नहुँदा समेत पटक पटक म्याद थप गरेको औचित्यपूर्ण देखिएन। | उठाइएको विषयवस्तु सम्बन्धमा यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| १९. | बीमा - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा निर्माण व्यवसायीलाई निर्माण कार्य सुम्पिएको मितिदेखि हस्तान्तरण र त्रुटि सच्याउने अवधि समेट्ने गरी बीमा गराउनुपर्ने उल्लेख छ। पूर्वाधार विकास कार्यालय, सल्यानले ठेक्काबाट कार्य गराँउदा बि.ओ.क्यू.आईटममा नै पि.एस.तथा जनरल आइटमको रूपमा बीमाको व्यवस्था गरेको छ। ८ निर्माण व्यबसायीबाट सडक निर्माणको क्रममा त्रुटि सच्चाउने अवधिसम्मको बीमा नभएको तथा म्याद थप गर्दा कार्यालयले त्रुटी सच्याउने अवधिसम्मको बीमाको म्याद थप गरेको छैन। निर्माण व्यवसायीले बीमा नगराएको तथा त्रुटि सच्याउने अवधिसम्म म्याद थप नभएको अवस्थामा भुक्तानी भएको रु. १० लाख २८ हजार असूल गर्नुपर्दछ। | उठाइएको विषयवस्तु सम्बन्धमा यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| २०. | विद्युत पोल खरिद र उपयोग - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ४५ (ङ) मा सरकारी सम्पतिको लगत दुरुस्त अद्यावधिक गरी संरक्षणको प्रवन्ध गर्नुपर्ने व्यवस्था छ। यस वर्ष खानेपानी, सिचाई तथा ऊर्जा विकास कार्यालय, दैलेखबाट रु.८ करोड ८९ लाख ७९ हजारका विद्युत पोलसहित विद्युत सामग्री खरिद गरी ८ पालिकालाई वितरण गरेको छ। वितरण गरिएका सामग्री जडान सम्बन्धी प्राविधिक मूल्याङ्कन र कार्य सम्पन्न प्रतिवेदन पेश भएको छैन। वितरण गरिएका विद्युतपोल तथा सामग्री सम्बन्धित पालिकामा दाखिला गरेको छैन। प्राप्त सामग्री नियमानुसार जिन्सी दाखिला गरी प्राविधिक मूल्याङ्कन प्रतिवेदन सहितको अभिलेख अद्यावधिक गर्नुपर्दछ।<br>खानेपानी, सिँचाई तथा ऊर्जा विकास कार्यालय, रुकुम पश्चिमले विभिन्न क्षेत्रमा विद्युत लाइन विस्तार गर्न बोलपत्र मार्फत छनौट भएका ६ सप्लायर्सबाट आपूर्ति गर्नेगरी रु.१ करोड ३६ लाख ९४ हजारमा को ठेक्का स्वीकृत गरेको छ। उक्त ठेक्का पश्चात पटक पटक गरी पुनः १३ पटक रु.१ करोड ६९ लाख ७० हजारको विद्युत पोल स-साना टुक्रा गरी खरिद गरेको छ। स-साना प्याकेजमा पाँचलाख भन्दा कममा टुक्रा बनाई खरिद गरेको कार्य सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) अनुसार भएको छैन। नियम अनुसार हुनेगरी खरिद व्यवस्थापन गर्नुपर्दछ। | उठाइएको विषयवस्तु सम्बन्धमा यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| २१. | निर्माण बेगर भुक्तानी - पूर्वाधार विकास कार्यालय, हुम्लाले चार निर्माण व्यवसायीलाई निर्माण कार्यको विल वापतको रकम रु.७ लाख ९५ हजार भुक्तानी गरेको छ। उक्त रकम भुक्तानी गर्दा प्राविधिकको सिफारिसमा भए गरेका वास्तविक कामको लागत र वीलको आधारमा भुक्तानी गर्नुपर्नेमा निर्माण कार्य वेगर भुक्तानी गरेको छ। उक्त रकम निर्माण व्यवसायीबाट असूल गर्नुपर्दछ। | उठाइएको विषयवस्तु सम्बन्धमा यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| २२. | स्रेस्ता पेश नभएको - प्रदेश आर्थिक कार्यबिधि नियमावली, २०७५ को नियमको ३७ (३) मा रकम खर्च गर्दा खर्चको बिल भर्पाईसहित लेखा राख्नुपर्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, हुम्लाले सर्केगाड गाँउपालिकालाई रु.१ करोड ५९ लाख १३ हजार र अदानचुलि गाँउपालिकालाई रु.१ करोड १६ लाख ६० हजार समेत रु.२ करोड ७५ लाख ७३ हजार बित्तीय उत्तरदायित्व सहित खर्च गर्ने गरी निकासा दिएको छ। गाउँपालिकाले सो रकमको स्रेस्ता लेखापरीक्षणको लागि पेश गरेको छैन। | स्रेस्ता लेखापरीक्षणको लागि पेश गरी प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने। |
| २३. | आवास भवन निर्माण - उपभोक्ता समितिसंग भएको सम्झौता अनुसार हरेक व्यक्तिले आवास भवन निर्माण गरेको प्रगतिका आधारमा ४ किस्तामा रकम उपलब्ध गराउनुपर्नेमा पूर्वाधार विकास कार्यालय, जुम्लाले ८ पालिकाका २५० व्यक्तिलाई आर्थिक वर्षको अन्तमा रु. १ लाख ३ हजारका दरले रु.२ करोड ५७ लाख ७५ हजार समेत रु. ४ करोड २१ लाख २५ हजार पेस्की उपलब्ध गराएको छ। सम्झौता अनुसार आवास भवन निर्माण कार्य गत वर्षमा सम्पन्न गर्नुपर्नेमा सम्बन्धित व्यक्तिले हालसम्म पनि निर्माण सम्पन्न गरी पेस्की फर्स्यौट गरेको छैन। अनुगमन गरी सम्झौता बमोजिम कार्य प्रगतिको आधारमा पेस्की फर्स्यौट गर्नुपर्दछ। | उठाइएको विषयवस्तु सम्बन्धमा यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| २४. | बढी भुक्तानी - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा बीजक वा रनिङ विलको भुक्तानी गर्दा करारका शर्त बमोजिम आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शदाताले खरिद सम्झौता बमोजिम आवश्यक पर्ने कागजात पेश गर्नुपर्ने प्रावधान छ। पूर्वाधार विकास कार्यालय, जुम्लाले निर्माण कार्यको लागत अनुमान तयार गरी सडक लगायतका बिभिन्न कार्य गराएकोमा लागत अनुमानमा उल्लेख गरेको दर भन्दा बढी राखी सात उपभोक्ता समितिको बिल तयार गरी भुक्तानी गरेको र त्यसका आधारमा कार्य स्विकार प्रतिवेदन तयार गरेको छ। लागत अनुमानको दरभन्दा बढी दरमा रु.६० लाख ४० हजार भुक्तानी गरेको आधार नभएकोले सम्बन्धितबाट असूल गर्नुपर्दछ। | बढी भुक्तानी गरिएको रकम असूलउपर गर्न निर्देशन दिने। |
| २५. | सम्झौता तथा भुक्तानी - प्रदेश आर्थिक कार्यबिधि नियमावली, २०७५ को नियमको ३७(३) मा खर्च गर्दा बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, डोल्पाले एक परामर्शदातासँग सम्झौता गरेकोमा कर विजक नलिई अर्कै फर्मलाई रु. १८ लाख ७० हजार भुक्तानी गरेको छ। सम्झौता बमोजिम सम्बन्धित फर्मलाई भुक्तानी नगर्दा आयकर तथा मूल्य अभिवृद्धि कर सरकारी कोषमा जम्मा नहुने तथा सम्बन्धित फर्मको कारोबारको पारदर्शिता नरहने जोखिम रहेको छ। यस सम्बन्धमा छानविन गरी उक्त रकम दाखिला भएको प्रमाण पेश हुनुपर्दछ। | उठाइएको विषयवस्तु सम्बन्धमा यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| २६. | मूल्य अभिवृद्धि कर - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (५) मा कामको प्राविधिक मूल्याङ्कन विल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागज सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, डोल्पाले उपभोक्ता समितिबाट सडक बनाउने कार्य गर्दा डोजर प्रयोग गरेको अवस्थामा डोजर सेवा वापतको वीजक नलिई भाडा भुक्तानी गरेको छ। माझफाल रोलागाउँ सडक निर्माण उपभोक्ता समितिले रु.९० लाख ३० हजार, जगदुल्ला, काइगाउँ, मुडके चुला सडक उपभोक्ता समितिले रु.९६ लाख ३२ हजार, क्याटु साल्दाङ धो सडक उपभोक्ता समितिले रु.९४ लाख १४ हजार र धो- ताक्सी रापा साल्दाङ सडक उपभोक्ता समितिले रु.३४ लाख ९० हजार समेत कुल रु.३ | मु.अ.कर भुक्तानी गरेको तथा कर समायोजनको प्रमाण समितिमा पेश गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | करोड १५ लाख ८६ हजार भूक्तानी गर्दा नेपाल सरकारलाई प्राप्त हुनुपर्ने मूल्य अभिवृद्धि कर रु.३६ लाख ३४ हजार प्राप्त भएको देखिएन। त्यस्तै खानेपानी सिचाई तथा ऊर्जा विकास कार्यालय डोल्पाले ३ व्यवसायीलाई हातले लेखेको नम्बर भएको विजकको आधारमा रु.१३ लाख ३७ हजार मुल्य अभिवृद्धि कर भुक्तानी दिएको छ। मुल्य अभिवृद्धि कर रकम आन्तरिक राजस्व कार्यालयमा दाखिला भएको प्रमाण पेश हुनुपर्दछ।<br>मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक व्यक्ति वा फर्मले कुनै वस्तु वा सेवा आपुर्ति गर्दा अनुसुची ५ (क) बमोजिमको ढांचामा करविजक जारी गर्नुपर्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, दैलेखमा ४ व्यवसायीले पेश गरेको विजकमा एउटै नम्बर र मितिको विजकको पटक पटक जारी गरेको देखिएकोले विजकको यथार्थता छुट्टाउन सक्ने आधार देखिएन। यस्ता विजकबाट संकलन गरिएको रु.५३ लाख १८ हजार मूल्य अभिवृद्धि कर सम्बन्धित आन्तरीक राजस्व कार्यालयमा समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ। | |
| २७. | कार्य सम्पादन जमानत - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० मा स्विकृत वोलपत्रदाताले निर्माण कार्यको त्रुटी सच्याउने दायित्वको अवधी भन्दा कम्तीमा एक महिना वढी अवधिको जमानत पेश गर्नुपर्ने उल्लेख छ। पूर्वाधार विकास कार्यालय, डोल्पाले ६ निर्माण व्यवसायीसंग खरिद संझौता गर्दा निर्माण कार्यको त्रुटी सच्याउने भन्दा कम अवधिको जमानत लिई रु.८ करोड ७२ लाख ७७ हजारको निर्माण कार्य गराएको छ। तोकिए भन्दा घटी समयको जमानत लिदा त्रुटी सच्याउने अवधी भित्र निर्माण कार्यमा नोक्सानी वा क्षति भएमा निर्माण व्यवसायीले त्रुटी नसच्याउने जोखिम रहने देखिन्छ। अतः नियमावलीको व्यवस्था तथा संझौताका शर्त अनुसार तोकिएको अवधिसम्मको कार्य सम्पादन जमानत लिनुपर्दछ। | उठाइएको विषयवस्तु सम्बन्धमा यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| २८. | लागत सहभागिता - पूर्वाधार विकास कार्यालय, डोल्पाले ट्रस निमार्ण तथा मेशनरी खरिद एवं ढुवानीको लागि २०७८।१।९ एक फलफुल तथा तरकारी उद्योगसँग रु.२० लाख ४८ हजारमा सम्झौता गरेको देखिन्छ। ट्रस निमार्णमा रु.११ लाख ६५ हजार र मेशिनरी खरिद तथा ढुवानीमा रु.८ लाख ८३ हजार समेत रु.१९ लाख ४७ हजार सम्बन्धित फर्मलाई भुक्तानी भएको छ। लागत साझेदारी बेगर निजी स्वामित्वको उद्योगमा पूर्वाधार विकासको बजेटबाट गराएको कार्य नियमसम्मत् देखिएन। साथै उक्त कार्यमा लागत साझेदारी अन्तर्गत कार्यक्रम सञ्चालन भए नभएको यकिन गरी ५० प्रतिशतभन्दा बढी भुक्तानी भएकोले रु.९ लाख २३ हजार असूल गरी संञ्चित कोषमा दाखिला गर्नुपर्दछ।<br>पूर्वाधार विकास कार्यालय, मुगुले १० सडक योजनाको लागत अनुमानको न्यूनतम २० प्रतिशत व्यहोर्ने गरी उपभोक्ता समितिसँग सम्झौता गरेको छ। उपभोक्ता समितिले कार्यालयवाट प्राप्त हुने सबै रकमको ठेक्का गरी कार्य गराएको छ। यसरी उपभोक्ताले कार्य गराउँदा उपभोक्ताको लागत सहभागिता देखिएको छैन। सम्झौता बमोजिम अनुपातिक रूपमा निर्माण व्यवसायीले पेश गरेको विलको कुल रकममध्ये उपभोक्ताको अंश कट्टा गरी बाँकी भुक्तानी गर्नुपर्नेमा बिल बमोजिम नै सबै रकम भुक्तानी भएकोले रु.७५ लाख ३९ हजार सम्बन्धित समितिसँग असूल गर्नुपर्दछ। | उठाइएको विषयवस्तु सम्बन्धमा यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| २९. | बढी भुक्तानी - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (क) मा भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम रहेकाछन्। | |



सभापति

| | | |
|---|---|---|
| २९.१. | पूर्वाधार विकास कार्यालय, दैलेखले रामाघाट ठाटिकाँध, सिंहासैनी, पिपलकोट, कालिकोट सडक र महावु अस्पताल भवन निर्माण गर्दा दुई निर्माण व्यबसायीलाई क्रमशः रु.४ लाख ३४ हजार र १८ लाख ४९ हजार समेत रु.२२ लाख ८३ हजार नापजाँच भन्दा बढी भुक्तानी गरेको छ। बढी भुक्तानी भएको रकम असूल गर्नुपर्दछ। | उठाइएको विषयवस्तु सम्बन्धमा यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| २९.२. | ठेक्का विलमा उपभोक्ता समितिले खरिद गरेका सामग्रीको परिमाणको आधारमा रकम चढाइ सोही आधारमा भुक्तानी दिनुपर्दछ। खानेपानी, सिचाइ तथा ऊर्जा विकास कार्यालय, मुगु अन्तर्गतका तीन उपभोक्ता समितिले क्यानल निर्माण, तटबन्ध र ढुङ्गा फिलिङ्ग कार्यको काममा खरिद परिमाण भन्दा विलमा बढी परिमाण राखि रु.१२ लाख ७२ हजार वढी भुक्तानी लिएको छ। उक्त रकम उपभोक्ता समितिवाट असूल हुनुपर्दछ।<br>उपभोक्ता समितिलाई भुक्तानी दिँदा दर विश्लेषण अनुसार आइटम वाइज गणना गरी भुक्तानी दिनुपर्दछ। सोही कार्यालयले १० उपभोक्ता समिति मार्फत सिँचाइ योजनाको काम गर्दा आर.सि.सि.आईटमको काम तोकिएको भन्दा बढी दरमा गराई रु.५४ लाख ७० हजार बढी भुक्तानी भएको छ। वढी भुक्तानी रकम उपभोक्ता समितिबाट असूल गरी प्रदेश सञ्चितकोषमा दाखिला गर्नुपर्दछ। | उठाइएको विषयवस्तु सम्बन्धमा यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| ३०. | रकम फिर्ता - सशर्त कार्यक्रमबाट वर्षान्तमा खर्च नभई बाँकी रहेको रकम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्नेमा खानेपानी, सिचाई तथा ऊर्जा विकास कार्यालय, हुम्लाले मुख्यमन्त्री रोजगार, उद्यमशीलता तथा आय आर्जन कार्यक्रमबाट ३ गाउँपालिकालाई रु.३ करोड २६ लाख २ हजार निकासा गरेकोमा खर्च नभई बाँकी रहेको रु.२१ लाख ४१ हजार प्रदेश सञ्चित कोष दाखिला गरेको देखिएन। खर्च नभई बाँकी रहेको रकम फिर्ता गरी दाखिला गर्नुपर्दछ। | सुझाव बमोजिम गर्न निर्देशन दिने। |
| ३१. | योजना व्यवस्थापन - कार्यालयबाट संचालित अधिकांश योजना न्यून बजेट भएका र छरिएका रहेको देखिन्छ। जलस्रोत तथा ऊर्जा विकास कार्यालय, जाजरकोटले पुँजीगततर्फ रु.३८ करोड ३४ लाख ९७ हजारका १ सय ८४ योजना सम्पन्न गरेको छ। यस्ता योजना मध्ये रु. १ लाख भन्दा साना योजना १०, १ देखि रु.५ लाख सम्मका योजना २, रु.५ देखि १० लाख सम्मका ९, रु.१० देखि रु.२० लाख सम्मका ८२, रु.२० देखि रु ३० लाख सम्मका ३९, रु.३० देखि रु.५० लाख सम्मका १४ र रु.५० लाख भन्दा माथिका योजना २८ गरी कूल १९४ सञ्चालन गरेको देखियो। प्राथमिकताको आधारमा योजना छनौट तथा सञ्चालन गर्नुपर्दछ। | सुझाव बमोजिम गर्न निर्देशन दिने। |
| ३२. | विद्युत सामाग्री खरिद - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउने काम श्रममुलक प्रकृतिको हुनुपर्ने व्यवस्था छ। खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, जुम्लाले घट्टखोला जलविद्युत आयोजना उपभोक्ता समितिसँग विद्युतीय सामग्री खरिद सम्झौता गरेको छ। उपभोक्ता समितिले मालसामान खरिद गरेको बिल भरपाई पेश गरेको आधारमा रु.२८ लाख ८० हजार भुक्तानी गरेको छ। उपभोक्ता समितिले सोझै मालसामान खरिद गर्दा प्रतिस्पर्धा नहुनाका साथै नियमावलीको पालना हुने देखिएन। | उठाइएको विषयवस्तु सम्बन्धमा यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| ३३. | कर्णाली उज्यालो कार्यक्रम - विद्युतको पहुँच नपुगेका कर्णाली प्रदेशका ग्रामीण बस्तीमा वैकल्पिक विद्युत सेवाको पहुँच पुर्‍याउने लक्ष्य सहित कर्णाली उज्यालो कार्यक्रम कार्यान्वयनमा रहेको छ। खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, डोल्पाले कार्यक्रमको बजेटबाट एक साना जल विद्युत आयोजनमा रु.३९ लाख ३६ हजार खर्च गरेको कार्य कर्णाली उज्यालो कार्यक्रम कार्यान्वयन कार्यविधि अनुसार भएको छैन। यस्ता कार्यमा नियन्त्रण हुनुपर्दछ। | उठाइएको विषयवस्तु सम्बन्धमा यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| ३४. | भेरिएशन - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा प्राविधिक पुष्ट्याई सहित भेरिएशन आदेश जारी गर्ने व्यवस्था छ। खानेपानी सिँचाइ तथा ऊर्जा विकास कार्यालय, रुकुम पश्चिमले चौरजहारी सिँचाइ उप-आयोजनाको नहर निर्माणको संरचनाको मेशिनरी, कंक्रिट फाउण्डेशन, वोल्डर सोलिङ्ग र ग्याविन वक्स निर्माण कार्यको सूरु परिमाण भन्दा ७३ गुणा सम्म परिमाण बढाई कार्य गराएको छ। संम्झौताका वखत पूर्वानुमान गर्न सकिने रु. २० लाख ८९ हजारको ४ आइटममा मात्र ४३९ प्रतिशत सम्म वृद्धि हुनेगरी भेरिएशन गरी शुरु सम्झौता भन्दा रु.९१ लाख ७८ हजार बढी हुनेगरी भुक्तानी भएको छ। उच्च दरका कार्यको परीमाणमा वृद्धि हुनेगरी भेरिएशन गरेको औचित्यपूर्ण देखिएन। नियमावलीको प्रक्रिया पुरा गरी भेरिएशन गर्नुपर्दछ। | उठाइएको विषयवस्तु सम्बन्धमा यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |



सभापति

## भौतिक पूर्वाधार विकास मन्त्रालय

### महालेखापरीक्षकको पाँचौं वार्षिक प्रतिवेदन २०७९ (आ.व. २०७८/०७९)

| बेरुजुको दफा | बेरुजुको विवरण | समितिको निर्णयहरू |
|---|---|---|
| १. | कार्य जिम्मेवारी - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयले सम्पादन गर्नुपर्ने जिम्मेवारी मध्ये प्रादेशिक राजधानी र अन्तर स्थानीय शहरको विकास, योजना तर्जुमा, कार्यान्वयन, समायोजन र पूर्वाधार निर्माण गर्ने कार्य रहेकोमा यस सम्बन्धी योजना तर्जुमा गरेको देखिएन। प्रादेशिक सडक सञ्जाल गुरूयोजना बनाई प्रादेशिक सडक विस्तार, निर्माण तथा मर्मत गरेको छैन। स्रोत साधनको व्यवस्थापन गरी कार्यक्षेत्र र जिम्मेवारी अनुरूप कार्य सम्पादन गर्नुपर्दछ। | सुझाव बमोजिम गर्न निर्देशन दिने। |
| २. | बजेट कार्यान्वयन - यो वर्षको बजेट वक्तव्यमा समावेश भएका कार्यक्रमहरू मध्ये नमूना शहर निर्माणका लागि सम्भाव्यता अध्ययन गरी आगामी आर्थिक वर्षमा परीक्षणको रूपमा कम्तीमा एक स्थानमा "नमूना शहर आयोजना" कार्यान्वयनको प्रक्रिया अगाडी बढाउने, सुरङ्ग मार्ग, जलमार्ग र रोपवे लगायतका रणनीतिक महत्वका पूर्वाधार आयोजनाको सम्भाव्यत अध्ययन गरी सार्वजनिक-निजी-साझेदारीमा सञ्चालन गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने, प्रदेश अन्तर्गतका योजनाहरूको डिजाइन, इष्टिमेट विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने तथा खरिद प्रक्रियालाई एउटै निकायबाट सम्पादन गर्न संरचनागत व्यवस्था गर्ने, सडक पुगेका सबै स्थानीय तहमा व्यवस्थित बसपार्क निर्माणको लागि स्थानीय तहहरूसँग समन्वय र सहकार्य गर्ने, प्रदेश राजधानी र मुख्य शहरहरूमा साइकल लेन तथा पैदल यात्रुमैत्री सडक निर्माण कार्यलाई निरन्तरता दिने, राजमार्ग केन्द्रित सडक सुरक्षा परीक्षण, रिफ्रेस तथा भेहिकल फिटनेस सेन्टर स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहित गर्ने, प्रदेश मातहतका सबै यातायात सेवा कार्यालयको आफ्नै आधुनिक ट्रायल सेन्टर निर्माण गर्ने लगायतका कार्यक्रम कार्यान्वयन गरेको छैन। बजेटमा उल्लेखित विषय कार्यान्वयन गर्नुपर्दछ। | सुझाव बमोजिम गर्न निर्देशन दिने। |
| ३. | दिगो विकासको लक्ष्य - नेपालले दिगो विकास लक्ष्य हासिल गर्ने प्रतिवद्धता जनाए अनुसार सबै तहका निकायले उक्त लक्ष्य हासिल हुनेगरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ। मन्त्रालयले सञ्चालन एवं सम्पन्न गरेका सडक, सिंचाइ, खानेपानी एवं आवास लगायतका कार्यक्रमले दिगो विकासका विभिन्न लक्ष्यमा सहयोग पुगेको उल्लेख गरेतापनि कार्यक्रमगत रूपमा दिगो विकासका लक्ष्यहरू तोकी स्वीकृत गरेको देखिएन। मन्त्रालयले परिमाणात्मक लक्ष्य तोकी कार्यक्रममा समावेश गर्नुपर्दछ। | सुझाव बमोजिम गर्न निर्देशन दिने। |
| ४. | लेखापरीक्षण - अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६ को २.४ को (ङ) मा राष्ट्रिय बजेट प्रणालीमा आवद्ध हुने गरी अन्तर्राष्ट्रिय विकास सहायता लिने उल्लेख छ। ग्रामीण पहुँच कार्यक्रम (तेस्रो चरण) परियोजनाबाट मुगुको सदरमुकाम गमगढी देखि हुम्ला जिल्लाको दार्मासम्म यो वर्ष १४.५ किलोमिटर मुगु-हुम्ला लिङ्क सडकको लागि रू.३२ करोड ४२ लाख खर्च भएको छ। परियोजनाको व्यवस्थापन गर्न डि.एफ.आई.डि.ले एक ईन्टरनेशनल कम्पनीमार्फत् सोझै भुक्तानी गरेको उक्त रकमको लेखापरीक्षण गराएको छैन। नीति अनुसार राष्ट्रिय बजेटमा समावेश गरी लेखापरीक्षण हुने व्यवस्था गर्नुपर्दछ। | स्वतन्त्र लेखापरीक्षकबाट लेखापरीक्षण भएको प्रतिवेदन प्राप्त भएकोले बेरुजु लगतबाट हटाउन निर्देशन दिने। |
| ५. | कार्यालय सञ्चालन - कार्यसम्पादन छिटो छरितो बनाउन रूकुम पश्चिमको चौरजहारीमा २०७६।५।२६ मा सवारी दर्ता, नामसारी, कर असूल, ब्लुबुक नवीकरण, सवारी सरूवा सहमति दर्ता, सवारी जाँच पास, रूट परमिट जारी, नवीकरण, अस्थायी रूट निर्धारण लगायतका सेवा | यातायात व्यवस्था सेवा कार्यालय, रुकुम पश्चिमको सेवा प्रवाह सम्बन्धमा |



सभापति

| | | |
|---|---|---|
| | प्रवाह गर्ने उद्देश्यले यातायात व्यवस्था सेवा कार्यालय स्थापना गरेको छ। कार्यालयबाट यस बर्ष कर्मचारीको तलब भत्ता लगायत रू. ४० लाख ३७ हजार खर्च भए पनि उद्देश्य अनुरूप कार्यसम्पादन भएको छैन। लक्ष्य अनुसार कार्यालय सञ्चालन गरी सेवा प्रवाह गर्नुपर्दछ। | समितिमा जानकारी गराउन निर्देशन दिने। |
| ६. | रकमान्तरः कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७(१) मा विनियोजन ऐनमा तोकिएको कुनै एक अनुदान संकेत अन्तर्गतको बजेट उपशीर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएका अन्य अनुदान संकेत अन्तर्गतको उपशीर्षकमा वचत हुने रकम मध्येबाट प्रदेश विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही २५ प्रतिशतभन्दा बढी नहुने गरी तोकिए बमोजिम रकमान्तर गर्न सक्ने व्यवस्था छ। यो वर्ष मन्त्रालयले ६ पटकमा रू. ५५ करोड २ लाख ५२ हजार रकमान्तर गरेको छ। मातहतका कार्यालयको ९ योजनाको लागि रू.१ अर्ब ३६ करोड ४० लाख समेत रू.१ अर्ब ९१ करोड ४२ लाख ५२ हजार अर्थात् २७.१७ प्रतिशत रकमान्तर गरेको छ। रकमान्तर मध्ये आषाढमा रू.४२ करोड ६७ लाख ३४ हजार रहेको छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गरी थप निकासा गरेको बजेटबाट खरिद कानूनको प्रक्रिया पुरा गर्ने अवस्था नहुँदा टुक्रा खरिद गर्ने गरेको साथै अनुगमन प्रभावकारी हुन सकेको अवस्था छैन। वर्षान्तमा रकमान्तर गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ। | सुझाव अनुसार गर्न निर्देशन दिने। |
| ७. | पूर्व निर्धारित क्षतिपूर्ति - सार्वजनिक खरिद नियामवली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद संम्झौता अवधिमा निर्माण कार्य सम्पन्न हुन नसकेमा सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको शून्य दशमलव शून्य पाँच प्रतिशतले पूर्व निर्धारित क्षतिपूर्ति असूल गर्नुपर्ने उल्लेख छ। सम्झौता अनुसार निर्धारित समयमा कार्यसम्पन्न नगरेकोले पूर्वाधार विकास कार्यालय, जाजरकोटले ४ निर्माण व्यवसायीसँग रू. २ लाख ९३ हजार, जुम्लाले १ निर्माण व्यवसायीसँग रू. ६ लाख ७३ हजार, सल्यानले ४ निर्माण व्यवसायीसँग रू. २ लाख ९२ हजार, दैलेखले २ निर्माण व्यवसायीसँग रू. ५५ लाख १६ हजार र सुर्खेतले १२ निर्माण व्यवसायीसँग रू. १ करोड ८० लाख ९ हजार समेत रू. २ करोड ४७ लाख ९३ हजार नियमानुसार पूर्व निर्धारित क्षतिपूर्ति असूल गर्नुपर्दछ। | नियमानुसार असूलउपर भएको बेरुजु यकीन गरी लगतबाट हटाउन निर्देशन दिने। |
| ८. | निर्माण व्यवसायीको क्षमता सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २६ तथा २८ मा निर्माण व्यवसायीको योग्यताको आधार उल्लेख छ। निर्माण व्यवसायीको वार्षिक कारोवार, विशेष अनुभव र सम्पादन गरेको प्रमुख कार्य, नगद प्रवाहको अवस्था, जनशक्ती सम्बन्धी क्षमता, मेसिन उपकरण सम्बन्धी व्यवस्था, श्रोतको पर्याप्तता, वित्तीय सक्षमतालाई आधार मानी तोकिएको खरिद सम्झौताका लागि संयुक्त दायित्व र संयुक्त उपक्रमका व्यक्तिगत दायित्वको व्यवस्था गरेको देखिन्छ। पूर्वाधार विकास कार्यालय कालिकोटले १ निर्माण व्यवसायीलाई ६ र अर्को निर्माण व्यवसायीलाइ ३ तथा दैलेखले १ निर्माण व्यवसायीलाई १९ ठेक्का दिएको देखिन्छ। जसबाट योग्यता र क्षमताका कारण निर्माण कार्य समयमानै सम्पन्न भएका छैनन्। निर्माण व्यवसायीको क्षमताका आधारमा ठेक्का व्यवस्था हुनुपर्दछ। | आवश्यक नीतिगत व्यवस्था गरी समितिलाई जानकारी गराउन निर्देशन दिने। |
| ९ | अधुरो ठेक्का - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) मा सार्वजनिक निकायसंग खरिद सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गरी जमानत जफत गरिने उल्लेख छ। पूर्वाधार विकास कार्यालय, हुम्लाले हिल्सा सिमिकोट सडक आयोजना अर्न्तगत लेखाधिंगा — नवालथुङ खण्ड निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७३।८।३० मा मूल्य अभिवृद्धि कर समेत रू.३ करोड ३४ लाख २५ हजारमा २०७५।०३।३१ सम्ममा निर्माण कार्य सम्पन्न गर्नेगरी सम्झौता गरेकोमा पछिल्लो पटक | उठाइएको विषयवस्तु सम्बन्धमा यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | २०७६।८।३० सम्म म्याद थप गर्दा पनि कार्यसम्पन्न नभएको र निर्माण व्यावसायीलाई उक्त अवधिसम्म रू.२ करोड १४ लाख ९० हजार भुक्तानी भएको छ। सार्वजनिक खरिद ऐन, नियम तथा खरिद सम्झौता बमोजिम कारवाही गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ। | |
| १० | चेनेज ओभरल्याप - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५३ मा कामको आधारभूत प्रकृति वा क्षेत्र दोहोरो नहुने गरी काम गराउनु पर्ने उल्लेख छ। पूर्वाधार विकास कार्यालय, मुगुले रूगा देखि छायलासम्म जडिबुटी लोकमार्गको पहिलो खण्ड (चेनेज नं. ०+००० देखि १२ + २६०) मा विस्तृत परियोजना रिपोर्ट निर्माण गरी लापुदेखि छायला सम्मको निर्माण (चेनेज नं. ५+८६० देखि १०+१८० सम्मको) ठेक्का सम्झौता भई एक निर्माण व्यवसायीलाई अन्तिम बिल रू.२ करोड १७ लाख १० हजार भुक्तानी दिई सकेकोमा सोही लोकमार्गको लापुदेखि खोला खण्डको चेनेज ७+६०० देखि ९+०८० सम्मको १.४८० किलोमिटर चेनेज दोहोरिने (खप्टिने) गरी यस वर्ष रू. १ करोड २९ लाख ३२ हजारको ठेक्का सम्झौता गरेको छ I त्यस्तै पूर्वाधार विकास कार्यालय सल्यानले वालुवा-संग्रही-कुपिण्डे—खलंगा सडक निर्माण अन्तर्गत चेनेज ०+००० देखि ११+००० काम मध्ये २ किलोमिटरमा पूर्वाधार विकास कार्यालय सल्यान र डिभिजन सडक कार्यालय दाङ्गले समेत ठेक्का लगाएको पाइयो। एउटै चेनेजमा एकै किसिमको कामको लागि दोहोरो भुक्तानी हुन सक्ने देखिएकोले उक्त सम्बन्धमा छानविन गरी दोहोरो नपर्ने व्यवस्था मिलाउनुपर्दछ। | उठाइएको विषयवस्तुमा चेनेज ओभरल्याप र दोहोरो भुक्तानी नभएको यकीन गरी बेरुजु लगतबाट हटाउन गर्न निर्देशन दिने। |
| ११. | भेरिएसन - सार्वजनिक खरिद अनुगमन कार्यालयबाट स्वीकृत स्टयान्डर्ड विड डकुमेन्टको दफा ३६.१ मा कुनै आइटमको शुरू परिमाणको २५ प्रतिशत भन्दा बढी काम भएमा आयोजना प्रमुखले दर संसोधन गर्नसक्ने उल्लेख छ भने ३७.६ मा ३६.१ बमोजिम कुनै आइटममा २५ प्रतिशत फरक परेमा आइटम भेरिएशनको आदेश स्वीकृत हुनुपर्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, रूकुम पश्चिमले दुई ठेक्काको लागि २ निर्माण व्यवसायीलाई रू.२० लाख ७८ हजार र दैलेखले २ ठेक्काको लागि २ निर्माण व्यवसायीलाई रू.५२ लाख ८७ हजार समेत रू.७३ लाख ६५ हजार खरिद सम्झौतामा उल्लेखित परिमाण भन्दा बढी परिमाणको भुक्तानी दिएकोमा भेरिएसन आदेश स्वीकृत गरेको छैन। भेरिएसन आदेश स्वीकृति विना भुक्तानी दिने पदाधिकारीलाई जिम्मेवार बनाई भेरिएसन आदेश स्वीकृत गरेर मात्र रकम भुक्तानी गर्नुपर्दछ। | उठाइएको विषयवस्तु सम्बन्धमा प्रमाण समितिमा पेश गर्न निर्देशन दिने। |
| १२. | मूल्य समायोजन - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ मा मूल्य समायोजन सम्बन्धी व्यवस्था रहेको छ। पूर्वाधार विकास कार्यालय, दैलेखले १ निर्माण व्यवसायीलाई सम्झौता अनुसार प्रथम रनिङ्ग बिल रू.४६ लाख १९ हजारको मुल्य समायोजन फ्याक्टर १.०८७१ ले रू.४ लाख २ हजार र दोस्रो रनिङ्ग बिल रू. १ करोड ९७ लाख २८ हजारमा पेश्की रू. ९ लाख ८६ हजार कट्टा गरी रू. १ करोड ८७ लाख ४२ हजारको समायोजन फ्याक्टर १.१५३२ ले हुने रू. २८ लाख ७१ हजार समेत रू. ३२ लाख ७३ हजार मुल्य समायोजन भुक्तानी दिनुपर्नेमा रू.४१ लाख ३२ हजार भुक्तानी गरेकोले बढी भुक्तानी भएको रू.१२ लाख ६१ हजारमा मूल्यअभिवृद्धि कर समेत रू. १४ लाख २५ हजार असूल गर्नुपर्दछ। | उठाइएको विषयवस्तु सम्बन्धमा यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| १३. | पाइप जडान नभएको - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ अनुसार खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र कार्य सम्पन्न प्रतिवेदन पेस हुनुपर्छ। पूर्वाधार विकास कार्यालय, दैलेखले एक निर्माण व्यवसायीसँग रू.९ लाख ९२ हजारका पाइप खरिद गरेकोमा उक्त पाइप हालसम्म जडान नगरी मौज्दात राखेको छ। आवश्यकता एकीन नभई खरिद गरिएको पाइपहरू आयोजनामा उपयोग गर्नुपर्दछ। | उठाइएको विषयवस्तु सम्बन्धमा यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| १४. | उपभोक्ता समितिबाट कार्य सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड रूपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपयोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समितिबाट गराउन वा प्राप्त गर्न सकिने व्यवस्था छ। यस सम्बन्धमा निम्न व्यहोरा देखिएका छनः | *** |
| १४.१. | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (९) मा उपभोक्ता समितिबाट सञ्चालित हुने निर्माण कार्यमा हेभि मेसिनहरू सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायको सहमति लिई प्रयोग गर्न सकिनेमा त्यस्तो सहमति नलिई यस वर्ष पूर्वाधार विकास निर्देशनालय, सुर्खेतले ५ उपभोक्ता समितिको योजनामा रू.६३ लाख ४९ हजार, पूर्वाधार विकास कार्यालय, जाजरकोटले १२ उपभोक्ता समितिको योजनामा रू.९८ लाख १३ हजार र पूर्वाधार विकास कार्यालय, दैलेखले १० योजनामा रू.९५ लाख ४९ हजारको काममा हेभी मेसिन प्रयोग गरेको छ। कानुनी व्यवस्थाको पालना गर्नुपर्दछ। | सरकारी हानी नोक्सानी भए नभएको यकीन गरी समितिमा पेश गर्न निर्देशन दिने। |
| १४.२. | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३ (क) (१) मा रू.६० लाख रूपैयाँभन्दा बढी लागत अनुमान भएको कार्यमा उपभोक्ता समितिले गर्दा योगदान अंश खुलाउनुपर्ने व्यवस्था छ। उल्लेखित कामको लागि योगदानको अंक पाँच प्रतिशत एकमुष्ट कट्टा गरी काम गराएको छ। नियमको ब्यवस्था अनुसार सम्झौतामा नै उपभोक्ता समितिले गर्नुपर्ने योगदान किटान गर्नुपर्दछ। | सुझाव बमोजिम गर्न निर्देशन दिने। |
| १४.३. | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिलाई मेसिन, औजार उपकरणको आवश्यक नपर्ने श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। पूर्वाधार विकास निर्देशनालय, सुर्खेतले ४ उपभोक्ता समितिबाट खानेपानीको लागि डिपवोरिङ्ग कार्य गराई रू. १ करोड ४६ लाख ३७ हजार भुक्तानी दिएको छ। डिपवोरिङ्ग जस्ता जटिल प्राविधिक विषय समावेश हुने पूर्वाधार निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराएको नियमसम्मत देखिएन। निर्देशनालयले जटिल प्रकृतिका कार्य उपभोक्ता समितिबाट गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ। | उठाइएको विषयवस्तु सम्बन्धमा यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| १४.४. | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समितिले समुदायले पाएको काम आफैंले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्र्याक्टरबाट गराउन नहुने उल्लेख छ। पूर्वाधार विकास निर्देशनालय, सुर्खेतले ६ उपभोक्ता समितिबाट रू.५५ लाख ७८ हजार र मुगुले २ उपभोक्ता समितिबाट रू.९८ लाख ९० हजार, जाजरकोटले १० उपभोक्ता समितिबाट रू.१ करोड ४२ लाख १२ हजार, जुम्लाले २ उपभोक्ता समितिबाट रू.१९ लाख ४६ हजार, डोल्पाले १ उपभोक्ता समितिबाट रू १९ लाख १७ हजार, सल्यानले १७ उपभोक्ता समितिबाट रू. २ करोड ४ लाख ४० हजार, दैलेखले १० उपभोक्ता समितिबाट रू.९५ लाख ४९ हजार नयाँ बाटो निर्माण र स्तरोन्नति गर्न सम्झौता गरी कार्यादेश दिएकोमा उपभोक्ताले आफैं नगरी सब कन्ट्र्याक्टरबाट कार्य गराएको छ। उपभोक्ता समितिले जिम्मा लिएको कार्य आफैले सम्पादन गर्नुपर्दछ। | सब कन्ट्र्याक्टरबाट काम गराई उपभोक्ता समितिले कामदार मार्फत गराएको दरमा भुक्तानी गरिए/नगरिएको जाँच गरी बढी भुक्तानी भएको भए असूल उपर गर्न निर्देशन दिने। |
| १५. | परामर्श सेवा - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२(२) अनुसार सार्वजनिक निकायले सम्बन्धित मन्त्रालयले तयार गरेको नर्म्सको आधारमा परामर्श सेवाको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। प्रदेश मन्त्रालयले परामर्श सेवा खरिद सम्बन्धी नर्म्स तयार गरेको छैन। पूर्वाधार विकास कार्यालय, जाजरकोट, डोल्पा, रूकुम पश्चिम, कालिकोट, सल्यान र दैलेखले योजनाको सर्भे, डिजाइन, विस्तृत परियोजना प्रतिवेदन लगायतको लागि परामर्श सेवा खरिद गरी रू.४ करोड ६० लाख ७७ हजार भुक्तानी गरेका छन्। ती कार्यालयले नर्म्स | परामर्श सेवाको लागत अनुमान तयार गर्नको लागि नर्म्स तयार गरी समितिलाई जानकारी गराउन निर्देशन दिने। तयार गरिएका सर्भे, डिजाइन, |



सभापति

| | | |
|---|---|---|
| | वेगर बजेटको आधारमा लागत अनुमान तयार गरी परामर्श सेवा खरिद तथा भुक्तानी गरेको देखिन्छ। परामर्शदाताबाट प्राप्त प्रतिवेदन अनुसारका योजनाहरू कार्यान्वयन गरेका छैनन्। नर्म्स तर्जुमा गरी खरिद कार्य प्रतिस्पर्धी बनाई प्राप्त प्रतिवेदन कार्यान्वयन गर्नुपर्दछ। | विस्तृत परियोजना प्रतिवेदन, आदिको विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| १६. | अधुरा ठेक्का - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ मा खरिद तथा निर्माणको सम्झौता गर्नेले सम्झौता उलङ्घन गरेमा सम्झौता जुनसुकै बखत अन्त्य गरी पेस्की र कार्यसम्पादन जमानत जफत गर्ने, पूर्व निर्धारित क्षतिपूर्ति असूल गर्ने, बाँकी काम सम्झौता गर्नेको खर्चबाट पूरा गराउने र कालोसूचीमा राख्न लेखी पठाउने लगायतका व्यवस्था छन्। पूर्वाधार विकास कार्यालय, कालिकोटले ६ ठेक्काको रू.२ करोड ६५ लाख ७१ हजारका र सल्यानले २ ठेक्काको रू.१ करोड ७७ लाख १२ हजार समेत ८ ठेक्काको कूल रू. ४ करोड २८ लाख ८३ हजारको कार्य समयमा सम्पन्न हुन नसकी अधुरो रहेका छन्। निर्माण कार्य अधुरो रहँदा लगानीको प्रतिफल प्राप्त नहुने, ठेक्का व्यवस्थापन जटिल हुने लगायत जोखिम रहेकोले सार्वजनिक खरिद ऐन, नियमावली तथा खरिद सम्झौताको व्यवस्था अनुसार कारवाही गरी कार्य सम्पन्न गर्नुपर्दछ। | अधुरा ठेक्काहरूको सम्बन्धमा यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| १७. | म्याद थप सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ बमोजिम खरिद सम्झौतामा उल्लेखित अवधी भित्र कार्य सम्पन्न गर्नुपर्ने र नियम १२० मा खरिद संझौता बमोजिमको कार्य सम्पन्न गर्न नसकिने भएमा म्याद समाप्त हुनुभन्दा २१ दिन अगावै म्याद थपको निवेदन दिनुपर्ने व्यवस्था छ। सम्झौता अनुसार संशोधित कार्यतालिका पेस नगरेको, म्याद थप गर्नुपर्नाको पूर्व जानकारी नदिएको साथै निर्माण व्यवसायीको कारणबाट ढिलाई भई पूर्वानिर्धारित क्षतिपूर्ति लिनुपर्ने अवस्थामा पनि क्षतिपूर्ति नलिने गरी म्याद थप गरेको लगायत अवस्था छ। पूर्वाधार विकास कार्यालय, कालिकोटले विगत वर्षहरूमा सम्झौता भएका २४ योजनाको रू.१ करोड ७७ लाख ३० हजारको सम्झौताको म्याद थप गरेको छ। त्यस्तै पूर्वाधार विकास निर्देशनालय, सुर्खेतले रू.३२ करोड १७ लाख ७९ हजारका ८ ठेक्काको पटक पटक म्याद थप गर्दा समेत कार्य सम्पन्न नगरी निर्माण कार्य अधुरै रहेको देखियो। सार्वजनिक खरिद ऐन, नियम तथा खरिद सम्झौता बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति लिएर म्याद थप गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ। | उल्लिखित विषयका सम्बन्धमा म्याद थपको कारणसहित यथार्थ विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| १८. | बढी भुक्तानी - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१.ख) मा भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ। पूर्वाधार विकास कार्यालय, मुगुले जडिबुटी संकलन भवन निर्माण वापत उपभोक्ता समितीलाई रकम भुक्तानी गर्दा उपभोक्ताको अशं कटाई रू. ४७ लाख भुक्तानी गर्नुपर्नेमा रू.४९ लाख भुक्तानी दिएकोले नापजाँच भन्दा बढी रू.२ लाख, पूर्वाधार विकास कार्यालय सल्यानले ४ सडक योजनाका निर्माण व्यावसायीलाई भुक्तानी गर्दा रू.१० करोड ३३ लाख ४ हजार भुक्तानी गर्नुपर्नेमा रू.१० करोड ३७ लाख ३२ हजार भुक्तानी दिएकोले नापजाँच भन्दा रू.४ लाख २८ हजार र पूर्वाधार विकास कार्यालय दैलेखले १ सडक योजनाको रू.२० लाख २७ हजार भुक्तानी गर्नुपर्नेमा रू.२५ लाख ८५ हजार भुक्तानी दिएकोले नापजाँच भन्दा रू.५ लाख ५८ हजार समेत रू.११ लाख ८६ हजार बढी भुक्तानी गरेको देखियो। बढी भुक्तानी भएको रकम असूल गर्नुपर्दछ। | असूल उपर भएको रकम बेरुजु लगतबाट हटाउन र बाँकी असूल उपर गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| १९. | स्रेस्ता पेस नभएको - कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम १६ र नियम ६९ बमोजिम राजस्व तथा धरौटीको लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, दैलेखले राजस्व रू.१९ लाख ८९ हजार तथा धरौटी रू. २ करोड ९ लाख ६० हजारको व्यवस्थित अभिलेख नराखेको कारण सो रकमको लेखापरीक्षण गरिएको छैन। | स्रेस्ता लेखापरीक्षणका लागि पेश गरी प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने। |



सभापति

## कर्णाली प्रदेश योजना आयोग

### महालेखापरीक्षकको चौंथो वार्षिक प्रतिवेदन २०७९ (आ.व. २०७७/०७८)

| बेरुजुको दफा | बेरुजुको व्यहोरा | व्यहोरा सम्बन्धमा पुष्ट्याई |
|---|---|---|
| १ | आवधिक योजनाः आयोगले प्रथम पञ्च वर्षिय योजना (२०७६।७७ - २०८०।८१) को विस्तृत दस्तावेज तयार गरी प्रदेश सरकारवाट स्वीकृत भए पश्चात २०७६।६।१ मा सार्वजनिक गरेको छ। प्रथम पञ्चवर्षिय योजनाले राष्ट्रिय विकास लक्ष्य, समृद्ध नेपाल सुखि नेपालीको सारलाई आत्मसाथ गर्दै स्वच्छ, सुखी र समुन्नत प्रदेशको दीर्घकालिन सोच राखी विशिष्टताका आधारमा १२ आधार स्तम्भ र ६१ गन्तव्य सूचक निक्र्यौल गरेको छ। आवधिक योजनामा दिगो विकास लक्ष्यका साथै दीर्घकालिन राष्ट्रिय लक्ष्यका सूचकलाई आवद्ध गरी आर्थिक विकास अर्न्तगत १२, सामाजिक विकास अर्न्तगत १३, पूर्वाधार विकास अन्तर्गत १०, अन्तरसम्बन्धित क्षेत्र अन्तर्गत ४ र सुशासन शान्ति सुरक्षा अन्तर्गत २ गरी जम्मा ४१ विषय समेटेको छ। ती विषय कार्यान्वयन गर्न श्रोतको आंकलन र बजेट व्यवस्था भएको छैन। घोषित कार्यक्रम वार्षिक बजेटमा समावेश गर्नुपर्दछ। | प्रदेश सरकारबाट स्वीकृत भएको विस्तृत दस्तावेजले आत्मसाथ गरेको दीर्घकालीन सोचलाई कार्यान्वयन गर्न स्रोतको आँकलन गरी बजेट व्यवस्थापन गर्न निर्देशन दिने। |
| २ | प्रदेश विकास परिषदः प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ मा प्रदेश विकास परिषद रहने व्यवस्था छ। मुख्यमन्त्रीको अध्यक्षतामा, प्रदेश परिषदमा प्रतिनिधित्व गर्ने संसदीय दलका नेता, प्रदेश सभा समितिका सभापतिहरू, आयोगका उपाध्यक्ष र सदस्यहरू, प्रमुख सचिव लगायत स्थानीय तहका प्रमुखहरू र प्रदेश सरकारबाट मनोनित सदस्य रहने व्यवस्था छ। यस वर्ष प्रदेश विकास परिषदको बैठक भौतिक रुपमा सञ्चालन हुन सकेन। प्रदेश विकास समस्या समाधान उप-समितिको बैठकवाट प्राप्त सुझाव प्रदेश विकास समस्या समाधान समितिको बैठकमा पेश गर्ने, अनुदान वांडफांड सम्बन्धी सुझाव / सल्लाह कार्यान्वयनका साथै आयोजनाको अनुगमन गरी प्रदेश सरकारको कार्य सम्पादनमा प्रभावकारीता ल्याउनुपर्दछ। | प्रदेश विकास परिषद्लाई ऐनले तोकेको जिम्मेवारी बहन गरी प्रदेश सरकारको कार्य सम्पादनमा प्रभावकारी भूमिका बहन गर्न आवश्यक योजना तर्जुमा गरी कार्यान्वयन गर्न निर्देशन दिने। |
| ३ | लक्ष्य प्रगतिः यस आयोगवाट सञ्चालन गर्ने गरी क्षेत्रगत विकास नीति, कार्यविधि, निर्देशिका, मापदण्ड तयारी, प्रदेश र स्थानीय तहको योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन निर्देशिका सम्बन्धी प्रशिक्षण, प्रदेश वार्षिक योजना तर्जुमा सम्बन्धी प्रदेश स्तरीय कार्यालय तथा स्थानीय तहका योजना अनुगमन तथा प्रशिक्षण लगायतका विभिन्न ९ क्रियाकलाप सञ्चालन गर्ने गरी रु.१ करोड ३ लाखको कार्यक्रम स्विकृती भएकोमा प्रदेश स्तरीय नीति, योजना तर्जुमा कार्यान्वयन र अनुगमन सम्बन्धी अन्तरक्रिया तथा छलफल लगायतका कार्यक्रमहरूमा ४२ प्रतिशत प्रगति भई रु.४२ लाख ४८ हजार खर्च भएको छ। यस वाहेक अन्य कार्यक्रमको प्रगति शुन्य रहेको छ। लक्ष्य अनुसार प्रगति हासिल गर्नुपर्दछ। | आयोगलाई तोकेको जिम्मेवारी पुरा गर्न योजना तर्जुमा गरी कार्यान्वयन गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| ४ | योजना समीक्षाः आयोगले प्रथम पञ्च वर्षिय योजना (२०७६। ७७-२०८०।८१) तर्जुमा गरी लागू गरेको छ। योजनाको प्रभावकारी कार्यान्वयनका लागि प्रत्येक वर्ष हासिल गर्नुपर्ने नतिजा सूचक समेत उल्लेख छ। पहिलो वर्ष वहु-आयामिक गरिवी सुचकाङ्क १८ प्रतिशतमा झार्ने, मानव विकास सुचाकाङ्क ०.५८८ पुर्‍याउने, आर्थिक वृद्धिदर १४.९ प्रतिशत पुर्‍याउने, उद्योग ३२.२ प्रतिशत, प्रतिव्यक्ति आय १ हजार १ सय ४७ अमेरिकी डलर पुर्‍याउने लगायतको लक्ष्य राखेकोमा प्रगति समीक्षा गरेको छैन। प्रत्येक वर्षको लागि तोकिएका सूचक बमोजिम नतिजा हासिल गर्न नसकेमा प्रथम पञ्च वर्षिय योजनाले परिकल्पना गरेका सोच, लक्ष्य र उद्देश्य प्राप्त गर्न कठिनाई हुने हुँदा योजनाले तोकेको समय भित्र कार्यक्रम सञ्चालन गर्नुपर्दछ। | सूचक र लक्ष्य तयार गर्ने साथै समयमा समीक्षा नहुने कारणले लक्ष्यप्रति जिम्मेवार भएको पाइएन, सूचक र लक्ष्यको समीक्षा गरी समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने। |
| ५ | अनुगमन तथा मूल्याङ्कनः आयोगले कर्णाली प्रदेश अनुगमन तथा मूल्याङ्कन निर्देशिका, २०७५ तयार गरी प्रकाशन गरेको छ। निर्देशिका तर्जुमा भएपनि कर्मचारी रिक्तताका कारण अनुगमन तथा मूल्याङ्कन हुन सकेको छैन। योजनाको अनुगमन तथा मूल्याङ्कन प्रभावकारी बनाउनुपर्दछ। | कर्णाली प्रदेश अनुगमन तथा मूल्यांकन निर्देशिका, २०७५ को कार्यान्वयन तथा भएका प्रगतिको विवरण पेश गर्न निर्देशन दिने। |



सभापति

## कर्णाली प्रदेश योजना आयोग

### महालेखापरीक्षकको पाँचौं वार्षिक प्रतिवेदन २०७९ (आ.व. २०७८/०७९)

| दफा नं | बेरुजुको व्यहोरा | व्यहोरा सम्बन्धमा पुष्ट्याई |
|---|---|---|
| १ | आयोगको क्रियाशीलताः प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ बमोजिम प्रदेशको नीति तथा योजना तर्जुमा गर्ने मुख्य उद्देश्यले आयोग स्थापना भएपनि कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २०(१) मा बजेटको सीमा निर्धारण गर्ने काम आर्थिक मामिला तथा योजना मन्त्रालयमा रहेको, उपनियम (२) मा बहुवर्षीय आयोजना तोक्ने अधिकार समेत आयोगलाई ऐच्छिक रूपमा रहेको देखिन्छ। आयोगमा २०७८ कार्तिक महिनाबाट पदाधिकारी रिक्त हुँदा नीतिगत निर्णय हुन सकेको छैन। सञ्चालित आवधिक योजनाको लक्ष्य तथा उद्देश्यको उपलब्धिको समीक्षा समेत गरेको छैन। तोकिएको काम, कर्तव्य र अधिकार क्रियाशील नभएबाट यो वर्ष आयोगले गरेको रू.१ करोड ३० लाख ३९ हजार प्रशासनिक खर्चको उपलब्धि देखिएन। आयोगको क्रियाशीलता अभिवृद्धि गर्नुपर्दछ। | आयोगलाई थप प्रभावकारी बनाउन हालसम्मका उपलब्धिको समीक्षा गरी भावी योजना तयार गर्न निर्देशन दिने। |
| २ | आवधिक योजनाः उच्च आर्थिक वृद्धि, आधारभूत भौतिक सुविधा, सबैलाई सम्मानजनक रोजगारी सहित सुरक्षित र स्वच्छ वातावरणमा वसोवास गर्ने सुखी नागरिकहरूको प्रदेश बनाई वार्षिक प्रतिव्यक्ति आय ६०६ अमेरिकी डलरबाट १ हजार १४७ डलर पुर्‍याउने दीर्घकालीन सोच राखी प्रथम पञ्चवर्षीय योजना (२०७६।७७ देखि २०८०।८१) सञ्चालनमा छ। आवधिक योजनामा दिगो विकास लक्ष्यका साथै दीर्घकालीन राष्ट्रिय लक्ष्यका सूचकलाई आवद्ध गरी आर्थिक विकास अर्न्तगत १२, सामाजिक विकास अर्न्तगत १३, पूर्वाधार विकास अन्तर्गत १०, अन्तरसम्बन्धित क्षेत्र अन्तर्गत ४ र सुशासन शान्ति सुरक्षा अन्तर्गत २ गरी जम्मा ४१ विषय समेटेको छ। ती विषय कार्यान्वयन गर्न श्रोतको आंकलन र बजेट व्यवस्था भएको छैन। आवधिक योजनाले देहाय अनुसारको परिमाणात्मक लक्ष्य राखेकोमा प्राप्त उपलब्धिको समीक्षा गरेको छैन।<br>प्रादेशिक विकासको लागि तर्जुमा भएका नीति, योजना तथा कार्यलक्ष्य र प्राप्त नतिजाको समीक्षा गरी लक्षीत कार्यक्रमबाट अपेक्षित उपलब्धि हासिल गर्न आवधिक योजनाको समीक्षा गरी प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्दछ। | सूचक र लक्ष्य तयार गर्ने तर समयमा समीक्षा नहुनुले लक्ष्य प्रति जिम्मेवार भएको पाईएन, सूचक र लक्ष्यको समीक्षा गरी प्रतिवेदन पेश गर्न निर्देशन दिने। |
| ३ | दीर्घकालीन रणनीतिः नेपाल सरकारबाट निर्धारण भएका समृद्धिका ११ र सुखका २३ गन्तव्य सूचकको आधारमा कर्णाली प्रदेशको आफ्नो मौलिक विशेषता सहित "समृद्ध कर्णाली, सुखारी कर्णाली बासी" बनाउन प्रथम पञ्चवर्षीय योजनामा शिक्षा, स्वास्थ्य, उत्पादन र रोजगारका लागि पूर्वाधार, दोस्रो र तेस्रो पञ्चवर्षीय योजनामा विकासलाई तिव्रता दिई समृद्धि अग्रता गर्ने र चौथो तथा पाँचौ पञ्चवर्षीय योजना पश्चात समृद्ध कर्णालीको गन्तव्यमा पुग्ने गरी तीन चरणको २५ वर्षीय दीर्घकालीन रणनीति तय गरेको छ। रणनीति अनुसार विक्रम सम्वत २१०० सम्म कर्णाली प्रदेश समृद्ध भई वार्षिक औषत आर्थिक वृद्धिदर १०.५ प्रतिशत, प्रतिव्यक्ति आय १० हजार अमेरिकी डलर र मानव विकास सूचकाङ्क ०.७६० पुग्ने लगायत २० | दीर्घकालीन रणनीतिका सूचकहरू गणना तथा मापन गर्ने संयत्र तयार गर्न निर्देशन दिने। सो गणना तथा मापन गर्ने संयत्र प्रयोग गरी वार्षिक, आवधिक समीक्षा गरी आवश्यक सुधारको पहल गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | वटा दीर्घकालीन परिमाणात्मक लक्ष्य सूचक राखिएका छन्। उक्त सूचकहरू गणना तथा मापन गर्ने संयन्त्र तयार गरेको छैन। दीर्घकालीन रणनीति प्राप्तिका लागि वार्षिक, आवधिक विश्लेषण, मूल्याङ्कन एवं तथ्यपरक सुधारका संयन्त्र तयार गरी मूल्याङ्कनलाई प्राथमिकता दिनुपर्दछ। | |
| ४ | प्रदेश विकास परिषद्: प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ अनुसारको विकास परिषद्मा मुख्यमन्त्रीको अध्यक्षतामा, प्रदेश परिषद्मा प्रतिनिधित्व गर्ने संसदीय दलका नेता, प्रदेश सभा समितिका सभापतिहरू, आयोगका उपाध्यक्ष र सदस्यहरू, प्रमुख सचिव लगायत स्थानीय तहका प्रमुखहरू र प्रदेश सरकारबाट मनोनित सदस्य रहने व्यवस्था छ। यस वर्ष आयोगमा २०७८ कार्तिक महिनाबाट पदाधिकारी रिक्त रहेको छ। प्रदेश विकास परिषद्मा हुने छलफलबाट प्राप्त सुझाव प्रदेश विकास समस्या समाधान समितिको बैठकमा पेस गर्ने, अनुदान बाँडफाँट सम्बन्धी सुझाव/सल्लाह कार्यान्वयनका साथै आयोजनाको अनुगमन गरी प्रदेश सरकारको कार्य सम्पादनमा प्रभावकारीता कायम गरेको देखिएन। | प्रदेश विकास परिषद्लाई ऐनले तोकेको जिम्मेवारी वहन गरी प्रदेश सरकारको कार्य सम्पादन प्रभावकारी बनाउन आवश्यक योजना तर्जुमा गरी कार्यान्वयन गर्न निर्देशन दिने। |
| ५ | अनुगमन तथा मूल्याङ्कनः आयोगले कर्णाली प्रदेश अनुगमन तथा मूल्याङ्कन निर्देशिका, २०७५ तयार गरी प्रकाशन गरेको छ। निर्देशिका तर्जुमा भएपनि कर्मचारी रिक्तताका कारण अनुगमन तथा मूल्याङ्कन हुन सकेको छैन। योजनाको अनुगमन तथा मूल्याङ्कन प्रभावकारी बनाउनुपर्दछ। | कर्णाली प्रदेश अनुगमन तथा मूल्यांकन निर्देशिका, २०७५ को कार्यान्वयन तथा भएका प्रगतिको विवरण पेश गर्न निर्देशन दिने। |

सभापति

## मुख्य न्यायाधिवक्ताको कार्यालय

### महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७८ (आ.व. २०७६/०७७)

| बेरुजुको दफा | बेरुजुको विवरण | समितिको निर्णय |
|---|---|---|
| १. | बहस, पैरवी र कानूनी राय : मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शार्त सम्वन्धी ऐन, २०७५ को दफा ४(१)(क) बमोजिम प्रदेश सरकार वादी वा प्रतिवादी भएको मुद्दामा प्रदेश सरकारको तर्फबाट उपस्थित भई बहस वा पैरवी गर्ने गराउने र दफा ८(१) मा प्रदेश सरकार मातहतका कार्यालयले कुनै संवैधानिक वा कानुनी प्रश्नमा मुख्य न्यायाधिबक्तासँग राय माग गर्ने व्यवस्था रहेको छ। यस वर्ष प्रदेश सरकारका बिरुद्ध विभिन्न निकायलाई बिपक्षी बनाई सर्वोच्च अदालत, उच्च अदालत सुर्खेत र उच्च अदालत, जुम्ला इजलासमा ३० मुद्धा दायर भएकोमा कार्यालयको तर्फबाट बहस पैरवी भई एक (१) मुद्धामा फैसला भएको छ। मातहतका कार्यालयले कुनै संवैधानिक वा कानुनी प्रश्नमा मुख्य न्यायाधिवक्तासँग राय माग नगरेकोले कानूनी राय नदिएको कार्यालयको भनाई रहेको छ। | प्रदेश सरकारको तर्फबाट बहस र पैरवी भएका मुद्दाहरू र कानूनी राय दिएका विषयहरूको विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| २. | निरीक्षण तथा अनुगमन : मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्वन्धी ऐन,२०७५ को दफा ४(१क) बमोजिम प्रदेश स्थित हिरासत तथा थुनुवा कक्षमा रहेका थुनुवालाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेट्न नदिएको वा मानवोचित व्यवहार नभएको उजुरी परेमा वा जानकारी हुन आएमा मुख्य न्यायाधिवक्ताको कार्यालयसँग समन्वय गरी सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने व्यवस्था छ। यस वर्ष सल्यान, रुकुम पश्चिम र सुर्खेत जिल्लाको हिरासत कक्ष तथा कारागारका कैदी बन्दीहरूको अवस्थाको निरीक्षण अनुगमन गरी प्रतिवेदन तयार गरेको पाईयो। प्रदेशस्थित सबै हिरासत तथा थुनुवा कक्ष र कैदी बन्दीहरूको निरीक्षण अनुगमन हुनुपर्दछ। | सुझाव अनुसार हिरासत तथा थुनुवा कक्ष र कैदी बन्दीहरूको निरीक्षण अनुगमन गर्न निर्देशन दिने। |

सभापति

## मुख्य न्यायाधिवक्ताको कार्यालय

### महालेखापरीक्षकको चौंथो वार्षिक प्रतिवेदन २०७९ (आ.व. २०७७/०७८)

| बेरुजुको दफा | बेरुजुको विवरण | समितिको निर्णय |
|---|---|---|
| १. | वहस, पैरवी र कानुनी राय - मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ को दफा ४ (१) मा प्रदेश सरकार वादी वा प्रतिवादी भएको मुद्धामा प्रदेश सरकारको तर्फबाट उपस्थित भई वहस पैरवी गर्ने गराउने र दफा ८ (१) मा प्रदेश सरकार मातहतका कार्यालयले कुनै संवैधानिक वा कानुनी प्रश्नमा मुख्य न्यायाधिवक्ता संग राय माग गर्ने व्यवस्था छ। यस वर्ष प्रदेश सरकारका विरुद्ध विभिन्न निकायलाई विपक्ष वनाई सर्वोच्च अदालत, प्रशासकीय अदालत, उच्च अदालत सुर्खेत र उच्च अदालत सुर्खेत (जुम्ला ईजलास) मा ६५ मुद्धा दायर भएकोमा कार्यालयको तर्फवाट वहस पैरवी भई १ मुद्धामा फैसला भएको, १३ मुद्दामा रिट खारेज भएको र ५१ मुद्दा बाँकी रहेका छन्। चलिरहेका मुद्धा सम्बन्धी वहस, पैरवी कार्य प्रभावकारी ढंगले अगाडि बढाउनुपर्दछ। | प्रदेश सरकारको तर्फबाट बहस र पैरवी भएका मुद्दाहरू र कानूनी राय दिएका विषयहरूको विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| २. | निरीक्षण र अनुगमन - मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ को दफा ४ (१) मा प्रदेश स्थित हिरासत तथा थुनुवा कक्षमा रहेका थुनुवालाई आफन्तसंग वा कानून व्यवसायी मार्फत भेट्न नदिएको वा मानवोचित व्यवहार नभएको उजुरी परेमा वा जानकारी हुन आएमा मुख्य न्यायाधिवक्ताको कार्यालयसँग समन्वय गरी सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने व्यवस्था छ। कर्णाली प्रदेश अन्तर्गतका १० जिल्लाका हिरासत कक्ष तथा कारागारका कैदीवन्दीको अवस्थाको निरीक्षण र अनुगमन हुनुपर्दछ। | सुझाव अनुसार हिरासत तथा थुनुवा कक्ष र कैदी बन्दीहरूको निरीक्षण अनुगमन गर्न निर्देशन दिने। |
| ३. | मुद्दाको स्थिति - मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७५ अनुसार मुख्य न्यायाधिवक्ताको तर्फवाट सर्वोच्च अदालतमा १८, उच्च अदालतमा ४६ र प्रशासकीय अदालतमा १ समेत कुल ६५ मुद्धामा लिखित जवाफ प्रस्तुत गर्ने, वहस पैरवी गर्ने, प्रतिरक्षा गर्ने समेतका कार्य सम्पादन भएकोमा सो मध्ये १ मुद्धा फैसला भएको, १३ मुद्धा रिट खारेज भएको र ५१ मुद्धा वांकी रहेका छन्। फस्यौट हुन नसकेको मुद्दा ७८.४० प्रतिशत रहेकोले स्रोत साधनको अधिकतम प्रयोग गरी न्यायीक सम्पादनमा प्रदेश सरकारको तर्फबाट प्रतिरक्षा गर्नुपर्दछ। | सुझाव अनुसार गर्न निर्देशन दिने। |



सभापति

## मुख्य न्यायाधिवक्ताको कार्यालय

### महालेखापरीक्षकको पाँचौ वार्षिक प्रतिवेदन २०७९ (आ.व. २०७८/०७९)

| बेरुजुको दफा | बेरुजुको विवरण | समितिको निर्णय |
|---|---|---|
| १. | वहस, पैरवी र राय परामर्श - मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ को दफा ४(१) मा प्रदेश सरकार वादी वा प्रतिवादी भएको मुद्दामा प्रदेश सरकारको तर्फबाट उपस्थित भई वहस पैरवी गर्ने गराउने र दफा ८ (१) मा प्रदेश सरकार मातहतका कार्यालयले कुनै संवैधानिक वा कानुनी प्रश्नमा मुख्य न्यायाधिवक्तासँग राय माग गर्ने व्यवस्था छ। यो वर्ष प्रदेश सरकारका विरूद्ध विभिन्न निकायलाई विपक्ष बनाई सर्वोच्च अदालत, प्रशासकीय अदालत, उच्च अदालत र जिल्ला अदालतमा १०१ मुद्दा दायर भएकोमा कार्यालयको तर्फबाट बहस पैरवी भई ४ मुद्दामा फैसला भएको, २६ मुद्दा रिट खारेज १२ मुद्दामा रिट जारी, २ मुद्दा तामेली, १ मुद्दा फिर्ता र ५६ मुद्दा बाँकी रहेका छन्। चलिरहेका मुद्दा सम्बन्धी वहस, पैरवी कार्य प्रभावकारी रूपमा अगाडि बढाउनुपर्दछ। | प्रदेश सरकारको तर्फबाट बहस र पैरवी भएका मुद्दाहरू र कानूनी राय दिएका विषयहरूको विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| २. | निरीक्षण र अनुगमन - मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ को दफा ४(१) मा प्रदेश स्थित हिरासत तथा थुनुवा कक्षमा रहेका थुनुवालाई आफन्त वा कानून व्यवसायी मार्फत् भेट्न नदिएको वा मानवोचित व्यवहार नभएको उजुरी परेमा वा जानकारी हुन आएमा मुख्य न्यायाधिवक्ताको कार्यालयसँग समन्वय गरी सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने व्यवस्था छ। यो वर्ष कर्णाली प्रदेशका १० जिल्लामध्ये ४ जिल्लाका हिरासत कक्ष तथा ७ जिल्लाका कारागारका कैदीवन्दीहरूको अवस्थाको निरीक्षण तथा अनुगमन गरेको पाईएन। प्रदेश स्थित सबै हिरासत तथा थुनुवा कक्ष र कैदी बन्दीको निरीक्षण र अनुगमन गरी अवस्थिति यकीन गर्नुपर्दछ। | सुझाव अनुसार हिरासत तथा थुनुवा कक्ष र कैदी बन्दीहरूको निरीक्षण अनुगमन गर्न निर्देशन दिने। |
| ३. | मुद्दाको स्थिति - मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७५ अनुसार मुख्य न्यायाधिवक्ताको तर्फबाट सर्वोच्च अदालतमा ४९, उच्च अदालतमा ४९, प्रशासकीय अदालतमा १र जिल्ला अदालतमा २ समेत कुल १०१ मुद्दामा लिखित जवाफ प्रस्तुत गर्ने, बहस पैरवी गर्ने, प्रतिरक्षा गर्ने समेतका कार्य सम्पादन भएकोमा सो मध्ये ४ मुद्दा फैसला भएको, २६ मुद्दा रिट खारेज, १२ मुद्दामा रिट जारी, २ मुद्दा तामेलीमा, १ मुद्दा फिर्ता र ५६ मुद्दा बाँकी रहेका छन्। फर्स्यौट हुन नसकेको मुद्दा ५४.४६ प्रतिशत रहेकोले स्रोत साधनको अधिकतम प्रयोग गरी न्याय सम्पादनमा प्रदेश सरकारको तर्फबाट प्रतिरक्षा गर्नुपर्दछ। | सुझाव अनुसार गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| ४. | कानुनी राय - मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ को दफा ४(१) (घ) बमोजिम प्रदेशको कार्यक्षेत्रको कुनै विषयमा कानून बनाउनुपर्ने वा भइरहेको कानूनमा कुनै संशोधन गर्नुपरेमा सोको कारण खुलाई प्रदेश सरकार समक्ष सिफारिस गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यो वर्ष यस्तो कानून पहिचान गरी प्रदेश सरकार समक्ष सिफारिस गरेको छैन। कानुनी व्यवस्था तथा कानूनमा रहेको कमिकमजोरीको पहिचान गरी समग्र प्रदेशको नीति निर्माण, नियमन तथा नियन्त्रणलाई प्रभावकारी बनाउन आवश्यक कदम चाल्नुपर्दछ। | प्रदेशको कार्यक्षेत्रको कुनै विषयमा कानून बनाउनुपर्ने वा भइरहेको कानूनमा कुनै संशोधन गर्नुपरेमा सोको कारण खुलाई प्रदेश सरकार समक्ष सिफारिस गर्न र कानुनी व्यवस्था तथा कानूनमा रहेको कमी कमजोरीको पहिचान गरी समग्र प्रदेशको नीति निर्माण, नियमन तथा नियन्त्रणलाई प्रभावकारी बनाउन निर्देशन दिने। |



सभापति

# सार्वजनिक लेखा समितिको बैठक तथा गतिविधिहरूको तस्विर






कर्णाली प्रदेश सभा


कर्णाली प्रदेश सभा
मा० तुलसा मल्ल
सदस्य
सार्वजनिक लेखा समिति
मा० लक्ष्मी सुनार


बेरुजुको अवस्था


कर्णाली प्रदेशको बेरुजु उपर
सार्वजनिक लेखा समितिको निगरानी
२२ असार २०८०
वीरेन्द्रनगर, सुर्खेत
सहकार्य/समन्वय
आयोजक
कर्णाली फाउण्डेशन
Karnali Foundation
U N D P
संसद सहयोग परियोजना
सार्वजनिक लेखा समिति
कर्णाली प्रदेश सभा


कर्णाली प्रदेश सभा
PREMIUM


कर्णाली प्रदेश सभा
Upendra Gurung
Secretary
Public Account Committee
सचिवज्यू
मा० जीवन बहादुर शाही
सदस्य
मा० जितबहादुर मल्ल
सभापति
मा० विन्दमान बिष्ट
सदस्य






PREMIUM


PREMIUM
Secretary
श्री महेश्वर काफ्ले
सदस्य
सार्वजनिक लेखा समिति
PREMIUM




PREMIUM
श्री महेश्वर काफ्ले
श्री पदमराज


PREMIUM
सदस्य
सार्वजनिक लेखा समिति
सदस्य
सार्वजनिक लेखा समिति

